# पहिलो -परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **गायत्री श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको ऐच्छिक दसौँ पत्रको प्रयोजनका निम्ति तयार पारिएको हो ।

## १.३ विषयपरिचय

समालोचक, कवयित्री एवम् गीतकार गायत्री श्रेष्ठको जन्म २००७ साल भदौ २६ गते मेची अञ्चलको इलाम बजारमा भएको हो । इलामको प्राकृतिक सौन्दर्यमा जन्मिएकी गायत्री किशोरी अवस्थादेखि साहित्यसिर्जनामा सक्रिय हुँदै आइन् । हाल  चितवनको क्षेत्रपुरलाई स्थायी बसोबास बनाउँदै आएकी गायत्री गीतिकविता, समालोचना र नियात्राको क्षेत्रमा कलम चलाउँदै आएकी नारी प्रतिभा हुन् । साहित्यका विविध विधामा कलम चलाए तापनि यिनी समालोचना र गीतिकविताका क्षेत्रमा विशेष प्रतिष्ठित रहेकी छन् ।

यिनका निम्नलिखित साहित्यिक कृतिहरू प्रकाशित भएका छन् :

(१) **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** (समालोचना) २०४६ ।

(२) **बादलको घुम्टोभित्र** (गीतिकवितासङ्ग्रह) २०६२ ।

(३) **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू** (सह-लेखन) समालोचनासङ्ग्रह २०६२ ।

(४) **केही कृति : आफ्नै दृष्टि** (समालोचनासङ्ग्रह) २०६५ ।

यिनी उपर्युक्त पुस्तकाकार कृतिहरूबाहेक अन्य फुटकर लेखनको कार्यमा समेत सक्रिय रहेकी छन् । गायत्री श्रेष्ठ चितवनकी सशक्त र क्रियाशील नारीहस्ताक्षर हुन् । नेपाली साहित्यको क्षेत्रमा एउटै विधामा मात्र सीमित नभएर उनी बहुमुखी प्रतिभाको रूपमा रहेकी छन् । उनका रचनाहरू **मधुपर्क**, **गरिमा**, **समकालीन साहित्य**, **गोरखापत्र**, **मधुमालिका, मारुनी** आदि विभिन्न पत्रिकामा प्रकाशित छन् ।

गायत्री श्रेष्ठले हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पसमा सह-प्राध्यापक र बालकुमारी बहुमुखी क्याम्पस नारायणगढको

सहायक-प्रमुखका रूपमा जिम्मेवारी बहन गरिरहेकी छन् । त्यसका अतिरिक्त प्राध्यापक सङ्घ वीरेन्द्र क्याम्पस इकाइ समितिको पूर्व अध्यक्ष, अनिवार्य नेपाली विषय समितिको सदस्य, नारायणी कला मन्दिरको पूर्व अध्यक्षसमेत रही साहित्यको समुत्थानमा महत्त्वपूर्ण भूमिका खेलेकी छन् ।

समालोचक स्रष्टा रहँदारहँदै पनि गीतकार कवयित्रीका रूपमा उनी परिचित छन् । श्रेष्ठ प्राध्यापन पेसामा आबद्ध हुँदाहुँदै पनि समाजसेवाले गर्दा उनलाई बालकुमारी बहुमुखी क्याम्पस, नारायणगढद्वारा स्वर्णपदक (२०५७), नेपाल स्काउट र राष्ट्रिय प्रधान कार्यलयद्वारा दीर्घसेवा पदक, त्रि.वि.द्वारा दीर्घसेवा पदक, नारायणी वाङ्मय पुरस्कार (२०६२), आदिद्वारा सम्मानित हुन पुगेकी छन् ।

## १.४ समस्याकथन

गायत्री श्रेष्ठका जीवनी, व्यक्तित्व र कृतित्वमा देखापरेका प्राज्ञिक समस्याहरू निम्नानुसार रहेका छन् :

(क) गायत्री श्रेष्ठको जीवनीका मुख्य पक्षहरू केके हुन् ?

(ख) गायत्री श्रेष्ठको व्यक्तित्वका मुख्य पक्षहरू केके हुन् ?

(ग) उनका काव्य कृतिगत प्रवृत्ति र विशेषताहरू केकस्ता छन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मूलभूत उद्देश्यहरूलाई बुँदागत रूपमा यसरी देखाउँन सकिन्छ । ती यसप्रकार रहेका छन् :

(क) गायत्री श्रेष्ठको जीवनीका मुख्य पक्षहरू केलाउनु ।

(ख) गायत्री श्रेष्ठको व्यक्तित्वका मुख्य पक्षहरूलाई स्पष्ट पार्नु ।

(ग) गायत्री श्रेष्ठका काव्यकृतिगत प्रवृत्ति र विशेषताहरूको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

गायत्री श्रेष्ठले नेपाली साहित्यको समालोचना र गीतिकविताको क्षेत्रमा मोफसलबाटै महत्त्वपूर्ण योगदान पुऱ्याएको भए पनि हालसम्म उनको सामान्य परिचयबाहेक जीवनी, व्यक्तित्व र कृति विश्लेषणको बारेमा कुनै अध्ययन, विश्लेषण, मूल्याङ्कन पाइँदैन । हालसम्म गायत्री श्रेष्ठको कृतिहरूकै भूमिका खण्डमा रहेका विभिन्न समीक्षक व्यक्तित्वबाहेक अन्य कुनै समालोचनात्मक कृतिसमेत उल्लेख छैनन् । तिनै समीक्षात्मक लेखलाई नै पूर्वकार्यको रूपमा यहाँ देखाउन सकिन्छ :

वि.सं. २०४६।७।२३ गते लेखिएको **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** कृतिको भूमिकामा डा. तारानाथ शर्माले नारी लेखिकाको रूपमा देवकुमारी थापाको स्थान निर्धारण गर्नु र उनका कृतिहरूको चित्तबुझ्दो व्याख्या

गर्नु यस ग्रन्थकी प्रणेताको मूल ध्येय बताई समीक्षा गरेका छन् तर यो उनको बारेमा दिइएको सामान्य टिप्पणी भएकाले अन्य पक्षको खोजकार्य बाँकी नै छ ।

२०६१।८।२९ गते राष्ट्रकवि माधव घिमिरेले **बादलको घुम्टोभित्र** (२०६२) गीतिकवितासङ्ग्रहमा सौन्दर्य र प्रेमकी गायिका श्रेष्ठ शीर्षकमा उनका गीत मानवप्रतिका गीत पनि प्रकृतिप्रतिका गीत जस्तै निष्पाप र पवित्र छन् भनेका छन् । त्यहाँ कुमारीका उत्सुकता पनि छन् युवतीका मोहनी छन् । प्रौढाका निष्ठा पनि छन् त्यहाँ मातृहृदयको वात्सल्य र दुःखीप्रति करुणा पनि छन् भन्दै टिप्पणी गरेका छन् तर यो टिप्पणी पनि एकपक्षीय रहेको हुँदा अधुरो नै देखिन्छ ।

२०६१ सालमा गोविन्दराज विनोदीले **बादलको घुम्टोभित्र** (२०६२) गीतिकवितासङ्ग्रह माथि एक दृष्टि शीर्षकमा गायत्री श्रेष्ठलाई गीतकार र कवयित्रीका रूपमा चिनाएका भए पनि यो उनको बारेमा गरिएको एक पक्षीय अध्ययन हुँदा विस्तृत अनुसन्धान हुनसकेको छैन ।

२०६२ मा प्रकाशित **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** समालोचनासङ्ग्रहको कलेवरमा दयाराम श्रेष्ठले गायत्री श्रेष्ठलाई मोफसलमा पनि स्तरीय नारी प्रतिभाहरूको कुनै कमी छैन भन्ने कुरालाई सङ्क्षिप्त टिप्पणी गरेका छन् तर यो टिप्पणी पनि सामान्य सङ्केतात्मक टिप्पणीका रूपमा मात्र रहेको छ ।

२०६२ सालको **चितवन पोष्ट** दैनिक पत्रिकामा **बादलको घुम्टोभित्र चियाउँदा** शीर्षकमा हिमाल घिमिरेले प्राकृत रूपमा नै मानव जाति सङ्गीतप्रेमी रहँदै आएको छ र को होला ? जसलाई छहराको छङ्छङ् र यसको चिर्बिरले मोहित नतुल्याएको होस् भन्दै प्रश्नवाचक चिह्न खडा गरी टिप्पणी गरेका छन् ।

२०६२ मा प्रकाशित **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** भन्ने समालोचनासङ्ग्रहमा नेपालका शारदापूर्व तथा शारदाकालीन नारी साहित्यकारहरूको सङ्क्षिप्त चिनारी भन्ने शीर्षकमा देवी शर्माले कृतिकै अग्रभागमा गायत्री श्रेष्ठसहित केही नारी हस्ताक्षरहरूको दस्तावेज प्रस्तुत गर्दै प्राथमिक र माध्यमिक कालभन्दा आधुनिक कालमा आएर मात्र महिला साहित्यकारहरू फस्टाएको पाइन्छ भन्दै नारी हस्ताक्षरको दस्तावेजमाथि टिप्पणी गरेका छन् तर यो समालोचनात्मक टिप्पणीका रूपमा नै रहन गएको छ ।

२०६४ जेठ १३ मा मुक्तिनाथ शर्माद्वारा **छलफल** साप्ताहिक पत्रिकाको वर्ष २५, अङ्क ३२, पृ. ५-६ मा **बादलको घुम्टोभित्रका कुरा** शीर्षकअन्तर्गत कृतिको समीक्षा गरिएको छ, जसमा सकारात्मक सोच बनाएर अमूल्य मानवजीवनको मीठो स्वाद लिने, कल्पना गर्ने र अनुभव गर्ने स्रष्टाका रूपमा भेटिनु भएको छ भन्दै टिप्पणी गरिएको छ ।

माथिका सामग्रीका आधारमा समालोचक एवम् गीतकार गायत्री श्रेष्ठको केही अध्ययन भए पनि सर्वाङ्गीण अध्ययन र मूल्याङ्कन हुन सकेको पाइँदैन ।

यसकारण प्रस्तुत शोधपत्र लेखनबाट उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

समालोचक, कवयित्री एवम् गीतकार गायत्री श्रेष्ठले नेपाली साहित्यको सीमित विधामा समेत मात्र नभएर उनले समालोचना, गीतिकविता, यात्रासंस्मरण जस्ता बहुविधामा कलम चलाएकी छन् । यसका साथै उनी शिक्षाप्रेमी तथा समाजसेवी व्यक्तित्व पनि हुन् । उनले नेपाली साहित्यको इतिहासमा दुई दशकसम्म विभिन्न गीतिकवितासङ्ग्रह, समालोचनासङ्ग्रह, यात्रासंस्मरणजस्ता कृति र लेखरचना लेख्दै आएकी छन् । त्यसकारण समालोचक एवम् कवयित्री (गीतिकविता) गायत्री श्रेष्ठको समग्र साहित्यिक, सामाजिक, धार्मिक, प्राज्ञिक व्यक्तित्वका साथै बहुविधाको क्षमताको मूल्याङ्कन गरिनु यस शोधकार्यको शक्ति हो भने अप्राप्त रचना सामग्रीको मूल्याङ्कन नहुनु शोधकार्यको सीमा पनि हो । यस शोधकार्यमा श्रेष्ठका अहिलेसम्म प्रकाशित कृतिहरूका बारेमा र उनको जीवनी व्यक्तित्वका बारेमा जानकारी दिने प्रयास गरिएको छ । गायत्री श्रेष्ठको बारेमा थप अनुसन्धान गर्नेहरूका लागि यसबाट केही जानकारी लिन सकिने भएको हुँदा यसको औचित्य र महत्त्व रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा समालोचक एवम् गीतकार (गीतिकविता) गायत्री श्रेष्ठको जीवनी व्यक्तित्व र कृतिको सूक्ष्म अध्ययन गरिएको छ । उनको समालोचकीय र कवित्वसँग सम्बन्धित पक्षहरूको पनि चर्चा गरिएको छ । श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व पक्षकै अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिनु यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ सामग्रीसङ्कलनविधि

गायत्री श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व पक्षको अध्ययन गरिने भएकोले प्रस्तुत शोधपत्रको तयारीका क्रममा पुस्तकालयीय अध्ययन विधि अपनाइएको छ । यसका लागि सम्बन्धित विषयका पुस्तकहरू र पत्रपत्रिकाहरू सङ्कलन गरी सम्बन्धित विषयको अध्ययन गरिएको छ । यस क्रममा स्वयम् शोध नायकसँग सम्पर्क गरी लिखित एवम् मौखिक प्रश्नावलीद्वारा सामग्री लिइएको छ । यसैगरी कवयित्री एवम् समालोचकहरूका अग्रभागमा लेखिएका भूमिका र मन्तव्यलाई समेत सहायक सामग्रीका रूपमा लिइएको छ । शोध नायकसँग परिचित विशिष्ट प्राज्ञिक, साहित्यिक व्यक्तिहरूका विचारहरूलाई पनि सहायक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसरी विभिन्न स्रोतहरूबाट सामग्री जुटाइएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्य गर्दा अध्ययन र विश्लेषणका विधिको लागि ऐतिहासिक, विवरणात्मक तथा वर्णनात्मक पद्धतिको प्रयोग गरिएको छ ।

## १.१२ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित अध्यायमा विभाजन गरिएको छ :

**पहिलो परिच्छेद** : शोधपरिचय
**दोस्रो परिच्छेद** : गायत्री श्रेष्ठको जीवनी र व्यक्तित्वको अध्ययन
**तेस्रो परिच्छेद** : गायत्री श्रेष्ठको गीतिकविताको अध्ययन
**चौथो परिच्छेद** : गायत्री श्रेष्ठको **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण**को विश्लेषण
**पाँचौं परिच्छेद** : गायत्री श्रेष्ठको **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू**को विश्लेषण
**छैटौं परिच्छेद** : गायत्री श्रेष्ठको **केही कृति : आफ्नै दृष्टि**को विश्लेषण
**सातौं परिच्छेद** : पत्रपत्रिकामा प्रकाशित लेखहरूको विश्लेषण
**आठौं परिच्छेद** : उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# गायत्री श्रेष्ठको जीवनी र व्यक्तित्व

## २.१ गायत्री श्रेष्ठको जीवनी

### २.१.१ जन्म र जन्मस्थान

गायत्री श्रेष्ठको जन्म मेची अञ्चल, इलाम जिल्लाको इलाम नगरपालिका वडा नं. १ मा वि.सं. २००७ साल भाद्र २६ गतेका दिन पिता मानकुमार श्रेष्ठ र माता हरिकुमारी श्रेष्ठका पाँचौं सन्तानका रूपमा भएको हो ।[१]

मानकुमार श्रेष्ठका तीन छोरा र दुई छोरीहरू छन् । छोराहरू मध्ये जेठा बीरबल श्रेष्ठ, माहिला शम्भुप्रसाद श्रेष्ठ र कान्छा नारायणप्रसाद श्रेष्ठ हुन् ।[२] छोरीहरूमा सरस्वती श्रेष्ठ जेठी सन्तानका रूपमा र गायत्री श्रेष्ठ पाँचौं सन्तानका रूपमा रहेकी छन् ।

### २.१.२ पुर्ख्यौली

गायत्री श्रेष्ठको पुर्ख्यौली थलो काभ्रे जिल्लाको पनौती नगरपालिकाअन्तर्गत पर्ने खोपासी हो । उनका हजुरबुबा काजीमान श्रेष्ठ हुन् ।[३] गायत्री श्रेष्ठको पुर्ख्यौली परिवारमा साहित्यको रुचि भएको देखिँदैन भने पेसाका रूपमा व्यापार अवलम्वन गरेको पाइन्छ ।

### २.१.३ बाल्यावस्था र स्वभाव

गायत्री श्रेष्ठ बुबा मानकुमार श्रेष्ठको रेखदेखमा हुर्किएकी हुन् । यिनको बाल्यकाल इलाम बजारमा हुर्किएकोले आफूलाई साहित्य र सङ्गीतमा घोल्दै आएको देखिन्छ ।[४] यिनले आफ्नो बाल्यावस्था आमा, बुबा र दिदीसँग हाँस्दै स्वतन्त्र रूपमा बिताएको पाइन्छ भने बाल्याकालमा आफ्ना दौतरीसँग हिँडडुल गर्ने इलाम बजार नै औधी रुचाउँने कुराको संस्मरण व्यक्त गर्छिन् । बाल्यावस्थादेखि नै चञ्चल उनी आफ्नो बाल्यावस्था केटा साथीहरूकै माझमा बितेको बताउँदछिन् ।[५]

उनको स्वभाव हेर्दा इलामको रसिलो हरियाली र त्यहाँको पूर्वेली वातावरणले उनलाई प्रभाव पारेको पाइन्छ । स्कुले जीवनदेखि नै उनले आफूलाई कहिले कथालेखन, कहिले गीतलेखन, नियात्रालेखन एवम् समालोचनालेखनमा

---

[१] शोधनायिकाबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] गायत्री श्रेष्ठ र सरस्वती रिजाल, **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू,** (चितवन : नारायणी कला मन्दिर, २०६२), पृ. ११ ।

[५] शोधनायिकाबाट प्राप्त जानकारी ।

स्थापित गरेकी थिइन् । सानैदेखि लेखनमा रुचि रहे पनि उनले (कथा र समालोचना लेखे पनि औपचारिक रूपले) कविता वा गीत लेख्ने गरेको पाइँदैन । कहिलेकाहीँ कविता लेखे पनि अरूका सामु वाचन गर्न लाज मान्ने गरेको पाइन्छ जसको कारणले ती लेखहरू लेख्ने, राख्ने र फ्याक्ने काम मात्र भएको देखिन्छ ।

गायत्री श्रेष्ठमा घरदेखि समाजसम्मको वातावरणले एस्.एल्.सी. पास भएदेखि छोरीलाई पढाउन नपर्ने भन्ने जनमानसको भावनाले उनलाई प्रभाव पारेको देखिन्छ । घरमा विकसित भएको पारिवारिक गलत सोचको बाबजुद पनि उनका दाजुहरू शम्भु र वीरबल, श्रेष्ठले गायत्रीलाई प्रोत्साहन गरेको पाइन्छ ।

नेवार परिवारमा हुर्किएकी गायत्री श्रेष्ठका घरमा कुनै खानाको बन्देज थिएन । सामान्य खाना नै मनपराउने श्रेष्ठको परिवारले चाडबाँडमा आफ्नो रितिथितिअनुसार मदिराको समेत सेवन गर्ने प्रचलन भएको पाइन्छ ।[६] गायत्री श्रेष्ठको बाल्यकालदेखि नै घरको काममा खासै मन दिन नचाहने स्वभाव रहे तापनि उनी साहित्यिक गोष्ठीमा घरबाट भागेर सहभागिसमेत हुनुपरेको बताउँदछिन् । गायत्री श्रेष्ठको बाल्यकालको जीवन राणा परिवेशमा हुर्किएको हुँदा त्यस समयको छाप उनमा परेको पाइन्छ ।

बाल्यकालदेखि नै गायत्री श्रेष्ठलाई टेबुलटेनिस खेलमा अत्यन्तै रुचि रहेको देखिन्छ भने फुर्सदको समयमा हाल पनि घरको फूलबारीमा उनी व्यस्त हुन्छिन् । नीतिगत कुरा पढेर जीवन परिष्कार गर्दै लैजाने र हिन्दू धर्मअनुसार ध्यान जप गर्ने काम उनी गर्छिन् । गायत्री चञ्चल, परिश्रमी, सहनशील र मिलनसार स्वभाव भएकीले उनी सबैसित सहयोगको भावना राख्दछिन् । उनले कुनै पनि इच्छालाई दबाएर राख्न हुन्न भन्ने स्वभाव भएकी चितवनकी सशक्त र क्रियाशील नारी हस्ताक्षर हुन् ।[७]गायत्रीले घरमा आएका पाहुनालाई हार्दिकता साथ श्रद्धा गर्दछिन् । उनको बाल्यकालको स्वभावले गर्दा हालसम्म पनि अलि चोथाले स्वभाव रहेकै पाइन्छ । उनी आठ कक्षामा रूखबाट लडेर पीडाको पात्र बनेको समेत स्मरण गर्दछिन् ।

## २.१.४ शिक्षा-दीक्षा

गायत्री श्रेष्ठले आफ्नो बाल्यकालदेखि नै औपचारिक शिक्षा स्कुलबाट सुरु गरेकी हुन् । उनले वि.सं २०२१ सालमा माध्यामिक तह उत्तीर्ण गरिन् भने वि.सं. २०२५ सालमा आइ.ए पास गरी वि.सं. २०२७ सालमा स्नातक उत्तीर्ण गरेकी हुन् । उनले विद्यार्थी जीवनको औपचारिक शिक्षा वि.सं. २०३० सालमा नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट स्नातकोत्तर र बी.एड. गरेको जानकारी पाइन्छ । त्यसैले उनको शैक्षिक तहलाई निम्नानुसार हेर्न सकिन्छ :

---

[६] ऐजन ।

[७] पूर्ववत् पृ. १२ ।

### २.१.४.१ विद्यालयीय शिक्षा

गायत्री श्रेष्ठको अध्ययनको आरम्भ सरस्वती कन्या हाइस्कुलबाट भएको हो ।[८] यो हाइस्कुल वि.सं.२००८ सालमा स्थापना भएको पाइन्छ भने उक्त विद्यालय २०३२ साल फागुनमा पब्लिक आदर्श हाइस्कुलमा रूपान्तरित भएको हो । पुरानो सरस्वती कन्या हाइस्कुलको नाम मात्र बदलिएको उक्त पब्लिक आदर्श हाइस्कुलमा भौतिक संरचना पुरानो नै रहेको पाइन्छ । गायत्री श्रेष्ठले ६ वर्षकै उमेरमा सरस्वती कन्या हाइस्कुलमा भर्ना भई आफ्नो माध्यमिक तहको शिक्षा सोही विद्यालयबाट समाप्त गरिन् । उनले वि.सं.२०२१ सालमा तेस्रो श्रेणीमा एस्.एल्.सी उत्तीर्ण गरिन् । गायत्री श्रेष्ठको विद्यालय जीवन छोरीलाई पढाउन हुँदैन भन्ने अन्धविश्वासका बीच सफल भएको पाइन्छ । उनले विद्यालय अध्ययनको क्रममा कुनै जागिरे पेसामा आबद्ध भएको भने देखिँदैन ।

### २.१.४.२ उच्चशिक्षा

गायत्री श्रेष्ठले आफ्नो विद्यालयीय अध्ययन समाप्त गरेपछि उनी उच्चशिक्षाको निम्ति इलामकैं महेन्द्ररत्न महाविद्यालयमा भर्ना भई अध्ययन गर्न थालेको पाइन्छ । उनको बाल्यकालदेखि विद्यालय जीवनसम्मको अध्ययनको परिवेश सहज रूपमा विकसित भई बित्यो । गायत्री श्रेष्ठले उच्चशिक्षा अध्ययनको निम्ति घरपरिवारदेखि समाजको ठूलो चुनौती व्यहोर्नु पऱ्यो । समाजमा रहेको छोरीलाई धेरै पढाउन नहुने भन्ने चिन्तनले उनको घरपरिवारलाई समेत अछुतो राखेको पाइँदैन । उनी इलामकै महेन्द्ररत्न महाविद्यालयमा आई. ए. तहमा वि.सं. २०२१ मा भर्ना भएको देखिन्छ । गायत्री श्रेष्ठले उक्त महाविद्यालयमा भर्ना हुँदा उनमा शारीरिक अस्वस्थ्यका कारणले कक्षाको पढाइलाई नियमितता दिन पाइनन् । वि.सं. २०२६ सालमा पद्मकन्या कलेज काठमाडौंबाट नेपाली विषयमा स्तानक तहको अध्ययन नियमित रूपले दोस्रो श्रेणीमा पूरा गरिन् । त्यसपछि उनले त्रिभुवन विश्वविद्यालयबाट वि.सं.२०३० सालमा नेपाली विषयमै स्नातकोत्तर तह दोस्रो श्रेणीमा र बी.एड्.सोही विश्वविद्यालयबाटै उत्तीर्ण गरेपछि विद्यार्थी जीवनमा उनको औपचारिक अध्ययनमा पूर्णविराम लाग्यो ।[९]

### २.१.५ पारिवारिक र दाम्पत्य जीवन

शिक्षित पारिवारकी पुत्री मानिने गायत्री श्रेष्ठको विवाह विद्यार्थी जीवनको औपचारिक अध्ययन समाप्त गरेपछि वि.सं. २०३० साल माघ ३ गते चितवन जिल्लास्थित क्षेत्रपुर निवासी केशवकुमार श्रेष्ठसँग विधिपूर्वक सुसम्पन्न भएको हो ।[१०] पति केशवकुमार श्रेष्ठको पुर्ख्यौली बसोबास पोखरामा भएको पाइन्छ । केशवकुमार श्रेष्ठले आफ्नो बी.ए., बी.एड्.सम्मको अध्ययन समाप्त गरी चितवनको क्षेत्रपुरमा

---

[८] शोधनायिकाबाट प्राप्त जानकारी ।

[९] ऐजन ।

[१०] ऐजन ।

वि.सं. २०१९ सालमा बसाइँ सरेपछि इलाम बजारमा हुर्केकी र औपचारिक अध्ययन समाप्त गरेकी गायत्री श्रेष्ठसँग विवाह गरेको देखिन्छ । विवाहको समयमा गायत्री श्रेष्ठको उमेर २३ वर्ष र केशवकुमार श्रेष्ठको २६ वर्षको रहेको देखिन्छ ।

औपचारिक रूपले उच्चशिक्षा अध्ययन सकेकी गायत्री विवाहपश्चात् आफूले परिवारमा भोल्नु परेको रीतिथिति, बोलीचाली, आनीबानी अत्यन्त पृथक अनुभव प्राप्त गरेको पाइन्छ ।[११] गायत्री श्रेष्ठले व्यहोर्नु परेको भाषिक समस्या र घरायसी जिम्मेवारीले गर्दा उनी कहिलेकाँही रात रोएर नै कटाएको स्मरण गर्दछिन् । श्रीमान्को व्यक्तित्व विकासमा हरेक क्षण सङ्घर्षमय जीवन बिताउन सफल भएकी गायत्रीले श्रीमान्को सहयोग र भरोसायुक्त साथबाट उनी पूर्णतः खुशी देखिन्छिन् ।

दुई छोराकी आमा बनेकी गायत्री श्रेष्ठ जेठो छोराको नाम प्रणय श्रेष्ठ हो भने कान्छा छोराको नाम समिध श्रेष्ठ हो ।[१२] गायत्री श्रेष्ठको परिवारमा छोरीको जन्म भएको छैन । गायत्री श्रेष्ठका दुवै छोराहरू गृहस्थीको बन्धनमा बाँधिएका छन् । जेठो छोराले प्रतिष्ठा श्रेष्ठसँग विवाह भएको देखिन्छ भने कान्छो छोरा समिध श्रेष्ठले भावना श्रेष्ठसँग विवाह गरेको जानकारी पाइन्छ । हाल जेठो छोरा लन्डनमा अध्ययनको सिलसिलामा रहेका छन् भने कान्छो छोरा घरमै परिवारको सहयोगीको रूपमा रही काठमाडौंमा व्यापार गरिरहेको पाइन्छ ।

## २.१.६ भ्रमण

इलाम बजारमा जन्मिएकी गायत्री श्रेष्ठको कर्मभूमि चितवन हो । अविवाहित अवस्थादेखि नै जीवनमा यात्रा गरिरहने लालसा बोकेर हुर्किएकी गायत्री वर्तमानमा पनि हरेक कार्यहरू यात्रा गरेर मात्र पूरा गर्न सफल भएकी देखिन्छिन् ।[१३] गायत्री श्रेष्ठको मामाघर विदेशमा रहेकाले उनको प्रथम यात्रा विदेशबाटै सुरु भएको पाइन्छ । उनी वि.सं. २०४४ सालमा सिक्किममा जाने क्रममा कालिम्पोङ् रहेका दुई मामाघरमा पनि गएको देखिन्छ । यो यात्रा नै उनको वैदेसिक यात्रा हो । गायत्री श्रेष्ठ मामाघर जाँदाआउँदाको यात्रा उनका लागि फलदायी भएको पाइन्छ । जीवनमा प्रत्येक मानिसहरूमा आफ्ना चाहना हुन्छन् र त्यसमा मेरो विशेष चाहना यात्रा नै रह्यो भन्ने भनाइ छ ।[१४] उनले वि.सं. २०५३ बाटै चितवनको बालकुमारी कलेजको सहायक-प्रमुखको जिम्मेवारी बहन गरेकीले कहिले शिक्षकको खोजीमा त कहिले कवि स्व. पारसमणिलाई भेट्ने उत्सुकता भएर उनले वैदेशिक भ्रमण गरेको जानकारी पाइन्छ । समयसँगै गायत्री श्रेष्ठले आफ्नो छोरोको दीक्षान्त समारोहमा युरोप गएको जानकारी पाइन्छ ।

---

[११] गायत्री श्रेष्ठ, 'कलामन्दिर, म र मेरो अनुभूति', **मारुनी** (वर्ष ४१, फन्को ११, २०६४ पुष), पृ. १९ ।

[१२] शोधनायिका, पूर्ववत् ।

[१३] गायत्री श्रेष्ठ, 'जर्मनमा मेरो पाइला र अनुभूति', **गरिमा** (वर्ष २०, अङ्क २३४, २०५९ जेठ), पृ. ५८।

[१४] ऐजन ।

यसरी हेर्दा गायत्री श्रेष्ठले वैदेसिक यात्राको सिलसिलामा भारत, बङ्गलादेश, भ्रमण गरेको र उनी युरोपको भ्रमणबाट बढी प्रभावित भई त्यहाँबाट फर्केपछि उनले **जर्मनमा मेरा पाइला र अनुभूति** र **स्विजरल्यान्डदेखि स्पेनसम्म** शीर्षकको नियात्रा लेखेकी हुन् ।[१५]

गायत्री श्रेष्ठले वैदेसिक यात्रापछि मात्र स्वदेशी जन्मभूमिको यात्रा गर्न मन पराएको पाइन्छ । उनले खासगरी पश्चिम नेपालको नेपालगञ्ज हुँदै महेन्द्रनगर, कञ्चनपुर, पाल्पा, पोखरा, डडेल्धुरा, बाग्लुङ, मुक्तिनाथ आदि महत्त्वपूर्ण भू-भागको यात्रा गरेको जानकारी पाइन्छ । गायत्री श्रेष्ठले ती ठाउँहरूको प्राकृतिक सौन्दर्यलाई मनन गर्दा आफूलाई विश्वमा नेपालजस्तो प्राकृतिक सौन्दर्य सजिएको ठाउँ अरू कुनै छैन भन्ने लागेको बताउँदछिन् । गायत्री श्रेष्ठले विदेशी भ्रमणबाट स्वदेशी भ्रमण गरेको पाइन्छ । उनले भ्रमणमा रुचि राख्नुको कारण उनको सानैदेखि स्वास्थ्य ठीक हुनु हो र समयसँगै पारिवारिक वातावरण र दुवै क्षेत्रको एउटै जागिर पनि एकै स्थानमा रहनुले गर्दा पनि भ्रमण र जागिरको जीवन सफल भएको देखिन्छ ।

## २.१.७ आजीविका/जागिरे जीवन

जीवनमा जागिर खानु थोरै व्यक्तिको निम्ति सोखको विषय होला तर अधिकांश मानिसहरूको जागिर खानु पारिवारिक बाध्यता नै हो । अझ नेपालजस्तो विकासोन्मुख राष्ट्रमा खेतीपाती, व्यवसाय र जागिर नै व्यवहारिक जीवनको अभिन्न पाटो भइसकेको छ । गायत्री श्रेष्ठको पनि आयआर्जनको एक मात्र विकल्प जागिर बन्न पुग्यो ।[१६]उनको परिवारमा हाल आएर कान्छो छोराबाहेक अन्यले व्यापार पेसा अवलम्बन गरेको पाइँदैन । गायत्री श्रेष्ठ उच्चमध्ययम परिवारमा हुर्केकी हुनाले उनलाई विद्यार्थी जीवनमा जागिर खोजीको आवश्यकता परेको छैन । त्यस समयमा उनको एक मात्र लगाव अध्ययन नै हुन पुगेको पाइन्छ । उनले विद्यार्थी जीवनको औपचारिक शिक्षा नियमित रूपले समाप्त गरेपछि २५ वर्षको उमेरबाट अध्यापन पेसाको जागिर खान सुरु गरिन् । जागिरको प्रथम सुरुवात उनले चितवनको वीरेन्द्रनगर हाइस्कुलबाट गरेको जानकारी पाइन्छ । उक्त विद्यालयमा करिब अढाइ वर्षसम्म अध्यापन पेसा गरेकी गायत्री घरदेखि टाढा विद्यालय पर्ने अनि यातायातको असुविधा र बच्चा पनि सानो भएकाले उनले पछि विद्यालय छाड्नु परेको देखिन्छ । गायत्री श्रेष्ठले समयसँगै वि.सं २०३५बाट काठमाडौँको पद्मकन्या कलेजमा अध्ययन पेसामा जागिरे जीवन बिताएको देखिन्छ भने पद्मकन्याबाट सरुवा भई घरपाइक जागिर वीरेन्द्र बहुमुखी क्याम्पसमा २०३८ भाद्रबाट गराएकी हुन् ।[१७]

[१५] सीताराम कोइराला, **संवादमा स्रष्टाहरू**, (काठमाडौँ : नारी साहित्य प्रतिष्ठान), २०६४, पृ. १३३ ।

[१६] शोधनायिका, पूर्ववत् ।

[१७] ऐजन ।

गायत्री श्रेष्ठ पुर्वेली चेली भएकीले पश्चिमेली वातावरणमा घुलमिल हुन असाध्यै चुनौतीका दिन आएका पनि थिए तर त्यसलाई उनले आफ्नो मिहिनेत र परिश्रमले आफूलाई सक्षम बनाएकी हुन् । उनको विवाहपश्चात् चितवनको नारायणगढमा रहेको नेवार जातिको बाहुल्यतासँग उनको निकट सम्बन्ध रहेको जानकारी पाइन्छ । उनी एक शिक्षित र साहित्यमा समेत चाँसो राख्ने स्रष्टा र द्रष्टा भएकीले प्राय : हरेक कार्यक्रममा उनको सहभागिता रहेको पाइन्छ । यसै कारणको फलस्वरूप उनी चितवनको मुटु मानिने नारायणगढको सामुदायिक क्याम्पसमा नेपाली विषयको संस्थापक प्राध्यापकको रूपमा वि.सं २०४३ असोज २ गतेबाट आफूलाई स्थापित गर्न पुगिन् ।[१८] उनी वि.सं. २०५३ साउन ९ गतेबाट हालसम्म सहायक-क्याम्पस प्रमुखको रूपमा आफ्नो जिम्मेवारी वहन गरेको जानकारी पाइन्छ । विद्यार्थीको चापलाई ध्यान दिँदै त्यस सामुदायिक क्याम्पसले उहाँलाई प्रातकालीन समयको जिम्मेवारीसमेत हालसम्म दिएको जानकारी पाइन्छ ।

उनको पति केशवकुमार श्रेष्ठले समेत आफ्नो पेसा जागिरलाई बनाएको पाइन्छ । केशवकुमार श्रेष्ठले चितवनकै हाइस्कुलमा स्थायी शिक्षकको रूपमा कार्य गरेका थिए । उक्त चितवन हाइस्कुल र नारायणी हाइस्कुल बाहेकका तीन हाइस्कुलमा भने उनले प्र.अ.को जिम्मेवारी बहन गरेको जानकारी पाइन्छ । हालसम्म केशवकुमार श्रेष्ठको मिहिनेत र अनुशासित भएकै कारणले आफ्नो निजी आवासीय विद्यालयसमेत सञ्चालन गरेको देखिन्छ

गायत्री श्रेष्ठको कान्छो छोराबाहेक अन्यले आफ्नो पेसाको रूपमा जागिर नै अवलम्बन गरेका छन् । उनको परिवार सानो, सुखी र स्वालम्बी परिवारको रूपमा रहेको छ । यस परिवारमा जागिर र व्यापारबाहेक आम्दानीको अन्य कुनै आयस्रोत रहेको पाइँदैन ।[१९]

### २.१.८ आर्थिक अवस्था

गायत्री श्रेष्ठका पिता मानकुमार श्रेष्ठ उच्चमध्यम परिवारका व्यक्ति थिए । उनको आम्दानीको प्रमुख स्रोत व्यापार नै थियो ।[२०]पिता मानकुमार श्रेष्ठले पुर्ख्यौली पेसाको रूपमा व्यापार अवलम्बन गरी थुप्रै चलअचल सम्पत्ति जोडेको जानकारी पाइन्छ ।

गायत्रीले अध्ययनको अवसर पनि यही उच्चमध्यम परिवार भएर नै प्राप्त गरेकी हुन् । गायत्रीलाई अध्ययनको क्रममा सामाजिक अन्धविश्वासबाहेक आर्थिक सङ्कट परेको देखिँदैन । गायत्रीले यिनै सामाजिक चिन्तनलाई चुनौती दिँदै घरको दह्रो आर्थिक स्थितिको उपयोग गरी विद्यार्थी जीवनको औपचारिक अध्ययन समाप्त गरेर विवाहपश्चात् प्राध्यापन पेसामा प्रवेश गरेकी हुन् ।[२१] गायत्री श्रेष्ठले आफ्नो

---

[१८] संपादक समिति, बालकुमारी कलेजको संक्षित इतिहास, **दीपशिखा**, (वर्ष ११, अङ्क १ , २०५३ असोज २), पृ.५ ।

[१९] शोधनायिका, पूर्ववत् ।

[२०] शोधनायिका, पूर्ववत् ।

[२१] ऐजन ।

औपचारिक शिक्षापश्चात् छोटो समयमा नै विवाह गरेको देखिन्छ । उनले आफ्नो विवाह नौलो ठाउँ, नौलो समाज र नौलो परिवारमा भएको पाएकी थिइन् । ठूलो परिवारसँगै उनले आफ्नो जागिरको जीवन बुहारीको स्थानमा रहनुपर्ने बाध्यता र भाषिक समस्याको ठूलो चुनौती देखापरेको थियो । उनको मिहिनेत, परिश्रम र स्वालम्बीको कारणले २०३० मा मास्टर डिग्री गरेकी उनी आफ्नो सङ्घर्षसँगै चितवनको वीरेन्द्रनगर हाइस्कुलमा अध्यापन सुरु गरिसक्दा पनि अर्थ उपार्जन भने त्यति सरल र सहज रहेको देखिँदैन । समयसँगै काठमाडौँको पद्मकन्या कलेजबाट सरुवा भई वीरेन्द्र बहुमुखी क्याम्पससम्म आइपुग्दा उनको आर्थिक स्थिति सबल र सुदृढ रहेको जानकारी पाइन्छ । अझै उनी वि.सं.२०४३ असोज २ मा नै सामुदायिक क्याम्पसमा प्रवेश गरेपछि उनको आर्थिक स्थितिका दिनहरू सुबाटोतिर अगाडि बढिरहेको देखिन्छ ।

श्रीमान् केशवकुमार श्रेष्ठले प्राध्यापन पेसा चितवन स्कुलबाट सुरु गरेको देखिन्छ । समयसँगै केशवकुमार श्रेष्ठ चितवन हाइस्कुल र नारायणीमा रात्री हाइस्कुलमा शिक्षकको रूपमा कार्य गरेका थिए । प्र.अ.को रूपमा नेपाल मा.वि.बाट अवकास प्राप्त गरे पनि प्र.अ.को जिम्मेवारी भने उनले नारायणी रात्री हाइस्कुल र वीरेन्द्रनगर हाइस्कुलमा समेत कार्य गरेको जानकारी पाइन्छ । हाल प्राध्यापकबाट अवकाश प्राप्त उनी आफ्नै निजी लगानीमा सञ्चालित आवासीय विद्यालयको समेत सञ्चालन गरेका छन् र उता लन्डनमा रहेको जेठो छोराकी श्रीमतीले समेत दन्त्य चिकित्सक भई कार्य गरेकीले उनीहरूको परिवार शिक्षित भइकन आर्थिक रूपले सबल रहेको देखिन्छ ।[२२]हाल भर्खरै कान्छो छोराले व्यापारमा दत्तचित्त भई त्यसैमा आफूलाई समर्पित गराएकाले गायत्रीको पारिवारिक वातावरणले वर्तमान समयमा झन दरो हुँदै जाने अवसर पाएको देखिन्छ ।

चितवनको सदरमुकाम भरतपुरमा नै यिनले सामुदायिक क्याम्पसको सहायक -प्रमुख पदसहित प्राध्यापनको जिम्मेवारी पाएको हुँदा उनको प्राज्ञिक जागिर मर्यादित र अनुशासित बनेको पाइन्छ । गायत्री श्रेष्ठ शनिवारबाहेक सबै दिन व्यस्त रहने गरेको देखिन्छ । समयको वचतकी अनुयायी भएकी गायत्रीले हाल अध्यापन पेसामा जाँदा पनि समयको विशेष ख्याल राखी जाने गरेको पाइन्छ । सानो समृद्ध परिवारको नमुना रूपमा रहेको उनको परिवार हाल सुखी र समृद्ध देखिन्छ ।

आफूलाई समयसँगै विभिन्न कठिनाई पर्दा आफूले कसैको सामु हात नपसारेको र आफूले ज्ञानबाहेक अरू केही पनि कसैलाई दिन नसकेकोमा उनी सन्तुष्ट देखिन्छिन् । आफू छउन्जेलसम्म यसरी नै पुगेको हेर्न पाउने आशा रहेको उनी बताउँछिन् ।

---

[२२] ऐजन ।

### २.१.९ कार्यक्षेत्र

गायत्रीको मुख्य कार्यक्षेत्र शिक्षण र साहित्य लेखन हो । गायत्री श्रेष्ठले औपचारिक शिक्षा एम्.ए., बी.एड्., उत्तीर्ण गरिसकेपछि चितवनको वीरेन्द्रनगर हाइस्कुलमा आफ्नो कार्यक्षेत्र प्राध्यापन पेसालाई अपनाएको देखिन्छ ।

उनले वि.सं २०३५ बाट पद्मकन्या कलेजमा प्राध्यापन पेसाको जागिर सुरुवात गरिन् । गायत्री श्रेष्ठले वि.स.२०३५ देखि २०३८ साउनसम्म सोही कलेजमा प्राध्यापन पेसा गरी वि.सं.२०३८ भाद्रदेखि वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरमा सरुवा भएको जानकारी पाइन्छ । हाल उनी त्यहीँ सह-प्राध्यापकको रूपमा कार्यरत छिन् ।[२३] गायत्री श्रेष्ठको मिहिनेती, अनुशासित र स्वावलम्बी प्रवृत्तिका कारणले गर्दा चितवनको नारायणगढमा रहेको सामुदायिक कलेजको सहायक क्याम्पस प्रमुख रूपमा उनी वि.स.२०५३ देखि कार्यरत छन् ।

गायत्री श्रेष्ठले औपचारिक अध्ययन समाप्त गर्नुपूर्व विद्यार्थी समयमा उनले कुनै किसिमको जागिरको खोजी गरेको देखिँदैन । साहित्यतर्फ सानैदेखि रुचि भएकाले विश्वविद्यालयमा अध्यापन गर्दाको समयसम्म उनले सांस्कृतिक कार्यक्रममा भाग लिएको पाइन्छ ।[२४]

उनले प्राज्ञिक कार्यक्षेत्रभन्दा साहित्यिक सृजनाको कार्यक्षेत्रलाई गौण रूपमा लिएकी छन् । उनका पुस्तकाकार कृतिबाहेकका अन्य लेखहरूले गर्दा उनलाई साहित्य सृजना सहज र सरल भएको जानकारी पाइन्छ ।

#### २.१.९.१ स्मरणीय दुःखसुखका क्षणहरू

गायत्री श्रेष्ठको परिवार आर्थिक रूपले सम्पन्न रहेकाले उनको बाल्यकाल सुखद रहे पनि यस पछिको समय भने त्यति सुखद देखिँदैन ।

गायत्री श्रेष्ठ माध्यमिक तहको अध्ययनपछि उच्चशिक्षाको अध्ययन गर्ने क्रममा इलामकै महेन्द्ररत्न महाविद्यालयमा भर्ना भएको देखिन्छ । त्यहाँको नयाँ समाज र परिवेश र समाज अनि छोरीलाई हेर्ने दृष्टिकोणले केही दिन दुःखको अनुभव भएको जानकारी पाइन्छ । मानिस भएपछि परिश्रमी हुनुपर्छ, समयखेर फाल्नु हुँदैन भन्ने भावनाबाट उनी जागरुक छन् । श्रेष्ठ आफ्नो परिश्रम र मिहिनेतको वकालत गर्ने नारी स्रष्टा भए पनि उनलाई साहित्यिक क्षेत्रले भन्दा प्राज्ञिक क्षेत्रले बढी दुःखी बनाएको कुरा व्यक्त गर्दछिन् ।

वि.सं. २०५३ साउन ९  गते देखि सामुदायिक बालकुमारी कलेजको सहायक- प्रमुख भएकी गायत्रीले विद्यार्थीको स्व.वि.यू. निर्वाचन गराउने क्रममा आफूदेखि परिवार समेतले पटकपटक खानु परेको धम्कीको क्षणलाई साह्रै

---

[२३] गायत्री श्रेष्ठ, पूर्ववत् ।

[२४] ऐजन ।

नरमाइलो मानेकी छन् ।[२५] गायत्री धेरै शिक्षकहरूको बीचमा एक मात्र महिला भएकीले र प्रशासनमा सास्ती व्यहोर्नु परेकाले उनले दुःख अनुभव गरेको जानकारी पाइन्छ । वि.सं. २०६० मा ढाँड भाँच्चिदाको तथा २०६२ मा गोडा प्याक्चर हुँदाको समयलाई उनले दुःखद रूपमा लिएको पाइन्छ ।[२६]

गायत्री श्रेष्ठको आफ्नो सुखको अविस्मरणीय क्षण युरोपमा हिउँ खेल्दाको समयलाई बताउँछिन् । उनले वि.सं.२०५७ सालमा छोरालाई विदेश अध्ययन गर्न पठाउँदा सबै खुशीको अनुभव गरेको जानकारी पाइन्छ ।[२७] गायत्री श्रेष्ठले औपचारिक अध्ययन पूरा गरिसकेपछि मात्र विवाह र प्राध्यापन पेसामा अँगालेकी हुन् । अध्यापन पेसा गरिरहेकी गायत्रीले आफूदेखि परिवारसम्मलाई पनि सुखी तुल्याएकी छन् । सानो सुखी परिवारको नमुना रहेको उनको परिवार शिक्षित, भद्र र स्वालम्बीका उदाहरण बनेको छ । गायत्रीले आफूलाई हरेक क्षण व्यस्त तुल्याउन मन पराउने भएकाले उनी आफू धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, साहित्यिक आदि क्रियाकलापबाट दुःखित बनेकी छैनन् ।

### २.१.९.२ सम्मान र पुरस्कार

विद्यार्थी जीवनको १४।१५ वर्ष उमेरदेखि नै साहित्य सृजनामा लागि गायत्रीको साहित्य-साधनाले २०४६।४७ मा निरन्तरता पाइरहेको देखिन्छ । कविताका माध्यमबाट साहित्यमा प्रवेश गर्ने गायत्रीले तुलनात्मक रूपमा समालोचनाविधामा प्रसिद्धि कमाएकी छन् । माध्यमिक तहको अध्ययनका क्रममा उनले **दोष कसको** ? कविता पढेर महोत्सवमा प्रथम पुरस्कार प्राप्त गरेको देखिन्छ तर उक्त शीर्षकको कविता भने हालसम्म अप्राप्य नै छ ।[२८] गायत्री श्रेष्ठलाई साहित्य क्षेत्रमा स्रष्टाका रूपमा होस् या सम्पादकका रूपमा उल्लेखनीय योगदान पुऱ्याए वापत विभिन्न संस्थाहरूले पुरस्कार सम्मान वा अभिन्नदनद्वारा कदर गरेका छन् । उनले बालकुमारी कलेज नारायनगढद्वारा २०५७ सालमा स्वर्णपदक र नेपाल स्काउट, राष्ट्रिय प्रधान कार्यालयद्वारा २०५७ सालमा दीर्घसेवा पदक र त्रि.वि.द्वारा २०६२ मा पनि दीर्घसेवा पदक प्राप्त गरेकी छन् । उनी दोभान साहित्यक प्रतिष्ठान (२०५९) नारायणी वाङ्मय पुरस्कार प्रतिष्ठान (२०६२) र चितवन साहित्य परिषद् (२०६२) र कालिका एफ्. एम्. (२०६४) द्वारासमेत सम्मान तथा पुरस्कृत भएकी छन् ।

### २.१.१० लेखनका लागि प्रेरणा र प्रभाव

गायत्री श्रेष्ठको परिवारमा साहित्यप्रति कुनै रुचि रहेको पाइँदैन । उनको परिवारमा साहित्यप्रति रुचि नभए पनि उनले कतिपय शुभचिन्तकहरूबाट प्रेरणा ग्रहण गरेकी छन् । गायत्रीलाई सर्वप्रथम साहित्यप्रति रुचि जगाइदिने काम

[२५] शोधनायिका पूर्ववत् ।

[२६] ऐजन ।

[२७] पूर्ववत् ।

[२८] पूर्ववत् ।

दार्जिलिङ्गका स्व. पारसमणि प्रधानले गरेका हुन् । वि.सं. २०५३ बाट बालकुमारी कलेजको सहायक-प्रमुख पदमा रहेकीले शिक्षकको खोजी पनि गर्ने र मामाघर पनि जाने क्रममा कालिम्पोङमा उनको कवि प्रधानसँग भेट भएको हो ।[२९] गायत्री श्रेष्ठले प्रारम्भिक अवस्थामा कविता लेखे पनि वाचनका निम्ति लाज मान्ने बानीले ती केवल लेख्ने काम मात्र भएको जानकारी पाइन्छ ।

गायत्री श्रेष्ठ चितवनकी सशक्त र क्रियाशील नारी हस्ताक्षर हुन् । उनले समालोचना, निबन्ध, संस्मरण, गीत र अन्य लेखहरूमा समेत कलम चलाएकी छन् । यिनका समालोचनामा प्रभाववादी, गीत प्रणयपरक, निबन्ध वस्तुपरक र संस्मरण आत्मपरक हुन्छन् । गायत्रीका गीतहरूमा विशेष गरी प्रणयपरक, प्रकृति प्रेमपरक एवम् राष्ट्रिय भावना छचल्किएको पाइन्छ ।

वि.सं. २०३३ सालतिर नारायणगढको कवि गोष्ठीमा **बाँच्नुको अर्थ** शीर्षक कवितालाई वाचन गर्दा कवि सिद्धिचरणबाट सोधिएको 'निराशावादी किन बहिनी?' भन्ने प्रश्नले असमन्जस्य सिर्जना गर्‍यो र कविताक्षेत्रमा पूर्णविराम नै पनि लाग्यो । उनको साहित्यप्रतिको अनुभूतिलाई सङ्कलन गर्ने प्रेरणा गीतकार प्रेमविनोद नन्दनले पनि दिएको पाइन्छ । वि.सं. २०३५ सालमा गायत्री श्रेष्ठले रेडियो नेपालमा प्रत्यक्ष कविता वाचन गरेको जानकारी पाइन्छ । उनी त्यहाँ नारी दिवसको अवसरमा सहभागी भएकी थिइन् । प्रकाशनका दृष्टिले यो उनको पहिलो कविता रहेको देखिन्छ ।[३०] विद्यार्थी जीवनबाटै साहित्यि लेखनमा रुचि रहे पनि त्यस समयमा उनका कृति प्रकाशित भएका छैनन् तर वि.सं. २०३८ बाट समालोचनामा झुकाव रहेकाले यिनले वि.सं २०४६ सालबाट समालोचना लेखनको आरम्भ गरिन् । वि.सं. २०६२ सालमा गीतिकविता लेखनले उनलाई केही माथि पुर्‍याइदियो । वि.सं. २०६२ मै सह-लेखनमा प्रवेश गरेकी श्रेष्ठलाई सामाजिक जीवनमा भोग्न परेका विभिन्न घटनाले पनि उनको साहित्य सिर्जनामा प्रभाव पारेको देखिन्छ ।[३१]

प्राज्ञिक क्षेत्रको दौडानमा भेटिएका व्यक्ति र भोगेका घटनाबाट पनि गायत्रीले साहित्य-सृजनामा निकै प्रेरणा प्राप्त गरेकी छन् । यस्तै सामाजिक विकृति र राजनैतिक व्यङ्ग्य गरेर उनले **बादलको घुम्टोभित्र** गीतिकवितासङ्ग्रहको सृजना गरेको देखिन्छ । यस सङ्ग्रहमा राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरका विविध घटनावलीको सान्दर्भिक पक्षहरूको चित्रण गरेको पाइन्छ ।

गायत्री श्रेष्ठको साहित्यलेखनप्रतिको उदासीनता हटाउन लक्ष्मणप्रसाद गौतमको चिमट्याइ, पति केशवकुमारको प्रोत्साहन र चिरञ्जीवी श्रेष्ठको कच्कच्ले भूमिका खेलेको देखिन्छ ।[३२]

---

[२९] पूर्ववत् ।

[३०] शोधनायिका पूर्ववत् ।

[३१] ऐजन ।

[३२] गायत्री श्रेष्ठ, 'आत्मकथन' **बादलको घुम्टोभित्र** (चितवन : चितवन साहित्य परिषद्, २०६२), पृ. ज ।

गायत्री श्रेष्ठले सङ्घसंस्था तथा अन्य व्यक्तिका तर्फबाट पनि प्रेरणा प्राप्त गरेकी छन् । ती व्यक्तिहरूमा चितवन साहित्य परिषद्का अध्यक्ष केदार खनाल, महेन्द्र बहुमुखी क्याम्पसका कविराज न्यौपाने, वीरेन्द्र बहुमुखी क्याम्पसका गणेश खनाल एवम् स.प्र. कुलप्रसाद ढुङ्गानाका साथै कमर्श क्याम्पस रत्ननगरका क्याम्पस-प्रमुख रामबाबु घिमिरेलगायतका सूर्यमणि अधिकारीसम्मले उनलाई मार्गदर्शन गरेको देखिन्छ । गायत्री श्रेष्ठले विद्यार्थीकालमा 'रसिक' इन्द्रमोहन र सरस्वती राईबाट प्रोत्साहन प्राप्त गरेको जानकारी पाइन्छ । श्रेष्ठको कलेज जीवनकालमा जीवनको आदर्श प्रेममा रहेकी अङ्गुरबाबा जोशीबाट समेत प्रोत्साहन प्राप्त गरेको देखिन्छ ।[३३]

### २.१.१०.१ लेखनकार्य र प्रकाशित कृतिहरू

साहित्य समाजको ऐना हो । साहित्य साहित्यकारको समाजबाट ग्रहण गरेका विश्वको प्रतिबिम्ब हो । सृजनशील मस्तिष्कले समाजमा निरन्तर घटिरहने घटनावली, प्रकृतिका मनमोहक दृश्य र त्यसले निम्त्याउने हार्दिकता र बौद्धिकताको मानसिक प्रभाव नै स्रष्टाका सृजनामा पाइन्छ । मान्छेको सभ्यता र बौद्धिकता उच्चताको मापदण्ड पनि साहित्य हो ।[३४]साहित्यले समयको सापेक्षतामा धर्मनिष्ठा, अनेकौं आध्यात्मिक, सांस्कृतिक, सामाजिक, मानसिक, भौतिक, वैज्ञानिक, मनोवैज्ञानिक आदि विषयलाई समाजसमक्ष प्रस्तुत गर्छ । संसार विशाल छ, समाजले विशालताको खोजी गरिरहेको छ । विविधताले समाजको व्यक्ति, समुदाय आदिका आ-आफ्ना इच्छा र रुचिक्षेत्र छन् । तिनै अनुभूतिको पहिलो प्रस्तुति नै कुनै पनि साहित्यकारहरूको लेखनकार्यको प्रारम्भबिन्दु हो ।

गायत्री श्रेष्ठले विद्यार्थीकालमै कविता लेख्ने र प्रत्यक्ष वाचन गर्ने गरेको पाइन्छ तर त्यो केवल छोटो समयसम्म मात्रै रहन पुगेको देखिन्छ । नारायणगढको उद्योग वाणिज्य सङ्घको आयोजनामा भएको कवि गोष्ठीमा कवि सिद्धिचरण श्रेष्ठबाट गरिएको 'अहिले नै यस्तो निराशावादी कविता किन बहिनी ?' भन्ने प्रश्नले उनलाई त्यस क्षेत्रमा पूर्णविराम लागेको जानकारी पाइन्छ । गायत्री श्रेष्ठले मौलिक रूपमा ती सृजनात्मक लेखनकार्यलाई अब गीति लेखनका साथै अन्य साहित्यिक लेखनमा आफूलाई रूपान्तरित गरेकी छन् ।

वि.सं. २०५५।५६ सालमा लेखी अप्रकाशित रहेको 'विजयबहादुर मल्लका नाटकमा नारी पात्र' लघु अनुसन्धानात्मक पुस्तकाकार कृति हो ।[३५] वि.सं. २०५१ मा प्रकाशित 'समकालीन साहित्य' पत्रिकामा प्रकाशित कथाकार देवकुमारी थापाको **प्रलय प्रतीक्षा** कथासङ्ग्रहको परिक्रमा समालोचना प्रथम समालोचना हो । उनको यो प्रथम प्रकाशित औपचारिक समालोचना हो भने वि.सं. २०५३ सालको चितवन महोत्सव स्मारिकामा **हाम्रो संस्कृति एक विचरण** भन्ने

---

[३३] शोधनायिका, पूर्ववत् ।

[३४] गायत्री श्रेष्ठ, 'उपसंहार' **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण,** (चितवन : केशवकुमार श्रेष्ठ, २०४६), पृ. ४६ ।

[३५] शोधनायिकाको लिखित सामग्रीबाट प्राप्त जानकारी ।

लोकसाहित्यसम्बन्धी लेखमा नेपालको लोकसंस्कृतिलाई संसारको सर्वश्रेष्ठ संस्कृति हो भनी पुष्टि गरेको पाइन्छ ।

गायत्री श्रेष्ठले विद्यालय जीवनदेखि नै साहित्यिक सृजनाका क्षेत्रमा आफूलाई स्थापित गरेकी छन् । उनका दुई दर्जन जति लेख र रचनाहरू **मधुपर्क, गरिमा, समकालीन साहित्य, मारुनी, गोरखापत्र, मधुलिका, वागीश्वरी, मधुश्री** आदि विभिन्न पत्रिकाहरूमा प्रकाशित रहेका छन् । गायत्री श्रेष्ठ चितवनमा सर्वप्रथम पुस्तक प्रकाशित गर्ने नारी हस्ताक्षर पनि हुन् ।[३६] उनको सर्वप्रथम समालोचनासम्बन्धी कृति प्रकाशित भएको देखिन्छ । उनका हालसम्म पुस्तकाकार एवम् फुटकर कृतिहरू प्राप्त भएसम्म निम्नबमोजिम छन् :

(१) देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण (समालोचना) २०४६ ।
(२) बादलको घुम्टोभित्र (गीतिकवितासङ्ग्रह) २०६२ ।
(३) साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू (सह-लेखन) समालोचना २०६२ ।
(४) केही कृति : आफ्नै दृष्टि (समालोचनासङ्ग्रह) २०६५ ।

[३६] गायत्री श्रेष्ठ र अन्य, पूर्ववत् पृ. १३ ।

**२.१.१०.१.१ पत्रपत्रिका तथा पत्रपत्रिकामा प्रकाशित लेखहरूको सूची**

| क्र.स | शीर्षक/विषय | प्रकाशन वा पत्रिकाको नाम | प्रकार/विधा | वर्ष | अङ्क | पूर्णाङ्क | महिना | साल | पृ. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रकृतिप्रेमी देवकोटा र 'म्हेन्दु' खण्डकाव्य | गोरखापत्र (विशेषाङ्क) | समालोचना | ८१ | ४७ | - | साउन | २०३८ | ३-५ |
| २. | नयाँ सडकको गीतसङ्ग्रहको भावभूमिमा विकलका नारीपात्र | विवेक | अनुसन्धान मूलक | १ | १ | - | - | २०४१ | ६०-७० |
| ३. | हाम्रो लोकसाहित्य | मारुनी | खोजमूलक | ५ | - | - | - | २०४९ | - |
| ४. | कथाकार देवकुमारी थापाको 'प्रलय-प्रतीक्षा' कथासङ्ग्रहको परिक्रम गर्दा | समकालीन साहित्य | समालोचना | ५ | १ | १७ | माघ, फागुन, चैत्र | २०५१ | ११६-१२१ |
| ५. | कथाकार देवकुमारी थापाका दुई कथामा परिक्रमा गर्दा | गरिमा | समालोचना | १९ | ४ | २२० | चैत | २०५१ | १००-१०३ |
| ६. | कवि खुमनारायण पौड्यालका 'अन्तिमेत्थम्' भित्र | रत्नश्री | समीक्षा | ३३ | १ | १६८ | | २०५२ | २१७-२२२ |
| ७. | कथाकार भवानी भिक्षुको गुन केशरीलाई सरसर्ती हेर्दा | दीपशीखा | समालोचना | ११ | १ | - | - | २०५३ | ८३-८४ |
| ८. | हाम्रो संस्कृति एक विचरण | चितवन महोत्सव स्मारिका | लोकसाहित्य सम्बन्धी | - | - | - | - | २०५३ | - |
| ९. | विजय मल्लको 'सत्ताको खोजमा' एकाङ्कीमा नारीअस्मिताको प्रश्न | दीपशिखा | समालोचना | - | - | - | - | २०५५ | ५९ |
| १०. | साहित्यमा चिनवनको नारी-हस्ताक्षर | मुद्रण स्मारिका | - | १ | १ | - | | २०५५ | - |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | नारी र समाज | चितवन महोत्सव स्मारिका | समीक्षा | - | - | - | | २०५५ | ४३-४८ |
| १२. | 'रातभरि हुरी चल्यो' कथाभित्रको जीवनदृष्टि | विवेक | समालोचना | ११ | ४ | - | - | २०५५/०५६ | ३३-३४ |
| १३. | चित्रकलामा महिला संलग्नता | गरिमा | समालोचना लेख | १८ | १९ | २१३ | भाद्र | २०५७ | ८२-८५ |
| १४. | वनसम्पदाको विकासका ग्रामीण महिलाको भूमिका | चितवन महोत्सव स्मारिका | समालोचना | - | - | - | | २०५७ | ११३-११४ |
| १५. | मेरो मानसपटलमा महाकाली एक संस्मरण | वागीश्वरी (संस्मरण विशेषाङ्क) | संस्मरण नियात्रा | १३ | ९ | - | | २०५८ | १०० |
| १६. | तीजका गीतमा नारी संवेदनाका अभिव्यक्ति | चितवन महोत्सव स्मारिका | लोकसाहित्य | - | - | - | - | २०५९ | ६७-६८ |
| १७. | जर्मनमा मेरा पाइला र अनुभूति | गरिमा | नियात्रा | २० | ६ | २३४ | जेठ | २०५९ | ५८-६१ |
| १८. | स्विजरल्यान्डदेखि स्पेनसम्म | गरिमा | नियात्रा | २२ | २ | २५४ | जेठ | २०६० | १०४-१०८ |
| १९. | कवि भीम विराग उनको अज्ञात प्रारम्भ एक सङ्क्षिप्त समीक्षण | अक्षर | | १ | १ | - | वैशाख र श्रावण | २०६१ | ८२-८७ |
| २०. | गाउँछ गीत नेपाली राष्ट्रिय चिन्तन | वागीश्वरी | समालोचना | १६ | १२ | - | - | २०६१ | ८१-८६ |
| २१. | विवेक | विवेक | कविता | १८ | ७ | - | - | २०६३ | २ |
| २२. | कलामन्दिर, म र मेरो अनुभूति | मारुनी | समीक्षा | ४१ | ११ | - | पुष | २०६४ | १९-२२ |

### २.१.१०.१.२ सम्पादित पुस्तक तथा पत्रिका

गीतकार एवम् समालोचक गायत्री श्रेष्ठ नेपाली साहित्यिक फाँटमा स्रष्टाका रूपमा मात्र नभई पत्रिका (स्मारिका) सम्पादनका हैसियतले समेत धेरै पत्रिकाहरूसँग सम्बद्ध रहिन् । उनले नवोदित सहकर्मी साहित्यकारहरूलाई लेख्न प्रोत्साहन मात्र गरिनन्, उनीहरूबाट प्राप्त सुझाव र सल्लाहको कार्यान्वयनसमेत गरी उदाहरणीय स्रष्टाको रूपमा परिचित रहेकी देखिन्छिन् । यसरी उनले साहित्यमा एउटा प्रेरक कवयित्रीका रूपमा आफूलाई उभ्याउन सफल भएकी छन् ।

गायत्रीले सम्पादन गरेका पत्रिकाहरू (स्मारिका) यसप्रकार छन् :

(१) दीपशिखा (२०५३) सम्पादक समिति

(२) मारुनी (२०५७/०५७)

(३) चितवन महोत्सव (२०५५) स-संयोजक

(४) वनअङ्कुर (२०५८/५९) तिर

### २.१.१०.३ पुस्तक तथा पुस्तकमा प्रकाशित लेखहरू

| क.स | पुस्तक | लेखक /सम्पादन | विषय/शीर्षक | प्रकाशित | प्रकाशन | विधा/भेद |
|---|---|---|---|---|---|---|
| १ | संवादमा स्रष्टाहरू | सीताराम कोइराला | गीतहरू मैले आत्म सन्तुष्टिका लागि लेखेकी हुँ । | २०६४ | नारी साहित्य प्रतिष्ठान | अन्तर्वार्ता |
| २ | समालोचक र महिला समालोचना | सुधा त्रिपाठी | 'रातभरि हुरी चल्यो' कथाभित्रको जीवनदृष्टि | २०६२ | साझा प्रकाशन | समालोचना |
| ३ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | प्रकृतिप्रेमी देवकोटा र 'म्हेन्दु' खण्डकाव्य | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| ४. | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | कथाकार देवकुमारी थापाका प्रसिद्ध दुई कथामा परिक्रमा गर्दा | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| ५ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | कथाकार देवकुमारी थापाको 'प्रलय-प्रतीक्षा' कथासङ्ग्रहको परिक्रमा गर्दा | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| ६ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | कवि खुमनारायण पौडेलका 'अन्तिमेत्थम्' कवितासङ्ग्रहको परिक्रमा गर्दा | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| ७ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | कथाकार भवानी भिक्षुको 'गुनकेशरी'लाई सरसरती हेर्दा | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | विजयबहादुर मल्लको 'सत्ताको खोजमा' एकाङ्कीमा नारी-अस्मिताको प्रश्न | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| ९ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | 'रातभरि हुरी चल्यो' कथाभित्रको जीवनदृष्टि | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| १० | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | कवि भीम विराग र उनको 'अज्ञात-प्रारम्भ' एक सङ्क्षिप्त समीक्षण | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| ११ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | "गाउँछ गीत नेपाली" कवितामा राष्ट्रिय चिन्तन | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| १२ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | 'थोमसको टाउको' कथाको यथार्थपरक विश्लेषण | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| १३ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | तीजका गीतमा नारी संवेदनाको अभिव्यक्ति | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| १४ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | 'माछाको मोल' कथालाई सर्लक्क हेर्दा | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| १५ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | कथाकार विश्वेश्वरप्रसाद कोइरालाको सङ्क्षिप्त व्यक्तित्व | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| १६ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | 'समकालीन नेपाली द्वन्द्वकथा'का नारीकथाकार र तिनका द्वन्द्वकथाको विश्लेषण | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| १७ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | नीलम कार्की 'निहारिका' कविताको भावभूमि | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| १८ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | 'के नेपाल सानो छ ?' निबन्धमा राष्ट्रियता | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| १९ | केही कृति : आफ्नै दृष्टि | गायत्री श्रेष्ठ | 'मेरो कवितामा इलाम' : अनुभूतिपरक विवेचना | २०६५ | नेपाली लेखक सङ्घ | फुटकर समालोचना |
| २० | | | | | | |

### २.१.११ संलग्नता

गायत्री श्रेष्ठ साहित्य सृजना अनि सम्पादन कार्यमा मात्र सीमित छैनन् । उनले नेपाली भाषा र साहित्यलाई राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत स्थापित गराउन

कम्मर कसेर लागि परेकी छन् । गायत्री श्रेष्ठले आफ्ना भ्रमणका अनुभवलाई साहित्यिक सृजनाको केन्द्र बनाई समाजमा देखेभोगेका समाजमा घटित घटनावलीको यथार्थको चित्रण गरेको पाइन्छ । उनी नेपाली भाषा र साहित्यको श्रीबृद्धिका निम्ति केही सङ्घसंस्थाहरूसँग सम्बद्ध रहेकी छन् । उनी आबद्ध रहेका सङ्घ संस्थाहरू निम्नबमोजिम छन् ।

(१) अनिवार्य नेपाली विषय समितिको सदस्य (हाल)
(२) त्रि.वि. द्वारा विभिन्न समयमा आयोजित शिक्षक अभिमुखीकरण गोष्ठीमा सहभागी भएकी (हालसम्म)
(३) नारायणी कला मन्दिरको (पूर्व अध्यक्ष)
(४) लायन्स क्लब अफ चितवन (पूर्व अध्यक्ष)
(५) बालकुमारी कलेजको सहायक-प्रमुख (हालसम्म)
(६) वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर चितवनमा हालसम्म अध्यापनरत (सह-प्राध्यापक)
(७) प्राध्यापक सङ्घ वीरेन्द्र बहुमुखी क्याम्पसको पूर्व अध्यक्ष ।
(८) चितवन महोत्सव साहित्य गोष्ठी व्यवस्थापन समितिको सदस्य (२०५७) ।
(९) चितवन स्मारिका प्रकाशन समितिको सदस्य (२०५३) ।
(१०) चितवन स्मारिका प्रकाशन समितिको सह-संयोजक (२०५५) ।
(११) चितवन स्मारिका प्रकाशन समितिको सदस्य (२०५९) ।
(१२) वागीश्वरी (संस्मरण विशेषाङ्क) प्रकाशन समितिको सल्लाहकार (२०५८) ।
(१३) चितवन साहित्य परिषद्को संस्थापक सदस्य कार्य समितिको पूर्व पदाधिकारी र हाल नारायणी कला मन्दिरको सल्लाहकार ।

## २.२ गायत्री श्रेष्ठको व्यक्तित्व

### २.२.१ पृष्ठभूमि

'व्यक्तित्व' तत्सम शब्द हो । यसको अर्थ 'नेपाली बृहत् शब्दकोश' मा कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण व्यक्ति विशेषको निजीपन वा व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषता[३७] भन्ने उल्लेख पाइन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व विकासमा धेरै कुराहरूले प्रभाव परेको हुन्छ । व्यक्तित्व नै व्यक्तिको चिनारी हो जसबाट ऊ अरूभन्दा पृथक देखिन्छ । जस्तोसुकै असहज परिस्थितिमा समेत मानिसले आफ्नो व्यक्तित्व विकास गरेका उदाहरण प्रशस्त भेटिन्छन् । व्यक्तित्व नै अरूलाई प्रभाव पार्न सक्ने एउटा विशेष गुण पनि हो । व्यक्तित्व निर्माणको अभिप्राय आफू अरूका दृष्टिमा आन्तरिक रूपमा सौम्य, शिष्ट र समादरणीय हुनु पनि हो । अतः व्यक्तिको व्यक्तित्व नै बाह्य रूपमा उसको परिचालक हो ।

---

[३७] सम्पा. बासुदेव त्रिपाठी र अन्य, **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : नेपाली राजकीय प्रज्ञाप्रतिष्ठान, २०४४), पृ. १२४५ ।

## २.२.२ व्यक्तित्वका प्रमुख आधारहरू

हरेक मानिसको व्यक्तित्वलाई ऊ स्वयम्ले जीवनक्रममा भोगेका, अनुभव गरेका विविध घटना तथा क्रियाप्रतिक्रियाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । व्यक्तिको व्यक्तित्व निर्माणका लागि उसको जन्म भएको समयदेखि हालको समयसम्मको विभिन्न समय, त्यसभित्र उसले भोगेको जीवन र उसले तयार पारेको पृष्ठभूमि र त्यसको क्रियाप्रतिक्रिया आदि आवश्यक पूर्वाधारहरू हुन् । यसका अतिरिक्त सामाजिक, आर्थिक, सांस्कृतिक पृष्ठभूमि र शिक्षा-दीक्षा लगायत स्वयम् व्यक्तिको परिवेश र वातावरणको पनि महत्त्वपूर्ण भूमिका रहन्छ ।[३८] यिनै कुराहरूको आधारमा व्यक्तिको आन्तरिक र बाह्य व्यक्तित्वको सीमा तोकिएको हुन्छ ।

व्यक्तिको निजी व्यवहारसँग सम्बद्ध विशेषताहरूलाई निजी व्यक्तित्व भनिन्छ, जसमा आन्तरिक र बाह्य व्यक्तित्व पनि समावेश हुन्छन् तर सार्वजनिक व्यक्तित्वमा व्यक्तिले आफूलाई समाजअनुसार निर्माण गर्दछ । साहित्यकारका सन्दर्भमा सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर वर्गमा राखी हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्वलाई पनि स्रष्टा र द्रष्टा गरी दुई वर्गमा बाँड्न सकिन्छ । स्रष्टा व्यक्तित्वभित्र साहित्यकारले सृजना गरेका साहित्यका विविध विधा पर्दछन् भने द्रष्टा व्यक्तित्वभित्र समालोचना, समीक्षा, सम्पादन आदि कार्यहरू पर्दछन् । साहित्यभन्दा फरक अवधारणाका पक्षमा पुऱ्याइएको योगदानलाई साहित्येतर व्यक्तित्वभित्र राखेर अध्ययन गरिएको हुन्छ ।

गायत्री श्रेष्ठले औपचारिक तथा अनौपचारिक रूपले २०३८।३९ सालदेखि वर्तमान समयसम्म साहित्य र साहित्येतर क्षेत्रमा आफूलाई सक्रिय राख्दै आएकी छन् । समालोचना, गीतिकविता जस्ता विधामा समेत कलम चलाएकी गायत्री मूलतः समालोचक र कवयित्रीका रूपमा नेपाली साहित्यमा स्थापित भइसकेकी छन । बहुआयामिक र बहुप्रतिभाकी धनी गायत्रीले विभिन्न सङ्घ संस्थामा आबद्ध हुँदै पत्रिकाहरूको सम्पादन गरेकी छन् भने उनको अध्यापन पेसामा भएको संलग्नताका माध्यमबाट साहित्येतर व्यक्तित्वको परिचय दिएकी छन् ।

### २.२.२.१ शारीरिक व्यक्तित्व

गायत्री श्रेष्ठ ५ फुट अग्ली न ज्यादा मोटी न ज्यादा दुब्ली व्यक्तित्व हुन् । उनको अनुहार आकर्षक छ । उनका आँखा न धेरै ठूला न धेरै साना अर्थात् ठिक्कका छन् भने नाक अलि थेप्चो छ । उनको शारीरिक बनोट अति सुहाउँदो र हृष्टपुष्ट देखिन्छ । सरल, विनम्र र मिलनसार स्वभावकी गायत्री जीवनका जस्तै कठिन परिस्थितिमा पनि धैर्य, साहस र सन्तुलन नगुमाई क्रियाशील रहिरहने साहसी र उच्च मनोबल भएकी मिलनसार व्यक्तित्व हुन् ।

---

[३८] नीलिमा सुब्बा, **गीतकार रत्नशमशेर थापा र उनको गीतियात्रा**, (काठमाडौँ : शिवकुमार लिम्बु, २०४९), पृ. ४१ ।

### २.२.२.२ साहित्यिक व्यक्तित्व

स्रष्टाले सृजना गरेका साहित्यिक रचनाहरूका माध्यमबाट उनीहरूको साहित्यिक व्यक्तित्वको चिनारी पाउन सकिन्छ । साहित्यका कविता, कथा, गजल, नाटक, उपन्यास आदि विधागत योगदानहरूबाट साहित्यकारको साहित्यिक व्यक्तित्वको निर्माण भएको हुन्छ । त्यसैगरी गायत्री श्रेष्ठका प्रकाशित र अप्रकाशित साहित्यिक कृतिहरूका माध्यमबाट उनको साहित्यिक व्यक्तित्वको चिनारी दिनु उपयुक्त देखिन्छ ।

गायत्री श्रेष्ठको साहित्यिक रुचि बाल्यकालदेखि नै रहेको देखिन्छ । उनी विद्यार्थी जीवनमा अध्ययनरत हुँदा **दोष कसको** ? शीर्षक कविता वाचन गरी साहित्य क्षेत्रमा प्रवेश गरेकी हुन् । गायत्री श्रेष्ठको उक्त कविता कुनै पत्रिकामा प्रकाशित भएको पाइँदैन । कविता विधाबाट साहित्यिक क्षेत्रको शुभारम्भ गरेकी गायत्रीले साहित्यका अनेक विधामा कलम चलाएकी छन् । गायत्रीले विद्यार्थी जीवनमा कथा, गीत एवम् नियात्रामा समालोचनामा आफूलाई सक्रिय तुल्याए पनि उनलाई परिचित, स्थापित र चर्चित बनाउने विधा समालोचना र गीतिकविता नै हो ।[३९]गायत्री श्रेष्ठका तीनवटा कृति प्रकाशित छन् तर हाल वि.सं २०६५ मा फुटकर समालोचनालाई समेट्दै **केही कृति : आफ्नै दृष्टि** शीर्षकको पुस्तक प्रकाशित भएको छ । वि.सं २०४६ मा प्रकाशित **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** पुस्तक उनको प्रथम समालोचनात्मक कृति हो । त्यस्तै उनको **नारायणी अञ्चलका नारी हस्ताक्षर** कृति वि.सं २०६२ मा प्रकाशित भएको दोस्रो पुस्तकाकार कृति हो । गायत्रीको फुटकर कवितामा बन्देज लागे पछिको उनको प्रकाशित भएको साहित्यिक कृति **बादलको घुम्टोभित्र** भन्ने हो । उक्त गीतिकवितासङ्ग्रह तेस्रो साहित्यिक कृतिको रूपमा रहेको देखिन्छ ।

यसरी सृजना-कार्यमा समर्पित भइरहेको हुनाले गायत्री श्रेष्ठको विधागत-बिस्तार अझ हुनसक्ने सम्भावना छ । उनका आजसम्म प्राप्त कृतिहरूकै आधारमा उनको साहित्यिक व्यक्तित्वको स्वरूप स्पष्ट हुने हुँदा यहाँ त्यसैअनुरूप बुँदागत रूपमा राखेर अध्ययन गर्ने वाञ्छनीय देखिन्छ ।

### २.२.२.२.१ कवयित्री तथा गीतकार व्यक्तित्व

गायत्री श्रेष्ठको पहिलो पुरस्कृत तथा मौलिक रचना कविता हो । उनले बाल्यकालदेखि नै कविता लेखेकी भए पनि ती अप्रकाशित र अप्राप्त रूपमा रहेका छन् । उनको पुरस्कृत भएको **दोष कसको** ? शीर्षकको कविता कुनै पत्रिकामा समेत प्रकाशित भएको छैन । यो उनको विद्यार्थी जीवनको पुरस्कृत भएको कविता भनी जानकारी पाइन्छ । गायत्री श्रेष्ठले वि.सं. २०३३ तिर नारायणगढको कविगोष्ठीमा **बाँच्नुका अर्थ** ? भन्ने कविता वाचन गरेको देखिन्छ । उक्त कविगोष्ठीमा सिद्धिचरण श्रेष्ठले गायत्री श्रेष्ठलाई 'अहिल्यै नै यस्तो निराशावादी कविता किन बहिनी ?' भन्ने तर्कले उनको फुटकर कविता लेखनमा कलम रोकिएको जानकारी पाइन्छ । उक्त फुटकर कविता प्राप्य छैन । यसका साथै वि.सं २०३५ मा गायत्रीले प्राध्यापन पेसामा

---

[३९] गायत्री श्रेष्ठको लिखित सामग्रीबाट प्राप्त जानकारी ।

आबद्ध हुँदा उनले रेडियो नेपालमा कविता वाचन गरेको देखिन्छ । उक्त कविताको वाचन नारी दिवसको अवसरमा भएको हो । यो पनि प्रकाशित नभई केवल डायरीमा मात्र सीमित रहेको देखिन्छ । यसका अतिरिक्त उनले विभिन्न कार्यक्रममा सहभागी हुँदा लेखेका कविताहरू जीवितै रहेका छन् तर प्रकाशित भएका छैनन् भन्ने जानकारी पाइन्छ ।

गायत्री श्रेष्ठले वि.सं. २०३३ बाट कविता लेखनमा कलम चलाएको देखिँदैन । उनले यसपछिको समयलाई गीतिकवितामा समर्पित गरेकी छन् । उनको वि.सं. २०६२ मा प्रकाशित भएको **बादलको घुम्टोभित्र** भन्ने गीतिकवितासङ्ग्रहमा ५६ वटा गीतिकविताहरू रहेका छन् ।

गायत्री श्रेष्ठका फुटकर कवितामा निराशावादी स्वर, महिलाका व्यथा-व्यवधानका साथै मानवीय चाहनाका स्वरहरू व्यक्त भए तापनि उनका गीतिकवितामा भने प्रणयजन्य भावनाको प्रकटीकरण, राष्ट्रप्रेम, नारीमनको कोमलता, मानवीय कर्तव्य, शैक्षिक अनुभूति आदिको सुन्दर अभिव्यञ्जना पाइन्छ । नेपाली लोकलयात्मक गीतिकविताका कुशल शिल्पी गायत्रीका गीतिकवितामा अनुप्रासको प्रयोग पनि प्रशस्त पाइन्छ । प्रतीक, बिम्ब र अलङ्कारको समुचित प्रयोग गर्न सफल गायत्रीका गीतिकविताहरू सौन्दर्य, चेतना र हृदयस्पर्शी बन्न पुगेका देखिन्छन् । भाषागत सरलता र सरसताले गर्दा उनका गीतिकविताहरू सम्प्रेष्य पनि छन् ।

### २.२.२.२.२ खोजअनुसन्धान तथा समालोचक व्यक्तित्व

गायत्री श्रेष्ठको खोजअनुसन्धान व्यक्तित्व र समालोचक व्यक्तित्व एकआपसमा सम्बन्धित छन् । गायत्री श्रेष्ठले वि.सं. २०३३ सालसम्म फुटकर कविताहरू लेखेको देखिन्छ भने वि.सं. २०३३ सालपछि उनी गीतिकविताको रचनामा क्रियाशील भएको जानकारी पाइन्छ । गायत्री श्रेष्ठको व्यक्तित्व निर्माण गर्ने क्षेत्र समालोचना नै हो । यो उनको बाल्यकालदेखि नै रुचि रहेको क्षेत्र पनि हो । गायत्री श्रेष्ठ वि.सं. २०३८ सालबाट समालोचनाका क्षेत्रमा प्रवेश गरेको जानकारी पाइन्छ ।[४०]

गायत्री श्रेष्ठ औपचारिक रूपले समालोचना क्षेत्रमा वि.सं. २०४१ सालबाट प्रवेश गरेकी हुन् । उनले वि.सं. २०४१ सालमा वीरेन्द्र बहुमुखी क्याम्पसबाट प्रकाशित मूखपत्रमा **नयाँ सडकको गीत सङ्ग्रहको भावभूमिमा विकलका नारीपात्र** भन्ने अनुसन्धानमूलक समालोचना लेख लेखेर यस क्षेत्रमा प्रवेश गरेको देखिन्छ । यसका साथै यिनले दुई दर्जनजति समीक्षात्मक लेख एवम् फुटकर समालोचनात्मक लेखहरू प्रकाशित गरिसकेकी छन् भने केही प्रकाशोन्मुख पनि रहेका छन् ।

उनको पहिलो प्रकाशित समालोचना कृति **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** हो । यो पुस्तक वि.सं. २०४६ सालमा प्रकाशित भएको हो । उनको वि.सं.२०५५।५६ सालमा सह-लेखन भई लेखिएको तर अप्रकाशित रहेको **विजयबहादुर मल्लका नाटकमा नारीपात्र** शीर्षकको लघुअनुसन्धान शोध पनि एक समालोचनाको

---

[४०] गायत्री श्रेष्ठ, पूर्ववत ।

रूपमा रहेको छ भने वि.सं. २०५१ सालमा **समकालीन साहित्य** पत्रिकामा प्रकाशित **कथाकार देवकुमारी थापाको प्रलय-प्रतीक्षा कथासङ्ग्रहको परिक्रमा** भन्ने समालोचना पुस्तकाकारदेखि बाहेकको प्रथम समालोचना हो । यस्तै वि.सं. २०५३ सालको चितवन महोत्सव स्मारिकामा प्रकाशित **हाम्रो संस्कृति एक विचरण** भन्ने समालोचना लोकसाहित्यसम्बन्धी प्रथम समालोचना रहेको जानकारी पाइन्छ ।

गायत्री श्रेष्ठले सहलेखनको रूपमा रही प्रकाशित गरिएको कृति **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** भन्ने कृति हो । उक्त कृति उनको दोस्रो समालोचनात्मक कृति हो । वि.सं. २०६२ सालमा प्रकाशित गरिएको उक्त कृतिका लेखिकाद्वय श्रीमती गायत्री श्रेष्ठ र श्रीमती सरस्वती रिजाल हुन् । यस कृतिमा तथ्यहरूको सङ्कलन निकै मात्रामा गरेर तिनको आलोचनात्मक व्याख्या, विश्लेषण गरेको जानकारी पाइन्छ । यो ग्रन्थ नारायणी अञ्चलको आञ्चलिक नारी साहित्यिक इतिहासलेखनमा महत्त्वपूर्ण, ऐतिहासिक र पहिलो दस्तावेज हो ।[४१]

यिनका अन्य समालोचनात्मक लेखहरू निम्नलिखित छन् ।

| **क्र.सं.** | **शीर्षक/विषय** | **प्रकाशन/ वा पत्रिकाको नाम** | **प्रकाशित साल** | **विधा** |
|---|---|---|---|---|
| १. | प्रकृतिप्रेमी देवकोटा र 'म्हेन्दु' खण्डकाव्य | गोरखापत्र (विशेषाङ्क) | २०३८ | समालोचना |
| २. | हाम्रो लोकसाहित्य | विवेक | २०४१ | समालोचना |
| ३. | कथाकार देवकुमारी थापाको दुई कथामा परिक्रमा गर्दा | गरिमा | २०५१ | समालोचना |
| ४. | कथाकार भवानी भिक्षुको 'गुनकेशरी'लाई सरसर्ती हेर्दा | दीपशिखा | २०५३ | समालोचना |
| ५. | 'रातभरी हुरी चल्यो' कथाभित्रको जीवनदृष्टि | विवेक | ०५५/०५६ | समालोचना |
| ६. | विजय मल्लको 'सत्ताको खोज'मा एकांकीमा नारी अस्मिताको प्रश्न | दीपशिखा | २०५५ | समालोचना |
| ७. | चित्रकलामा महिला संलग्नता | गरिमा | २०५७ | समालोचना |
| ८. | वनसम्पदाको विकासमा ग्रामीण महिलाको भूमिका | चितवन महोत्सव स्मारिका | २०५७ | समालोचना |
| ९. | तीजका गीतमा नारी संवेदनाका अभिव्यक्ति | चितवन महोत्सव स्मारिका | २०५९ | लोकसाहित्य सम्बन्धी |
| १०. | कवि भीम विराग उनको 'अज्ञात-प्रारम्भ' एक सङ्क्षिप्त समीक्षण | अक्षर | २०६१ | समालोचना |
| ११. | गाउँछ गीत नेपालीमा राष्ट्रिय चिन्तन | वागीश्वरी | २०६१ | समालोचना |

[४१] लक्ष्मण गौतम, 'कलेवर' **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू**, (चितवनः नारायणी कला मन्दिर, २०६२) ।

गायत्री श्रेष्ठको एकल प्रकाशन भएको समालोचनात्मक कृति एउटै मात्रै नभई हाल आएर  माथिका ती लेखसहित अन्य समालोचनात्मक लेखहरूलाई समेटेर समालोचना कृति प्रकाशन गरेकी छन् । वि.सं. २०६५ मा प्रकाशित भएको उक्त कृति मूल्यवान् र स्तरीय रहेको पाइन्छ । उनी सफल प्रकृतवादी समालोचक व्यक्तित्वको रूपमा रही आधुनिक नेपाली नारीका रूपमा पनि परिचित देखिन्छिन् ।

### २.२.२.२.३ सम्पादक व्यक्तित्व

गायत्री श्रेष्ठ नेपाली साहित्यिक फाँटमा स्रष्टाका रूपमा मात्र नभई पत्रपत्रिका सम्पादन गर्ने कार्यसँग पनि सम्बन्धित रहेकी देखिन्छिन् । गायत्रीको सम्पादन व्यक्तित्व पनि सफल र सबल रहेको छ । लेखरचनाको छनोट, परिष्कार र परिमार्जन गरी पठनीय बनाउने कला एउटा कुशल सम्पादकमा हुनु उत्तिकै जरुरी हुन्छ । सम्पादकको सम्पादन कार्यमा हुने त्रुटि, असावधानी र अज्ञानताले पत्रपत्रिकाको स्तरीयतामाथि नै प्रश्न चिह्न खडा हुन सक्दछ । सम्पादक विमान चालकझैँ दक्ष, अनुभवी, संवेदनशील र चातुर्यले भरिपूर्ण हुनु आवश्यक छ । गायत्री श्रेष्ठले वि.सं. २०५३ सालदेखि यताको समयमा चितवनबाट निस्कने गरेका साहित्यिक पत्रपत्रिका र स्मारिकाहरूको सम्पादन गरेको जानकारी पाइन्छ । उनले सम्पादन गरेका पत्रपत्रिका यसप्रकार रहेका छन् :

१) दीपशिखा
(२) चितवन महोत्सव स्मारिका
(३) मारुनी
(४) बनअङ्कुर ।

गायत्री श्रेष्ठ चितवनका प्रायः सबै साहित्यिक संस्थासँग आबद्ध छन् । उनले आफ्नो सम्पादक व्यक्तित्वका सामु स्रष्टा व्यक्तित्वलाई ओझेलमा पर्न नदिनसमेत सचेत देखिन्छिन् । उनले साहित्यमा आफ्नो निजत्व प्रस्तुत गर्नुका साथै कला, धर्म, साहित्य, खेलकुद, प्रशासनजस्ता अनेक विषयमाथि प्रकाश पारेकी छन् । साहित्यमा मात्र केन्द्रित नरहेर आफ्नो प्राज्ञिक क्षेत्रमा समेत ख्याति प्राप्त गरिसकेकीले आफ्नो विचार र दृष्टिकोण पाठकसामु सार्वजनिक गरिसकेकी छन ।

### २.२.२.२.४ नियात्रा व्यक्तित्व

गायत्री श्रेष्ठ नियात्राकार पनि हुन् । उनले **जर्मनमा मेरो पाइला र अनुभूति** (२०६० जेठ) **स्विजरल्यान्डदेखि स्पेनसम्म** (२०६० माघ) र **मेरो मानसपटलमा महाकाली एक संस्मरण** (२०५८) जस्ता यात्रासंस्मरण लेखी **गरिमा** र **वागीश्वरी** पत्रिकामा प्रकाशित गरेकी छन् । उनले यात्रासंस्मरणमा रही छुट्टै कृति प्रकाशित गरेकी छैनन् । गायत्रीका नियात्रा व्यवहारिक पक्षसँग सम्बन्धित भई देशविदेशको परिवेशमा लेखिएका देखिन्छन् । उनले विदेश (यूरोप)को भ्रमण गरेपछि मात्र नेपालको सुदूरपश्चिम (महाकाली) का जिल्लाहरूको भ्रमण गरेको र त्यसै सन्दर्भलाई विषयवस्तु बनाई नियात्रा लेखेको जानकारी पाइन्छ ।

गायत्रीले **जर्मनमा मेरो पाइला र अनुभूति** भन्ने नियात्रामा जर्मनको यात्रा गर्दा त्यहाँको अनुशासन नियमितता र वैज्ञानिक प्रविधिको विकासको स्तर देख्दा आफ्नो देश नेपालको विकराल स्थितिको सम्झना भएको कुरा उल्लेख गरेकी छन् ।

त्यस्तै, **स्विजरल्याण्ड देखि स्पेनसम्म**को यात्रासंस्मरण भन्ने लेखमा गायत्रीले त्यसठाउँका युवायुवतीको कामप्रतिको मिहिनेत देख्दा आफ्नो राष्ट्रियता सम्झँदै आत्मग्लानी भई धिक्कार मानेको उल्लेख पाइन्छ । गायत्रीले **मेरो मानसपटलमा महाकाली एक संस्मरण** भन्ने स्वदेशी यात्रासंस्मरणको लेखमा नेपालका महाकाली अञ्चलका विकट जिल्लाहरूको यात्रा गरेर त्यहाँको अनुभवलाई उतार्ने काम गरेको देखिन्छ । गायत्रीले विदेशको यात्रा गर्दा यहाँका प्रत्येक नागरिक आफ्नो देशप्रति सचेत भएको अनुभूति प्राप्त गर्दछिन् भने उनले आफ्नो देश नेपालको स्थिति सम्झँदा दुःख लागेको अनुभव स्वदेशी यात्रासंस्मरणमा व्यक्त गरेकी छन् ।

### २.२.२.३ साहित्येतर व्यक्तित्व

गायत्री श्रेष्ठ बहुमुखी प्रतिभाकी धनी हुन् । साहित्य उनको विशेष रुचिक्षेत्र भए पनि गैरसाहित्यिक क्षेत्रमा समेत उनले आफ्नो भूमिका सफल रूपमा निर्वाह गरेकी छन् । साहित्यिक व्यक्तित्वका विभिन्न पक्ष रहे जस्तै यिनको साहित्येतर व्यक्तित्वका पनि केही उल्लेखनीय पक्ष छन् जसलाई निम्नानुसार स्पष्ट पारिएको छ :

### २.२.२.३.१ सामाजिक-सांस्कृतिक व्यक्तित्व

सामाजिक सेवाको भावनाबाट सानैदेखि आकर्षित श्रेष्ठ समाजको विकासमा साहित्य, कला र संस्कृतिको ठूलो भूमिका रहन्छ भन्ने विचार राख्दछिन् । उनको सामाजिक, सांस्कृति व्यक्तित्व र साहित्यिक व्यक्तित्वका बीच सहसम्बन्ध छ । विद्यार्थी जीवनदेखि नै सांस्कृतिक भावनातिर उन्मुख गायत्री प्राज्ञिक क्षेत्रमा लागिसक्दा पनि त्यसमा सरिक रहेकी छन् । गायत्रीको विवाह चितवनमा भएपछि उनलाई चितवनको सामाजिक परिवेशले साहित्य सृजनामा आकर्षित गरेको देखिन्छ ।

चितवनको नारायणगढमा रहेको बालकुमारी कलेजको संस्थापक प्राध्यापक रूपमा रही कलेजको स्थापना गर्नमा देखाएको सक्रियता र नारायणी कला मन्दिरको समुत्थान गर्न गरेको प्रयास तथा चितवन साहित्य परिषद्को संस्थापक सदस्यको हैसियतले समेत कार्य गरेको जानकारी पाइन्छ । गायत्री शिक्षण पेसामा व्यस्त रहेर पनि आफ्नो सामाजिक र सांस्कृतिक उत्थानलाई जिल्लाबाटै फैलाउन लागिपरेको जानकारी पाइन्छ । उनले आफ्ना जिल्लामा रहेका विभिन्न सङ्घ संस्थाहरूमा कार्य गरेको देखिन्छ । समाजसेवी तथा साहित्यप्रेमी गायत्री श्रेष्ठले अनिवार्य नेपाली विषय समितिको सदस्य, नारायणी कला मन्दिरको र लायन्स क्लव अफ चितवनको पूर्व अध्यक्ष, बालकुमारी कलेजको सहायक-प्रमुख (हाल), वीरेन्द्र बहुमुखी क्याम्पसको सह-प्राध्यापक, प्राध्यापक सङ्घ विरेन्द्र बहुमुखी क्याम्पसका पूर्व अध्यक्ष, चितवन महोत्सव साहित्यिक गोष्ठी व्यवस्थापन समितिको

सदस्य, चितवन स्मारिका प्रकाशन समितिको सदस्य, चितवन स्मारिका प्रकाशन समितिको सहसयोजक, वागीश्वरी प्रकाशन समितिको र नारायणी कला मन्दिरको सल्लाहकार रहेर कार्य गरेको देखिन्छ ।

गायत्री श्रेष्ठको सामाजिक कार्यसँग सांस्कृतिक कार्यहरू पनि जोडिएर आएका छन् । यिनी साइबाबाको सत्य, धर्म, अहिंसा, प्रेम र शान्तिबाट प्रभावित छन् । उनी सबै धर्मको गन्तव्य ईश्वर प्राप्त गर्नु हो भन्ने धारणा राख्दछिन् । उनले हिन्दू धर्मका देवीदेवताको पूजाआजा पनि गर्दछिन् । यिनी आफ्नो संस्कृति जगेर्नाका लागि हरदम प्रयासरत देखिन्छिन् । आफू नेवारकी छोरी भएकीले काठमाडौँमा हुने गरेको नेवार जातको चाडपर्व र संस्कृतिको जगेर्ना पनि आफूले चितवनमा गर्दै आएको कुरा उनी व्यक्त गर्दछिन् । नेवार जातिले गर्ने गरेको बेलविवाह, कुमारी नाच, भैरव नाच, चर्या नृत्य आदिको सम्बर्द्धनका साथै त्यसको उचित जगेर्नाको लागि यिनी आफ्नो क्षेत्रबाट सक्रिय रूपले प्रयासरत रहेको जानकारी पाइन्छ ।

यसरी हेर्दा गायत्रीको सामाजिक-सांस्कृतिक व्यक्तित्वमा परस्पर सम्बन्ध रहेको पाइन्छ । यसप्रकारको व्यक्तित्व निर्माणमा साथी भाइ, इष्टमित्र, गुरुजनको प्रेरणा र प्रभावका साथै उनमा रहेको लगनशीलता, त्याग, तपस्या र चिन्तनको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यिनै कतिपय कारणले गायत्रीको सामाजिक तथा सांस्कृतिक व्यक्तित्व फस्टाउँदै गएको छ ।

### २.२.२.३.२ शिक्षण जागिरे तथा प्राध्यापन व्यक्तित्व

गायत्री श्रेष्ठ उच्चमध्यम परिवारमा हुर्किएकी हुन् । उनले आफ्नो विद्यार्थी जीवनमा औपचारिक अध्ययन पूरा गरिसकेपछि मात्र जागिरे पेसा अपनाएको देखिन्छ । उनको जागिरे पेसा अध्यापन नै हो ।

विवाहपूर्व परिवारभित्र लाउनखानको समस्या नभए पनि उच्च शिक्षा अध्ययनका क्रममा उनलाई परम्परित सोचका कारणले केही कठिनाइ पारेको देखिन्छ तर ती समस्याहरू समयसँगै दाजुहरूबाटै समाधान गरिएको जानकारी पाइन्छ ।

उनले विद्यार्थी जीवनमा कुनै किसिमको जागिर गरेकी छैनन् । उनको जागिरे जीवन चितवनको वीरेन्द्रनगर हाइस्कुलबाट सुरु भएको हो । त्यहाँ उनले वि.सं. २०३२ बाट सुरु गरी लगभग ३ वर्षसम्म अध्यापन गरिन् भने वि.सं. २०३५ बाट काठमाडौँको पद्मकन्या कलेज प्राध्यापन पेसामा प्रवेश गरिन् । यो उनको कलेजमा प्राध्यापन गरिएको पहिलो अवसर हो । त्यस पद्मकन्या कलेजमा वि.सं. २०३८ साउन महिनासम्म रहिन् र वि.सं. २०३८ भाद्रबाट वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरमा सरुवा भइन् । यसका साथै उनले वि.सं. २०४३ बाट पब्लिक कलेज बालकुमारीमा समेत अध्यापन गराएको पाइन्छ । हाल सोही कलेजमा वि.सं. २०५३ बाटै स.प्र.को जिम्मेवारी प्राप्त गरेकी छन् ।

गायत्री श्रेष्ठले उच्चशिक्षा अध्ययन पूरा गरे पनि जागिरमा चाहिँ विद्यालय स्तरबाटै प्रवेश गरेको देखिन्छ । उनी परिश्रमी र स्वावलम्बी भएको कारणले गर्दा उनले आफ्नो अध्यापन नै रोजेकी हुन् । सुरुमा उनको जागिर घरपाइक नभएकाले बेलाबेलामा स्थान परिवर्तन गरिएको देखिन्छ । उनले आफ्नो कार्यक्षेत्रमा सफल र इमान्दार भएर कार्यक्षेत्रमा कार्यकौशल प्रस्तुत गरेकी छन् । यस्तै विविध अनुभवबाट गायत्रीको जागिरे तथा प्राध्यापन व्यक्तित्व निर्माण भएको छ ।

### २.२.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तरसम्बन्ध

स्रष्टाले अनुभव गरेको पारिवारिक, सामाजिक, राजनीतिक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय घटनाक्रमबाट उसको व्यक्तित्व निर्माण हुने गर्छ । गायत्री श्रेष्ठले ५८ वर्ष जीवन यात्रामा आफूले अनुभव गरेका देखेका, जानेका, सुनेका तीतामीठा अनुभव, अध्ययनका क्रमबाट प्राप्त भएका ज्ञान घर, समाजको बदलिँदो परिवेश आदिबाट आफ्नो साहित्यिक व्यक्तित्वको निर्माण गरेकी हुन् । यिनको जीवनशैली र अनुभव प्राप्त अनि अध्ययनबाट निस्सृत ज्ञानले नै साहित्यिक लेखनलाई स्तरीयता प्रदान गरेको छ । आत्मकेन्द्री सरल, इमानदार, स्वाभिमानी र स्वावलम्वी गायत्री श्रेष्ठको व्यक्तित्वका विविध पक्षमध्ये सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले समालोचकीय र व्यक्तित्व नै सर्वोच्च स्थानमा रहेको छ ।

उनका समालोचनामा प्रभावपरकताको रङ्ग गाढा भए पनि वस्तुविश्लेषणको आधार लिन खोजेको पाइन्छ ।[४२] त्यसैले उनका लेखहरू पूर्ण प्रभाववादी नभएर सन्तुलित प्रकारका हुन पुगेका छन् । उनको गीतिकवितामा भने जीवनभोगाइका क्रममा प्राप्त अनुभव, जागिरे जीवनका क्रममा अनुभव गरेका सामाजिक, आर्थिक, राजनैतिक उतारचढाव विकृति, विसङ्गति, शोषण, अन्याय, अत्याचारप्रति उनका केही गीतिकविताले विद्रोह स्वर अँगाले पनि प्राय : गीतिकवितामा प्रेमप्रणय, राष्ट्रप्रेम, कर्मशीलता, नारीकोमलता, सहचार्य, शैक्षिक अनुभूति आदिलाई अभिव्यक्त गरेको पाइन्छ ।

स्वदेशी र विदेशी अग्रज साहित्यकारहरूका अमर कृतिका साथै स्वदेशी अग्रज तथा समकालीन साहित्यकारहरूको लेखन, प्रोत्साहन र सहचार्यबाट यिनका रचना अनुप्राणित छन् । देवकुमारी थापा, सिद्धिचरण श्रेष्ठ, प्रेमविनोद नन्दन, स्व. पारसमणि प्रधान, राष्ट्रकवि माधव घिमिरे, स्व.लक्ष्मीप्रसाद देवकोटा जस्ता चर्चित साहित्यकारहरूका कृति र रचनाकौशलबाट प्रभावित गायत्री श्रेष्ठलाई समालोचना लेखनमा देवकुमारी थापा, डा. लक्ष्मणप्रसाद गौतम, देवी शर्मा जस्ता समालोचना लेखकहरू र गीतिकविता लेखनमा प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, राष्ट्रकवि माधव घिमिरे जस्ता गीतिकविता लेखकहरूका लालित्य र सशक्तताले आकर्षित गऱ्यो ।

उनले आफ्ना प्राय : सबै लेखरचनामा नेपाली जनजीवनले भोग्नुपरेका विविध व्यवधानलाई कतै अभिधात्मक, कतै व्यञ्जनात्मक प्रस्तुतिद्वारा सरल र आत्मगत एवम् वस्तुगत शैलीमा अभिव्यक्त गरेकी छन् । साहित्यिक सृजनामा

[४२] मोहनराज शर्मा, 'त्यो कृति नियाल्दा' **केही कृति : आफ्नै दृष्टि,** (काठमाडौं : नेपाली लेखक सङ्घ, २०६५), पृ. छ-ठ ।

भावको सरलता, सुवोध र सहज अभिव्यक्तिका साथ रोचक ढङ्गले प्रस्तुत गरी आफ्नो छुट्टै बर्चस्व कायम गर्न सफल गायत्रीको लामो समयावधि साहित्य सृजना र जागिरका क्रममा व्यतीत भएको छ । सुखी पारिवारिक वातावरण, अध्ययन अनुशीलनको निरन्तरता, आफ्ना कार्यमा पाएका सफलता आदिले यिनको लेखनीलाई थप अझ उर्जा प्रदान गरेको छ । यदाकदा मन मिल्ने साथीभाइहरूसँगैको जमघटमा सुखदुःखका अनुभव साट्दै गरेको क्षणलाई समेत उनले आफ्ना रचनामा समावेश गर्न समेत चुकेकी छैनन् । सादा जीवन अँगाल्न चाहने गायत्रीले अहिलेको बेथितीप्रति व्यङ्ग्य प्रहार पनि गरेकी छन् ।

परिश्रमी, सहनशील र मिलनसार भएका मित्रहरू, चाडबाँडमा आफ्नो रितिथिति अँगाल्ने व्यक्तिहरू, प्रकृतिप्रति आस्था राख्नेहरू र मूर्तिपूजा गर्ने आफ्नै स्वभावलाई पनि उनले आफ्नो साहित्यिक विषयको परिधिभित्र समेटेकी छन् । यसप्रकारको सफलता र पारिवारिक सन्तुष्टिका कारण गायत्रीको साहित्य सृजनामा अझै उत्कृष्ट रचनाहरूको अपेक्षा गर्न सकिन्छ । यसरी आजसम्मको गायत्रीको जीवनी र व्यक्तित्वलाई हेर्दा उनको साहित्य सिर्जनामा आन्तरिक संयोजन भएको स्पष्ट देख्न सकिन्छ ।

# तेस्रो परिच्छेद

## गायत्री श्रेष्ठका गीतिकविताहरूको अध्ययन

गायत्री श्रेष्ठाको **बादलको घुम्टोभित्र** गीतिकवितासङ्ग्रह वि.सं. २०६२ सालमा प्रकाशित भएको हो । उनको यस सङ्ग्रहमा पूर्व प्रकाशित र अप्रकाशित ५६ गीतिकविताहरू सङ्गृहीत छन् । ती गीतिकविताहरू सङ्कलन गरिएको उक्त सङ्ग्रहलाई निम्नानुसार विश्लेषण गरिन्छ :

### ३.१. बादलको घुम्टोभित्रका गीतिकविताहरूको संरचना

गीत निश्चित संरचनामा आबद्ध हुन्छ । गीतमा एक वा अनेक अनुच्छेद (फाँकी) हुन सक्छन् । एउटै अनुच्छेद भएका गीतमा एउटा मात्र नभई पाँच वा त्यसभन्दा बढी पङ्क्तिहरू हुन्छन् भने धेरे अनुच्छेद भएका गीतमा चाहिँ एकदेखि अनेक पङ्क्ति आउन सक्छन् ।

गीतका मुख्य २ भाग हुन्छन् । यसको पहिलो भाग केन्द्रीय भाग हो । यसमा एक वा एकभन्दा बढी पङ्क्तिहरू हुन्छन् । यसलाई स्थायी भाग भनिन्छ । यो भाग गीतमा दोहोरिएर बारम्बार आउने हुँदा यसलाई 'स्थायी' भाग भनिएको हो ।[४३] स्थायी भागबाहेकका अनुच्छेदलाई भने नेपालीमा अन्तरा भनिन्छ । गीतको गति आख्यान विधामा जस्तै रैखिक ढाँचामा विकसित नभई स्थायीको वृत्त वरिपरि घुम्ने हुन्छ ।[४४] जसले गर्दा गीतलाई आदि, मध्य र अन्त्यमा छुट्टाउन सकिँदैन । गीत योजनामा आउने भाषा, लय, चरण, श्लोक, स्थायी र अन्तरा भाग बाह्य संरचनाभित्र पर्दछन् ।[४५] गीतमा निम्नतम् अनुच्छेद सङ्ख्या एक वा अधिकतम् चारसम्म राम्रो मानिन्छ ।[४६] गीतिकवितामा भने गीतमा जस्तो स्थायी र अन्तराभागको विभाजनको आवश्यकता पर्दैन । यस्ता कवितामा भावको विकास स्थायीको केन्द्रीयतामा नघुमी क्रमबद्ध रूपमा अगाडि बढेको हुन्छ । गीतिकविता गाउने उद्देश्यले मात्रै नलेखिने हुनाले पनि यसमा यस्तो विभाजनको आवश्यकता पर्दैन । यसमा गीतमा जस्तो भावको संवेगात्मक प्रस्तुति आवश्यकता भए पनि यसले बौद्धिक पक्षलाई गीतले भन्दा तुलनात्मक रूपमा कम्ती हुनसक्छ । गीत कसैले कसैप्रति सम्बोधित गरेको हुन्छ । गीतमा आख्यानको प्रयोग गर्ने राम्रो मानिँदैन । गाउन मिल्ने तथा गाउन नमिल्ने आधारमा अचेत गीत, गीतिकविता तथा कविताको भन्दा पनि यसको संरचना, भावको मात्राका साथै लय तथा सङ्गीतको प्रयोगका आधारमा गर्नु महत्त्वपूर्ण भइसकेको छ ।

---

[४३] कृष्णहरि बराल, **गीत : सिद्धान्त र इतिहास**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. १४ ।

[४४] ऐजन ।

[४५] यादवप्रसाद लामिछाने, **छिन्नलताको गीतिसाधना**, (काठमाडौँ : छिन्नलता गीत पुरस्कार गुठी, २०४९), पृ. ३३ ।

[४६] कृष्णहरि बराल **एक फूल : अनेकपत्र**, अप्रकाशित स्नातकोत्तर सिर्जना पत्र, त्रि. वि. २०४४, पृ.४४ ।

गायत्री श्रेष्ठले यस सङ्ग्रहमा ८ देखि ३२ पङ्क्ति र २ देखि ८ अनुच्छेदसम्म प्रयोग गरिएको पाइन्छ । यस सङ्ग्रहका प्रत्येक गीतिकविताहरूको माथि तिनको शीर्षक दिइएको छ । उनका यस गीतिकवितासङ्ग्रहमा ८ पङ्क्तिका १० वटा, १२ पङ्क्तिका २५ वटा, १६ पङ्क्तिका १२ वटा, २० र २४ पङ्क्तिका ३/३ वटा, २८, ३० र ३२ पङ्क्तिका १/१ वटा गीति-कविताहरू रहेका छन् भने उनको गीति - कवितामा प्रयोग भएका अनुच्छेदको गणना हेर्दा २ अनुच्छेदका १० वटा, तीन अनुच्छेदका २४ वटा ४ अनुच्छेदका १३ वटा, ५ र ६ अनुच्छेद दफा ३-३ वटा, ७ अनुच्छेदका १ वटा र ८ अनुच्छेदका २ वटा गरी जम्मा ५६ वटा गीतकविताहरू रहेका छन् ।

प्रस्तुत सङ्ग्रहमा भएका गीतहरूमा प्रयुक्त पङ्क्ति सङ्ख्या तथा अनुच्छेद योजनाको तालिका परिशिष्ट भागमा प्रस्तुत गरिएको छ ।

### ३.१.१ बादलको घुम्टोभित्रका गीतिकविताहरूको भाव तथा विषयवस्तु

गीत तथा गीतिकविताको मेरुदण्डका रूपमा भाव तथा विषयवस्तुलाई लिइन्छ । भावको अभावमा कुनै पनि गीत तथा कविताले सफलता प्राप्त गर्न सक्दैन । गीतको भाव वा वस्तुले विचार वा घटना वा यसको मूलवस्तु, मूल कथ्य या बीज विचारलाई बुझाउँछ ।[४७]यो अनेक प्रकारको भए तापनि यसलाई मूलत : प्रणयमूलक वा रागात्मक तथा प्रणयेत्तर गरी दुई भागमा बाँड्न सकिन्छ ।[४८] प्रणयमूलकअन्तर्गत मुख्यत प्रेम, मिलन, वियोग, विरह, वेदनाजस्ता मानवीय सम्बन्धको भाव आउँछन् भने प्रणयेत्तर अर्न्तगत सामाजिक सांस्कृतिक सन्दर्भका केन्द्रित भावहरू पर्दछन् । गीतमा रागात्मक, प्रतीकात्मक, हास्य, ईर्ष्या, छटपटी आदि भावहरू व्यक्त भएका हुन्छन् र ती भाव वा विचारलाई गीतकारले अनुभूति बनाएर प्रस्तुत गरेको पाइन्छ । कविता वा गीतका भावलाई रागात्मक, सौन्दर्यमूलक, संवेदनायुक्त र रमणीय तुल्याउन सुन्दर भाव वा विचारको विन्यासमा विशेष ध्यान दिनुपर्छ । जे भए पनि यसैको उठान, विस्तार र समापनको परिणतिको भाग नै रचना हुन जान्छ र त्यसको आन्तरिक तथा बाह्य संरचनाले त्यस केन्द्रीय भावको विस्तार वा व्याख्या गरिएको हुन्छ ।[४९] यसरी जुन विषय भए पनि भावमय भई आउनु अपेक्षित हुन्छ । गीतकारका जीवनका अनुभूतिसँग श्रोता वा पाठकले तादात्मयता प्राप्त गर्ने भावहरू साङ्गीतिक तीव्रताका साथ आएमा त्यस्तै भाव या वस्तु हृदयस्पर्शी र आह्लादपूर्ण हुनजान्छ । कतिपय मनोवैज्ञानिकहरूले भावलाई चेतन मनद्वारा प्रकट हुने यथार्थभन्दा भिन्न प्रकारको जैविक विधानको सङ्करअवस्थाका रूपमा व्याख्या गरेको पाइन्छ ।[५०]प्रसिद्ध मनोवैज्ञानिक सिग्मन्ड फ्रायडले मनलाई चेतन अर्द्धचेतन र अचेतनको हात हुने बताएका छन् । अचेतनमा भएका यिनै चाहनाहरू परिष्कार भएर बाहिर प्रकट हुँदा

---

[४७] खगेन्द्रप्रसाद लुइटेल, 'पुराना पिँढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनाधर्मिता', **हाम्रो देश हाम्रै भविष्य** हरिभक्त बुढाथोकी, (काठमाडौं : विराज बुढाथोकी, २०६२ ), पृ. ५ ।

[४८] ऐजन ।

[४९] कृष्णहरि बराल, **गीत : सिद्धान्त र इतिहास,** पूर्ववत् पृ. १३ ।

[५०] ऐजन पृ. २८ ।

साहित्यको सिर्जना हुने बताएका छन् । यस अर्थमा यो पूर्ण रूपले मानसिक प्रक्रिया हो । अधिकांशतः चेतनमनलाई कुनै सूचना नै नदिई प्रकट हुने भएकाले यस्तो अवस्थामा मानिस आफूलाई हल्का अनुभव पनि गर्छ ।

गीतमा भाव मूलतः भाषाका माध्यमबाट प्रकट हुन्छ र यो दुःख सुखात्मक जस्तो भए पनि हृदयमा अवस्थित यथार्थमूलक सत्य वा मानसिक सत्यको अभिव्यक्ति हो ।[५१] भावको प्रयोगविना गीत घतलाग्दो र हृदयस्पर्शी हुनै सक्दैन । यसको यस्तो शक्तिले यसलाई प्राचीन समयदेखि हालसम्म पनि गीत तथा कवितालाई लागि उत्तिकै महत्त्वपूर्ण प्रस्तुति हुन्छ जुन मनोवेगबाट गीतको प्रारम्भ हुन्छ । त्यो समाप्त हुनेबित्तिकै बाह्य विषयको आरम्भ हुन्छ अर्थात् यो वस्तुपरक बन्न पुग्छ ।

गायत्री श्रेष्ठको **बादलको घुम्टोभित्र**का गीतिकविता सङ्ग्रहमा विविध किसिमका भाव तथा विषयस्तुहरूको प्रयोग गरिएका छन् । तिनीहरूलाई निम्नअनुसार हेर्न सकिन्छ :

### ३.१.१.१ प्रणय भाव

मान्छे स्वभावैले भावुक हुन्छ र मनको सुदूर यात्रा गरी कल्पना र भावनामा रमाउने मान्छेको प्रकृति नै हो । आफ्ना वैयक्तिक भावहरूलाई अभिव्यक्त गर्न मान्छेले गीतलाई माध्यम बनाउँदै आएका छन् । गायत्रीका अधिकांश गीतहरूमा एउटा किशोरीको मनोभावना व्यक्त भएको छ । उनका गीतमा प्रेममा समर्पित एउटी प्रेमिकाको मनोभावना र चाहहरू छताछुल्ल भएका छन् । गीत भन्छ :

*जति सुन्यो सुनुँ लाग्ने तिम्रो मीठो बोली*

*तिमीसँग बस्दा लाग्छ कहिले नहोस् भोली ।*

*(जतिसुन्यो उति सुनूँ, पृ.३)*

प्रेम सत्य छ, शास्वत छ । साँचो प्रेमले रूप, रङ्ग र बाह्य आकर्षण हेर्दैन । क्षणिक स्वार्थका लागि गरिने प्रेम नै हैन त्यो त वासना मात्र हो, त्यसैले गीतकारले भनेकी छन् :

*बाह्य सम्बन्धको अर्थ नै के रहन्छ त ?*

*क्षणिक सम्बन्धमा भुल्नुको अर्थ नै के छ र ?*

*(मेरो जस्तो तिम्रो पनि, पृ. ५४)*

प्रेममा त आनन्द रहेको छ । केही कारणवश केही समयका लागि टाढा भएका सायद आफ्नै जीवनका सहयात्रीलाई सम्बोधन गर्दै क्षणिक विछोड पनि पीडादायी हुने भाव व्यक्त गर्दै **तिम्रो प्रतीक्षामा** उनले लेखेकी छन् :

---

[५१] ऐजन पृ. ३० ।

*चौतारी हौं छहारी तिमी मेरा मेरा लागि*

*बुढेसकालको हौं सहारा तिमी मेरा लागि ।*

*(पृ. ५६)*

प्रेमको कुनै मूल्य निर्धारण सम्भव छैन । यो त मानव हृदयबाट निस्कने अनमोल भावना हो । पैसामा क्रय-विक्रय हुने चिज हैन प्रेम । स्वभाविक रूपमा अन्तर हृदयको उच्छ्वास हो प्रेम । यस्ता भावना व्यक्त भएका गीति अंश हेरौं :

*वस्तुसँग साट्ने चिज माया हैन रैछ*

*माया भन्ने चीज मनमा आफै आउने रैछ ।*

*(गान्धी जस्ता मेरा पिता, पृ. ६७)*

गायत्रीका गीतहरूमा यस्तै मूल्य र मान्यता भएका भावनाका गीतहरूको प्रवलता पाइन्छ । जुन गीतहरूमा आफूले भेटे, भोगे र सोचेका रमाइला क्षणहरूलाई मीठा गीत बनाई प्रस्तुत गरिएको देखिन्छ ।

### ३.१.१.२ मानवतावादी भाव

गायत्री श्रेष्ठ मानवताका गीतकार पनि हुन् । एउटा मानवले साथै उनी आफैंले पनि अवलम्बन गर्न पर्ने व्यवहार, कर्तव्य मातृत्व र परोपकारका भावनाले ओतप्रोत भएका गीतहरू पनि उनका गीतका विषयवस्तु बनेका छन् । वर्तमान समयमा मानवता हराउँदै वा ह्रास हुँदै गएको प्रति उनका गीतले यसो भनेका छन् :

*मानिस सबै मानिस जस्तो हुँदो रहेनछ*

*यो सोंच जस्तो त्यो सोच एउटै हुँदैन रहेछ ।*

*(मानिस सबै मानिस जस्तै, पृ. ४३)*

त्यस्तै, मान्छेले स्वार्थी भावना परित्याग गरी सर्वहितायका कार्यहरू गर्न तथा कर्मयोगी बन्न गायत्रीका गीतले यसरी सन्देश दिएका छन् :

*एकताका भाव जगाई बनौं कर्मयोगी*

*स्वार्थभाव अँगालेर नबनौं हैं भोगी ।*

*(मझेरीमा एक झुल्को, पृ. २४):*

भावुक हृदयका मानिसहरू मनद्वारा सञ्चालित भएका हुन्छन् । भावना, कल्पनामा बहनु उनीहरूको स्वभाव भएको हुन्छ । कवयित्री पनि भावुक हृदयकी धनी रहेकी छन् । एक त कोमल नारी हृदय त्यसमा पनि कवित्व उर्जाको ललित तरङ्ग । सायद त्यसैले होला आफूलाई मनरोगी ठानी कवयित्रीले यस्तै अभिव्यक्ति दिएको पाइन्छ :

*तनको रोगी भए हुन्थ्यो उपचार उहिले*

*मनको रोगी भएर पो गाह्रो पर्‍यो अहिले ।*

*(तन दुख्यो मन दुख्यो, पृ. ५०)*

### ३.१.१.३ राष्ट्रिय भाव

गायत्रीका गीतहरूमा राष्ट्रियताका भावहरू पनि प्रस्तुत भएका छन् । राष्ट्रप्रति उनमा अगाध आस्था र प्रेम रहेको छ । हरेक युवा राष्ट्र निर्माणमा जुट्नुपर्छ र एकता नै आजको राष्ट्रिय आवश्यकता हो भन्दै गायत्रीले लेखेकी छन् :

*नेपाल रहे नेपाली हौं भन्न सकिएला*
*नेपाल नै नरहेमा हामी कहाँ हौला?*

*(मुटुभरि सधैँसधैँ, पृ. ८८)*

राष्ट्रिय अस्तित्व अर्थात् आफ्नो अस्तित्वका लागि मुलुकलाई उन्नतिको शिखरतर्फ लैजानु अनिवार्य रहेको छ । यसप्रति गीतकार सचेत रहेकी छन् । उनी भन्छिन् :

*विकासको बिगुल फुकी काम गर्नुपर्छ ।*

*(चौध वर्ष वय मेरो, पृ. १०)*

### ३.१.१.४ जन्मभूमिप्रतिको भाव

त्यसो त सिङ्गो नेपाल महाकाली नै हाम्रो ढुकढुकी हो तर गायत्री जहाँ हुर्किन् बढिन् त्यस ठाउँप्रति गायत्री भावनाका पुण्य अर्पण गरेकी छन् । त्यसै त इलाम रमणीय, प्राकृतिक सौन्दर्य खानी र पर्यटकको गन्तव्य हुँदै हो, अझ गायत्रीको जन्म पनि हो । विवाहपश्चात् जन्मस्थल छाडे पनि उनको मनभरि र मुटुभरि इलाम नै इलाम रहेको छ । भौगोलिक रूपमा आज टाढा रहनु परे पनि भावनात्मक रूपमा नजिक रहेकी गीतकार गायत्री इलामको काखमा लडीबुडी गर्ने इच्छा यसरी व्यक्त गरेकी छन् ।

*समयले साथ दिए तिमीसँग रम्न*
*अवश्य आउँने छु तिम्रो न्यानो काँखमा रम्न ।*

*(बादलुको पछ्यौरीमा, पृ. ४०)*

त्यस्तै, बादलको भित्र लुकी बस्ने इलाम सम्झिँदा गीतकार आफ्नो अतीतमा पुगेकी छन् । बाल्यकालको सम्झनाले उनलाई भावविह्वल बनाइएको छ र आफ्नो अतीतसँगै इलामलाई यसरी सम्झेकी छन् :

*बादलुको पछ्यौरीमा लुकी बस्छे इलाम*

*कलिलो त्यो बालापन वितेको त्यो इलाम ।*

*(बादलुको पछ्यौरीमा, पृ. ३९)*

### ३.१.१.५ निराशावादी भाव

देशको विषम परिस्थितिले आज सच्चा नेपालीको मन दुःखेको छ, छियाछिया भएको छ । देश दुःखेको बेला कहीँ कतै आशाको किरण नदेख्दा खिन्न हुँदै गीतकार लेख्छिन :

*तन दुखे मलम लाउँछु मन दुखे रुन्छु*

*देशै दुखे पछि सोच्छु आफू कहाँ हुन्छु ।*

*(तन दुख्यो मन दुख्यो, पृ.५०)*

हत्या, हिंसाले मुलुक आक्रान्त भएको बेला गायत्रीको मनमा गहिरो चोट लागेको छ र उनमा जीजीविषाहरू मर्दै गएका छन् । यस्ता निराशाका गीतको एक नमुना हेरौं :

*अति भो मलाई थकाइ लाग्यो बाँच्न म चाहन्न*

*(जुन देवस्थलमा पुग्छु, पृ. २८)*

### ३.१.१.६ नीतिशिक्षाका भाव

गायत्री श्रेष्ठका गीतमा निराशामात्र रहेका छैनन् । उनका गीतमा आशाका झिल्काझिल्की पनि रहेका छन् । मान्छेलाई कर्मशील हुन प्रेरित गर्दै रिसराग त्याग्नु पर्ने शिक्षा र सन्देश पनि उनका गीतमा रहेका पाइन्छन् । अरूका असल कामको अनुसरण गर्नुपर्ने र जीवनमा मान्छे सङ्घर्षशील रहन अभिप्रेरित गर्ने भाव भएको गीतको रूपमा तलको उदाहरणलाई हेर्न सकिन्छ :

*नैतिकवान् बनी असल कामलाई छिः कहिल्यै नभन्नु*

*देखा है सिकि गरे हैं बरु आरिस चै नगर्नु ।*

*(मानिस सबै मानिस जस्तै, पृ. ४४)*

त्यस्तै, उनले माछेलाई समयको बोध गराउँदै लेखेकी छन् :

*समयको हाँकलाई स्वीकार्नु नै पर्छ ।*

यस प्रकार गीतकार गायत्रीका गीतहरूले नैतिक शिक्षा सत्यबोधका साथै कर्मशील रहन प्रेरित गरेका छन् ।

### ३.१.१.७ शान्तिका चाहनाका भाव

गीतकार गायत्री श्रेष्ठ देशको जटिल र विषम परिस्थितिले चिन्तित रहेकी छन् । शान्ति नै आजको एक मात्र प्रमुख अनिवार्य आवश्यकता हो । उनले मुलुकमा द्वन्द्वको अवसानसँगै समुन्नत समाज र राष्ट्रको लागि कामना गरेकी छन् :

*मझेरीमा न्यानो घाम झुल्कि दिए हुन्थ्यो*
*मानिसको विवेक पनि चम्किदिए हुन्थ्यो ।*

*(तन दुख्यो मन दुख्यो, पृ.५१)*

गायत्रीले देशमा जतिसुकै ठूलो परिवर्तन भए पनि मानिसको सोंचमा परिवर्तन भएन भने त्यो शान्ति होइन भन्दै यस्तो भाव व्यक्त गरेकी छन् :

*सोचमा परिवर्तन नआई केही पनि हुन्न*
*मानिसलाई जीवन शान्ति नभई हुन्न ।*

*(देश हेर्‍यो देश हुन्छ, पृ.८)*

### ३.१.१.८ विसङ्गतिका भाव

गायत्री श्रेष्ठ सामाजिक विकृति र विसङ्गतिप्रति पनि सचेत रहेकी छन् । उनले आफ्ना गीतिकवितामा वर्तमान् शिक्षा प्रणालीमा राजनीतिको प्रवेश तथा शिक्षा उत्पादनमूलक र व्यवहारिक हुन नसकेको तर्फ सङ्केत गर्दै उनले लेखेकी छन् :

*शिक्षा भित्र कहाँबाट धमिरा नै लागेछ नि*
*धमिरालाई निर्मूल पार्ने औषधि नै बनेन नि*

*(सम्झी ल्याउँदा मेरो मन, पृ.१००)*

गायत्रीले विसङ्गतिका भाव आजको शिक्षा प्रणालीमा मात्र प्राप्त नगरी मानव जातिको विवेकमा पनि प्राप्त गरेकी छन् । उनले मानवका सृजनशील पाखुरा अर्थहीन भएका भन्दै आफ्ना गीतिकवितामा यसरी व्यक्त गरेकी छन् :

*मानव हौ भनी भन्न लाज लाग्न थाल्यो*
*मानवभन्दा पशु बरु बेस लाग्न थाल्यो ।*

*(छातीमाथि हात राखी, पृ.९९)*

### ३.१.१.९ प्रकृति भाव

गायत्री श्रेष्ठ प्रकृतिप्रेमी गायिका पनि हुन् । उनले नेपालका सुन्दर प्राकृतिक स्थलहरूको यथार्थको चित्रण आफ्ना गीतिकवितामा प्रस्तुत गरेकी छन् । उनलाई अन्यदेशको तुलनामा प्रकृतिले नेपाललाई अनेकौं सौन्दर्यका उपहारहरू दिएको बताउँदछिन् तर हामीले त्यसको संरक्षण र सदुपयोग गर्ने सकेका छैनौं भन्दै यसरी आफ्नो भाव व्यक्त गरेकी छन् :

*प्रकृतिले नेपाललाई के दिएको छैन*
*पाएर नि संरक्षण गर्ने कोही छैन ।*

*(देश हेर्‍यो देश रुन्छ, पृ. ८७)*

गायत्री श्रेष्ठलाई गण्डकी अञ्चलको तनहुँमा स्थित सुन्दरताले असाध्यै भावुक बनाएको पाइन्छ । उनलाई त्यहाँको रहरलाग्दो अनुभूति यसरी प्रस्तुत गरेकी छन् :

*नछोएमा बात लाग्ने नहेरमा पाप*

*दुवै कुरा नगरेमा लाग्छ पक्कै श्राप ।*

*(मखमली हरियो सारी, पृ.८०)*

गायत्रीलाई तनहुँको सुन्दरताले मात्र पिरोलेको होइन । उनलाई डडेल्धुराको सुन्दरताले पनि भावुक बनाएको पाइन्छ । उनले आफ्ना गीतिकवितामा यसरी भाव व्यक्त गरेकी छन् :

*तिमीलाई छोडी जाने मन मेरो अन छेन*

*सँग बसी राखूँ भने आफ्नो बश छैन ।*

*(डडेल्धुरा तिमी मेरी, पृ.८३)*

### ३.१.१.१० समाजसेवा भाव

गायत्री श्रेष्ठ आफ्ना गीतिकवितामा समाज सेवाको भाव पनि प्रस्तुत गरेको पाइन्छ । उनले समाजको सेवा धनले मात्र हुँदैन समाजको सेवा हुन त विवेकशील सेवा पनि अनिवार्य हुन्छ भन्दै बाँच्नको लागि त पशु पनि बाँच्छ भनेकी छन् । मान्छे भएर समाजको लागि सोच्नु पर्ने बताएकी छन् । उनले आफ्ना गीतिकवितामा समाजप्रतीको भावनामा यसरी व्यक्त गरेकी छन् :

*समाजलाई सम्फदामा छोडन सक्तिनँ म*

*समाजलाई सेवा गर्ने राख्छु सामान्यता म ।*

*(आज किन मेरो मन, पृ.५९)*

## ३.२ बादलको घुम्टोभित्रका गीतिकविताहरूको कल्पना

**कल्पना** र **परिकल्पना** शब्द प्रारम्भमा एउटै अर्थका रूपमा प्रयोग गरिएको पाइन्छ । समयसँगै यिनको अर्थमा विभेद देखिएको छ । **कल्पना** तत्सम शब्द हो । यसको अर्थ स्मृतिपटमा उत्पन्न नयाँ कुरा भन्ने बुझिन्छ । यसलाई बुझाउन अङ्ग्रेजीमा परिकल्पना (Fancy) शब्दको प्रयोग गरिएको देखिन्छ ।

**कल्पना** शब्दको सिद्धान्त र प्रकारको व्याख्या अङ्ग्रेजी साहित्यमा मध्यकाल तथा पुर्नजागरणको सेरोफेरोमा भएको हो । यसको चर्चा प्लेटो तथा एरिस्टोटलको भनाइमा उल्लेख छ । त्यसैले अङ्ग्रेजीमा साहित्यको मध्यकाल प्लेटोबाट र पुर्नजागरण काल चाहिँ एरिस्टोटलबाट बढी प्रभावित रह्यो एलिजावेथकालीन समयमा कविता सिर्जनाका सन्दर्भमा तर्कशक्तिभन्दा माथिल्ला तहका कुराहरू कवितामा आउनुको कारण दैवी प्रेरणाले भूमिका खेल्ने कुरा बताइएको जानकारी

पाइन्छ । आन्तरिक प्रत्यक्षीकरणले काव्यात्मक भ्रमद्वारा अन्तदृष्टि प्रदान गर्छ भन्ने मान्यताको विकास पनि यस समयमा भएको पाइन्छ । प्लेटोले काव्य सिर्जनाका क्रममा दैवी गुणलाई स्वीकारे पनि कविलाई झुटा भन्दै काव्य सत्यबाट दुई गुना टाढा हुने कुरा बताएका थिए ।[५२] उनको यस कुरालाई एरिस्टोटलले उत्तर दिँदै अनुकरणद्वारा सत्य प्रस्तुत गरेर कविले अर्को सत्यको निर्माण गर्छ भन्दै प्लेटोको भनाइलाई खण्डन गरेको पाइन्छ । त्यसैले कविता सत्यको अनुकरण वा भ्रम हो भन्ने बारे विवाद भएको देखिन्छ । हिजोआज कवितालाई काव्यात्मक सत्य वा सत्य सरहको तहमा राखेर हेर्ने प्रचलन रहेको छ ।

कल्पनाको बारेमा व्यापक चर्चा गर्ने विद्वान् सेमुअल टेलर कलरिज हुन् । उनले **बायोग्राफिया लिटरिया** नामक ग्रन्थमा कल्पनालाई संश्लिष्ट र जादुगरी शक्तिका रूपमा वर्णन गरेको पाइन्छ । उनले **कल्पना** र **परिकल्पना** बारे भिन्दाभिन्नै मत राखेर व्याख्या गरेका छन् । उनले कल्पनालाई मूल र गौण गरी दुई वर्गमा बाँडेका छन् । मूल कल्पना ईश्वरीय वा परमात्मिक हो भने गौण कल्पना मानवीय वा वैयक्तिक हो ।[५३] यी दुवै कल्पनामध्ये देखे, सुनेका वा भोगेका राम्रा नराम्रा अनुभवलाई ताजा र आकर्षक बनाउन गौण कल्पनाको भूमिका महत्त्वपूर्ण पाइन्छ ।[५४]

कल्पनाको बारेमा स्वच्छन्दतावादी कवि वर्डस्वर्थले पनि आफ्नो मत प्रकट गरेको देखिन्छ । कल्पनाले कविका दृष्टिमा रहेका अनुभवलाई एकत्रित र एकान्वित पार्छ अनि तिनलाई आकृति दिन्छ र सृजना गर्छ ।[५५] उनले कल्पनालाई मात्र नभई परिकल्पनालाई पनि महत्त्व दिँदै कलरिजको भन्दा फरक विचार प्रकट गरेका छन् । उनका विचारलाई समर्थन गर्दै परिकल्पनाले तल्लो स्तरको हल्का विचारको सिर्जनामा ठूलो भूमिका खेल्छ भन्ने विचार प्रकट गरेको पाइन्छ ।

यिनै अवधारणालाई हेर्दा गायत्रीका गीतिकवितामा भने कल्पनाको प्रयोग भावलाई खुलस्त पार्ने प्रसङ्गसँगै आएका छन् । उनका गीतिकविताको आयामलाई तन्काई बृहत्तर रूपतिर लैजान सक्ने समेत सम्भावना रहेको छ । मानवीय जगत्का निरस वस्तु तथा घटनालाई पुनःसृजन गरी यथार्थका साथै त्यसमा कौतूहल जगाउने खालका प्राय : सबै गीतिकविताहरू रहेका छन् । उनका गीतिकविताहरूले प्रेम, विरह, मनोगत दुखेसाहरू, जीवनभोगाइका उच्छ्वासहरू वर्तमानिक परिवेश जटिलतर बन्दै गइरहेको जिजीविषाका प्रसङ्गहरूलाई नवीन र प्रतीकका माध्यमले सान्दर्भिक तुल्याउने सफल बनेको पाइन्छ । प्रेमप्रसङ्गदेखि मानवीय मूल्यमान्यताको गर्भमा रहेका कुरालाई समेत ज्ञात गराउन सफल उनका गीतिरचनाले सकारात्मक सोच बनाएर अमूल्य मानवजीवनको मीठो स्वाद लिने, कल्पना गर्ने र अनुभव स्रस्टाका रूपमा आफूलाई समर्पित गरेको पाइन्छ । उनका

---

[५२] कृष्णहरि बराल, **गीत : सिद्धान्त र इतिहास,** पूर्ववत् पृ.३१ ।

[५३] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग १), कल्पनाका दुई भेद : मूल र गौण' (पुल्चोक : साझा प्रकाशन, २०५८), पृ.२०२ ।

[५४] कृष्णहरि बराल, **गीत : सिद्धान्त र इतिहास,** पूर्ववत्, पृ.३३ ।

[५५] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचना र सिद्धान्त** (भाग १), पूर्ववत् , पृ.२११ ।

गीतिकविताले कल्पना तत्त्वलाई सहज रूपमा स्वीकारेको हुँदा ती शीर्षकअनुसार नै सशक्त बन्न पुगेका छन् ।

गायत्री श्रेष्ठको **चौतारीमा भेटिएको** (पृ.१-२) गीतिकविताको दोस्रो अनुच्छेदको तेस्रो चौथो पङ्क्तिमा र तेस्रो र चौथो अनुच्छेदका पङ्क्तिहरूमा कल्पनाको प्रयोग गरिएको छ । उनको अर्को गीतिकविता **यति ठूलो भीडभित्र** (पृ.४- ५) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको तेस्रो र चौथो पङ्क्तिमा पनि कल्पनाको प्रयोग भएको छ ।

गायत्रीको **नारायणीको निनाद जस्तै** (पृ.८-९) भन्ने गीतिकविताको पहिलो, दोस्रो र तेस्रो अनुच्छेदका पङ्क्तिहरूमा कल्पनाको अत्यधिक प्रयोग छ जसमा गायत्रीको मन समयअनुसार साँच्चिकै नारायणी र माइखोलाको जस्तै हुने गरेको पाइन्छ । यो शुभ्रशान्त धर्तीमा गायत्रीले आफ्नो जिन्दगीको छोटो आयुमा केही गर्नेका लागि मानवीय मूल्य र मान्यताका जटिल परिस्थितिलाई चिर्दै मानिस भई मानिस जस्तै अर्काका लागि बाँच्ने आकाङ्क्षा बोकी प्रेममय भावनाको कल्पनामय उत्कर्ष प्रस्तुत गरेकी छन् ।

उनको अर्को गीतिकविता **धेरै कुरा भन्न भनी** (पृ.१४-१५) भन्ने शीर्षकको गीतिकविता हो । यस गीतिकविताको पहिलो, दोस्रो र तेस्रो अनुच्छेदभित्रका पङ्क्तिहरूमा कल्पनाको प्रयोग भएको छ । प्रस्तुत श्लोकहरूमा प्रेमिकाले प्रेमीलाई प्रणयभावबाट आफ्ना भावना प्रस्तुत गरेकी र प्रेमिका प्रेमीको सम्झनामा भौतारिएको भाव व्यक्त भएको छ । उनको **आज पनि तिमी देख्छु** (पृ.१६-१७) भन्ने शीर्षकको गीतिकविताको पहिलो अनुच्छेदको पहिलो र दोस्रो पङ्क्तिमा र चौथो अनुच्छेदको तेस्रो र चौथो पङ्क्तिमा कल्पनाको प्रयोग भएको छ । प्रस्तुत पङ्क्तिहरूमा प्रेमिकाले प्रेमीलाई कल्पना गर्दै सम्झेको कुराको चित्रण गरिएको छ भने उनको **जति जति समयले** (पृ.१९-२०) भन्ने शीर्षकले गीतिकविताका तीन अनुच्छेदका पङ्क्तिमा कल्पनाको प्रयोग छ जसमा प्रेमी प्रेमिकाले भेटेकोले त्यसैको सम्झनामा रातसमेत काटेको प्रसङ्ग छ । उनको **मुटुभरि सधैंसधैं** (पृ.२५-२६) भन्ने शीर्षकको गीतिकवितामा भन्ने गायत्रीले बाल्यकालको सम्झनाको स्मरण गर्दै दोस्रो, तेस्रो र चौथो अनुच्छेद आफ्ना पङ्क्तिहरूमा कल्पनाको प्रयोग गरेकी छन् ।

गायत्रीको **जहाँ म बस्छु,** (पृ.३४-३५) भन्ने गीतिकविताको प्रथम अनुच्छेदको पङ्क्तिहरूमा कल्पनाको प्रयोग भएको छ जसमा प्रेमिकाले प्रेमीलाई कल्पना गर्दै गरेको कुराको प्रसङ्ग व्यक्त भएको छ । उनको **भविष्यमा सायद मैले** ( पृ.३८-३९) भन्ने गीतिकविताको पहिलो र दोस्रो अनुच्छेदका पङ्क्तिहरूका कल्पनाको प्रयोग भएको छ । प्रस्तुत अनुच्छेदमा प्रेमिकाले प्रेमीलाई प्रेमप्रणय भावको प्रसङ्ग देखाउँदै कल्पनाको प्रयोग गरिएको छ । उनको **बादलुको पछ्यौरीमा** (पृ.३९-४०) भन्ने गीतिकविताका तिनै अनुच्छेदका पङ्क्तिहरूमा केही कल्पनाको प्रयोग भएको छ जसमा गायत्रीले आफ्नो बाल्यकाल बितेको ठाउँ इलामको प्रसङ्ग ल्याएर त्यसैमा कल्पनाको भाव व्यक्त भएको छ । उनको **तनभरि तिमी बस्छौं** (पृ.६०-६१) भन्ने शीर्षकको गीतिकविताको पहिलो र दोस्रो अनुच्छेदका

पङ्क्तिहरूमा कल्पनाको प्रयोग भएको छ । जसमा प्रेमिकाले प्रेमीलाई बिर्सन खोजेको तर प्रेमिकाले बिर्सन नसकेको परिस्थिति देखाउँदै प्रस्तुत गीतिकवितामा कल्पनाको प्रयोग भएको छ ।

उनको **हिउँसँगै खेले आज** (पृ. ६४) भन्ने गीतिकविताको पहिलो र दोस्रो अनुच्छेदका पङ्क्तिहरूमा कल्पनाको प्रयोग गरिएको छ । प्रस्तुत अनुच्छेदमा प्रेमिकाले प्रेमीको सम्झनामा हिउँसँग खेलेको र उसैको सम्झनामा तड्पिरहेको प्रसङ्ग व्यक्त भएको छ । उनको अर्को गीतिकविता **जिन्दगी यो अति सुन्दर** (पृ.६९-७०) भन्ने गीतिकविता हो । प्रस्तुत गीतिकविताको चारैवटा अनुच्छेदका पङ्क्तिहरूमा कल्पनाको प्रयोग गरिएको छ । प्रेमिकालाई जिन्दगी अति सुन्दर लाग्ने क्षणहरू आज दिन प्रतिदिन दिक्क लाग्ने गरेको प्रसङ्गमा कल्पनाको प्रयोग भएको छ । उनको अर्को गीतिकविता **गान्धी जस्ता मेरा पिता** (पृ.७५-७७) भन्ने गीतिकविताको चौथौँ, पाँचौं, छैटौं अनुच्छेदका पङ्क्तिहरूमा कल्पनाको प्रयोग भएको छ । प्रस्तुत अनुच्छेदमा आफ्ना पिताका सोंच-विचारलाई गायत्रीले कल्पनाको भावमा मायाको प्रसङ्गलाई व्यक्त गरेकी छन् ।

गायत्रीको अत्यधिक कल्पना प्रयोग गरिएका गीतिकविता **आज भोलि कुन्नि किन** (पृ.७९-७९) भन्ने गीतिकविता हो । उक्त गीतिकविताको पहिलो, दोस्रो, तेस्रो अनुच्छेदका पङ्क्तिहरूमा कल्पनाको प्रयोग गरिएको छ । प्रेमिकाले आफू स्वयम्लाई बाँच्न मन लागेको कुराको भाव व्यङ्ग्यात्मक रूपले प्रस्तुत गर्दै कल्पनाको प्रयोग गरिएको छ । उनको अर्को गीतिकविता **कहाँ थियौं तिमी पैले** (पृ.८२) भन्ने शीर्षकको गीतिकविता हो । उक्त गीतिकविताको दोस्रो अनुच्छेदको तेस्रो र चौथो पङ्क्तिमा कल्पनाको प्रयोग गरिएको छ । उक्त पङ्क्तिमा प्रेमीले प्रेमिकालाई कल्पनाको लोकमा उडेको कुरा र यथार्थमा कहिले झर्थ्यौ भन्दै कल्पनाको प्रयोग गरी लेखिएको पाइन्छ । उनको **पटुकी जस्तो त्यो चौडा बाटो**, (पृ. ९४-९५) भन्ने शीर्षकको गीतिकवितामा पनि कल्पनाको प्रयोग गरी लेखिएको छ । उक्त गीतिकविताको पहिलो, दोस्रो र चौथो अनुच्छेदका पङ्क्तिहरूमा अत्यधिक कल्पनाको प्रयोग गरिएको छ । उनको यो गीतिकवितामा प्रेमिका यात्रा गर्दाको क्षणमा उनलाई प्रेमीको सम्झना भएको भाव व्यक्त गर्दै कल्पनाको प्रयोग गरिएको छ ।

गायत्रीको अर्को गीतिकविता **तिम्रो सिँदुर मेरो सिउँदो** (पृ. ९६-९७) भन्ने शीर्षकको गीतिकविता हो । उक्त गीतिकविताको पहिलो र दोस्रो अनुच्छेदका पङ्क्तिमा कल्पनाको प्रयोग भएको छ जसमा प्रेमिकाले प्रेमीलाई प्रेमभाव व्यक्त गर्दै कल्पनाको प्रयोग गरिएको छ ।

उनको अर्को गीतिकविता **मोहनी लाग्ने त्यो रूप** (पृ. १०२-१०३) भन्ने गीतिकविता हो । उक्त गीतिकविताको पहिलो, दोस्रो, र तेस्रो अनुच्छेदका पङ्क्तिमा कल्पनाको प्रयोग गरिएको छ जसमा प्रेमिकाले प्रेमीको रूप देख्दा कल्पनाको भाव व्यक्त भएको छ ।

यसरी गायत्री श्रेष्ठको गीतिकवितामा प्रणयजन्य भावनाको प्रकटीकरण, माटोप्रतिको ममता, मातृत्वभाव, नारीमनको कोमलता, मानवीय कर्तव्यबोध आदिको निष्ठापूर्ण प्रस्तुति भएको छ । विचारलाई व्यापक सामाजिक परिप्रेक्षबाट हेर्ने गरेको पाइन्छ । यसकारण उनका गीतिरचना समसामयिक साहित्यमा सशक्त रूपमा देखापरेका छन् । आधुनिक नेपाली गीतिकविताको सिर्जनाका फाँटमा विभिन्न स्रष्टाले दिँदै आएका जीवन चिन्तनसम्बन्धी भावधारा पनि जीवन प्रणयका चिन्तनलाई समातेर नजिकबाटै अघि बढेका देखिन्छन् । यिनै समसामयिक विषयवस्तुमार्फत् नेपाली साहित्यको गीतिकविताको क्षेत्रमा आफूलाई अग्रपङ्क्तिमा राख्न प्रयासरत रहेको देखिन्छ ।

## ३.३ बादलको घुम्टोभित्रका गीतिकविताहरूमा सङ्गीत

गीत वा कविताको महत्त्वपूर्ण तत्त्वको रूपमा सङ्गगीतलाई लिइन्छ । लय वा सङ्गीत स्रोतालाई आकर्षित गर्ने तत्त्व हो । यसले गीतलाई गेयात्मक बनाउँछ । सङ्गीतले गहनता, एकाग्रता, तल्लीनता, तन्मयता, बिलयन र सङ्गीतमा स्वरको आरोह-अवरोहको विशेषक्रम आदि अर्थ बुझाउँछ ।[५६] गीत वा कविताको प्राणतत्त्वका रूपमा रहेको लयलाई मानिसको आन्तरिक गीत आदिको निश्चित नियम भएको छन्दलाई लयको मूर्त रूप मानिन्छ ।[५७] गीत र कविता दुवैमा सङ्गीत पक्ष र भाव पक्ष रहेका हुन्छन् ।

गीतमा सङ्गीत पक्षको प्राधान्य रहेको हुन्छ भने कवितामा भाव पक्षको प्राधान्य रहेको हुन्छ । गीतमा सङ्गीतको प्रचुरता रहने भएको हुँदा यसमा सङ्गीतभन्दा भाव प्राधान्य पैदा नभई कविता बन्दैन, कविताको नजिक पुगेर पनि गीत नै रहन्छ । त्यस्तै कवितामा भावको प्रचुरता रहने भएको हुँदा त्यसमा सङ्गीतको प्राधान्य स्थापित नहुन्जेल त्यो गीत बन्दैन, गीतको नजिक पुगेर पनि कविता नै रहन्छ ;  यसलाई पुरै गीत चाहिँ भन्न मिल्दैन । गीत र कविताको अन्तर छुट्टयाउने एउटा काम लयले पनि गर्दछ । गीत र कविताको अन्तर स्पष्ट पार्दै वरिष्ट कवि तथा गीतकार माधव घिमिरेले भनेका छन् : गीत र कवितामा त्यति नै अन्तर हुन्छ जति अन्तर गाउनु र भट्याउनुमा हुन्छ ।[५८]सङ्गीत, कविता, चित्रकला, मूर्तिकला, वास्तुकला आदि सबै ललितकलामा समयसापेक्ष रूपले लय व्याप्त हुन्छ । सङ्गीत क्षेत्रबाट आएको लय शब्दले गायन, बादन, नर्तन आदिलाई परस्पर सूत्रबद्ध गर्ने काम गर्दछ ।[५९]सङ्गीत रत्नाकरमा लेखिएको छ, ‘गीत वाद्यं तथा नृत्यं त्रयं सङ्गीतमुच्यते’ । अर्थात् गीत, वाद्य र नृत्य तीनै थरीलाई सङ्गीत भनिन्छ ।[६०]

---

[५६] खगेन्द्र लुइटेल, **आधुनिक नेपाली समालोचना**, (काठमाडौँ : ने.रा.प्र.प्र. २०५७), पृ. २१ ।

[५७] ऐजन ।

[५८] श्रीरामसिंह बस्नेत, सुभाषचन्द्र पौड्याल, **त्रिवेणीका लहरहरू** प्रथम संस्करण, पृ. १८० ।

[५९] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २२ ।

[६०] गोविन्द विनोदी , ‘गीतिकविता सङ्ग्रहमाथि एक दृष्टि’,  **बादलको घुम्टोभित्र**, पृ. ख ।

सङ्गीतको सम्बन्ध अनुप्रास, आवृति र लय तथा छन्दसँग रहेको हुन्छ । यसमा पनि अन्यको भन्दा लयको सम्बन्ध महत्त्वपूर्ण रहने हुँदा लयको भूमिका समय र गतिसित हुन्छ । बराबर समयमा पढ्न सकिने पङ्क्तिपङ्क्तिबीच भाषाका स्वर तथा व्यञ्जन वर्णहरूको सङ्ख्या बलाघात तथा सुरले ठूलो भूमिका निर्वाह गर्छ जसले गर्दा गीतलाई गेय पनि बनाउँछ । गीतमा हरेक पङ्क्ति लय व्यवस्थाभित्र बाँधिएका  हुन्छन् । यिनमा व्यञ्जन तथा स्वर वर्णको समानुपातिक वितरण भएको हुन सक्छ वा नहुन पनि सक्छ । कतै एउटै गीतभित्र पनि दुई प्रकारका वा त्यसभन्दा बढी मिश्रित लय र कतै मुक्त लयको पनि प्रयोग भएको हुन सक्छ ।

गीतमा धेरैजसो अनुप्रासका कारण सङ्गीतको सिर्जना हुने गर्छ । अनुप्रासले शब्दको अन्त्यमा एकै प्रकारको आवाजद्वारा ध्वनि सङ्गीत उत्पन्न गर्छ । गीतमा अन्त्यानुप्रासको प्रयोग विविध किसिमले हुन्छ तर नेपालीमा भने दुईदुई पङ्क्तिबीच अनुप्रास मिलेका गीतको लेखन व्यापक रहेको छ । त्यसैले अनुप्रास सङ्गीतको सृष्टि गर्नका लागि अत्यावश्यक तत्त्व भएर पनि गीत लेखनका सन्दर्भमा अनिवार्य तत्त्व भने होइन किनभने गीतहरू अनुप्रास नमिलाएरै पनि लेखिएका छन् । गीतमा एउटै स्वर तथा व्यञ्जनवर्ण पद तथा पदावलीको आवृतिबाट पनि सङ्गीतको सृष्टि हुन्छ ।

गायत्री श्रेष्ठको यस गीति सङ्ग्रहमा ५६ वटा गीतिकविताहरू रहेका छन् । ती मध्ये प्रथम पृष्ठमा रहेको गीतिकविता **चौतारीमा भेटिएको** (पृ.१-२) शीर्षकको गीतिकविता हो । उक्त गीतिकविताका श्लोकमा हरेकपङ्क्तिमा ४।४।४।२ मा विश्राम भएको छ । यस गीतिकविताका प्रत्येक हरफमा १४ अक्षरको संरचना भई लयमा क्रमभङ्गको अवस्था रहेको छैन ।

गायत्रीको चौतारीमा भेटिएको गीतिकवितामा जस्तै प्रत्येक पङ्क्तिमा ४।४।४ २ मा विश्राम हुने र १४ अक्षरको लय प्रयोग भएका अन्य गीतिकविताहरू हुन् : चौध वर्ष वय मेरो (पृ.१०-११), मझेरीमा एक झुल्को (पृ.२३-२४), रात नभए नि (पृ.३६-३७), स्वच्छ शान्त अविरल (४१-४२), बादलुको घुम्टोभित्र (पृ. ४५-४६), नचिन्दैमा नदेख्दैमा (पृ.४७-४८), प्रकृतिको छोरो तिमी (पृ.६५-६६), जिन्दगी यो अति सुन्दर (पृ.६९-७०), छुन छोड्यो आज भोलि (पृ.७१ -७२) र नेपाल रहे नेपाली हौँ (८८-८९) ।

गायत्रीका यसै सङ्ग्रहमा रहेका गीतिकवितामध्ये प्रत्येक पङ्क्ति ४।४॥४।२ अक्षरमा विश्राम हुने तर पङ्क्ति सङ्ख्या १२ र अनुच्छेद सङ्ख्या ३ मात्र रहेका गीतिकविताहरूको शीर्षक निम्न रहेका छन् :

(१) यति ठूलो भीडभित्र (पृ. ४-५)

(२) थाहा छैन तिमीसँग (पृ. ६-७)

(३) जीवन यात्रा एक्लै (पृ. १२-१३)

(४) आज पनि देख्छु (पृ-१६-१७)

(५) धेरै कुरा भन्न भनी (पृ.१४-१५)

(६) जति जति समयले (पृ. १९-२०)

(७) आज मेरो जीवन (२१-२२)

(८) मानिसको मनभित्र (पृ. २९-३०)

(९) बादलुको पछ्यौरीमा (पृ. ३९-४०)

(१०) तन दुख्यो मन दुख्यो (पृ. ५०-५१)

(११) मेरो जस्तै तिम्रो पनि (पृ. ५४-५५)

(१२) आज किन मेरो मन (पृ. २८-५९)

(१३) तिम्रो प्रतीज्ञामा (पृ.५६-५७)

(१४) तनभरि तिमी बस्छौं (पृ. ६०-६१)

(१५) कल्पना नै नगरेको (पृ. ७३-७४)

(१६) आज भोलि कुन्नि किन (पृ. ७८-७९)

(१७) देश हेऱ्यो देश रुन्छ (पृ.८६-८७)

(१८) हिमाल पनि शिर नुहाउँछ (पृ. ९०-९१)

(१९) जाडो याम गइसक्यो (पृ. ९२-९३)

उनका यसै सङ्ग्रहमा रहेका गीतिकवितामध्ये प्रत्येक पङ्क्तिका ४।४।४।२ मा विश्राम हुने तर पङ्क्ति सङ्ख्या ८ र अनुच्छेद सङ्ख्या २ मा भएका कविताहरूको शीर्षक निम्नानुसार छन् :

१. जति सुन्या उति सुनूँ (पृ.३)

२. जिन्दगीमा तीतो मीठो (पृ.१८-१९)

३. जसलाई आफ्नो ठान्छ मनले, (पृ.१३)

४. हैनै सकेसम्म मलाई (पृ.३२)

५. तिम्रो स्वभावले (पृ.३३ )

६. भविष्यमा सायद मैले (पृ. ३८)

७. हिउँसँगै खेले आज (पृ.६४)

८. कहाँ थियौ तिमी पैले (पृ. ८२)

गायत्री श्रेष्ठका यस सङ्ग्रहमा २४ पङ्क्ति र ६ अनुच्छेद भएका तर अक्षरको संरचना उही ४ । ४ । ४ । २ मा विश्राम हुने गीतिकविताहरू जम्मा ३ वटा रहेका छन् तर अनुच्छेदको सङ्ख्या ८ रहेको **गान्धी जस्ता मेरा पिता** (पृ. ७५-७७) मा चाहिँ अन्तिम अनुच्छेदको पङ्क्ति सङ्ख्या २ मात्र रहेको छ । यसका साथै **डडेलधुरा तिमी मेरी** (पृ. ८३-८५) शीर्षकको गीतिकवितामा उही चार पङ्क्तिको एक अनुच्छेदमा ३२ पङ्क्ति रहेको देखिन्छ । उनको **तिम्रो सिँदुर मेरो सिउँदो** (पृ. ९६-९७) भन्ने शीर्षकको गीतिकवितामा भने चार पङ्क्तिको एक अनुच्देदमा ३२ पङ्क्ति रहेको देखिन्छ । उनको **तिम्रो सिँदुर मेरो सिउँदो** (पृ.९६-९७) भन्ने शीर्षकको गीतिकवितामा भने चार पङ्क्तिकै एक अनुच्छेद रही अनुच्छेद सङ्ख्या ७ रहेको पाइन्छ । यसरी सङ्ख्या र अनुच्छेद फरक पाइए पनि अक्षरको संरचनामा कुनै भङ्गता देखापरेको छैन । उनका यस किसिमका कवितामा अन्त्यानुप्रासको अत्यधिक प्रयोग पाइन्छ भने आद्यानुप्रास र मध्यानुप्रासको प्रयोग सीमित कवितामा मात्र रहेको देखिन्छ । गायत्री श्रेष्ठका गीतिकविताका पङ्क्तिपङ्क्तिमा प्रयोग भएका अनुप्रासले गर्दा सङ्गीतको सिर्जनामा बढी सहयोग पुऱ्याएको देखिन्छ । साथै उनका कतिपय गीतिकवितामा शब्दहरूको आवृतिले गर्दा लयमा एकात्मकता प्रदानसमेत गरेको छ ।

गायत्रीका यस सङ्ग्रहका गीतिकविता पङ्क्तिपङ्क्ति र अनुच्छेदबीचको तालमेल हुन नसक्दा प्रायः केही हरफमा अक्षर सङ्ख्याले फरक पारेका छन् जसले गर्दा लयात्मकतामा क्रमभङ्ग भएको छ । ती गीतिकविताहरू निम्न रहेका छन् :

१. नारायणीको निनाद जस्तै, (पृ. ८-९)

२. मुटुभरि सधैँसधैँ (पृ.२५-२६)

३. मानिस सबै मानिस जस्तै (पृ. ४३-४४)

४. नचिन्दैमा नदेख्दैमा (पृ. ४७-४८)

५. थुम्काथुम्की माइपोखरी (पृ. ४९)

६. छातीमाथि हात राखी (पृ. ९८-९९)

७. सम्झी ल्याउँदा मन मेरा (पृ. १००-१०१)

गायत्रीको नारायणीको निनाद जस्तै (पृ.८-९) भन्ने शीर्षकको गीतिकविता चार हरफको एक अनुच्छेदमा संरचित रहेको छ । यसमा तीन अनुच्छेदको श्लोकले पूर्णता पाएको देखिन्छ तर यसमा हरफअनुसार अक्षरको सङ्ख्या फरक भएकोले यो गीतिकवितामा लयात्मकता भङ्ग भएको छ ।

गायत्रीको **मानिस सबै मानिस जस्तै** (पृ.४३-४४) भन्ने शीर्षकको गीतिकविता ४।४ पङ्क्तिका तीन अनुछेदमा रचिएको छ । यसको पहिलो श्लोकको पहिलो पङ्क्तिमा विश्राम भङ्ग रहेको छ भने तेस्रो र चौथो अनुच्छेदमा भने ५।५।१६ को अक्षरमा पङ्क्तिहरू क्रमशः संरचित भएका छन् । गायत्रीको **मुटुभरि सधैँसधैँ** (पृ.२५-२६) भन्ने गीतिकविता चार पङ्क्तिका चार अनुच्छेदमा रचिएको छ । यसको पहिलो श्लोक ४ ।४।४।२ मा संरचित भएको तर दोस्रो श्लोकको अन्तिम पङ्क्ति र तेस्रो श्लोकको पहिलो हरफमा क्रमभङ्ग भएको छ ।

गायत्रीको **थुम्काथुम्की माइपोखरी** (पृ.४९) भन्ने शीर्षकको गीतिकवितामा २ अनुच्छेद रहेको छ । यस गीतिकवितामा प्रथम अनुच्छेदको पङ्क्तिपङ्क्तिमा क्रमभङ्गता रहेको छ भने दोस्रो अनुच्छेदका पङ्क्तिमा ५।५।६ अक्षरको विश्राममा संरचित रहेको छ ।

गायत्रीको अर्को **छातीमाथि हात राखी (९८-९९)**भन्ने शीर्षकको गीतिकविता चार-चार पङ्क्तिका तीन अनुछेदमा रचिएको छ । यसमा पहिलो अनुच्छेदको पङ्क्तिका संरचना ४।४।५ अक्षरमा रहेका छन् भने दोस्रो र तेस्रो अनुच्छेदको पङ्क्तिमा रहेका अक्षरहरूको संरचना ४।४॥४।२ रहेको छ ।

गायत्री श्रेष्ठको क्रमभङ्ग भएको अन्तिम गीतिकविता **सम्झी ल्याउँदा मन मेरो** (पृ.१००-१०१) भन्ने शीर्षकको कविता हो । यो चारचार पङ्क्तिमा संरचित तीन अनुच्छेदमा रहेको गीतिकविता हो । यसमा रहेका पङ्क्तिका अक्षरका संरचना ४।४।४॥४ रहेका छन् तर अन्तिम अनुच्छेदको अन्तिम दुई श्लोकमा क्रमभङ्गताको स्थिति रहेको छ ।

गायत्री श्रेष्ठका गीतिकवितामा लोकलयको पनि प्रयोग गएको छन् । ती मध्ये **जहाँ म बस्छु** (पृ. ३४-३५) भन्ने शीर्षकको गीतिकविता पनि एक हो । उक्त गीत कवितामा चार पङ्क्तिका ३ अनुच्छेद रहेका छन् । प्रत्येक पङ्क्ति मा ५।५॥३।३ अक्षरमा विश्राम रहेको देखिन्छ । हरेक अनुच्छेदका पङ्क्तिबीचमा लयात्मक भङ्ग भएको छैन ।

उनको अर्को लोकलयात्मक तथा क्रमभङ्ग नभएको गीतिकविता **बुझेर होला नबुझी होला** (पृ. ५२-५३) भन्ने शीर्षकको गीतिकविता हो । यस कवितामा चार पङ्क्तिका एक पङ्क्तिपङ्क्तिबीचमा कुनै क्रम भङ्ग भएको छैन । जसले गर्दा वाचनमा लयात्मक प्रधान गरेको छ । यसको प्रत्येक पङ्क्तिमा ५।५॥३।३ अक्षरमा विश्राम रहेको पाइन्छ ।

गायत्री श्रेष्ठले **मोहनी साँची राखेकी छ्यौ कि** (पृ.६७-६८) भन्ने शीर्षकको गीतिकवितामा ४ अनुच्छेदको संरचनाले गीतिकवितालाई पूर्णता दिएकी छन् । उक्त गीतिकवितामा रहेका चार पङ्क्तिको एक अनुच्छेदको समेत सीमा निर्धारण गरेकी छन् । यस गीतिकवितामा ५।५॥३।३ अक्षरमा विश्राम रहने व्यवस्था गरिएको छ । यस गीतिकविताको पङ्क्तिपङ्क्तिबीचमा कुनै किसिमको क्रमभङ्गता रहेको छैन ।

गायत्री श्रेष्ठको चार अनुच्छेदमा रचिएको अर्को गीतिकविता **पटुकी जस्तो त्यो चौडा बाटो** (९४-९५) नामको गीतिकविता हो । यस गीतिकवितामा चार पङ्क्तिको एक अनुच्छेद रहेको छ । यसमा अनुच्छेदका पङ्क्ति सङ्ख्या सङ्ख्याहरूमा घटिबढीको स्थिति छैन तर यस कविताको चौथो अनुच्छेको तेस्रो र चौथो पङ्क्तिमा क्रमभङ्गको स्थिति रहेको छ । जसले गर्दा गीतिकवितालाई लयात्मक रूपले बाचन गर्न सकिँदैन । समग्रमा हेर्दा यस कविताका अक्षरहरूको संरचना ५।५॥३।३ मा विश्राम हुने स्थिति रहेको छ । गायत्री श्रेष्ठको लोकलयात्मक शैलीमा रचिएको अर्को गीतिकविता **मोहनी लाग्ने त्यो रूप** (६७-६८) नामको गीतिकविता हो । उक्त गीतिकवितामा पाँच अनुच्छेद रहेका छन् । यस गीतिकविताको प्रत्येक अनुच्छेदका पङ्क्तिपङ्क्तिबीचमा क्रमभङ्गताको स्थिति छैन । यस गीतिकवितामा १६ अक्षरको पङ्क्ति रहेका हुँदा यिनमा ५।५॥३।३ को क्रममा अक्षरहरूको विश्राम अवस्था रहेको छ ।

गायत्री श्रेष्ठको **जुन देवस्थलमा पुग्छु** (२७-२८) नामको गीतिकविता पनि लोक लयात्मक शैलीमा रचिएको छ । यस गीतिकवितामा ३ अनुच्छेदमा ४-४ पङ्क्तिका अनुच्छेद रहेका छन् भने अन्तिम एक अनुच्छेदमा दुई पङ्क्ति मात्र रहेको छ । समग्र रूपमा हेर्दा यस गीतिकवितामा पङ्क्तिबीचको अक्षरमा भङ्गता आएको छैन । यसमा अक्षरहरू ५।५॥३।३ को विश्राममा आएका छन् ।

गायत्रीको यस सङ्ग्रहको अन्तिम पृष्ठमा रहेको एक मात्र गद्यात्मक गीतिकविता **नेपालको नयनबाट** (**पृ.१०४**) शीर्षकको गीतिकविता हो । उक्त कवितामा ८ पङ्क्ति रहेका छन् । ती पङ्क्तिहरू एकआपसमा सहसम्बन्ध देखिएको छैन । त्यसैले यो कवितामा अक्षरहरुले लयात्मक प्रदान गर्न सकेका छैनन् । यस कविताको एउटा अंशलाई यसरी हेर्न सकिन्छ :

*नेपालको नयनबाट आँसु झरेछ*
*नेपालीको स्वभावदेखि हिमाल पग्लिएछ ।*
*झरनाको चिसो-पानी तातो भैसकेछ*
*खोलानालाहरू सबै सुख्खा भैसकेछन् ।*

*(नेपालको नयनबाट, पृ. १०४)*

गायत्री श्रेष्ठको लोकलयात्मक छन्दमा रचिएका प्रायः सबै गीतिकवितामा अन्त्यानुप्रसाको प्रयोग पाइन्छ भने कतैकतै पङ्क्तिपङ्क्तिमै शब्दको आवृति हुँदा सङ्गीतको आस्वादन प्राप्त हुन्छ । गायत्री श्रेष्ठको गीतिकवितामा १४ र १६ अक्षरको लयविधान धेरै गीतिकवितामा अँगालिएको पाइन्छ । उनले आफ्ना केही कवितामा एउटै गीतिकवितामा पनि २ प्रकारका लयविधान आउने गरी मिश्रित लयको प्रयोग गरेकी छन् । उनका यस्ता गीतमा सामान्यतः स्थायी भाग एक प्रकारको र अन्तरा भागमा अर्को प्रकारको लय प्रयोग गरिएको पाइन्छ । ती माथिका सन्दर्भलाई यसरी देखाउन सकिन्छ :

*(अ) तन दुखे मलम लाउँछु मन दुखे रुन्छु*
*देशै दुखे पछि सोच्छु आफू कहाँ हुन्छु*
*(तन दुख्यो मन दुख्यो, पृ. ५०)*

माथिको उदाहरणमा प्रत्येक पङ्क्तिमा १४ अक्षरको प्रयोग भएको छ । जसमा ४।४॥४।२ अक्षरमा विश्राम भएको पाइन्छ ।

*(आ) जहाँ म बस्छु, त्यहीँ म देख्छु तिमी नै तिमीलाई*
*न त्याग्न सक्छु, न लिन सक्छु के भयो यो मनलाई ।*
*म भन्ने गर्छ, यो दिल भित्र छैन है तिम्रो नाम*
*न मेट्न सक्छु, न लेख्न सक्छु नै तिम्रो नाम*
*(जहाँ म बस्छु , पृ. ३४)*

माथिको उदाहरणमा प्रत्येक पङ्क्तिमा १६ अक्षरको प्रयोग भएको छ । जसमा ५।५॥३।३ अक्षरमा विश्राम भएको पाइन्छ । यस उदाहरणमा रहेका प्रत्येक पङ्क्तिपङ्क्तिबीच वर्णको आवृति भएकाले लय उत्पन्न गराउन सफल भएका छन् ।

*(इ) मानिस सबै मानिसजस्तै हुँदो रहेनछ*
*यो सोचजस्तो त्यो सोच एउटै हुँदैन रहेछ ।*
*नैतिकवान् बनी असल कामलाई छि: कहिल्यै नभन्नू*
*देखा है सिकी गरे है बरु आरिस् चै नगर्नु*
*(मानिस सबै मानिसजस्तै, पृ. ४३-४४)*

माथिको उदाहरणमा एउटै गीतिकविताभित्र पनि अक्षरले गर्दा लयको संरचनामा फरक पारेको छ । प्रस्तुत उदाहरणमा पहिलो र दोस्रो पङ्क्तिका बीचमा १४ अक्षरको प्रयोग भएको छ । जसमा ४।४॥४।२ अक्षरमा विश्राम भएको पाइन्छ भने तेस्रो र चौथो पङ्क्तिमा १६ अक्षरको प्रयोग भएको छ । यसमा ५।५॥३।३ अक्षरमा विश्राम रहेको देखिन्छ ।

## ३.४ बादलको घुम्टोभित्रका गीतिकविताहरूमा बिम्ब तथा प्रतीक र अलङ्कार योजना

**बिम्ब** तत्सम शब्द हो । यसलाई संस्कृतमा **प्रतिछाया**को अर्थमा प्रयोग गरिन्छ । यसलाई अङ्ग्रेजीमा **इमेज** भनिन्छ । सामान्य अर्थमा बिम्ब भनेको वस्तु, कार्य, भाव, विचार तथा संवेगगत मानसिक तस्वीरलाई प्रतिनिधित्व गर्ने सजीव र निर्जीव वस्तु हो ।[६१] बिम्बको जन्म भाषिक ध्वनिकोसहयोगले अमूर्त अनुभूति प्रक्रियाबाट हुन्छ र यसको मूल्य उपकरण इन्द्रिय जन्य अनुभव हो । यसले भावलाई मूर्त बनाउने कार्य गर्छ । बिम्बबिनाको गीतमा अनुभूति तीव्रता नरहने र शैलीको प्रभावकारीता पनि न्यून हुने भएकाले गीतमा बिम्बले आवश्यक सहयोग

[६१] खगेन्द्रप्रसाद लुइटेल, **पुराना पिढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनाधर्मिता**, पूर्ववत्, पृ. ६ ।

पुऱ्याउँछ । काव्य बिम्बको निर्माण सिर्जनात्मक कल्पनाबाट गरिन्छ र त्यसमा मूल भावको प्रेरणा अनिवार्य छ । बिम्बको प्रभावकारितामा पनि न्यून हुने भएकाले गीतमा यो आवश्यक मानिन्छ । यसले कुनै पनि भनाइलाई सादृश्यात्मक बनाउन ठूलो सहयोग पुऱ्याउँछ ।

यस्तै तरिकाले गीत वा कवितामा भावात्मक तीव्रताका लागि प्रतीकयोजना पनि आवश्यक पदर्छ । कुनै चिजलाई प्रतिनिधित्व गर्ने जुनसुकै वस्तुलाई प्रतीक भनिन्छ भने साहित्यमा चाँहि कुनै वस्तु वा घटनालाई सङ्केतित गर्ने शब्द वा पदसमूहका लागि मात्र प्रतीक शब्दको प्रयोग गरिन्छ र यसले आफ्नो वास्तविक अर्थलाई अर्को वस्तुमा आरोपित गरी गीतको कुनै पङ्क्ति अनुच्छेद वा पुरै गीतलाई ध्वन्यात्मक बनाइदिन्छ । गीतमा थोरै शब्दमा धेरै भन्न सक्ने सामर्थ्य अलङ्कारबाट भन्दा पनि प्रतीकबाट प्राप्त हुने गर्छ ।[६२] यसरी बिम्ब र प्रतीकहरू गीतमा उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, दृष्टान्त आदि अलङ्कारको रूपमा आउँछन् । गीतमा शब्दालङ्कारले लयात्मक ल्याउने गर्दछ भने अर्थालङ्कारले गीतमा भावात्मक अर्थमा चमत्कार ल्याई विचारलाई विशिष्ट तुल्याउँछ ।

यस्ता बिम्ब र प्रतीक गायत्रीका गीतिकवितामा स्थानीय र प्राकृतिक सन्दर्भबाट टिपेर प्रयोग गरेको पाइन्छ । उनले आफ्ना मनका जटिल कुराहरूलाई अभिव्यक्त गर्नका लागि नवीन बिम्ब र प्रतीकको प्रयोग गरेकी छन् । गायत्रीले आफ्नो यस सङ्ग्रहका गीतिकवितामा सागर, संसार, नयन, चौतारी, आकाश, तारा, दिन, रात, घाम, जून आदि जस्ता दृश्य र अदृश्य बिम्ब प्रतीक समावेश गरेर गीतिकवितालाई सम्प्रेषणीय पारेको पाइन्छ ।

उनका ती बिम्ब प्रयोग भएका गीतिकविताका पङ्क्तिहरूलाई निम्नानुसार देखाइएको छ :

गायत्री श्रेष्ठले **चौतारीमा भेटिएको** (पृ.१-२) गीतिकविताको दोस्रो अनुच्छेदको अन्तिम दुई पङ्क्तिमा गतिसम्बन्धी बिम्बको प्रयोग भएको छ । उक्त अनुच्छेदको पङ्क्तिलाई तल दिइएको छ :

*मायालुको मायाभित्र बग्ने सागरमा*
*डुब्दाडुब्दै पुगें म अर्को संसारमा ॥*

माथिको उदाहरणमा कवयित्रीले मायालुको मायालाई बग्ने सागरसँग तुलना गरेर प्राकृतिक बिम्बको प्रयोग गरेकी छन् ।

उनको **यतिठूलो भीडभित्र** (पृ.४-५) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको अन्तिम दुई पङ्क्तिमा दृश्यबिम्बको प्रयोग भएको छ । उक्त पङ्क्तिहरू तल दिइएको छ :

---

[६२] कृष्णहरि बराल, पूर्ववत्, पृ. ५१ ।

*आकाशको ताराभरि तिमीलाई देख्छु*

*न्यानो मेरो खोकिलामा तिम्लाई राख्न खोज्छु ।*

मथिको उदाहरणमा प्रेमिकाले प्रेमीलाई आकाश प्रेमीलाई आकाशको ताराभरि देखेको र प्रेमिकाले आफ्नो अँगालोमा प्रेमीलाई राख्न खोजेको भाव व्यक्त भएको छ, जसमा आकाश, तारा जस्ता बिम्बहरू प्रयोग भएका छन् ।

त्यस्तै, **नारायणीको निनाद जस्तै** (पृ.८-९) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको दोस्रो पङ्क्तिमा श्रव्यबिम्बको प्रयोग भएको छ । उक्त पङ्क्तिलाई तल दिइएको छ ।

*नरायणीको निनाद जस्तै गीत गाउने मन छ*

*माइखोलाको गर्जन जस्तै गर्जिदिने मन छ ।*

माथिको उदाहरणले नारायणीको र माइखोलाको जस्तो स्वभावमा गीत गाउन मन भएको कुरा व्यक्त भएको छ, जसमा नारायणीर माइखोला जस्ता बिम्बको प्रयोग भएको छ ।

त्यस्तै, गायत्रीको अन्य कविताहरू मध्ये **चौध वर्ष वय मेरो** (पृ.१०-११) र **आज पनि तिमी देख्छु**, (पृ.१६-१७) गीतिकविताको पहिलो अनुच्छेदको सुरुका दुई पङ्क्तिमा दृश्यात्मक बिम्ब प्रयोग भएको छ । उनको **जिन्दगीमा तीतो मीठो** (पृ.१८) गीतिकविताको दोस्रो अनुच्छेदका सुरुका दुई पङ्क्तिमा पनि दृश्यात्मक बिम्ब प्रयोग भएका छन् । त्यसैगरी **बादलुको घुम्टोभित्र** (पृ.४५-४६) भन्ने गीतिकविताको तेस्रो अनुच्छेदको सुरुको दुई पङ्क्तिमा स्पर्शसम्बन्धी बिम्बको प्रयोग भएको छ । **देश हेऱ्यो देश रुन्छ** (पृ.८६-८७) भन्ने शीर्षकको गीतिकविताको पहिलो अनुच्छेदको पहिलो र दोस्रो पङ्क्तिमा दृश्यबिम्बको प्रयोग भएको पाइन्छ । यिनको **मोहनी लाग्ने त्यो रूप** (पृ.१०२-१०३) भन्ने गीतिकविताको चौथो अनुच्छेदको अन्तिम दुई पङ्क्तिमा स्पर्शसम्बन्धी बिम्बको समेत प्रयोग भएको पाइन्छ ।

गायत्रीको गीतिकवितामा प्रतीकहरूको पनि प्रयोग भएको पाइन्छ । उनको **आज पनि तिमी देख्छु** (पृ.१६-१७) भन्ने गीतिकविताको तेस्रो अनुच्छेदको दोस्रो पङ्क्तिमा प्रतीकको प्रयोग भएको छ । उक्त उदाहरणलाई तल दिइएको छः

छहारी हौं मेरो मनको पीर बिसाउनलाई ।

माथिको उदाहरणमा प्रेमिकाले प्रेमीलाई शीतल दिने छहारीको रूपमा नहेरेर दुःखसुखमा साथ दिने भन्ने अर्थ बुझिएकोले प्रतीक भएको पाइन्छ । त्यस्तै गरी **जिन्दगीमा तितो मीठो** (पृ.१८) भन्ने गीतिकविताको दोस्रो अनुच्छेदको पहिलो र दोस्रो पङ्क्ति, **मझेरीमा एक झुल्को** (पृ.२३-२४) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको चौथो पङ्क्ति, **मुटुभरि सधैंसधैं** (पृ. २५-२६) भन्ने गीतिकविताको पहिलो अनुच्छेद, **स्वच्छ शान्त अविरल** (पृ.४१-४२) भन्ने गीतिकविताको पहिलो

अनुच्छेदको पहिलो र चौथो पङ्क्ति, **थुम्काथुम्की माइपोखरी** (पृ.४९) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको तेस्रो पङ्क्ति, **तन दुख्यो मन दुख्यो** (पृ.५०-५१) भन्ने गीतिकविताको दोस्रो अनुच्छेदको तेस्रो पङ्क्ति, **गान्धी जस्ता मेरा पिता** (पृ.७५-७७) भन्ने गीतिकविताको पहिलो अनुच्छेदमा समेत प्रतीकको प्रयोग भएको पाइन्छ ।

गायत्री श्रेष्ठका गीतिकवितामा अलङ्कारको पनि प्रयोग भएको देखिन्छ । उनको यस सङ्ग्रहमा शब्दालङ्कार तथा अर्थालङ्कार दुवैको प्रयोग भएको छ । उनले यस गीतिसङ्ग्रहमा अर्थालङ्कारमध्ये पनि उपमा र रूपक अलङ्कारको अत्यधिक प्रयोग गरेकी छन् भने उनले कतैकतै उत्प्रेक्षा र स्वभावोक्ति अलङ्कारको पनि प्रयोग गरेको देखिन्छ । तिनीहरूलाई क्रमशः यसरी हेर्न सकिन्छ :

कवयित्री गायत्रीको **नारायणीको निनाद जस्तै** (पृ.८-९) भन्ने गीतिकविताको पहिलो, दोस्रो र तेस्रो अनुच्छेका पङ्क्तिहरूमा उपमा अलङ्कारको प्रयोग भएको छ । ती अनुच्छेदमध्ये दोस्रो अनुच्छेदको पहिलो पङ्क्तिलाई तल दिइएको छ ।

*दह्रो मुटु चियाको बोटजस्तै भइदिए ।*

माथिको पङ्क्तिमा कवयित्रीले आफ्नो दह्रो मुटु चियाको बोटसँग तुलना गरी उपमा अलङ्कारको प्रयोग गरेकी छन् । यसैगरी गायत्रीले **धेरै कुरा भन्न भनी** (पृ.१४-१५) भन्ने शीर्षकको पहिलो अनुच्छेदको तेस्रो पङ्क्तिमा र **आज पनि तिमी देख्छु** (१६-१७) भन्ने शीर्षकको गीतिकवितामा पहिलो अनुच्छेदको तेस्रो पङ्क्तिमा र दोस्रो अनुच्छेदको चौथो पङ्क्तिमा उपमा अलङ्कारको प्रयोग गरेकी छन् । उनका अन्य उपमा अलङ्कार प्रयोग भएका शीर्षकहरूमा **जिन्दगीमा तीतो मीठो** (पृ.१८-१९) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको तेस्रो र चौथो पङ्क्ति **जतिजति समयले** (पृ.१९- २०) र चौथो अनुच्छेदको पहिलो पङ्क्ति, **मुटुभरि सधैँसधैँ** (पृ. २५-२६ भन्ने गीतिकविताको चौथो अनुच्छेदको पहिलो पङ्क्ति, **मानिसको मनभित्र** (पृ.२९-३०) भन्ने गीत कविताको पहिलो अनुच्छेदको दोस्रो पङ्क्ति, **जसलाई आफ्नो ठान्छ मनले** (पृ. ३१) भन्ने गीतिकविताको दोस्रो अनुच्छेदको पहिलो र दोस्रो पङ्क्ति, **मानिस सबै मानिसजस्तै** (पृ. ४३-४४) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको पहिलो पङ्क्ति, **नचिन्दैमा नदेख्दैमा** (पृ.४७-४८) भन्ने गीतिकवितामा चौथो अनुच्छेदको तेस्रो पङ्क्ति, **तनभरि तिमी बस्छौ** (६०-६१) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको पहिलो पङ्क्ति, दोस्रो अनुच्छेदको दोस्रो पङ्क्ति **गान्धी जस्ता मेरा पिता** (पृ. ७५-६५) भन्ने गीतिकविताको दोस्रो अनुच्छेदको दोस्रो पङ्क्ति, **जाडो याम गइसक्यो** (पृ. ९२-९३) भन्ने गीतिकविताको तेस्रो अनुच्छेदका सबै पङ्क्तिहरू **मोहनी लाग्ने त्यो रूप** (पृ. १०२-१०३) भन्ने गीतिकविताको तेस्रो अनुच्छेदको दोस्रो पङ्क्ति, **प्रकृतिको छोरो तिमी** (पृ.६५-६६) भन्ने गीतिकविताको दोस्रो अनुच्छेदको पहिलो र दोस्रो पङ्क्ति, **तन दुख्यो मन दुख्यो** (पृ. ५०-५१) भन्ने गीतिकविताको दोस्रो अनुच्छेदको पहिलो पङ्क्ति, **मोहनी साँची राखेको छ्यौ कि**

(पृ. ६७-६८) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको दोस्रो र तेस्रो पङ्क्तिका साथै दोस्रो अनुच्छेदको पहिलो पङ्क्तिमा समेत उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ ।

गायत्रीको यस गीतिकवितासङ्ग्रहमा रहेका गीतहरूमा उनले कही कही मात्रै रूपक अलङ्कारको प्रयोग गरेकी छन् । **आजभोलि मेरो जीवन** (पृ. २१-२२) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको पहिलो पङ्क्तिमा रूपक अलङ्कारको प्रयोग भएको छ । उक्त पङ्क्तिलाई तल प्रस्तुत गरिएको छ ।

*आज भोलि मेरो जीवन एउटा खुला किताब ।*

माथिको पङ्क्तिमा कवयित्रीले जीवनलाई खुला किताबसँग दाँजेर रहेकाले रूपक अलङ्कार भएको हो । त्यस्तै गरी उनको **रातभरि नभए नि** (पृ. ३६-३७) भन्ने गीतिकविताको चौथो अनुच्छेदको पहिलो पङ्क्तिमा पनि रूपक अलङ्कारको प्रयोग भएको छ ।

त्यस्तै गायत्री श्रेष्ठको गीतिकविताहरूमा कहीँकहीँ उत्प्रेक्षा अलङ्कारको पनि प्रयोग भएको पाइन्छ । उनको **मेरोजस्तै तिम्री पनि** (पृ. ५४-५५) भन्ने गीति कविताको दोस्रो अनुच्छेदको पहिलो पङ्क्तिमा **तिम्रो सिँदुर मेरो सिँउदो** (पृ. ९६-९७) भन्ने गीतिकविताको तेस्रो अनुच्छेदको पहिलो र दोस्रो पङ्क्ति, **मोहनी लाग्ने त्यो रूप** (पृ. १०२-१०३) भन्ने गीतिकविताको पाँचौँ अनुच्छेदको चौथो पङ्क्तिमा समेत उत्प्रेक्षा अलङ्कारको प्रयोग पाइन्छ । साथै गायत्रीका गीतिकवितामा स्वभावोक्ति अलङ्कारको पनि प्रयोग भएको देखिन्छ । उनको **नचिन्दैमा नदेख्दैमा** (पृ. ४७-४८) भन्ने गीतिकविताको दोस्रो अनुच्छेदको पहिलो र दोस्रो पङ्क्ति, **मोहनी साँची राखेकी छ्यौ कि** (पृ. ६७-६८) भन्ने गीतिकविताको पहिलो अनुच्छेदको पहिलो पङ्क्तिमा स्वभावोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ ।

ती माथिका गीतिकवितामा प्रयोग भएका स्वभावोक्ति अलङ्कार मध्ये **यति ठूलो भीडभित्र** (पृ. ४-५) भन्ने गीतिकविताको तेस्रो अनुच्छेदको तेस्रो पङ्क्तिलाई तल दिइएको छ :

*भैगो अब दुवैले नै बिर्सौं दुवैलाई*
*कतिन्जेल बाँच्ने होला सबैसँग डराई*
*चारैतिर नियाल्दछु निकास छ कि भनी*
*माया हाम्रो रहिरहोस् यस्तै जुनीजुनी ।*

प्रस्तुत माथिको श्लोकमा प्रेमी र प्रेमिकाले आफ्नो स्वभावको बारेमा वर्णन गर्दै त्यसको समाधान खोजिएको छ जुन समाजले दुवैको प्रेम समयसँगै बाँचिरहोस् भन्ने कामना गरिएको छ ।

## ३.५ बादलको घुम्टोभित्रका गीतिकविताहरूको भाषाशैली

भाषाकै माध्यमबाट गीत रचिने हुनाले भाषा गीत प्रवाहको बाहक हो । भावनाले मात्र गीत नबन्ने भएकाले भाव प्रवाहका लागि भाषा आवश्यक मानिन्छ । भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भाषाका माध्यमबाट साहित्यिक कृतिको रचना गरिन्छ । यस धारणाबाट भाषालाई साहित्यको घटक मानिन्छ । भाषाले गीतको भाव र लयका साथै शैलीलाई पनि बोकेको हुन्छ र गीतलाई सङ्गीतात्मक बनाउन पनि भाषाकै वर्णहरूको भूमिका रहेको हुन्छ ।[६३] गीतको भाषा गेयात्मक तथा मानव मनलाई तान्न सक्ने हुनुपर्दछ । गीत विशिष्ट शब्द र शब्दावली युक्त पङ्क्ति तथा पुञ्जमा उत्तरोत्तर विकसित गरिने कलात्मक अभिव्यक्ति हो र यसको कलात्मक, गेयात्मक, लयात्मकजस्ता विशिष्ट अभिलक्षण हुन्छन् । "गीतको भाव अभिद्येयार्थ भन्दा बढी लाक्षणिक एवम् व्यञ्जनात्मक, सङ्केतात्मक र प्रतीकात्मक हुन्छ" ।[६४]

गीतको भाषाले मनलाई सुखको अनुभूति दिने किसिमको हुनुपर्दछ । समग्रमा गीतमा प्रयुक्ति पदावलीले गीत सुन्नासाथ गीतका भावहरू हृदयमा तुरुन्तै सञ्चारित गर्न सक्ने हुनुपर्दछ । गीत रचनाको शैली पक्षमा पनि सजग हुनुपर्दछ । शैलीकै कारणले गीतमा सम्प्रेषणीयता आउने भएकाले गीतको शैली प्रभावमय हुनुपर्दछ । भाषा र शैलीको बीचमा सह-सम्बन्ध हुन्छ । भाषा अभिव्यक्तिको माध्यम हो भने शैली तरिका हो । गद्य र पद्यमा गरिने अभिव्यक्ति ढाँचागत अभिलक्षणलाई शैली भन्ने गरिएको पाइन्छ । शैलीगत पद विन्यासमा माधुर्य तथा सुन्दर र कोमल पदावलीको चयनतर्फ ध्यान दिनुपर्छ । गीतमा भाव तरलताका साथ शब्द, सरल र सरस भएर अगाडि बढेको हुन्छ । भाषाशैली सहज छ भने अभिव्यक्त पनि सरल र सुबोध्य हुन्छ । समग्रमा गीतको भाषाशैली सरल, सहज, प्रवाहमय तथा माधुर्य रप्रसाद गुणले युक्त हुनुपर्दछ ।

उपर्युक्त यिनै माथिका अभिलक्षण हेर्दा यस **बादलको घुम्टोभित्र**का गीतिकवितामा प्रयोग भएको भाषाले दर्शक वा पाठकलाई मन जित्ने काम गरेको छ । यस गीतिसङ्ग्रहमा गीतिचेतनाले तीव्रता रहेका नेपाली लोक लयात्मक शैलीका रसिला रचना सङ्कलन गरिएको पाइन्छ । यसमा रहेका गीतिकविताहरू मनका भावहरूको निष्ठापूर्ण अभिव्यक्ति भएको हुँदा रचनाहरू सहज, सम्प्रेष्य र हृदयस्पर्शी बन्न पुगेका छन् । यस गीतिकवितासङ्ग्रहमा रहेका प्रायः सबै कवितामा अन्त्यानुप्रासले ओतप्रोत भएको यस गीतिकवितासङ्ग्रहको भाषाशैली क्लिष्ट नभई सरल भएकोले सबै वर्गका पाठकका लागि उपयोगी देखिन्छ ।

गायत्री श्रेष्ठका गीतिकवितामा भाषिक गुण यथेष्ट हुँदाहुँदै पनि उनले पिता, लिखित सिँदुर, शिक्षा, गोधूली, औषधि, शिक्षक, इच्छा, दिन, ऋण, प्रीति आदि जस्ता तत्सम शब्दको प्रयोग गरेकी छन् । उनले तत्सम शब्दभन्दा अत्यधिक कम

[६३] कृष्णहरि बराल, **गीत : सिद्धान्त र इतिहास,** पूर्ववत् पृ. ५२ ।

[६४] खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौं : ने.रा.प्र.प्र., २०६०), पृ. ४२ ।

मात्रामा तीतो, आज भुठ, जस्ता तद्‌भव शब्दको र स्वदेशी आगन्तुक शब्दभन्दा विदेशी आगन्तुक शब्द जस्तै अङ्ग्रेजीको शब्द कोकबोटल, पोर्तुगालीको शब्द गमला, बङ्गालीको शब्द माछा आदिको समेत सहज रूपमा प्रयोग गर्न सफल भएकी छन् । गायत्रीमा भाषिकाको कुनै प्रभाव नभए पनि उनले शब्द निर्माण गर्ने कार्यमा आफूलाई सशक्त बनाएकी छन् । उनले आंशिक द्वित्व र पूर्ण द्वित्वका शब्दहरू आफ्नो गीतिकवितामा सहज रूपले प्रयोग गरेको देखिन्छ । ती शब्दहरूमा भुरुरु, जुनीजुनी, सम्फीसम्फी, ठोकीठोकी रित्तोरित्तो, गनीगनी आदि रहेका छन् भने उनले कतैकतै विस्मयादिबोधक शब्दको प्रयोग पनि गरेकी छन् । गायत्रीले आफ्ना गीतिकवितामा शब्द संयोजन गर्दा अत्यधिक रूपमा निपात शब्द जस्तै पो, नि, ल, त, कि, चाँहि आदि शब्दको प्रयोग र केही मात्रामा अनुकरणात्मक शब्द भुतक्क, धुरुरु, सुटुक्क आदि शब्दको पनि प्रयोग गरेको देखिन्छ । यसका साथै उनका गीतिकवितामा अनेकार्थ शब्दको प्रयोग त्यति देखिँदैन । उनका गीतिकवितामा केही विचार पक्ष आएको हुँदा कथ्य भावको आभास चाहिँ पाइन्छ ।

# चौथो परिच्छेद

## देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषणको विश्लेषण

गायत्री श्रेष्ठको **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** समालोचनात्मक कृति वि. सं. २०४६ सालमा प्रकाशित भएको हो । उनको यो प्रथम प्रकाशित कृति हो । उनले यस कृतिमा देवकुमारी थापाको विविध पाटाहरूलाई छुट्टाछुट्टै ५ खण्डमा प्रस्तुत गरेकी छन् ।

उनले **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** भन्ने कृतिको प्रथम खण्डमा देवकुमारीको पूर्वज, जन्मस्थान र बाल्यकाल, शिक्षा साहित्यिक व्यक्तित्वको पूर्वाभ्यास र विवाह, सामाजिक, उत्तरदायित्व र गृहस्थ उपशीर्षक प्रस्तुत गरी चर्चा गरेको पाइन्छ । ती छुट्टाछुट्टै उपखण्डका शीर्षकलाई निम्नअनुसार विश्लेषण गरिन्छ :

### ४.१ देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषणमा प्रयुक्त विषयवस्तु

समालोचक गायत्री श्रेष्ठले नेपाली साहित्य जगत्‌की प्रसिद्ध कथाकार देवकुमारी थापाको पूर्वजको जन्म स्थान नेपालकै इलामको आम्बोटे भन्ने ठाउँमा भएको चर्चा गरेकी छन् । उनले देवकुमारीका पितामहीका दाजु दार्जिलिङ्गमा बस्ने गरेका हुनाले उनका पिता पनि सोही ठाएँमा पछि गएका हुन् भन्ने कुरा प्रस्तुत गरेकी छन् । गायत्रीले देवकुमारीका पिताले त्यहाँ गएर ठेकदारको कार्य गरेकाले तिनीहरूको आर्थिक स्थिति दह्रो रहेको प्रसङ्ग व्यक्त गर्दै उनका पिता हस्तबहादुर कटुवालले उनलाई गर्भमै छाडेर गएको र उनकी आमा रमादेवी पनि देवकुमारी थापा किशोरी नहुँदै स्वर्गवास भएको हुँदा देवकुमारीको जीवनमा आमा, बुबाको माया ममता नपाएको कुरा उल्लेख गरेको पाइन्छ ।

समालोचक गायत्रीले कथाकार देवकुमारी थापाको जन्म वि.सं.१९८४ मा दार्जिलिङ्गको गिद्दे पहाडमा भएको र उनका पिता हस्तबहादुर सिंह कटुवाल सम्पन्न परिवारका भएकाले उनी सिकार खेल्न सौखिन रहेको कुराको चर्चा गरेकी छन् । उनकी माता रमादेवी सिंह कटुवाल ज्यादै सुशील, धर्मपरायण, अल्पभाषी र मृदुभाषी रहेकी थिइन् भन्दै गायत्रीले देवकुमारी थापा टुहुरी हुनुमा दुःखदायी घटनाको चर्चा गरेकी छन् । यो कुरा देवकुमारीले आफ्नो हजुरमुमाबाट सुनेकी रहिछन् । कथाको प्रसङ्गमा एक दिन देवकुमारीको बुबा सिकार खेल्न जाँदा दैवसंयोगले गर्भिणी मृगको सिकार गरेछन् । त्यसैले देवकुमारी पनि गर्भमै टुहुरी हुन गएकी भन्ने विश्वास हजुरमुमाको रहेछ भन्ने कुरको चर्चा गायत्रीले गरेकी छन् ।

### बाल्यकाल

समालोचक गायत्रीले देवकुमारी थापा गर्भावस्थामा छँदा पिताको र १० वर्षकी छँदा आमाको समेत देहान्त भए तापनि देवकुमारीको लालनपालन उनकी हजुरआमाले गरेको उल्लेख गरेकी छन् । हजुरआमाको न्यानो मायामा हुर्किएकी कथाकारको बाल्यकालमा शिक्षादीक्षाको कुनै सङ्कट परेको आभास नपाइएको भन्ने कुराको समेत गायत्रीले तर्क दिन्छन् ।

### शिक्षा साहित्यिक व्यक्तित्वको पूर्वाभ्यास

देवकुमारी थापालाई शिक्षा आर्जन गराउने उनकी हजुरआमाको ठूलो भूमिका रहेको चर्चा गरेकी छन् । सानै उमेरदेखि तीक्ष्ण मस्तिष्क भएकी देवकुमारीले स्कुले जीवनमा नै **टुपेडो** जस्तो निबन्ध लेखेर प्रथम भएकी हुन् भन्ने कुराको चर्चामा गायत्री श्रेष्ठले जोड दिएको पाइन्छ । गायत्री श्रेष्ठले देवकुमारी थापा बाल्यकालमा भएको अन्तर्मुखी, एकान्तप्रेमी र अङ्ग्रेजी इन्साइक्लोपिडिया पढ्ने स्वभावको बारेमा चर्चा गर्दै देवकुमारी थापाले आफूलाई वि.सं. २००७।८ सालदेखि साहित्य क्षेत्रमा संलग्न गराउँदै आएकी हुन् भन्ने कुराको समेत उल्लेख गरेकी छन् ।

देवकुमारी थापाको साहित्यिक यात्राको पहिलो पाइला **हिमाल किशोर** मासिक पत्रिकाको सम्पादन गरेबाट भएको हो भन्ने तर्क गायत्रीले प्रस्तुत गरेकी छन् । उनी केही वर्ष दार्जिलिङ्गबाट प्रकाशित **दियालो** मासिक पत्रिकाको सम्पादन मण्डलीमा रही काम गरेको पनि पाइन्छ भन्दै गायत्रीले देवकुमारी थापाले सानै उमेरमा पत्रिकाको सम्पादन गर्नु, घरमा द्वितीय विश्वयुद्धको चर्चा परिचर्चाद्वारा प्रभावित भई **टुपेडो** जस्तो निबन्ध लेख्नु उनको मौलिक प्रतिभाको परिचय हो भन्नेतर्फ समेत राखेकी छन् ।

### विवाह, सामाजिक उत्तरदायित्व र गृहस्थ

समालोचक गायत्री श्रेष्ठले कथाकार देवकुमारीको विवाह ई सं.१९६० मा मेजर बबरसिंह थापासँग भएको कुराको उल्लेख गरेकी छन् । गायत्रीले उनको पतिको वंशज बङ्गाल थापा समूहसम्म फैलिएको र मेजर बबरसिंह थापाको पितामह भीमसेन थापाको सम्बन्ध पनि तिनै बङ्गाले थापासँग भएको हुनसक्ने अनुमान पनि उल्लेख गरेको पाइन्छ । भीमसेन थापा १९१४ ई.सं.मा दोस्रो र तेस्रो गोर्खाजमा पहिलो नेपाली अफिसर भएको र उनको सुपुत्र मेजर बबरसिंह थापाले पनि डन् एकादमीबाट आर्मी कोर्स पास गरेका कुराको समेत चर्चा समालोचक गायत्रीले प्रस्तुत गरेकी छन् । देवकुमारी थापाको साहित्यिक यात्रालाई विवाहअघि र विवाहपछि भनी विभाजन गर्ने उनको दुवैतर्फको वंशावली उल्लेख गरिएको तर्कसमेत गायत्रीले राखेको पाइन्छ ।

विवाह पूर्व साहित्यिक यात्रामा उनी कथाकार सुश्री देवकुमारी सिंह कुटुवालका रूपमा चिनिएकी थिइन् भन्दै विवाह पछि भने श्रीमती देवकुमारी थापाका रूपमा चिनिएको प्रसङ्गको कुरा समेत गायत्रीले गरेकी छन् । गायत्रीले देवकुमारी थापाको विवाह पूर्वका साहित्यिक यात्राले एक दशक लिएको हुँदा ती परिवेशहरूले कथाकारमा जीवन्तमा प्राप्त गरेको कुराको समेत चर्चा गरेकी छन् ।

कथाकार देवकुमारी थापाले सुन्दर र मीठा कथामा आफ्ना भाव सहज रूपमा व्यक्त गरेजस्तै उनको व्यवहारिक र वास्तविक घरायसी जीवनपद्धति पनि तिनै कथाहरूसँग मिल्दोजुल्दो रहेको पाइन्छ भन्दै यो जो कसैले अनुभव गर्न सक्छन् भन्ने कुरामा गायत्रीले तर्क राखेकी छन् । यिनै सन्दर्भको उदाहरण दिँदै गायत्रीले देवकुमारी थापाको घरमा प्रवेश गरेको र त्यहाँको प्राकृतिक सुन्दरताको वर्णन समेत गरेकी छन् । उनको सानो फूलबारीमा ढकमक्क फुलेका फूलहरू रहेका थिए भन्दै गायत्रीले त्यहाँ रहेका माछाका आकारका काठका मुडाहरू र भित्तामा सजाइएको तरवारको पनि छुट्टै पहिचान बोकेको छ भन्ने सन्दर्भको तर्क प्रस्तुत गरेकी छन् । त्यो तरवार सजाउनुको अर्थले पनि इतिहास बोकेको छ भन्दै गायत्रीले द्वितीय विश्वयुद्धमा मेजर बबरसिंह थापाले जापानसँग पाएको **टर्फी** हो भन्ने कुराको तर्क राखेकी छन् । गायत्रीले उनलाई अति सम्बेदनशील हृदय भएकी कथाकार भनी उनले आफ्ना पतिको पुरुषार्थ कदर गर्न जानेकी गृहिणी पत्नी पनि हुन् भन्ने मान्यतालाई पनि प्रस्तुत गरेको देखिन्छ । गायत्रीले कथाकार थापालाई समाजसेवी भएको पनि पाएकी छन् । उनको साहित्यिक व्यक्तित्वसँग सामाजिक व्यक्तित्व पनि जोडिएको पाइन्छ भन्दै गायत्रीले उनलाई प्रथम साहित्यिक व्यक्तित्व र दोस्रोमा समाजसेवी व्यक्तित्वका रूपमा उल्लेख गरेकी छन् ।

गायत्रीले उनलाई चोखो साहित्यकार मात्र नभएको भन्दै न त केवल सफल गृहिणी मात्रै हुन् भन्ने तर्क राखेकी छन् । उनले आफ्नो दैनिक जीवन सम्हाल्दै सामाजिक कार्य पनि गर्दै गरेकी छन् भन्ने कुराको उल्लेख पाइन्छ । देवकुमारी थापाले हरेक क्षेत्रमा नारी र पुरुष भनी विभाजन गर्ने मन नपराउने व्यक्तित्वका रूपमा आफूलाई स्थापित गरेकी छन् भन्दै गायत्रीले उनको व्यक्तित्व साहित्यिक भएर पनि सामाजिक व्यक्तित्व पूरकको रूपमा आएको देखिन्छ भन्ने प्रसङ्गलाई उल्लेख गरेको पाइन्छ ।

यसै कृतिको दोस्रो खण्डमा **साहित्यिक व्यक्तित्व, नेपाली कथा साहित्यको सन्दर्भ र पृष्ठभूमि, देवकुमारी पूर्वको नेपाली कथाको पृष्ठभूमि**, **प्रवेश र प्रेरणा**, **समसामयिक-समवर्ती र उत्तरवर्ती कथाकारहरू** जस्ता उपखण्डका शीर्षकहरू रहेको छन् । उक्त उपखण्डका शीर्षकहरूलाई खण्ड एकको जस्तै गरी विश्लेषण गरिन्छ :

### नेपाली कथा साहित्यको सन्दर्भ र पृष्ठभूमि

गायत्री श्रेष्ठले विश्वका धेरै साहित्यमा आधुनिक रूपका कथा लेख्ने प्रवृत्ति आधुनिक नेपाली कथाको परिप्रेक्ष्यामा निकै पुरानो भइसकेको छ भन्ने तर्क प्रस्तुत

गरेको पाइन्छ । उनले वि.सं. १९९२ सालमा मात्र नेपाली कथामा पाश्चात्य प्रवृत्तिको प्रवेश भएको भए पनि यस भन्दा पूर्व अन्य मानवसमाजमा जस्तै नेपाली जनजीवनमा पनि कथाको अस्तित्व थियो भनेकी छन् । ती कथाहरू लोककथा, दन्त्यकथा, मिथक आदिका रूपमा कथाहरू भनिन्थे र सुनिन्थे भन्दै गायत्रीले ती कथाहरू लेख्ने प्रवृत्ति क्रमशः विश्व साहित्यबाट हराए जस्तै समयको गतिसँगै नेपाली साहित्यको प्रभावबाटै आधुनिक नेपाली कथा साहित्यको विकास भएको हो भनी उल्लेख गएको पाइन्छ । उनले १९९० को दशक आधुनिक नेपाली साहित्यको अन्य विधाहरूका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ भन्ने तर्क राखेकी छन् यो दशक आधुनिक नेपाली कथाको लागि पनि अत्यन्त महत्त्वपूर्ण रहेको भन्दै गायत्रीले आधुनिक कथाका जनक मानिने कथाकार गुरुप्रसाद मैनालीले वि.सं. १९८६ मा नै पहिलो सामाजिक कथा **नासो** लेखेर समाजको चित्रण गर्न सक्षम भएका हुन् भन्ने उल्लेख गरेकी छन् । यसैगरी उनी पछिका तीनजना कथाकारहरू बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला र पुष्कर शमशेर हुन् भन्दै गायत्रीले मैनालीको सामाजिक चित्रणको व्यापकता, कोइरालाको मनोविश्लेषणात्मक, समको बौद्धिकता र पुष्करको तार्किकतालाई आधुनिक नेपाली कथाहरूले प्रतिनिधित्व गरेको बताउँदछिन् । अन्त्यमा गायत्रीले माथिका चार कथाकारहरूले अवलम्बन गरेका पद्धतिलाई अँगाल्दै १९९० कै दशकभित्र भवानी भिक्षु र गोविन्द गोठाले जस्ता प्रसिद्ध मनोवैज्ञानिक कथाकारहरू समेत देखापरेका प्रसङ्ग उल्लेख गरेको पाइन्छ ।

## देवकुमारी पूर्वको नेपाली कथाको पृष्ठभूमि

समालोचक गायत्रीले आधुनिक नेपाली कथाका प्रणेता मैनाली, सम, कोइराला र पुष्करलाई मानेकी छन् । यिनले यी कथाकारहरू र देवकुमारी थापाको समेत अन्तराल १५ वर्ष रहेको उल्लेख गरेकी छन् । गायत्रीले देवकुमारी थापा जुन समयमा नेपाली कथा विधामा प्रवेश गरेकी थिइन् त्यसबेला नेपाली कथा विधा विकसित र परिमार्जित भइरहेको थियो भन्ने तर्क राखेको पाइन्छ तर नारी प्रतिभा आइसल्याण्डको सर्प बराबर थिए भनेकी छन् । उनले आधुनिक नेपाली कथाको थालनी वि.सं. १९९२ देखि नै मानेकी छन् । त्यस समयपछि कलम चलाउने विभिन्न प्रतिभाहरू दिनानुदिन जन्मिएका छन् भन्ने प्रसङ्गसमेत उल्लेख गरेको पाइन्छ ।

## प्रवेश र प्रेरणा

गायत्रीले देवकुमारी थापाको **पतन** शीर्षकको कथालाई प्रथम कथा मानेकी छन् । उनले देवकुमारीको यो कथा वि.सं. २००७ सालको **गोरखापत्र**मा छापिएको भन्दै उनी कथामा अत्यन्त रुचि राख्ने प्रतिभा हुन् भनेकी छन् । गायत्रीले देवकुमारीको कथाकारिताको विकास कसरी विकसित भएको हो भन्ने कुरामा ठोस तर्क दिएकी छैनन् । उनले नेपालमा आधुनिक कथाको विकाससँगै उनेको कथागत विकास भएको मानेकी छन् । गायत्रीले उनलाई किशोरी अवस्थादेखि प्रवासमा बसेकी हुँदा उनमा हिन्दी कथा साहित्यको प्रभाव पर्‍यो होला भन्ने कुराको अनुमानसमेत गरेकी छन् । गायत्रीलाई देवकुमारीले आफू अन्य कथाकारका

कथाबाट प्रभावित नभए पनि 'गोठाले' को **निन्द्रा आएन**बाट प्रभावित भएको कुराको जानकारी प्रत्यक्ष भेटमा गराएको उल्लेख गरेको पाइन्छ । देवकुमारीले प्रवासमा बसेर पनि नेपाली जनजीवनको सशक्त चित्रण गरेकी छन् भन्दै उनको योगदानलाई आधुनिक नेपाली साहित्यको निमार्ण कालका निर्माणकर्मीहरूमध्ये कथाकार देवकुमारी पनि एक हुन् भन्ने कुराको उल्लेख गरेको पाइन्छ ।

## समसामयिकता-समवर्ती र उत्तरवर्ती कथाकारहरू

समालोचक गायत्री श्रेष्ठले थापाको कथाकारिताको थालनी सुरु हुनुभन्दा करिब १५ वर्ष अघि नै नेपाली कथाको बाटो फराकिलो भइसकेको तर्क प्रस्तुत गरेको पाइन्छ । गायत्री उक्त घटनाको कारणले नै आधुनिक नेपाली कथामा चार मोड ल्याइदिएको प्रसङ्गसमेत उल्लेख गरेकी छन् ।

यिनै मोडलाई चौडा बनाएर हिँड्ने उनका समवर्ती कथाकारहरूमा गायत्रीले निम्न कथाकारको नाम उल्लेख गरेकी छन् । ती कथाकारहरूमा रूपनारायण सिंह, शिवकुमार राई, गोविन्दबहादुर मल्ल 'गोठाले', विजयबहादुर मल्ल, तारणीप्रसाद कोइराला, भीमनिधि तिवारी, इन्द्र सुन्दास, परशुराम रोका, अच्छा राई, केशवराज पिँडाली, माधवलाल कर्माचार्य, कृष्णचन्द्रसिंह प्रधान र बाबुलाल प्रधान आदिको नाम उल्लेख गरेको पाइन्छ ।

गायत्रीले देवकुमारी थापासँगसँगै यात्रा गर्ने सहयात्रीमध्ये कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले'ले आधुनिक नेपाली कथामा बालमनोवैज्ञानिक कथा लेखी आधुनिक कथामा पाँचौं मोड ल्याइदिएको प्रसङ्ग व्यक्त गरेकी छन् । उनले कथाकार देवकुमारीलाई आफ्नो गहिरो छाप छोड्न सकेकाले उनीहरूको कथा लेखनको तारतम्य मिल्दोजुल्दो पाइन्छ भन्ने कुरा उल्लेख गरेकी छन् । यसका साथै गायत्रीले कथाकार देवकुमारीले र अन्य कथाकारहरूले पनि कथाविधामा यिनै मोडहरूलाई अन्तरकुन्तरसम्म खोल्नुबाहेक खास नयाँ मोड ल्याएका छैनन् भन्ने तर्कसमेत प्रस्तुत गरेको पाइन्छ ।

गायत्रीले कथाकार देवकुमारी थापाको उत्तरवर्ती कथाकारहरूको प्रसङ्ग ल्याउँदा कथाकार सुश्री पारिजातको नाम लिएकी छन् । उनले नयाँ मोडको नयाँ सफलता दिन तत्पर भएकीले त्यो चौडा बाटोलाई अझ फराकिलो पारेकी छन् भन्ने कुराको उल्लेख गरेकी छन् । गायत्रीले पारिजात उपन्यासकार भए पनि उनका कथाहरू कम महत्त्वपूर्ण छैनन् भन्दै उनका **मैले नजन्माएको छोरो** कथा र **आदिमपदेश** कथासङ्ग्रह र **साल्गीको बलात्कृत आँसु**जस्ता कथाहरूको उदाहरणसमेत दिएकी छन् । कथाकार पारिजातपछि कथाक्षेत्रमा नारी, पुरुष एवम् नवयुवतीमा कथाहरू देखापर्दै नयाँ मोड समेत देखापरेको चर्चा गरेको पाइन्छ । देवकुमारी थापाका उत्तरवर्ती कथाकारहरूमा उनले प्रेमा शाह, माया ठकुरी, अनिता तुलाधर, भागीरथी श्रेष्ठ, पद्मावती सिंह, सीता पाण्डे, वेञ्जु शर्मा, मञ्जु काँचुली, माधव भण्डारी, पुष्कर लोहनी, कुमार नेपाल, मोनराज शर्मा, आदिको नाम उल्लेख गरेको पाइन्छ ।

यसैगरी गायत्रीले तेस्रो खण्डमा **देवकुमारी थापाका कृतिको सर्वेक्षण**, **कथा विधाको सर्वेक्षण, बालकथा, जीवनी लेखक एवम् सम्पादकको रूपमा देवकुमारी थापा**, जस्ता उप-खण्डका शीर्षकहरू राखेकी छन् । उक्त उप-खण्डका शीर्षकहरूलाई माथिका खण्डहरूमा जस्तै विश्लेषण गरिन्छ :

**कथाविधाको सर्वेक्षण**

गायत्री श्रेष्ठले कथा विधाको सर्वेक्षणमा देवकुमारीका कथाहरूलाई दुई चरणमा विभाजन गरी उल्लेख गरेकी छन् । उनले विवाहपूर्वलाई प्रथम चरण र विवाहपश्चात् द्वितीय चरण गरी उनको कथा विधाको सर्वेक्षण गरेको देखिन्छ ।

गायत्रीले उनको २००७ सालको **गोरखापत्र**मा छापिएको **पतन** र त्यसपछि देखापरेका कथासङ्ग्रहरू भनी उल्लेख गरेकी छन् । ती प्रथम चरणका कथासङ्ग्रहहरूमा उनले (१) एकादशी (२०१२) (२) झझल्को (२०१५) र (३) सेतो बिरालो (२०२१)लाई मात्र प्रस्तुत गरेकी छन् ।

यसैगरी गायत्रीले माथि उल्लेख गरिएका बाहेकका १९९५ देखि प्रकाशित भएका कथासङ्ग्रहलाई उनको द्वितीय चरणका कथाहरू मानेकी छन् । ती कथा सङ्ग्रहमा (१) टपरी (ई.सं. १९६५) (२) भोकतृप्ति (२०४१) (३) प्रलय-प्रतीक्षा (२०४४) रहेका छन् ।

**बालकथा**

समालोचक गायत्री श्रेष्ठले देवकुमारी थापाका साहित्यिक ध्रुवहरू दुई प्रकारका रहेका छन् भन्ने उल्लेख गरेकी छन् । गायत्रीले उनलाई सामाजिक कथाकार र बाल साहित्यकारका रूपमा गोठालेको बाल मनोविज्ञानकथाबाट प्रभावित भएर बालसाहित्यमा बालकथा अतिरिक्त बालमनोविज्ञानमा आधारित कथा लेख्ने थालेको प्रसङ्ग प्रस्तुत गरेको पाइन्छ । गायत्रीले देवकुमारी थापाका दुवै चरणका बालकथा एवम् बालसाहित्यलाई समेत समष्टिमा प्रस्तुत गरेकी छन् । ती कथाहरूमा (१) रामको कथा (२) छ तारा (३) वरपरबाट (४) जंगलको कथा (५) कथाको बटुलो (६) सुनपखेरी चरी जस्ता रहेका पाइन्छन् ।

**जीवनको लेखन एवम् सम्पादनको रूपमा देवकुमारी थापा**

समालोचक गायत्रीले देवकुमारी थापालाई किशोरावस्थादेखि कथालेखनमा मात्र सक्रिय नभई उनी सम्पादकका रूपमा पनि कार्य गरेको प्रसङ्ग व्यक्त गर्दछिन् । गायत्रीले उनको जीवनी लेखन र सम्पादन कार्यलाई समेत उल्लेख गरेकी छन् । वि.सं.२००६।०७ सालदेखि नै साहित्य क्षेत्रमा प्रवेश गरेकी श्रीमती थापा आफ्नो कलिलो उमेरमा नै **हिमाल किशोर** मासिक पत्रिकाको सम्पादन गरेकी थिइन् भन्ने कुराको उल्लेख गरेकी छन् । यसका साथै उनी दार्जिलिङ्गबाट प्रकाशित **दियालो** मासिक पत्रिकाको सम्पादन मण्डलमा रही काम गरेको चर्चा पनि पाइन्छ । उनले **पुण्यात्मा आमा** भन्ने जीवनी लेखेको जानकारीसमेत गायत्रीले उल्लेख गरेकी छन् ।

त्यस्तै, गायत्रीले चौथो खण्डमा **देवकुमारी थापाका प्रतिनिधि कथाको अध्ययन, देवकुमारी थापाको कथाका वर्गीकरण, बाल-मनोवैज्ञानिक कथा लेखनमा देवकुमारी थापाको योगदान, देवकुमारी थापाका नारी मनोविज्ञान एवम् नारी समस्यामा आधारित कथाहरू** उक्त उपखण्डका शीर्षकहरूलाई माथिका खण्डहरू जस्तै विश्लेषण गरिन्छ :

**देवकुमारी थापाका प्रतिनिधि कथाको अध्ययन**

समालोचक गायत्री श्रेष्ठले देवकुमारी थापाको बालकथासङ्ग्रह बाहेक ६ वटा कथासङ्ग्रहहरू रहेका छन् भन्दै उनले प्रस्तुत लघुशोधमा उनका ३ कथासङ्ग्रहको मात्र विश्लेषण गरेकी छन् । उनका ती कथा सङ्ग्रहहरूमा (१) टपरी (२०२२) (२) सेतो बिरोलो (२०२१) (३) भोक तृप्ति (२०४१) रहेको छन् । **टपरी** र **सेतो बिरोलो** उनको पूर्वार्द्ध कालमा र **भोक तृप्ति** उत्तरार्द्ध कालमा लेखिएको हो भन्ने सन्दर्भलाई पनि प्रस्तुत गरेकी छन् ।

उनले **टपरी** कथासङ्ग्रह रहेका कथाहरूलाई यसप्रकार उल्लेख गरेकी छन् :

(१) दुई परिस्थिति (२) सुनको कुरा (३) पदच्युत (४) जीवनको मोहा (५) अनौठो स्मृति (६) रहर (७) परदेशी (८) कुकुरको छाउरो (९) झझल्को (१०) तिर्खा (११) ठूलो देशभक्तिको सानो तस्वीर (१२) खाटा नबसेको घाऊ (१३) रुचि (१४) प्याजी (१५) बेसारको फूल ।

त्यसैगरी उनले **सेतो बिरालो** कथासङ्ग्रहभित्र रहेका उनका कथाहरूलाई निम्नअनुसार उल्लेख गरेकी छन् :

(१) सेतो बिरालो (२) रिट्ठेको प्रश्न (३) स्वाद (४) अवचेतन (५) स्वास्नीमान्छे (६) दुई रूप (७) कथा (८) अवश्यभावी (९) भेट (१०) समुद्रका बालुवा ।

यसरी नै गायत्रीले **भोकतृप्ति** कथासङ्ग्रहमा सङ्कलित कथाहरूलाई निम्नअनुसार उल्लेख गरेकी छन् :

(१) मोती हुन नसकेको आँसु (२) टाढाको युद्ध (३) त्यो उपहार कति बहुमूल्य थियो (४) हिङ्को गन्ध (५) अचानो (६) पींढीको फाँट (७) एउटा मृत्यु संयोगको (८) अनिकालमा बीउ जोगाउनु (९) आतङ्क (१०) मोहको एउटा क्षण (११) ऐन कानुन (१२) भोक तृप्ति (१३) सम्बन्ध (१४) चर्केको छानो ।

**देवकुमारी थापाका कथाको वर्गीकरण**

समालोचक गायत्री श्रेष्ठले कथाकार देवकुमारी थापाका कृतिहरूको वर्गीकरण निम्नानुसार गरेको पाइन्छ :

(१) **बालमनोवैज्ञानिक :** (क) भविष्य निर्माण (ख) रहर (ग) रिट्ठेको प्रश्न (घ) दुई रूप (ङ) कुकुरको छाउरो (च) पदच्युत (छ) मोती हुन नसकेको आँसु ।

(२) **मनोवैज्ञानिक :** (क) एउटा मृत्यु संयोगको (ख) त्यो उपहार कति बहुमूल्य थियो (ग) अवश्यम्भावी ।

(३) **नारी समस्यामूलक :** (क) दुई परिस्थिति (ख) सम्बन्ध (ग) मोहको एउटा क्षण (घ) स्वास्नी मान्छे ।

(४) **प्रणयप्रधान :** (क) सम्बन्ध (ख) मोहको एउटा क्षण (ग) परदेशी

(५) **सामाजिक कथा :** (क) भोकतृप्ति (ख) वीरको कथा (ग) चर्केको छानो (घ) हिङ्को गन्ध ।

(६) **राष्ट्रिय संचेतनायुक्त कथा :** (क) ठूलो देशभक्तिको सानो तस्वीर ।

## बाल मनोवैज्ञानिक कथा लेखनमा देवकुमारी थापाको योगदान

समालोचक गायत्री श्रेष्ठले पनि गोविन्दबहादुर मल्ल 'गोठाले'लाई बालमनोवैज्ञानिक कथा लेख्ने कथाकारको रूपमा उल्लेख गरेकी छन् । उनको सम्बन्ध पहिलो बालमनोवैज्ञानिक कथा **निद्रा आएन** हो भन्दै गायत्रीले गाठालेद्वारा वीजारोपण गरिएको बालमनोवैज्ञानिक कथा लेखन परम्परालाई देवकुमारीले निरन्तरता दिएको तर्क प्रस्तुत गरेको पाइन्छ । उनले देवकुमारीलाई बालसाहित्य लेखन एवम् बालमनस्थितिको अध्ययन गर्नमा समर्पित व्यक्तित्वका रूपमा मानेकी छन् । देवकुमारीले कथाको क्षेत्रमा दिएको योगदान नेपाली कथा साहित्यजगत्मा अत्यन्त महत्त्वपूर्ण रहेको भन्ने तर्क राखेकी छन् ।

गायत्री श्रेष्ठले देवकुमारीका भविष्य निर्माण, रहर, रिट्ठेको प्रश्न, कुकुरको छाउरो, पदच्युत जस्ता बालमनोवैज्ञानिक कथाहरूको प्रसङ्ग उल्लेख गरेर नेपाली कथा साहित्यमा उनको योगदानको उच्च मूल्याङ्कन गरेको देखिन्छ ।

## देवकुमारी थापाका नारीमनोविज्ञान एवम् नारी समस्यामा आधारित कथाहरू

समालचोक गायत्री श्रेष्ठले देवकुमारीका कथाहरू बालमनोवैज्ञानिक मात्र नभई नारी मनोविज्ञान एवम् नारी समस्यामूलक विषयवस्तुमा प्रस्तुत हुनुपर्ने तर्क राखेको पाइन्छ । देवकुमारीले नारीको समस्या, नारीको मनस्थिति, नारीमा विद्यमान अतृप्त विविध चाहनाहरूलाई कथात्मक रूपमा प्रस्तुत गर्ने सफल भएकी छन् भन्दै गायत्रीले समाजको विभिन्न समस्याहरूमा नारीको सम्बन्ध रहन्छ भन्ने प्रसङ्ग व्यक्त गरेको पाइन्छ । कथाकारको लामो लेख यात्रामा नारीहरूको समस्यालाई रौंचिरा अध्ययन देवकुमारीले आफ्ना कथाहरूमा गरेकीले ती वर्गका नारीहरूमा यस्ता समस्याहरू विवाहित वा अविवाहित जुन किसिमले पनि आएका छन् भन्ने तर्क गायत्रीले राखेकी छन् ।

कथाकार देवकुमारीलाई समालोचक गायत्रीले हेर्ने दृष्टिकोण पूर्वीय आदर्शअनुकूल रहेको पाइन्छ देवकुमारी धारणामा नारीहरू पूर्वीय आदर्शअनुरूप नै चल्नुपर्छ भन्ने तर्क उनका कथाबाट प्राप्त गर्न सकिन्छ भन्ने प्रसङ्ग गायत्रीले गरेकी छन् । गायत्री श्रेष्ठले देवकुमारी थापाका कथामा भेटिएका नारी समस्या र नारीमनोविज्ञानसँग सम्बन्धित कथाहरूलाई सशक्त रूपमा चर्चा गरेकी छन् । कथाकार देवकुमारी थापाले **दुई परिस्थिति** कथामा एउटा अतृप्त यौन एवम् मातृत्वचेतना तर भग्न मनोरथा शुशिक्षिता नारीको राखूँ र छोडूँको परिस्थितिलाई कलात्मक ढङ्गले व्यक्त गरेकी छन् भन्ने प्रसङ्गलाई गायत्रीले चर्चा गरेको पाइन्छ । गायत्रीले उनको **तिर्खा** कथालाई अव्यक्त यौनविश्लेषणका रूपमा प्रस्ट पार्ने काम गरेको पाइन्छ । त्यसैगरी गायत्री उनको अर्को **सम्बन्ध** कथा घटनाले नारीहृदयमा एकपल्ट कसैलाई स्थान दिई सकेपछि पुनः अरूलाई त्यो सुम्पन सम्भव छैन भन्ने उल्लेख गरेकी छन् । उनको अर्को **मोहको एउटा क्षण** कथालाई रूप यौवन, शिक्षा वा आर्थिक सम्पन्नता र विपन्नताको सामाजिक प्रतिष्ठा वा अप्रतिष्ठामा देखिने बाह्य विषयभन्दा अरू नै अन्तस्य अदृश्य तत्त्वबाट प्रीतिसूत्र परिचालित छ भन्ने प्रसङ्ग गायत्रीले यस कथामा व्यक्त गरेको पाइन्छ । यसका साथै गायत्रीले उनको **समुन्द्रको बालुवा** कथामा नारी हृदयबाट उब्जिएको प्रेमलाई समुन्द्रको निर्मलतासँग तुलना गर्दछिन् भन्ने कुराको पनि उल्लेख गरेको देखिन्छ । गायत्रीले उनको **स्वास्नी मान्छे**मा एउटा अस्तित्वबोध भएकी नारीको चित्रण गरिएको प्रसङ्गसमेत उल्लेख गरेको तर्क गायत्रीले दिएकी छन् ।

यसै कृतिको पाँचौं खण्डमा गायत्रीले **कथाकार देवकुमारी थापाको सामाजिक कथाहरू देवकुमारी कथामा राष्ट्रिय भावना, उपसंहार** जस्ता उप-खण्डका शीर्षकहरू समावेश गरेको पाइन्छ । ती उप-खण्डका शीर्षकहरूलाई माथिका खण्डहरू जस्तै विश्लेषण गरिएको छ :

**कथाकार देवकुमारी थापाका सामाजिक कथाहरू**

समालोचक गायत्री श्रेष्ठले कथाकार देवकुमारी थापालाई बालमनोवैज्ञानिक, नारी-मनोवैज्ञानिक, नारी समस्यामूलक कथा लेख्न सिद्धहस्त भए जस्तै उनी सामाजिक कथा लेखनमा पनि उत्तिकै सशक्त रहेको तर्क उल्लेख गरेको पाइन्छ । उनका समाजिक कथामा खासगरी सामाजिक विषमताभित्र राष्ट्रियता जस्ता धारणा रहेको प्रसङ्ग उल्लेख गरेकी छन् । देवकुमारीले समाजमा विद्यमान सूक्ष्म एवम् स्थूल समस्यालाई कथाको माध्यमबाट पाठक समक्ष प्रस्तुत गर्ने प्रवृत्ति रहेको छ भन्ने गायत्रीको भनाइ छ । गायत्रीले देवकुमारीका कथालाई यथार्थोन्मुख आर्दशवादी भनेको पाइन्छ । देवकुमारीले समाजको भौतिक यथार्थलाई हाम्रो पूर्वीय आदर्शले सिँगार्नुपर्ने देखेको गायत्रीले व्यक्त गर्दछिन् तर त्यो आर्दश अन्धविश्वासमा आधारित समसामयिकता भयो भने दुःखदायी हुन्छ, त्यस्तै यथार्थ पनि अति नै योगमूलक भयो भन्ने सुखमय हुन सक्दैन भन्ने तर्क गायत्रीको छ । यो समाजमा प्रत्येक व्यक्ति एउटा कथा बोकेर उभिएको हुन्छ, यसलाई देवकुमारीले जस्तै तीक्ष्ण बुद्धि भएकी कथाकारले मूर्तरूप दिन्छन् भन्ने प्रसङ्ग पनि समालोचकको रहेको छ ।

समालोचक गायत्री श्रेष्ठले यस लघुशोधमा देवकुमारी थापाका कथाहरूलाई सामाजिक कथाभित्रका प्रतिनिधि कथाहरू भनी निम्नानुसार चर्चा गरेकी छन् । उनले देवकुमारीको **हिङ्को गन्ध** कथालाई समाजको निम्नवर्गका पात्रहरूको प्रतिनिधित्व गरी लेखिएको कथा भनी **वीरेको कथा**को चर्चा गरेको पाइन्छ । उनले वीरेको कथालाई नेपाली जनजीवनको नेपाली राष्ट्रियताको र विदेशीको नोकरी गरेर बस्नुपर्ने नेपाली आत्माको कथा भन्दै विषयवस्तुको समेत बोध गराएकी छन् । त्यस्तै उनले देवकुमारी थापाको अर्को कथा **चर्केको छानोलाई** प्रतीकात्मक कथा भनी नायकको मानसिकता प्रायः समस्त नेपाली पुरुषको मानसिकता हो भन्ने तर्क प्रस्तुत गरेको देखिन्छ ।

गायत्रीले देवकुमारी थापाको **आतङ्क** कथालाई सधैँ एकनासे वातावरणमा मानवीय चाहनाको विपरीत प्रस्तुत भएको भनेर उल्लेख गरेकी छन् । गायत्रीले देवकुमारी थापाको **दुई रूप** कथालाई एकातिर गरिबीको दुई रूपको चित्रण गरिएको र अर्कातिर अशिक्षित समाजको यथार्थको चित्रण गरिएको छ भन्ने भनाइ प्रस्तुत गरेको देखिन्छ ।

**पिँढीको फाँट** कथामा वैचारिक विभेदको चर्चा कुमारीले गरेको कुरामा गायत्रीले जोड दिएको पाइन्छ । समालोचक गायत्री श्रेष्ठले देवकुमारीको **ऐन कानुन** कथालाई नेपाली ग्रामीण नारी समाजको स्थितिबोध गराउने कथाको रूपमा तर्क दिन्छिन् । समालोचक गायत्री श्रेष्ठले देवकुमारीको **भोक तृप्ति** कथालाई मानिसको भौतिक भोक र आत्मिक भोकको प्रतीकात्मक चर्चा भएको छ भन्ने तर्क राख्दछिन् । गायत्रीले देवकुमारीको **मोती हुन नसकेको आँसु** कथालाई सामाजिक कथाको उत्कृष्ट नमुना भन्दै पहाडी बालकको जिज्ञासु मनोवृतिको चित्रण गरेको प्रसङ्ग व्यक्त गरेको पाइन्छ ।

## देवकुमारी थापाका कथामा राष्ट्रिय भावना

समालोचक गायत्री श्रेष्ठले देवकुमारी थापाका कथाभित्र राष्ट्रिय भाव छचल्किएको पाइन्छ भन्ने तर्क राखेकी छन् । गायत्रीले उनका कथामा मानवीय समवेदना जातीय गौरव, देशप्रेमका भावनाहरू चाकाबाट मह चुहिए जत्तिकै चुहिएको हुन्छ भनेकी छन् । ती थोपाहरू चुहिएको स्वयम् कथाकारलाई याद नहुन सक्छ भन्दै गायत्रीले देशकभक्ति भनेर प्रत्यक्ष प्रचारप्रसार गर्नु र भाषण दिएर आफू लाई अगाडि ल्याउनु मात्र होइन भन्ने तर्क राख्दछिन् ।

गायत्री श्रेष्ठले देवकुमारी थापाको **ठूलो देशभक्तिको सानो तस्वीर** कथालाई एउटी विदेशी सुन्दरी सन्यासीनीले गरेको अतुलनीय मानव सेवा र देशप्रेमको संस्मरणको कथा भनी तर्क राखेकी छन् । देवकुमारीको अर्को कथा **अचानो** शीर्षकको कथालाई उनले विश्वको उत्कृष्ट कथाको रूपमा हेरेको पाइन्छ भने **वीरेको कथा** सामाजिक समस्यामूलक कथा भए तापनि राष्ट्रिय भावसमेतको चर्चा गरेकी छन् ।

## उपसंहार

प्रस्तुत लघु-शोधको उपसंहारमा समालोचक गायत्री श्रेष्ठले साहित्यलाई समाजको ऐना मानेकी छन् । साहित्यले समाजको एउटा विश्वरूप निर्माण गरेको हुन्छ । समाजभित्र अनन्त तत्त्वहरू रहेछन् । समाजको व्यक्ति, समुदाय, आदिका आ-आफ्ना इच्छा र रुचिका क्षेत्र रहेका हुन्छन् । तिनै अनुकूल कुनै न कुनै रूपमा साहित्य लेखिएको हुन्छ भन्ने विचार प्रस्तुत गरेकी छन् ।

वरिष्ठ कथाकारहरूले नेपाली कथाविधालाई उन्मुख गराइसकेको अवस्थामा देवकुमारी थापाको आगमन भएको गायत्रीले मानेकी छन् । प्रवासमा भेदभाव नहुने हुनाले उदारता र जातीय एकता कायम छ भन्दै गायत्रीले देवकुमारीको जीवनको प्रथम चरणमा परेका यी प्रभाव समाजसँग मिल्दोजुल्दो भएर पनि आफ्नै खालको पहिचान पाइन्छ भनेर उल्लेख गरेकी छन् । नेपाल अधिराज्यभित्रको नेपाली समाज, परम्परा, सोचाइ र यथार्थ प्रवासको नेपाली समाजभन्दा अलि बेग्लै खालको छ । त्यो फराकिलो परिवेशमा हुर्केर कथाकार पनि सौन्दर्य चेतना, व्यक्तिगत धारणा, र साहित्यमा पनि पाइन्छ भन्ने तर्क गरेकी छन् ।

गायत्रीले देवकुमारीलाई मान्छेका प्रवृत्ति र प्रकृतिमाथि स्वभाविक सहज र रोचक तरिकाले प्रकाश पार्न उनी अत्यन्त सिपालु छन् भनेकी छन् । समाजका विविध स्तरका पात्रहरूको चयन गरेर उनीहरूको अवस्था चित्रणमा स्वभाविकता सृजनात्मकता, यथार्थता र कलात्मकता अपनाएको देखिन्छ भन्दै गायत्रीले उनको नारी मनोविश्लेषण, बाल मनोविश्लेषण, मानवतावाद, राष्ट्रियता जस्ता मूल प्रवृत्तिलाई केलाएकी छन् । उनका कथा परिणात्मक रूपले धेरै भए पनि उदाहरणको लागि भन्दै गायत्रीले यसै उपसंहारमा **अचानो, वीरेको कथा,हिङ्को गन्ध, भोक तृप्ति,** जस्ता कथालाई सफलताका साथ चर्चा गर्दै उनी बालमनोविज्ञान कथा **मोती हुन नसकेको आँसु** र **भविष्य निर्माण**सम्म पुगेको देखिन्छ ।

## ४.२ देवकुमारी थापाको व्यक्तित्व र कृतिविश्लेषणमा प्रयुक्त भाषाशैली

देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषणमा समालोचक गायत्री श्रेष्ठले गद्यलेखनकै भाषा प्रयोग गरेको देखिन्छ । उनको यस समालोचनात्मक कृतिमा तुलनात्मक रूपले सरल वाक्यको प्रयोग भएको छ । वाक्यमा कतैकतै उखान टुक्काको प्रयोगदेखि तत्सम शब्दको पनि प्रयोग भएको देखिन्छ यसका साथै आगन्तुक शब्दको पनि केही प्रयोग भएको पाइन्छ । उनले वाक्यमा शब्दको प्रयोग गर्दा शब्दहरूलाई उचित स्थान दिएकी छन् । वाक्य पठन गर्दा मात्रै नभई श्रव्य गर्दासमेत मिठास दिएको पाइन्छ । गायत्रीले खासगरी यस कृतिमा देवकुमारी थापाको जीवनीदेखि उनका कृतित्वसम्मको अध्ययन गरेकी हुनाले यो कथाकारको भाषाशैली मात्र नभएर समालोचकको शैली नै देखिन्छ । देवकुमारीले आफ्ना कथामा प्रयोग गरेका शब्द वाक्यलाई अझै परिष्कृत गरेकी छन् । कथाकारले आफ्ना कथामा विविध किसिमका सन्दर्भ देखाई त्यही अनुरूपको शब्दको प्रयोग

गरिएकोमा समालोचकले यसमा अलि परिष्कृत गर्ने काम गरेकी छन् । उनले कतैकतै कथाकारका भनाइलाई उदाहरण दिँदै आफ्नो भाषाअनुसारको शैली पनि रोजेको देखिन्छ । यसरी गायत्रीको यो समालोचनामा अभिधा शक्तिकै प्रयोग गरिएकाले भाषा बुझ्न सकिने देखिन्छ । यसरी उनको यो समालोचना कृतिमा भाषाले जटिलता उत्पन्न गराएको छैन । त्यसैले यसमा वाक्य गठनदेखि त्यसमा प्रयोग गरिने शब्दको चयन सरल, सहज रूपले भएको देखिन्छ ।

# पाँचौं परिच्छेद

## साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू

गायत्री श्रेष्ठको **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** दोस्रो कृति हो । यो समालोचना कृति गायत्री श्रेष्ठ र सरस्वती रिजालले ९ वटा शीर्षकमा विभक्त गरी प्रकाशित गरेका छन् । वि.सं. २०६२ मा प्रकाशित उक्त कृतिको नवौं भागमा चाहिँ सन्दर्भसूची दिएको पाइन्छ । तिनै शीर्षकहरूका आधारमा तीभित्रका खण्ड उपखण्डलाई विवेचना गरिएको छ ।

### ५.१ साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरूमा प्रयुक्त विषयवस्तु

#### नारायणी अञ्चल : एक सङ्क्षिप्त चिनारी

प्रस्तुत शीर्षकअन्तर्गत समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले नेपालको चौध अञ्चलमध्ये एक मानिएको नारायणी अञ्चलको नामकरण चितवन जिल्लामा प्रवाहित पावन नदी नारायणीको आधारमा गरिएको चर्चा गरेका छन् । यिनीहरूले देवदेवीहरूको सङ्गमस्थल देवघाट तथा सोसँग सम्बन्धित पावनताका साथै कृष्णागण्डीको, बृद्धगण्डकी, धर्मावती (दरौंदी), चम्पावती (चेपे), माहेन्द्री (मादी), मात्स्येन्द्री (मर्स्याङ्दी) शुक्लागण्डकी (सेती) लगायतका विभिन्न नदीको पवित्रतालाई समेटेर नवैरङ्गमा रङ्गिदे, नवैं भावमा लुट्पुटिँदै बहेकी नारायणी नदीको आफ्नै पौराणिक, धार्मिक तथा सांस्कृतिक विषयको पृष्ठभूमि उल्लेख गरेको पाइन्छ । लेखिकाद्वयले यस अञ्चललाई वर्तमानमा चारजात छत्तीस वर्णको सुगन्धित फूलबारीको रूपमा महिमान्वित बन्न पुगेको तर्क प्रस्तुत गरेको देखिन्छ । गढीमाई, देवघाट, बाल्मीकि नगरी धार्मिक, पौराणिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्वलाई समेटेको नारायणी अञ्चल, कृषिजन्य, पशुजन्य वस्तु तथा व्यापारिक दृष्टिले पनि नेपाल भरिमा अग्रस्थानमा समेत रहेको छ भनी चर्चा गरेको पाइन्छ ।

यसरी लेखिकाद्वयले शैक्षिक तथा साहित्यिक क्षेत्रमा पनि नारायणी अञ्चलले आफ्नो प्रतिष्ठालाई क्रमिक रूपमा उच्च स्थानतिर डोऱ्याउँदै लगेको बताएका छन् । राष्ट्रिय स्तरमै ख्यातिप्राप्त भीम विराग, प्रेमविनोद नन्दन, प्रा.डा.केशवप्रसाद उपाध्याय, उपेन्द्र श्रेष्ठ, द्वारिका श्रेष्ठ, निर्मोही व्यास, रमेश गोर्खाली, प्रेमा शाह, गोविन्द विनोदी, खुमनारायण पौड्याल, हरिहर खनाल, डा. सूर्यमणि अधिकारी, डा. लक्ष्मणप्रसाद गौतम, अमर त्यागी, जलेश्वर श्रेष्ठ यसै अञ्चलका साहित्यिक स्रष्टाहरू हुन् भन्ने कुराको समेत उल्लेख गरेका छन् । यस अञ्चलको साहित्यिक उन्नयनमा समर्पित चितवन साहित्य परिषद् (चितवन), गजल गुँड (बारा), वीरजञ्ज साहित्य परिषद् (वीरगञ्ज), देवकोटा स्मृति सभा (कलैया), साहित्य सङ्गम (हेटौडा), साहित्य सङ्गम (चितवन), अभिव्यञ्जना साहित्य प्रतिष्ठान (चितवन) आदि रहेका छन् भन्ने प्रसङ्ग पनि व्यक्त गरेको पाइन्छ । यिनै पहिचान हुँदाहुँदै पनि नारायणी अञ्चलका महिला साहित्यकारहरू पनि साहित्यिक उत्थानका निम्ति क्रमशः अघि बढदै गइरहेका छन् भन्दै लेखिकाद्वयले

तिनै महिला साहित्यकार तथा तिनका कृतिमाथि प्रकाश पार्ने जमर्को गरेको देखिन्छ ।

## नेपालका शारदापूर्व तथा शारदाकालीन नारी साहित्यकारहरूको सङ्क्षिप्त चिनारी

समालोचकद्वयले विश्वको साहित्यिक इतिहासको परिप्रेक्ष्यमा नेपाली साहित्यको इतिहास खोतल्ने हो भने स्व. आदिकवि भानुभक्त आचार्यमा आएर विश्राम लिनुपर्ने बताएका छन् । उनीभन्दा अघि केही साहित्यकारहरूले काव्यात्मक क्षेत्रमा कलम चलाए तापनि सर्वप्रथम यस विधाको सिङ्गो कृति दिएर नेपाली साहित्यमा आदिकविको रूपमा प्रतिस्थापित हुने सु-अवसर उनलाई नै प्राप्त भएको हो भन्दै आदिकवि भानुभक्तको चर्चा गरेको पाइन्छ । उनी पछिका युवाकवि मोतीराम भट्ट, कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाट्यसम्राट बालकृष्ण सम जस्ता मूर्धन्य साहित्यकारहरूले नेपाली साहित्यको ढुकुटीलाई सम्पन्न तथा समृद्ध तुल्याएका छन् भन्दै समालोचकद्वयले उल्लेख गरेका छन् । नेपाली साहित्यको विकासक्रममा पुरुष साहित्यकारहरूले मात्र प्राथमिक काल तथा माध्यमिक कालमा आफ्नो प्रभुत्व जमाएका देखिन्छन् भन्दै लेखिकाद्वयले आधुनिक कालमा आएर मात्र महिला साहित्यकारहरू फस्टाएको तर्क अघि सारेका छन् ।

तत्कालीन समयमा प्रायः महिलाहरूको स्थिति अत्यन्त दयनीय रहेको भए तापनि केही महिलाहरू साहित्य सिर्जनामा लाग्नु अत्यन्त सराहनीय कुरा भएको प्रसङ्ग समेत औंल्याउँदै समालोचकद्वयले निम्न महिला साहित्यकारहरूको चर्चा गरेका छन् ।

- वि.सं. १७८० तिर पण्डित प्रेमनिधि पन्तकी धर्मपत्नी प्राणमञ्जरीले आफ्नो छोरा सुदर्शनको असामयिक निधनले विह्वल भई **सुदर्शन टीका** (गिरिराज आचार्यको अन्तर्राष्ट्रिय नारी वर्ष र नेपाली नारी भन्नेमा उल्लेख तर हाल प्राप्त नभएको) कविताको संरचना गरेकी पाइएको बताएका छन् । यसका साथै उनैबाट संरचित २३१ पृष्ठको **त्रिपुरासुन्दरी पद्धति** ग्रन्थ फेला परेको छ भनी समालोचकद्वयले उल्लेख गरेको पाइन्छ ।

- नेपाली साहित्यको गद्यात्मक क्षेत्रमा कलम चलाउने नारी हस्ताक्षरको रूपमा वि.सं. १८८० पूर्व श्री ५ रणबहादुर शाहकी कान्छी रानी ललितत्रिपुरासुन्दरी देखापरेको चर्चा लेखिकाद्वयले गरेको देखिन्छ । उनले महाभारतको **शान्ति पर्वलाई** नेपालीमा अनुवाद गरी **राजधर्म** नामकरण गरेकी थिइन् भन्ने तर्क गरेका छन् । यसका साथै उनको अर्को रचना **रानी वचन**को समेत उल्लेख ती लेखिकाद्वयले गरेका छन् ।

- समालोचक गायत्री श्रेष्ठ र सरस्वती रिजालले वि.सं. १८८३ रचनाकाल मानिएको लावण्यमयीदेवीका गद्य तथा पद्य रचनाहरू **गोर्खा संसार, तरण**

**गोर्खा** र **राजभक्ति**मा प्रकाशित भएका छन् भन्ने प्रसङ्गको समेत चर्चा गरेका छन् ।

- त्यसैगरी, वि.सं. १८९५ मा हीरा गाइनेलीले माथवरसिंह थापाको स्तुति गरी कविता लेखेको कुरा सर एडवर्ड हेनरी लरेन्सको जीवनी लेख्दा कवितासमेत दिएर उल्लेख गरेका छन् भन्ने चर्चा लेखिकाद्वयले गरेको पाइन्छ ।

## शारदापूर्वका नेपाली लेखिकाहरू

- समालोचकद्वयले वि.सं.१९४२ पछि भक्तिकुमारी राणाले आफ्ना पति जगतजङ्गको मृत्युपछि व्यथित भई काव्य रचना गरेकी छन् भन्ने चर्चा गरेको पाइन्छ ।

- समालोचकद्वयले प्रकाशनकै दृष्टिले वि.सं. १९५४ मा श्रीमती दुर्गादेवी आचार्यानी देखापरेकी छन् भन्ने तर्क प्रस्तुत गरेका छन् । (नेपाली भाषा साहित्यका सेवक हरिहर आयायेकी पत्नी)

- त्यस्तै, लेखिकाद्वयले वि.सं. १९५० तिर जन्मेकी गङ्गावतीका केही भजनहरू **बरालको आँसू**मा प्रकाशित भएको चर्चा गरेका छन् । ती भजनहरू गजलशैलीमा रहेको तर्क दिएका पाइन्छ ।

- समालोचकद्वयले वि.सं. १९५८ तिर जन्मेकी भगवतीकुमारी पाण्डे माध्यमिककालकी कवयित्रीको रूपमा देखापरेको प्रसङ्ग पाइन्छ । वि.सं. १९७६ सालमा उनी १८ वर्षकी हुँदा उनको **भक्ति तिलक** कवितासङ्ग्रह प्रकाशित गरेको उल्लेख पाइन्छ ।

- लेखिकाद्वयले सुकेशी देवीको रचनाकाल वि.सं. १९७१ मानेका छन् । उनका केही रचनाहरू **चन्द्र** (मासिक) तथा **राजभक्ति** (साप्ताहिक) मा प्रकाशित भएको उल्लेख गरेका छन् ।

त्यस्तै, यी समालोचकले श्रीमती अम्बालिकादेवीलाई वि.सं. १९८८ । ८९ तिर **राजपूत रमणी** उपन्यास लेखी प्रथम नेपाली महिला उपन्यासकार बन्ने सौभाग्य प्राप्त गरेको समेत चर्चा गरेका छन् । (शोध समीक्षा- देवी शर्मा, पृ. ४७)

## शारदाकालीन लेखिकाहरू

समालोचक गायत्री श्रेष्ठ र सरस्वती रिजालले नेपाली साहित्यको विकासमा शारदाकालले अत्यन्त महत्त्वपूर्ण समयको रूपमा प्रवेश पाएको चर्चा गरेका छन् । यतिखेर महिलाहरूले सामुहिक रूपमा साहित्यिक यात्राको सुरुवात गरेका थिए भन्दै समालोचकद्वयले भगवतीकुमारी पाण्डेलाई शारदायुगको पूर्वाधार पनि मानेका छन् । **शारदा** पत्रिकाले धेरै साहित्यकारहरूको उदय र उत्थानको माध्यम बनेको

प्रसङ्ग व्यक्त गर्दै यी दुई समालोचकद्वयले सर्वप्रथम कुमारी तुसार मल्लिकालाई गद्यरचना लिएर शारदाभित्र प्रवेश गरेको चर्चा गरेका छन् ।

यसैगरी समालोचकद्वयले यसै युगका कविताक्षेत्रमा श्रीमती लोकप्रियादेवी, श्रीमती कुसुममञ्जरीदेवी, सुश्री प्रेमराजेश्वरी थापा र श्री गोमालाई समेत उल्लेख गरेको पाइन्छ । यी समालोचकद्वयहरूले लोकप्रियादेवीको **लोकप्रियाका कविता** (२०४१), श्रीमती कुसुममञ्जरीदेवीको **सीता विलाप** (१९९५-१९९६) खण्डकाव्यका साथै लेखिकाद्वयले प्रेमराजेश्वरी थापाको २१ कविताहरु र गोमादेवी शर्माको केही कविताहरूको बारेमा पनि चर्चा गरेका छन् ।

## साहित्यमा चितवनका नारी हस्ताक्षर

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले चितवनको नारी साहित्य-सिर्जनपरम्पराको इतिहास त्यति लामो नभएको बताएका छन् । उनीहरूले फुटकर रूपमा चितवनमै कलम चलाउने नारी हस्ताक्षरको तथ्य आफै फेला नपरेको भन्दै पुस्तकाकार कृति र प्रकाशनका दृष्टिले गायत्री श्रेष्ठ र सरस्वती रिजाललाई नै मानेका छन् । उनीहरुले त्यसपछि पुस्तकाकार कृति भएका अन्य नारी साहित्यकारहरूमा सुवर्ण कक्षपति, शोमा राना, जलेश्वरी श्रेष्ठ, भावना शर्मा, प्रभा बराल (तिवारी), लक्ष्मी ढकाल, कल्पना कँडेल, सरिता तिवारी आदि लेखिकाहरूलाई उल्लेख गरेका छन् । साथै यी समालोचकद्वयले तीज गीतसङ्ग्रहहरू प्रकाशित गर्नेमा मैना घिमिरे, राधा पौडेल, नमुना शर्मा आदिलाई समेत गीतका स्रष्टाका रूपमा चर्चा गरेको देखिन्छ । यी समालोचकद्वयले चितवतको साहित्यिक इतिहासमा पुस्तकाकार कृतिहरूको सिर्जना गर्ने नारी साहित्यकारहरू थोरै भए पनि पनि नारायणी अञ्चलको सन्दर्भमा तुलनात्मक दृष्टिले चितवनको नारी साहित्यलाई उर्वर मानेका छन् । लेखिकाहरूले चितवनको नारी साहित्यलाई उच्चमध्यम रूपमा उल्लेख गर्दै एकल र संयुक्तलेखनमा गरी करिब पौने दर्जन कृतिहरू चितवनबाट सिर्जिएका र केही कृतिहरू प्रकाशोन्मुख रहेको छ भन्ने कुराको समेत चर्चा गरेको देखिन्छ । उनीहरूले हालसम्म नारी साहित्यकारद्वारा सिर्जना गरेका कृतिहरू नारी साहित्यकार व्यक्तित्वहरू र फुटकररूपमा कलम चलाउने नारी साहित्यकारहरको सङ्क्षिप्त विवेचनालाई यसप्रकारले गरेका छन् ।

## गायत्री श्रेष्ठ र उनका कृतिहरू

लेखिकाहरूले गायत्री श्रेष्ठको जन्म वि.सं. २००७ मा इलाम बजारमा भएको र उनले आफूलाई सानैदेखि साहित्य र सङ्गीतमा समर्पित गर्दै आएको चर्चा गरेका छन् । उनीहरूले उनको स्वभावलाई इलामको रसिलो हरियाली र त्यहाँको पुर्वेली वातावरणले प्रभाव पारेको उल्लेख गरेका छन् । समालोचकद्वयले उनलाई साहित्य विधाका विविध क्षेत्रमा कलम चलाए पनि उनको क्षेत्रमा समालोचना र गीति- कविता नै रहेको प्रसङ्ग व्यक्त गरेका छन् । उनका रचनाहरू **मधुपर्क, गरिमा, गोरखापत्र, मारुनी, मधुश्री** आदि विभिन्न पत्र-पत्रिकामा प्रकाशित

भएको समेत चर्चा गरेका छन् । उनले **मारुनी, वनअङ्कुर, चितवन स्मारिका** आदि विभिन्न पत्रिकाको समेत सम्पादन गरेकी छन् भन्दै उनका समालोचना प्रभाववादी, गीत प्रणयपरक, निबन्ध वस्तुपरक र संस्मरण आत्मपरक हुन्छन् भनेका छन् ।

समालोचकद्वयले गायत्री श्रेष्ठलाई चितवनमा सर्वप्रथम पुस्तक प्रकाशित गर्ने नारी हस्ताक्षर पनि हुन् भन्दै उनको **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** समालोचनाको केही चर्चा गरेको देखिन्छ ।

उनको गीति क्षेत्रको एउटा मात्र गीतिसङ्ग्रह **बादलको घुम्टोभित्र** (२०६२) प्रकाशित भएको छ भन्दै गायत्रीका अन्य दुई समालोचकनात्मक कृति साहित्यमा **नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** (२०६२) र **केही कृति : आफ्नै दृष्टि** (२०६५) को पनि उल्लेख गरेका छन् ।

## सरस्वती रिजाल र उनको कृति

समालोचकद्वयले सरस्वती रिजालको जन्म वि.सं. २०११ सालमा काठमाडौँको नयाँबजारमा भएको र उनले आफ्नो सम्पूर्ण बल, बैंस, जोस, जाँगर यही चितवनमा नै लगानी गर्दै आएकी एक सशक्त महिला हस्ती हुन् भन्ने कुराको उल्लेख गरेका छन् । उनी सुरुदेखि नै अध्यापन पेसामा रहेर पनि साहित्यप्रति उनको लगाव अत्यन्त गहिरो रहेको बताएका छन् । उनी चितवनका विभिन्न शैक्षिक तथा सामाजिक सङ्घसंस्थाबाट सम्मानित भइसकेकी छन् भन्दै उनले विशेष गरी गीत, लघुकथा, समीक्षा, निबन्ध आदि विधामा कलम चलाए पनि कविता विधाले उनलाई उचाइमा पुऱ्याएको प्रसङ्गसमेत व्यक्त गरेको देखिन्छ ।

समालोचकद्वयले उनका कवितामा राष्ट्रिय भावना रहेको छ भन्दै उनले आफ्ना भावनालाई गद्य पद्य र कतै लोकलयमा व्यक्त गर्न सिद्धहस्त रहेकी छिन् भनेर उल्लेख गरेका छन् । उनको **अभिशप्त म अहिल्या** कवितामा नारीमनलाई व्यक्त्याएको देखिन्छ भने **एक झुल्को घाम**, कवितासङ्ग्रह जम्मा २१ वटा रहेका दुई खण्डमा विभाजित मा मानिसले व्यहोर्नु परेको पीडा, समाजको विसङ्गति र विकृति आदिसँगको असन्तुष्टिलाई स्पष्टरूपमा व्यक्त गरेको देखिन्छ भनेर उल्लेख गरेका छन् ।

## सुवर्ण कक्षपति र उनको कृति

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले सुवर्ण कक्षपतिलाई साहित्यिक आँगनमा सक्रिय रूपमा नदेखिएकी महिला स्रष्टाको रूपमा उल्लेख गरेका छन् । उनको **मेरी धवला** कविता एवम् कथासङ्ग्रह रहेको चर्चा गर्दै समालोचकद्वयले उनका कवितामा नारी मुक्तिको स्वर तथा कतै शोषण विरोधी स्वर रहँदारहँदै पनि प्रकृतिप्रेमका भावहरू छचल्किएका पाइन्छन् भनेर चर्चा गरेको देखिन्छ । समालोचकद्वयले सवर्ण कक्षपतिलाई एक प्रकृतिप्रेमी कवयित्रीका रूपमा परिचित गराउँदागराउँदै पनि उनलाई समाजका विभिन्न विकृतिको विरोध गर्ने साहित्यकारका रूपमा पनि उल्लेख गरेको देखिन्छ ।

## शोभा राना र उनको कृति

समालोचकद्वयले शोभा रानालाई कलिलै उमेरदेखि आफूलाई साहित्यमा सम्बद्ध गरेकी अत्यन्त संवेदनशील हृदय भएकी नारी स्रष्टाको रूपमा उल्लेख गरेको देखिन्छ । यी समालोचकहरूले उनलाई चितवनको नारी लेखिकामध्ये उपन्यास क्षेत्रमा कलम चलाउने पहिलो युवा उपन्यासकारका रूपमा चर्चा गरेको पाइन्छ । उनको **बेवारिसे** (२०५२) उपन्यास पहिलो उपन्यास हो भन्दै उनलाई समालोचकद्वयले सामाजिक यथार्थलाई विषयवस्तुमा टिपेर उपन्यासको क्षेत्रमा कलम चलाउनु उनको उज्यालो पक्ष हो भनी चर्चा गरेका छन् ।

## जलेश्वरी श्रेष्ठ र उनको कृति

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले जलेश्वरी श्रेष्ठलाई साहित्यिक फाँटमा मात्र नभएर सामाजिक एवम् धार्मिक सङ्घसंस्थासँग आबद्ध भएकी महिला स्रष्टाको रूपमा उल्लेख गरेको देखिन्छ । मौलिक रूपमा बन्दीपुरे भइकन चितवनवासी नै हुन आई हाल काठमाडौँमा बसोबास भएकी श्रेष्ठ आफूलाई साहित्यमा सम्बद्ध राख्न रुचाएको कुरा उल्लेख गरेका छन् ।

उनका **लाभाका बाफहरू** कथासङ्ग्रह बाहेक उनका अन्य कृतिहरू पनि प्रकाशित रहेको चर्चा गरेका छन् । उनको **टेस्टट्यूव बेबी** शीर्षकको कथा अत्यन्तै मार्मिक रहेको भन्दै समालोचकद्वयले नारीमनका कुण्ठित भावनालाई खुल्ला रूपमा अभिव्यक्त गरेकी छन् भन्ने भाव उल्लेख गरेको पाइन्छ ।

समालोचकद्वयले नारीत्वको सफलता मातृत्व हो भन्ने यथार्थको उद्घाटन उनको **पहिचानको चिह्न** कथाबाट पनि पाउन सकिन्छ भन्ने चर्चा गरेको देखिन्छ । प्रस्तुत कथामा लेखिकाहरूले सपना आफ्नी हजुरआमा र आमालाई पुरुषहरूबाट गरिएको व्यवहार सम्झीसम्झी घाइते बाघझैँ आक्रोशित भई आफूद्वारा पुरुषसँग बदला लिन चाहन्छिन् । पुरुषले नारीलाई भोग्याको दृष्टिले हेरी मनलाग्दी गर्न हुन्छ भने नारीले गर्न किन नहुने ? भनी उनी पनि पुरुषसँग मनलाग्दी गर्न पछि पर्दिनन् । पुरुषलाई आफूसँग प्रेमको भीख माग्नु बाध्य तुल्याई आफू आनन्दित हुन्छिन् तर समय बित्दै जादाँ, आफूलाई आत्मबोध हुँदै जाँदा बल्ल उनले जीवनलाई बुझ्दछिन् र यस सन्दर्भमा विवेक पुरुषपात्रसँग नारीले भनेको संवाद यस्तो रहेको छ भन्दै समालोचकद्वयले उक्त कथाको केही अंशमाथि चर्चा गरेको पाइन्छ ।

## भावना शर्मा र उनको संयुक्त कृति

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले भावना शर्मालाई चितवनमै जन्मिएर यही हुर्की र विद्यालयीय जीवनदेखि नै कविता क्षेत्रमा विशेष लगाव भएकी कवयित्रीका रूपमा चर्चा गरेको पाइन्छ ।

उनले आफ्ना कवितामा नयाँ अनुभूतिहरू पोख्न सफल रहेकीले उनका कविताहरूमा कतै आफ्नै रहरको कतै त्रासदीको भाव व्यक्तिएको पाइन्छ भनेर

उल्लेख गरेका छन् । उनको **जूनको आतङ्क** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा मान्छेका पीडा र भोगाइलाई यसरी प्रस्तुत गरेकी छन् भन्दै समालोचकद्वयले केही कविताका अंशलाई समीक्षा गरेको देखिन्छ । ती अंशहरू तल दिइएको छ :

*मलाई जूनमाथि भर छैन*
*अबदेखि तिमी घाम छँदै घर आउने गर है*
*अनिष्ठको कालो छायाँ देखाएर*
*तर्साइरहने जून मलाई मन पर्दैन*
*त्यही जून बोकेर ल्याउने नगर है*

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले भावना शर्माका कवितामा वर्तमान समयमा सिर्जित आतङ्कपूर्ण वातावरणबाट सबै त्रसित छन् । त्यसैले सबैलाई उज्यालोमा घर प्रवेश गर्न भनेको भन्दै यतिबेला कसको कहाँ कुनबेला मृत्यु हुन्छ कुनै निश्चित छैन । यस्तो जूनलाई बोकेर ल्याउने प्रयास नगर भनेको प्रसङ्गसमेत व्यक्त भएको उल्लेख गरेका छन् । त्यसैगरी भावना शर्माका **फूलको देश, रूख र मन, पशुमान्छे, विष्फोटनमा परेको मान्छे**, आदि शीर्षकका कविताको अंशलाई क्रमशः यसरी हेरेको पाइन्छ ।

*बूढाबाले रगत भिजाएर पसिना मुछेर बनाएको यो फूलबारी*
*आज मलाई माटो हुने मन छ*
*फेरि समयलाई रोकेर टक्क*
*ती दिनहरू समाउने मन छ*
*बूढाबाको सपना उनैको सृष्टि*
*अहँ म मर्न दिन्न*
*बाँझो हुन दिन्न यो माटो*
*लम्किएको छु म बारीतिर उही कुटो समाउँदै*

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले भावना शर्माका कवितामा आफ्नो पूर्खाको सपनालाई साकार पार्नुपर्ने कर्तव्यबोध भएको भाव माथिको अंशबाट प्राप्त गरेको उल्लेख गरेका छन् । यसैगरी समालोचकद्वयले भावना शर्माको रूख र मन कवितामा कविको कोमलता अभिव्यक्त भएको भन्दै तल दिइएको अंश प्रस्तुत गरेका छन् :

*रूखले छोएको आकाश*
*मनको हुनुपर्थ्यो*
*रूख सुटुक्क माटो अँगाल्छ*
*जुन मनले हुनुपर्थ्यो,*

त्यसैगरी समालोचकद्वयले भावना शर्माको **पशुमान्छे** कवितामा निम्न अशं दिएर समीक्षा गरेको पाइन्छ :

*प्रलयपछि*

*जब पशुमान्छे बिलाइजानेछ*
*म आवाज दिनेछु*
*अनि मात्र आउनु है अहिले त हुन्न*
*पशुमान्छेको सहरमा आउनु हुन्न पशु मान्छे बन्नु हुन्न*

समालोचक गायत्री श्रेष्ठ र सरस्वती रिजालले माथिको अंशबाट आजको वर्तमान समय सबै पशुमान्छेले व्याप्त रहेको तर्क गर्दै यस्तो समाजमा त्यति बेलामात्र असल वस्तुको प्रवेश हुन वेश हुन्छ जब यी पशुमान्छे विलय भएर जानेछन् भन्ने जिज्ञासा उल्लेख गरेको पाइन्छ । उनीहरूले उनको **विस्फोटन परेको मान्छे** शीर्षकको कवितामा जीवित मान्छे भएर पनि कुनै औचित्य नरहेको भाव व्यक्त भएको जनाएका छन् ।

## प्रभा बराल र उनको संयुक्त कृति

समालोचक गायत्री श्रेष्ठ र सरस्वती रिजालले प्रभा बराललाई चितवनकी अर्की नारी हस्ताक्षरको रूपमा चर्चा गरेका छन् । उनीहरूले उनलाई विशेष गरी कविता विधाको क्षेत्रमा उल्लेख गरेको देखिन्छ । उनका कविता विधामा विशेष गरी उनले भोगेका वा अनुभूत गरेको विषयहरू र जीवनको हुनु रनहनुको अनिश्चितताको बारेमा उल्लेख भएको बताएका छन् तर आगतको कुनै निश्चितता छैन भन्ने जस्ता प्रसङ्ग उल्लेख भएको पाएका छन् । समालोचकद्वयले उनको **यहाँ जीवन सधैँसधैँ अलिखित बित्छ** जस्ता शीर्षकका कवितामा जैविक विसङ्गतिको अभिव्यजना पाइएको उल्लेख गरेका छन् । त्यस्तै उनको **मन** शीर्षकको कवितामा समालोचकद्वयले मान्छेको मनको संवेदनात्मक अनुभूति प्रस्तुत भएको चर्चा गरेकी छन् । साथै उनको **कवि र कविता**मा कविको काव्यिक उच्छ्वासहरूलाई, **बुद्ध** शीर्षकको कवितामा संसारप्रतिको विरागको भावनालाई, **मृत्युको सूली** शीर्षकको कवितामा जीवनको विवशता र निरीहतालाई, **साइबाबा र म** कवितामा सामान्य र असामान्य मानवबीचको फरकलाई प्रस्तुत गरेको प्रसङ्गसमेत व्यक्त गरेका छन् । हाल उनको उपर्युक्त ६ कविताहरू **शब्दहरू अविराम यात्रामा** शीर्षक कवितासङ्ग्रहमा सङ्गृहीत भएको समेत चर्चा गरेको पाइन्छ ।

## लक्ष्मी ढकाल र उनको संयुक्त कृति

समालोचकद्वयले कवयित्री लक्ष्मी ढकाललाई आजको विषम र असङ्गतिपूर्ण परिवेशबाट उत्पन्न संवेदनालाई व्यक्त गर्ने महिला स्रष्टाको रूपमा चर्चा गरेको पाइन्छ । उनका केही कविता **शब्दहरू अविराम यात्रामा** भित्र पनि समेटिएको छ भन्दै समालोचकद्वयले उनको कविताको केही अंशमाथि चर्चा गरेका छन् :

*मर्स्याङ्दीको सुसेलीसँगै*
*छटपटाइरहेछन् माछा र गँगटाहरू*
*उर्लिदो वेगको प्रवाहमा*
*उन्मेषित हुँदैछन्/स्वत्वबोधको/सान्निध्यमा*
*फक्रन खोजिरहेका अनन्त संवेदनाका स्वरहरू*

यसैगरी उनको **भ्यागुता** शीर्षकको कवितामा समालोचकहरूले सबै साधारण जनताहरू कुवाको भ्यागुताझैं बाँच्नु परेको तीतो सत्यलाई व्यक्त गरेको चर्चा गरेका छन् । साथै उनका कवितालाई समालोचकद्वयले वर्तमान परिवेशमा जसले इमान्दारीपूर्वक केही गर्न चाहन्छ उसले केही गर्न पाएको छैन र सकेको पनि छैन किनकि अहिलेको परिवेश इमान्दारिताको छैन भन्ने भाव उल्लेख भएको चर्चा गरेका छन् । कवयित्री लक्ष्मी ढकालले **हुरी** शीर्षकका अर्को कवितामा पनि समालोचद्वयले सामाजिक, राजनीतिक एवम् युगचेतनाप्रति व्यङग्य गरेको उल्लेख गरेका छन् । त्यस्तै उनले **फूलहरू** शीर्षकको कवितामा बाह्यरूपमा एउटा सौन्दर्यको मीठो वर्णनलाई प्रस्तुत गरेकी छन् भन्दै समालोचद्वयले लक्ष्मी ढकाललाई वर्तमान परिस्थितिसँग ज्यादै चिन्तित रहने कवयित्री भनी प्रस्तुत गरेको पाइन्छ । उनको **खहरे** शीर्षकको कवितामा समालोचकद्वयले खहरेको क्षणिक जीवनको जस्तो मानवजीवनको होइन । वर्षामा उर्लिएर आउने खहरेले आँखा चिम्लिएर सबै मडारेर लगी एकातिर फ्याँकिदिने र हिउँदमा सुकेपछि उसको छातीमा कमिलाले पनि लात्ती हानेर हिँड्ने भन्दै खहरेमा स्थिरताको सट्टा संवेग, आवेग मात्र हुन्छ भन्ने भाव व्यक्त गरेकी छन् भन्ने उल्लेख पाइन्छ ।

## कल्पना कँडेल र उनको संयुक्त कृति

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले कवयित्री कल्पना कँडेललाई पनि विद्यार्थी समयदेखि नै साहित्यमा रुचि राख्ने अर्की सशक्त नारी हस्ताक्षर भनी उल्लेख गरेकी छन् । समालोचकद्वयले उनलाई वर्तमानका विसङ्गतिप्रति आफ्नो स्वर प्रस्तुत गर्ने नारी स्रष्टाको रूपमा समेत चर्चा गरेका छन् । साथै यी समालोचकद्वयले उनका कवितामा नारी कुनै शो-केशमा राख्ने वस्तुमात्र होइन कुनै फूलदान होइन जहाँ मन ल्यायो त्यहाँ सजाएर राख्ने भन्ने जस्ता भाव व्यक्त भएको उल्लेख गरेका छन् । नारीमा विवेक हुन्छ । कुनै बेला परिआए वीर योद्धा पनि बन्न सक्तछे भन्दै उनीहरूका प्रत्येक पाइलामा बन्देज लगाउनु हुन्न । प्रत्येक नारीलाई पनि पुरुषले झैं बाँच्ने चाहना हुन्छ, अधिकार हुन्छ भन्दै समालोचकद्वयले उनका कविताको समीक्षा गरेका छन् ।

समालोचकद्वयले उनको **मलाई बारुदको गन्ध ननिको लाग्छ** भन्ने कविताको केही अंश दिदै निम्नानुसार समीक्षा गरेको पाइन्छ ।

*प्रकृतिको सृष्टिलाई निमेषभरमा*
*सिध्याउने दुष्प्रयोजन ज्ञान किन?*
*र कसका लागि ?*
*हामी युद्धले क्षत विक्षत*
*असहायहरूको सेवामा जुट्नु छ ।*

मानिसहरूको संहारकारी र षडयन्त्रकारी, प्रवृत्तिसँग कवयित्रीको वितृष्णा जागेको भन्दै समालोचकद्वयले उनका कवितामा भाइभाइबीचमा झगडा, संहार, षड्यन्त्र किन गर्दछन् ? आफ्नैले आफ्नैलाई मार्न किन कत्ति पनि हिच्किचाहट हुँदैन मानिसलाई ? भनेका प्रसङ्गहरूलाई पनि चर्चा गरेको देखिन्छ । त्यसैगरी

समालोचकद्वयले उनका कुनैकुनै कवितामा कवयित्री अत्यन्त भाव विह्वल पाइएको प्रसङ्ग व्यक्त गरेका छन् भने कुनै कवितामा संवेदनशील भावहरू छताछुल्ल भएको समेत उल्लेख गरेका छन् । ती संवेदनशील भावहरू भएका कविताहरूमा समालोचकद्वयले कवयित्रीलाई काल्पनिक भावनामा डुबुल्की मारेर भावविभोर भएकी होइनन् उनी यथार्थतामा आधारित भएर भावविभोर भएकी हुन् भन्दै तर्क प्रस्तुत गरेका छन् भने कुनै कवितामा संवेदनशील भावहरू भएका कविता भन्दै समालोचकद्वयले **आमाको प्रतीक्षा, एकपटक सोची हेर, फगत एक्लै** जस्ता कविता पनि उल्लेख गरेको पाइन्छ ।

उनको **सपनाहरू कवितामा** कवयित्री भावविभोर भएको प्रसङ्ग देखाउँदै समालोचकद्वयले कवयित्रीलाई केवल काल्पनिक भावनामा डुबुल्की मारेर भावविभोर भएकी होइनन् उनी यथार्थमामा आधारित भएर भावविभोर भएकी हुन् भन्ने तर्क प्रस्तुत गरेका छन् ।

त्यस्तै, उनको **विडम्बना** शीर्षक कवितामा कवयित्रीले वर्तमानको अहम् स्वार्थीभाव, पदलोलुपताको पछि लागी अत्यन्त निकृष्ट बन्दै गएको ययार्थलाई व्यक्त गर्दछिन् भनी समालोचकद्वयले उनको विडम्बना कविताको प्रसङ्गसमेत उल्लेख गरेको देखिन्छ ।

त्यसैगरी समालोचकद्वयले राष्ट्रिय स्तरका पत्र-पत्रिकामा स्थापित भएका चितवनका नारी स्रष्टाहरूमा शीतल गुरुङ, श्रीमती कृष्णा पौडेल, श्रीमती सरिता तिवारी श्रीमती राधा पौडेल, श्रीमती नमुना शर्मा, मैना घिमिरे, सुश्री सिन्धु गौतम, सुश्री कमला र स्थानीय पत्रपत्रिकामा फुटकररूपमा कलम चलाउने नारी स्रष्टाहरूमा देवी खरेल, बीना शर्मा, दुर्गा कँडेल, शर्मिला घिमिरे, सीता शर्मा, प्रमिला देवकोटा, अनिता गिरी, गीता लामिछाने, विधा भण्डारी 'चिराग', सरिता गुरुङ, सुधा भट्टराई, अजिता अधिकारी, नमुना शर्मा, शोमा वस्ती 'प्रतीक्षा', कल्पना अधिकारी आदिको नामसमेत उल्लेख गरेको देखिन्छ ।

## साहित्यमा पर्साका नारी हस्ताक्षर

समालोचकद्वय गायत्री क्षेत्र र सरस्वती रिजालले भीमविराग, रमेश गोर्खाली जस्ता विशिष्ट राष्ट्रियस्तरका साहित्यिक प्रतिभाहरूको कर्मभूमि पर्सा जिल्ला व्यापारिक प्रगतिको दृष्टिले मात्र नभई साहित्यिक विकासको दृष्टिले पनि मोफसलमा निकै अग्रणी भूमिका निर्वाह गरेको चर्चा पाइन्छ । समालोचकद्वयले राष्ट्रियस्तरमै आफ्नो पहिचान कायम गर्ने सक्षम प्रेमा शाह जस्ती सशक्त नारी हस्ताक्षर पनि पर्सा जिल्लाकै योगदानको प्रतिफलको भन्दै त्यस जिल्लाका नारी हस्ताक्षरहरू र तिनका कृतित्वको केही चर्चा गरेको पाइन्छ ।

## डा. सरस्वती नेपाल र उनका कृतिहरू

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले डा. सरस्वती नेपाललाई पर्सा जिल्लाकै महिलाहरूका लागि गौरवशाली व्यक्तित्व हुन् भन्दै उनलाई

नारायणी अञ्चलकै एकमात्र पी.एच्.डी गरेकी महिला लेखिका भनी चर्चा गरेको पाइन्छ । हाल ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जमा नेपाली विषयको विभागीय अध्यक्षको रूपमा प्राध्यापन कार्यमा व्यस्तता रहँदा पनि साहित्यको लागि पनि समर्पित हुने डा. नेपालले **संस्कृति रोयो** कवितासङ्ग्रह **महामानवी कैकेई** (अनुसन्धानात्मक कृति) र **बालकृष्ण सम र गोपालप्रसाद रिमालका नाटकमा नारीपात्रहरूको मूल्याङ्कन** (तुलनात्मक समालोचना) जस्ता साहित्यिक कृतिको रचना गरेकी नारी स्रष्टाको रूपमा पनि उल्लेख गरेका छन् ।

समालोचकद्वयले उनका प्रकाशोन्मुख कृतिहरू जस्तै **सिस्नाको भ्याम्टो** (**अनुसन्धानात्मक खोज**), **अमर दर्पण** (खण्डकाव्य), **राष्ट्रिय शृङ्गार सरिता** (गीतिकाव्य), **श्रद्धाञ्जली** (शोककाव्य), **त्यागपत्र** (नाटक), **पारिजात एक परिवृत** (समालोचना), **दीपशिखा** (ऐतिहासिक खोज), **सर्वोपयोगी नेपाली भाषा शिक्षण**, **श्री ५ वीरेन्द्र पुराण** (ग्रन्थ) आदि समेतलाई उल्लेख गरेको देखिन्छ ।

समालोचकद्वयले उनको **संस्कृति रोयो** भन्ने कवितासङ्ग्रहमा रहेका कविताहरू गद्यात्मक शैलीमा संरचित रहेका छन् भन्दै समालोचकद्वयले यिनलाई विषयवस्तुअनुसारकै भाव व्यक्त गर्ने महिला स्रष्टाको रूपमा लिएका छन् । उनको कृतिको सुरुवात **राम नाम होइन तत्त्व हो** नामक कविताबाट गरिएकोले यसमा समाचोचकद्वयले **राम** शब्दको वैशिष्ट्य तथा यस शब्दको वैज्ञानिक औचित्यमाथि प्रकाश पार्ने काम भएको देखिन्छ ।

*...त्यस्तै हो राम इलिमेन्ट*
*जसले गर्दा अणु, परमाणु र मिसाइल बन्यो*
*'रा' को उच्चारण नाभिबाट*
*'म' को मस्तिष्कभित्र छिपी*
*यसरी राम शब्द बन्यो*
*तगडा इलिमेन्ट ... राम नाम होइन, तत्त्व हो (पृ.१)*

**रावण राक्षस होइन, सीता भाग्न खोज्छिन, दानवीर वर्ण, देवताहरू प्रायश्चितमा छन्, लवकुश जस्तै ऊ हो, विश्वास हरायो** आदि कविताहरू पनि पौराणिक विषयवस्तुमा नै केन्द्रित रहेका पाइन्छन् भन्दै समालोचकद्वयले केवल **दानवीर वर्ण**मा मात्र शीर्षकको साधुकतालाई प्रस्ट्याउने प्रयास गरिएको चर्चा गरेका छन् । अन्यमा भने कतै उनको प्राचीन मुल्य र मान्यताप्रति व्यङ्ग्य र विद्रोह छ, कतै प्राचीन मूल्य र मान्यतालाई वर्तमान परिप्रेक्षसँग तादात्म्य गराउन कवयित्रीको जोड रहेको समालोचकद्वयले चर्चा गरेका छन् ।

**विश्वास हरायो** कवितामा सीता र राम, शैव्या र हरिश्चन्द्र तथा द्रौपदी र युधिष्ठिरको प्रसङ्ग कोट्याउँदै पत्नीले पतिलाई हरक्षण साथ दिए पनि पतिले पत्नीलाई झन् आपतकालीन परिवेशमा धोका दिएको, पत्नीको विश्वासमाथि घात गरेको तिक्ततालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ भन्दै समालोचकद्वयले कवयित्रीको उक्त प्रसङ्गका अंशसमेत उल्लेख गरेका छन् ।

*युधिष्टिरले आफै अगाडि*
*द्रौपदीको सारी तनाए*
*आफू सत्यवादी बन्न*
*भाइहरूको हात समाते*
*विश्वास गर्ने कसलाई अब*
*पति आफ्नो हुन्न भने*
*यस धर्तीमा कति पापी दुनियाँ (विश्वास हरायो, पृ.८६)*

त्यसैगरी, उनका कवितामा समालोचकद्वयले शान्ति देश अहिले भयावह भएको र यो सुन्दर देश भुते राँकोले अस्तव्यस्त पारेको भन्दै ती सामन्ती तथाकथित विद्वान्, शिक्षक तथा नेताहरूले भूते राँको बालेका भन्ने प्रसङ्गसमेत उल्लेख गरेका छन् ।

समालोचकद्वयले कवयित्री डा.सरस्वती नेपालका हरेक कुरालाई हेर्ने उनको आफ्नै दृष्टिकोण रहेकोले हरेकले सही भनेको कुरालाई **सही** नै भन्नुपर्छ भन्ने उनको मान्यता नभएको र उनको विचारमा हरेकको समर्थनलाई **ठीक** नै मान्नुपर्ने उनीभित्र बाध्यता पनि छैन र त अरूले मानेको वीरलाई कायर ठम्याउँछिन् भन्दै समालोचकद्वयले उनको **कारयताले इतिहास नपढौं** (पृ.११) भन्ने शीर्षकको कविताबाट तलको अंश प्रस्तुत गरेका छन् :

*नेपोलियन बोनापार्ट अनि हिटलर*
*विस्मार्क र पृथ्वीनारायण*
*झाँसीको रानी वीर महारानी*
*यी सब कायर मान्छेहरू*
*पुच्छर लुकाई माग्नेहरू*

त्यस्तै, उनका कवितामा यी माथिका आफ्नै दृष्टिकोण मात्र नरहेर देशको विकृति, विसङ्गतिलाई पनि चर्चा गरेको प्रसङ्ग समालोचकद्वयले उल्लेख गरेका छन् । यसका साथै उनले नारीभित्र अथाह स्रोत र अनन्त शक्ति रहेको भन्दै नारीलाई प्रेमकी मूर्ति स्नेहकी मूल मानेकी छन् भनेर समालोचकद्वयले चर्चा गरेको देखिन्छ ।

## महामानवी कैकेई (पौराणिक खोज)

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले डा.नेपाललाई पद्यात्मक रूपमा मात्र नभई गद्यात्मक रूपमा पनि अग्रपङ्क्तिमा रहेकी पर्सेली साहित्यको सशक्त स्रष्टाको रूपमा चर्चा गरेको देखिन्छ । अझै समालोचकद्वयले उनलाई पारम्परिक मान्यतालाई सहजै पचाउन नसक्ने महिला साहित्यकारको रूपमा पनि चर्चा गरेका छन् । उनले एउटै पाटोलाई मात्र हेरेर आफ्नो दृष्टिकोण राख्ने उनको बानी रहेको छैन भनी समालोचकद्वयले उल्लेख गरेको पाइन्छ । त्यसैले समालोचकद्वयले उनको **महामानवी कैकेई**को पौराणिक खोजलाई अघि सारेको पाइन्छ ।

समालोचकद्वयले आजका हरेक मानिसहरू पुरातनपन्थी र परम्परावादी रहेका छन् र त त्यसको विरोधमा केही सुन्न चाहँदैनन् । **लज्जा**की लेखिका तसलिमा नसरिन होओस् वा **साइटानिक भर्सस**का सलमान रुस्दी प्रत्येकले आफ्नो विपरीत दृष्टिकोणकै अभिव्यक्तिको फलस्वरूप बन्दको पीडा भोगिरहेका छन् भन्दै त्यस अर्थमा केही साहस लेखिका नेपालले पनि प्राप्त गरेकी छन् भनेर चर्चा गरेका छन् । उनको अनुसन्धान सकारात्मक छ, उनको अभिव्यक्ति प्रामाणिक छ र स्वीकार्य पनि छ भन्दै महान् धर्मग्रन्थ रामायण प्रत्येक हिन्दूहरूले सहजताका साथ स्वीकारे स्वभाविकताका साथ अँगाले यही कुरामा लेखिकाको विमत छ भनेर उनले भनेको अंश प्रस्तुत गरेको देखिन्छ । उनी भन्छिन् -

> *पाठकहरूलाई रामायण गाँजाको नसाजस्तै लागिरह्यो । प्रत्येक पुस्ताले झन् विश्वास बढाउँदै गयो । विभिन्न ग्रन्थको सङ्कलन गरी रामायणको मिठासतामा बढाउँने काम थपिँदै गयो । रेडियो, टेलिभिजन पत्रपत्रिकाद्वारा नयाँपन ल्याउन कोशिस भएको छ त पात्रहरूमा केही चिन्तन थपेको देखिँदैन । सुरुमा जस्ता मात्र थिए त्यस्तै वर्णन गर्ने कलममा नयाँपन आएको छैन ।*

यसैले उनले पात्रहरूमा पनि नयाँ चिन्तन थप्दै वर्णन गर्ने क्रममा पनि नयाँपन ल्याउने कोशिस गरेकी छन् । आज उनको नयाँ चिन्तनयुक्त प्रमुख चरित्रको रूपमा रामायणमा दुष्ट पात्रको रूपमा मानिएकी तथा मर्यादा पुरुषोत्तम रामलाई वनवास पठाउने कारक तत्त्वको रूपमा देखापरेकी कैकेई प्रस्तुत भएकी छन् । अझ डा.नेपालले विभिन्न प्रासङ्गिक तर्कहरू बटुली कैकेइलाई अयोध्या नगरीकी एकमात्र रत्न, विदुषी, वैज्ञानिक, दार्शनिक तथा कुटनीतिज्ञ तथा अति दयालु नारीको रूपमा प्रस्तुत गरेकी छन् । उनको जन्मपछि आफन्तहरूले उनको नाम कैकेई राखे । कैकेइको अर्थ दुष्ट नारी हो । ज्योतिषविज्ञानअनुसार उनको नाम कैकेई नै जुऱ्यो । त्यति सुन्दरी बालिकाको नाम निश्चित थियो । यसमाथि राम्रो काम गर्नेले सधैँ गाली खानुपर्ने कुरा निश्चित थियो । यसैले राम्रो नाम भएर पछि गाली खानुभन्दा नराम्रो नामले नै गाली खानु स्वभाविक हुने कुरा यहाँ प्रस्तुत गर्दै कैकेई नामको पक्षमा वकालत गरेकी छन् ।

*नराम्रो नामलाई सुहाउँने गाली खाने मानिसको स्वभाव हो । (पृ.६)*

*मानिसको राम्रो नाम राख्यो भने उसलाई गाली गर्न पाइँदैन । (पृ.६)*

कैकेईलाई पनि आफ्नो नाममा चित्त बुझेको थिएन र उनले यसप्रति असन्तुष्टि प्रकट गर्दै गुनासो पोख्दा गुरुको माध्यमबाट तार्किक उत्तर दिएकी छन् । *लेखिकाले पहिलेको तीतो पछि मीठो , देख्दा नराम्रो भित्र राम्रो, नाम नराम्रो काम राम्रो जो प्यारो हुन्छ त्यो साह्रै हुन्छ, जो बोल्दैन त्यो घुसघुसे हुन्छ, नारी शक्ति असीमित हुन्छ, आफ्नो शक्ति त्यसै खेर फाल्नु हुँदैन तर परतन्त्रमा रहने गर्नाले नारीहरू स्वयम् पछाडिएका हुन् । (पृ.१)६*

डा. नेपाललले नारी कैकेइलाई दूरदर्शी र राजभक्त भनी अयोध्याको उज्जवल भविष्यलाई सुदृढ गर्न तथा राजमहलका सम्पूर्ण नारीहरूलाई वैधव्यपीडाबाट जोगाउन रामलाई बनबास पठाएकी थिइन् भनेर समालोचकद्वयले चर्चा गरेका छन् । श्रवणकुमारका अन्धा मातापिताले दिएको श्रापबाट पुत्रशोकले दशरथको मृत्यु सुनिश्चित थियो । राम अयोध्याको राजा भएर बस्दा उनले र अन्य भाइले पनि मर्नु पऱ्यो अर्थात् पुत्रहरू आनन्दमग्न हुँदा पितालाई पुत्रशोक पर्ने थिएन । अतः सो कारण तथा परिणामका लागि दशरथको मृत्युबाट आफूहरूले पीडा भोग्नुपरे तापनि बुहारीहरूलाई यी बेदनाबाट स्वयम् कैकेईले उक्त खेल खेलेकी थिइन् । यसमा रामको पनि सहभागिता थियो अर्थात् यसबारे रामलाई राम्ररी अवगत थियो । यतिखेर उनले स्वार्थी नबनेर राज्यहितको लागि त्यति विधि सोच्ने हुँदा विनाअर्थ अवगाल खान पुगिन् । भरत, शत्रुधन पनि रामका अति भक्त भएकाले यस कार्यलाई बिथोल्छन् कि भनेर उनीले पहिले नै उनीहरूलाई मावल पठाएकी थिइन् । उनले पहिला देवताको दानवसँगसँगैको युद्धमा दरवारका सबैको विरोध हुँदाहुँदै पनि विभिन्न किसिमले प्रेरित गरी दशरथलाई सहयोगका लागि पठाएकी थिइन् र आफूसमेत यसमा सहभागी भई आपद्कालीन परिस्थितिमा आफ्नो दाहिने पाखुरा नै रथमा घुसारेर दशरथको जीवनसहित पराजयबाट उनलाई बचाएकी थिइन् । लेखिकाको विचारमा *कैकेईको उच्चता हुन सक्ने एउटै मात्र बालक थिए राम, र कैकेईले रामलाई चिनेकी थिइन् । कैकेइले चाहेकी भए आफैंले रामलाई जनमाउन सक्ने थिइन् तर उनले कौशल्याको गर्भबाट नै रामको जन्म होस् भन्ने प्रार्थना गरेकी थिइन् यसो गर्नुमा कैकेई दुईओटा फाइदा देखेकी थिइन् ।* पहिलो कारण हो आफ्नो सन्तानलाई मानिसले त्यति बढी प्रेम गर्दैनन् किनकि आफ्नो सन्तान आफ्नै हो जति अर्काको सन्तान वा मान्छेमा प्रेम हुन्छ त्यति आफ्नीमा हुँदैन । रामले ईश्वरीय शक्ति धारण गरेर यस धर्तीमा जन्मेको कुरा कैकईलाई थाहा थियो । राममाथि प्रेम भएन, भक्ति पुगेन भने भक्तहरू भोकै हुन्छन् । कैकेई पनि रामकी भक्त थिइन् ; त्यसैले उनले राम कौशल्याको छोरो हुनुपर्छ भनेकी थिइन् ।

दोस्रो कारण थियो कैकेई स्वयम् जानिफकार रामकी प्यारी आमा थिइन् अथवा ईश्वरकी नजिक थिइन् । त्यसैले उनलाई भन्दा कौशल्यालाई रामको वास्ता हुनुपर्छ भन्ने थियो । सौताको पनि कल्याण हुनुपर्छ भनेर रामको जन्म कौशल्याको कोखबाट भएको हो । कैकेई अग्नीप्रदत्त प्रसाद कौशल्यालाई दिइन् दोस्रो उनले ग्रहण गरेकी थिइन् र दुवै भागबाट निकालेर सुमित्रालाई प्रसाद दिएकी थिइन् । कैकेईको यस्तो चातुऱ्याइँ अग्निलाई पनि थाहा थियो तर दशरथलाई थाहा थिएन् । (पृ. २१)

कैकेईमा तर्क गर्ने यथेष्ट क्षमता, विवेकशक्ति तथा उदात्त भावना थियो । यसलाई प्रष्ट्याउन लेखिकाले दानवबाट बचाउन देवताहरू दशरथसँग गुहार माग्न आउँदा भाइभारदारहरूले स्वर्गपुरीमा गएर युद्ध गर्न आवश्यक छैन भन्ने सल्लाह दिँदै कैकेईले औधी घतिलो पाराले जवाफ दिँदै आफ्नो तर्कशक्तिले महाराज दशरथ तथा सभासद्हरूलाई परास्त गरेको रोचक प्रसङ्ग प्रस्तुत गरेकी छिन् । कैकेईको

चरित्रलाई सुदृढ तुल्याउन कैकेईको बहादुरीलाई देखाउन लेखिकाले प्रस्तुत गरेको निम्न केही प्रसङ्ग पनि उल्लेखनीय रहेको चर्चा समालोचकद्वयले गरेको पाइन्छ ।

कैकेइको महानता र तेजस्वितालाई महाराजा दशरथ, महारानी कौशल्या र सुमित्राले पनि स्वीकारेका थिए । कैकेईको विद्वता र महानताको सामु महाराज दशरथ त नतमस्तक थिए । श्रवणकुमारसँगको दुर्घटनालाई उनले कैकेईको भनाइ नमान्नुको प्रतिफल मानी प्रायश्चित गरेका थिए ।

*सिकार नखेल्नु, अर्कालाई मार्नु जस्तो अपराध अर्को कुनै छैन । पहिले हतियारले आफ्नै शरीरमा हान्नू अनिमात्र अर्कालाई हान्नू प्राणीप्रेम सिवाय अरू कुनै ठूलो धर्म, कर्म, यज्ञ, हवन, दान केही छैन भन्थ्यौ तर तिम्रो कुरा नमान्दा मेरो इदम् भ्रष्टम्, उद्म् भ्रष्टम् भयो ...। (पृ. २६)*

समालोचकद्वयले डा. सरस्वती नेपालको समीक्षामा कैकेई महान् दार्शनिक पनि थिइन् भन्ने कुराको चर्चा गरेको पाइन्छ । कैकेईले आफ्नै नेतृत्व धर्मसभा बोलाएर देवगुरु, दैत्यगुरु, देशविदेशका विद्वान्हरू दार्शनिक व्यक्तिहरू ज्योतिषाचार्यहरू तथा पण्डित र ब्राह्मणको भेला गराएर सभामा अत्यन्त महान विषयमा छलफल, वादविवाद गराउँथिन । सभा औधी रोचक हुन्थ्यो । प्रत्येकले उत्सुकतापूर्वक तथा अभिरुचिपूर्वक भाग लिन्थे । उनको कार्यक्षमतादेखि त्यस भेलाबाट उनी प्रशंसनीय बन्न पुग्थिन् भन्ने प्रसङ्गको पनि चर्चा गरेको पाइन्छ ।

समालोचकद्वयले उनको सिङ्गो कृतिलाई केलाउँदा लेखिएकाले रामायणमा दुष्ट पात्रको रूपमा देखापरेकी कैकेइलाई विभिन्न पुस्तक तथा पत्रपत्रिकाबाट गरी विभिन्न करिब १९ ओटा ठाउँबाट प्रमाण जुटाएर उच्चकोटिको नारीको रूपमा प्रस्तुत गर्न आँट गर्नु अत्यन्त सराहनीय कार्य हो भनी चर्चा गरेको देखिन्छ । यसका साथै यस कृतिको भाषाशैली, वाक्यसंरचनालाई समालोचकद्वयले मूल्याङ्कन गर्दा लेखिकाको मौलिकता समेत हावी भएको भनी उल्लेख गरेका छन् । समालोचकद्वयले उनका कतिपय प्रसङ्गहरू कल्पनाशीलताका उपज मानेका छन् । पौराणिकतामा आधुनिकताको जलप लगाइएको ती माथिका प्रसङ्गले कृतिलाई अनौठो अस्पष्ट तथा अस्वाभाविक बनाइदिएको समालोचकद्वयले उल्लेख गरेका छन् ।

## सम र सिमालका नाटकका नारीपात्रहरूको मूल्याङ्कन

समालोचकद्वयले नेपाली साहित्यको विविध विधालाई छिचोलेर मोफसलमा आफ्नो बेग्लै पहिचान कायम गर्न सक्षम डा.सरस्वती नेपालको **सम र रिमालका नाटकका नारीपात्रहरूको** मूल्याङ्कन एउटा विशिष्ट समालोचनात्मक कृति हो भनी चर्चा गरेको देखिन्छ । डा. नेपालले **महामानवी कैकेई** मा झैं नारीलाई नै मुख्य केन्द्रविन्दु बनाएर संरचना गरिएको यस कृतिमा पनि डा.नेपालले नारीमाथिको शोषण, अन्याय र अत्याचारको विद्रोह गर्दै नारी जातिको अस्तित्वको पक्षमा दह्रो वकालत गरेकी छन् भनी समालोचकद्वयले उल्लेख गरेका छन् । भाषा साहित्यकै अनुसन्धानको प्रतिफलको रूपमा संरचित यो पुस्तक नाट्यसम्राट

स्व.बालकृष्ण सम र नेपाली गद्यकविताका प्रणेता तथा नाटककार स्व. गोपालप्रसाद रिमालको नाटकमा नारीपात्रहरूको तुलना गरी समालोचनात्मक रूपमा प्रस्तुत गरेकी छन् भन्ने समेत चर्चा गरेको पाइन्छ ।

समालोचकद्वयले डा.नेपाललाई समको भन्दा रिमालका नारी पात्र बढी स्वीकार्य छन् भनी चर्चा गरेको देखिन्छ । समालोचकद्वयले समका नारीपात्रहरू परम्परावादी पाएका र जेजस्तो अन्याय अत्याचार आफूमाथि आइपरे तापनि निर्धारित मार्यादाभित्र बस्ने उनीहरूको विमति रहेको उल्लेख भएको छ । लेखिकालाई समका नारीपात्रहरू असहज र अस्वभाविक लाग्छन् भने रिमालका नारीपात्रहरू सहज र स्वभाविक लाग्छन् । उनले समका नारीपात्रहरू सैद्धान्तिक रूपमा अघि बढेका पाएकी छन् भने रिमालका नारीपात्रहरू बढी व्यवहारिक पाउँछिन भनी समालोचकद्वयले उल्लेख गरेका छन् । उनकै विचारमा *गोपालप्रसाद रिमालले आफ्ना नाटकद्वारा नारीको वस्तुस्थिति अध्ययन गरेर उनीहरूलाई व्यवहारिक बनाए भने बालकृष्ण समले चाहिँ बढी सिद्धान्तलाई आत्मसात गर्ने हुँदा उनका नाटकका नारीपात्रहरू व्यवहारवादी नभएर सिद्धान्तवादी बन्न पुगेका देखिन्छन् । (पृ. ९४)*

उनका जम्मा ५ ओटा नाटकहरू **मुटुको व्यथा, मुकुन्द इन्दिरा, म, अन्धवेग, तथा** ध्रुव नाटकलाई केन्द्रविन्दु बनाई समालोचना गरिएको यस कृतिमा मुकुन्द इन्दिराकी इन्दिरा **म**की इन्द्रवीरकी आमा तथा प्रभा, **मुटुको व्याथा**की कपिला, **ध्रुव**की सुनीति सबैलाई पतिमहात्म्य गाउने खालका नारीपात्राहरूको रूपमा लिएका छन् भनी समालोचकद्वयले उल्लेख गरेका छन् । समले **अन्धवेग**की नायिकाको चरित्रलाई भने अन्य नाटकको विपरीत ढङ्गमा प्रस्ततु गरेकाले यसमा उनको समको नाटकीय क्षमता केही खस्केको उनले बताएकी छन् । उनको विचरामा समले **चिसो-चुह्लो** महाकाव्यमा नारी स्वतन्त्रताको बाटो देखाउन खोजे तापनि, कैकेई कथामा नारी शक्तिको बखान गरे तापनि, अन्धबेगबाहेकका आफ्ना नाटकका पात्रहरूलाई भने पतिमहात्म्य गाउन लागाएका छन् र उनले आफूमाथि जेजस्तो अन्याय परे तापनि सहेर बस्नु नै नारी धर्म मानी चुपचाप बस्न लगाएका छन् तर रिमालको नारीप्रतीको धारणा बेग्लै छ । उनले भने प्राचीन मान्यतामा नयाँपन ल्याउने गरे तथा परम्परालाई पनि मान्दै अन्याय गर्दा विद्रोह गर्ने नारीशक्तिको रूपमा नारीलाई प्रस्तुत गरे । यसरी सम तथा रिमालका नाट्य प्रवृत्तिभित्र समाविष्ट वैचारिक भिन्नता तथा दुवैको नारीप्रतिको दृष्टिकोणलाई लिएर जुन उद्देश्यले कृतिमा लेखिकाले आफ्नो धारणा प्रस्ततु गरेकी छन् त्यो उल्लेखनीय रहेछ भनी समालोचकद्वयले चर्चा परिचर्चा गरेको पाइन्छ ।

समालोचकद्वयले उनको यो कृतिलाई अनुसन्धानात्मक बन्न पुगेको भन्दै यसमा विभिन्न स्रोतबाट थुप्रै तथ्यवस्तुको समेत उल्लेख भएको बताएका छन् । उनले स्रोतलाई आधार बनाई आफ्नो धारणालाई सकेसम्म प्रस्ट्याउन प्रयत्न गरेकीले उनको अध्ययन र अनुसन्धाको क्षेत्र अझ फराकिलो रहेको छ भन्ने समालोचकले टिप्पणी गरेका छन् ।

## प्रेमा शाह र उनका कृतिहरू

समालोचकद्वयले प्रेमा शाहलाई पूर्णेन्द्रविक्रम शाह र अरुणा शाहकी ज्येष्ठ सन्तानकै रूपमा वि.सं.२००२ साल असारमा वीरगञ्जको तेजारथटोलमा जन्म भएको भनी उल्लेख गरेका छन् ।

समालोचकद्वयले उनलाई आफ्नो कार्यव्यस्तताको क्रममा धेरै वर्ष अगाडिदेखि नै काठमाडौँमा बसोबास गर्दै नेपाली साहित्यिमा आफ्नो अलग पहिचान दिन सफल भएकी नारी स्रष्टा हुन् भन्ने चर्चा गरेको पाइन्छ । उनी मूर्धन्य साहित्यकार विश्वेश्वरप्रसाद कोइराला तथा भवानी भिक्षुद्वारा प्रवाहित फ्रायडवादी मनोविज्ञानको रतिरागात्मक धारालाई पछ्याउँदै आफूलाई सशक्त बनाउने महिला साहित्यकार भएकी नारी स्रष्टा हुन भन्ने चर्चा गरेको पाइन्छ । समालोचकद्वयले प्रायः उनलाई आफ्ना रचनामा मानवीय मनोदशाका सूक्ष्म भावलाई अझ विशेषरूपमा सामाजिक मान्यता तथा मर्यादाभित्र प्रतिबन्धित नारीहृदयको यौनमनोभावका जटिल ग्रन्थिहरूबाट उत्पन्न आरोह अवरोहहरूलाई जीवन्त रूपमा प्रस्तुत गर्ने नारी स्रष्टाको रूपमा चर्चा गरेको देखिन्छ । नेपाली विषयमा स्नातकोत्तर गरी कहिले प्राध्यापन र कहिले अन्य व्यवसाय अपनाउँदै लेखनधर्मितालाई समेत निर्वाह गरेकी उनी हाल स्वतन्त्र जीवनयापन गरिरहेकी छन् भन्ने कुरा गरिएको छ । उनले कविता, एकाङ्की, उपन्यासको क्षेत्रमा कलम चलाए पनि उनी मूलतः कथाकार हुन् भन्ने तर्क प्रस्तुत गरेका छन् ।

उनको **पहेँलो गुलाफ** (२०३३) र **विषयान्तर** (२०२८) नामक दुई कथासङ्ग्रहका अतिरिक्त उनले **मम्मी** उपन्यास, **आकाश विभाजित छ** (सह-लेखन उपन्यास) **इन्द्रधनुष** (बालकथासङ्ग्रह) **भुन्टुकी बज्यैको कथाको पेटारो** (बालकथासङ्ग्रह) **जिन्की र जोकर** (बालकथासङ्ग्रह), **रामेको कथा**, (बालउपन्यास) **मनु र भङ्गेरो** (बालउपन्यास) **आनन्दको आविष्कार** (बाल उपन्यास) जस्ता थुप्रै कृतिहरू प्रकाशित गरी नेपाली साहित्यमा स्थापित भइसकेकी छन् भनी उल्लेख गरेको पाइन्छ ।

समालोचकद्वयले उनका रचनामा वैचारिक परिपाक, प्रयोगधर्मिकता, बौद्धिकता, मानवीय अस्तित्वको बोध, यौनजन्य मनोव्यथा, जीवनभोगाइका विविध अनुभूति आदि कुराहरूको उल्लेख रहेको पाइन्छ भन्ने भनेर चर्चा गरेका छन् । उनको **पहेँलो गुलाफ** कथाले प्रेमा शाहलाई यौनवादी कथाकारको रूपमा चिनाउने प्रतिनिधि कथाको रूपमा उल्लेख गरेका छन् । उनको यो कथामा समालोचकद्वयले अस्पतालको बेडमा परेकी रोगले ग्रस्त महिलाको दैनिकी लेखनलाई माध्यम बनाएर कथाकारले रोगी महिलाको कामेच्छुक पतिको यौनजन्य संवेदना प्रस्तुत भएको उल्लेख गरेका छन् ।

समालोचकद्वयले उनी लगायत दशजनाको संयुक्त लेखनबाट प्रकाशित भएको **आकाश विभाजित छ** भन्ने शीर्षकको उपन्यास नवप्रयोग र नवशिल्पको उदाहरण रहेको भनी चर्चा गरेका छन् । समालोचकद्वयले उनको यो उपन्यासलाई

नेपाली उपन्यासको क्षेत्रमा नौलो दृष्टिकोण लिएर देखापरेको भन्दै यसले यौन मनोदशाको जटिल ग्रन्थलाई सूक्ष्म रूपमा केलाई जीवन्तता प्रस्तत् गरेको उल्लेख पाइन्छ ।

समालोचकद्वयले समग्रमा उनलाई भन्नुपर्दा साहित्यकार प्रेमा शाहलाई एक उत्कृष्ट, परिष्कृत, परिपक्क तथा सन्देशमूलक बालसाहित्य दिएर नेपाली साहित्यको क्षेत्रलाई सम्पन्न तुल्याउन प्रयासरत एक कुशल स्रष्टाको रूपमा परिचय गराएको पाइन्छ । समालोचकद्वयले उनलाई वर्तमान परिवर्तनीय परिवेशसँग आफूलाई तादात्म्य राख्दै सोहीअनुरूप रचनाहरू प्रदान गर्ने एक उदाहरण लेखिकाको रूपमा समेत उल्लेख गरेका छन् । यसका साथै समालोचकद्वयले उनलाई भावनामा नबगीकन यथार्थ नजिक रहेर मानवीय अन्तर्मनलाई खोतल्ने सर्जकको रूपमा समेत परिचित गराएको देखिन्छ ।

**सरिता अधिकारी र उनको कृति**

समालोचकद्वयले सरिता अधिकारीलाई वि.सं.२०११ सालमा जन्मेर वीरगञ्जलाई कर्मभूमि बनाएकी पर्साकी महिला साहित्यकारको रूपमा परिचित गराएका छन् । समालोचकद्वयले उनलाई वीरगञ्जका पत्रपत्रिकामा आफ्ना कथा, कविता, गीत, लेख आदि प्रकाशित गरी आफ्नो विशेष पहिचान बनाउन सक्षम व्यक्तित्वका रूपमा चर्चा गरेका छन् । समालोचकद्वयले उनको साहित्यिक यात्रा वि.सं.२०३२ सालदेखि थालनी भएकोले उनले आफ्नो सिर्जनात्मक क्षेत्र विस्तृत तुल्याएको पाइन्छ ।

सरिता अधिकारीको **सगरमाथा उचाल्ने हात**मा **कर्तव्य** (कथा) **दिदीलाई चिठी** (कविता), छोरीको चिठी (पत्रसाहित्य), **यो हातले सगरमाथा छुन मात्र होइन उचाल्न पनि सक्छ** (लेख) **बडादशैंको शुभकामना** (कविता) **सपनाले खोसेको जिन्दगी** (कथा) **प्रौढ शिक्षाको गीत** (गीत) **सरस्वती बन्दना** (कविता) **छोरीको जन्म हारेको कर्म** (गीत) गरी जम्मा ११ वटा रचना सङ्कलित रहेको उल्लेख गरेका छन् ।

समालोचकद्वयले उनका रचनामा नारीलाई नै केन्द्रबिन्दु बनाई उनैको सेरोफेरोमा संरचित विषयवस्तु समावेश गरेको पाइन्छ । साहित्यकार स्वयम् नारी हुन् उनलाई नारी अन्तर्मनको पीडा थाहा छ, उनीहरूले भोग्ने समस्याको अनुभूति छ त्यसैले उनले हरेक विधाको माध्यमबाट नारीकै वेदनालाई पोखेकी छन् भन्दै समालोचकद्वयले उनका २ वटा कथाको चर्चा गरेका छन् । **कर्तव्य**मा एउटा पुरुषबाट बलात्कृत नारीको पीडा प्रस्तत् भएको छ भने **सपनाले खोसको जिन्दगी**मा समयबाट बलात्कृत एउटी विवश नारीको जीवन भोगाइको मार्मिक व्यथा प्रस्तुत भएको पाएका छन् । यसका साथै समालोचकद्वयले उनको कथामा बलात्कृत एउटी विवश नारीको जीवनभोगाइको मार्मिक व्यथा प्रस्तुत भएको र एउटी नारीको जीवन पुरुषको क्षणिक उत्तेजना कति कठिन बन्न पुग्छ भन्ने जस्ता प्रसङ्गको उल्लेख गरेका छन् ।

## स्व.इन्दिरा जोशी र उनको कृति

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले वि.सं.१९९५ असार २१ मा जन्मिएर वि.सं. २०३० आश्विनमा यस धर्तीबाट विधा लिएको स्व.इन्दिरा जोशी पिता गौरीलाल प्रधान र माता कृष्णा श्रेष्ठकी सुपुत्री भएको चर्चा गरेको पाइन्छ । वीरगञ्जवासी कृष्णमान जोशीसँग विवाहसम्बन्धमा बाँधिएकी उनको जीवन केवल ३५ वर्षको अल्पायुसम्म मात्र रहेको चर्चा समालोचकद्वयले गरेका छन् । यसका साथै समालोचकद्वयले उनलाई प्रगतिशील विचारधाराकी कवयित्री भन्दै उनका कृतिहरू आफन्त जनको सहयोगमा प्रकाशित भएको बताएका छन् । समालोचकद्वयले उनको केवल ५४ पृष्ठमा आबद्ध रहेको **शुद्धीकरण** कवितासङ्ग्रहमा **शुद्धीकरण, सिकर्मी, काल, परिवर्तन, भावनाको प्रतिबिम्ब** शीर्षक भएका तथा तीनवटा बिनाशीर्षकका १६ पङ्क्तिदेखि ६ पङ्क्तिसम्मका कविताहरू रहेको पाइन्छ । समालोचकद्वयले उनका कवितामा समाजमा हुने गरेका, भइरहेका र हुनसक्ने वस्तुस्थितिको कलात्मक प्रस्तुति साहित्यमा हुनुपर्छ भन्ने मान्यता राखेको उल्लेख गरेको पाइन्छ ।

## साहित्यमा बाराका नारी हस्ताक्षर

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले नेपाली साहित्यको उत्थानमा बारा जिल्लाले उल्लेखनीय भूमिका निर्वाह गरेको उल्लेख पाइन्छ । समालोचकद्वयले डा.केशवप्रसाद उपाध्याय, निर्मोही व्यास जस्ता राष्ट्रिस्तरमा स्थापित नेपाली साहित्यकारको जन्मस्थल पनि बारा नै भएकोले उनीहरूको देन अविस्मरणीय रहेको मानेका छन् । समालोचकद्वयले यस जिल्लालाई समग्रमा मूल्याङ्कन गर्दा अन्त्यमा झैं यहाँ पनि नारी हस्ताक्षरको रूपमा केही नारीहरूमात्र साहित्यकारको रूपमा स्थापित भएका छन् भन्दै तिनीहरूको क्रमशः यसरी चर्चा गरेका छन् ।

## जुनु क्षेत्री र उनका रचनाहरू

समालोचकद्वयले जुनु क्षेत्रीलाई बारा जिल्लाको नारी हस्ताक्षरमा अग्रपङ्क्तिमै रहेकी नारी स्रष्टाको रूपमा उल्लेख गरेको पाइन्छ । समालोचकद्वयले उनको वास्तविक नाम जमुनाकुमारी क्षेत्री भए तापनि उनको साहित्यिक नाम जुनु क्षेत्री रहेको चर्चा गरेका छन् । उनको जन्म २०२८ मङ्सिरमा बारा जिल्लामा नै भएको भन्दै समालोचकद्वयले उनलाई आमा मायादेवीको प्रेरणाबाट साहित्यलेखन तिर अग्रसर भएकी भनी उल्लेख गरेका छन् । साथै उनको पहिलो प्रकाशित रचना **कविता लेख्ने साइतै जुरेन** हो भन्दै उनका लेख, रचनाहरू राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा समेत प्रकाशित भएको चर्चा गरेका छन् ।

समालोचकद्वयले उनीभित्र विविध प्रतिभा रहेकाले उनी लेखनक्षेत्रमा मात्रै सीमित नरहेको उल्लेख गरेको पाइन्छ । समालोचकद्वयले उनका प्रकाशोन्मुख कृतिहरू पनि प्रशस्त रहेका र उनी विभिन्न सङ्घसंस्थामा समेत आबद्ध भएकीले

उनको साहित्यिक क्षेत्र फराकिलो देखिएको उल्लेख गरेका छन् । यसका साथै साहित्य सेवामा समर्पित भई नेपाली भाषासाहित्यको उनको योगदान अतुलनीय रहेको पाइन्छ भन्दै समालोचकद्वयले कवयित्रीको विचारमा साहित्य जीवन हो भन्ने प्रसङ्ग पनि व्यक्त गरेको देखिन्छ । समालोचकद्वयले जुनु क्षेत्रीका रचनाभित्र जीवनवादी दृष्टिकोण मानवीय संवेदना, सामाजिक विसङ्गीत तथा विकृतिप्रति असन्तुष्टि भावसमेत उल्लेख गरेको पाइन्छ ।

समालोचकद्वयले उनको **सिकार**मा हिंस्रक जनावरको भन्दा मान्छेको संसार झन् भयानक तथा जटिल भएकोमा तीव्र वेदना र सभ्य भनाउँदाहरूलाई तीक्ष्ण व्यङ्ग्य भएको उल्लेख गरेका छन् । उनको **परिणाम**मा सामाजिक न्यायको विचलन प्रस्तुत भएको चर्चा गरेका छन् ।

समालोचकद्वयले उनको **साकार सपना**मा हाम्रो समाजमा नारीले भोग्नुपर्ने अवस्थाको स्वभाविक चित्रण भएको उल्लेख देखिन्छ । यसका साथै उनको **व्यापार**मा अर्थाभावले उत्पन्न बाध्यात्मक परिवेशप्रति व्यङ्ग्य भएको चर्चा पाइन्छ । उनको **कविताको आवाज**मा नेपालले वर्तमानमा भोग्नु परेको अवस्थाको वीभत्स दृश्य भएको र त्यसप्रति चिन्तासमेत रहेको भावको चर्चा गरेको देखिन्छ ।

उनका गजलहरू भावन जस्तै जीवन्त र सघनता भएकोले उनी गजलमै जिउनुपर्छ र गजल नै पिउनुपर्छ, जुनुले गजलमै खुल्नुपर्छ र उनका भावनाहरू गजलमै फुल्नुपर्छ भन्ने समेत प्रसङ्ग समालोचकहरूले व्यक्त गरेका छन् । समालोचकद्वयले गजललाई प्रेयसीसँगको वार्तालाप भन्दै यसमा प्रणय र शृङ्गार भाव रहेको चर्चा गरेका छन् । समालोचकद्वयले उनीभित्रको सुकोमल भावना प्रणयको चाहना र प्रेमीसँगको गुनासो हुँदाहुँदै पनि उनका गजलमा शृङगारिकता नभएको भन्दै उनको गजलको एक अंश यसरी प्रस्तुत गरेका छन् ।

*हामीबीचको गोप्य रहस्य खोल्यौं तिमीले*
*नबोल्ने कुरा कुनठाउँमा बोल्यौं तिमीले*

*(प्रज्ञान, वर्ष,१ पूर्णाङ्क १, पृ. ४)*

समालोचकद्वयले जुनु क्षेत्रीको कलम निबन्ध विधामा पनि बढी खारिएको कुराको चर्चा गरेका छन् । उनको निबन्ध परिष्कार परिमार्जन हुँदाहुँदै पनि भावनाको प्रवाहमय रहेको वताएका छन् । समालोचकद्वयले जुनुको जीवन र साहित्य समन्वयसम्बन्धी परिभाषा उत्कृष्ट रहेको चर्चा गर्दै उनको गतिशील र जीवन भाव छरेर रचना गर्ने अरू उत्साह थपियोस् भन्ने समेत कामना गरेको देखिन्छ ।

### बाराका अन्य नारी लेखिकाहरू

समालोचकद्वयले बाराका अन्य नारी लेखिकाहरूको पनि चर्चा गरेको देखिन्छ लेखिकाद्वयले बाराका अन्य लेखिकामा मधुमल्लिका, प्रगति गुप्ता, उर्जा

श्रेष्ठ, अनामिका आस्था, बीना पोखरेल, नीता श्रीवास्तव, गीतु श्रेष्ठ आदिलाई प्रसङ्गसँगै उल्लेख गरी चर्चा गरेको पाइन्छ ।

**साहित्यमा मकवानपुरका नारी हस्ताक्षर**

समालोचकद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजालले मकवानपुरको साहित्यिक फाँटमा केवल दुई नारीहस्ताक्षार मात्र रहेको चर्चा गरेको देखिन्छ ।

लेखिकाद्वयले तीर्थदेवी सिलवाललाई **आदिम यात्रा** कवितासङ्ग्रह प्रकाशित गरेर श्रेष्ठ बनेकी भन्दै उनको यो उत्कृष्ट रचनाको समेत चर्चा गरेको पाइन्छ । उनको यस सङ्ग्रहमा जम्मा १३ वटा मध्यम आकारका कविताहरू समष्टिगत रूपमा रहेको लेखिकाद्वयले उल्लेख गरेका छन् ।

समलोाचकद्वयले उनको यो सङ्ग्रह २०४६ सालको जनआन्दोलनपछि प्राप्त प्रजातन्त्रपछिको पाँच वर्षभित्रको समयावधिभरि रचिएका कविताहरूको समष्टिगत स्वरूप रहेको छ भन्ने उल्लेख गरेका छन् । लेखिकाद्वयले उनका केही कवितामा प्रजातन्त्रको पुनर्वहालीपछि पनि नेपालीले भोग्नुपरेका दुःख, व्यथा, विडम्बना प्रस्तुत भएको उल्लेख पाइन्छ । त्यत्रो सङ्घर्ष भोगेर ल्याएको जनइच्छित व्यवस्थापछि पनि सुखसुविधा पाउनुको साटो नेपालीले भ्रष्टाचार तथा महँगीको उपहार पाएकोमा कवयित्रीलाई वितृष्णा भएको लेखिकाद्वयले बताएका छन् ।

*प्रजातन्त्रको आवरण ओढेको*
*समाजवादभित्र*
*विजुली महसुलको एक तल्ला र*
*भ्रष्ट्राचारको अर्को तल्ला थपिएको छ ।*
*(क्रमश : थपिएका तल्लाहरू)*

अनि प्रजातन्त्रको दुरुपयोग गर्न खोज्ने नेता, मन्त्री, साहू जस्तालाई व्यङ्ग्यात्मक प्रश्न गरिएको छ र सोझा गाउँलेहरूको अचेतना अवस्थाप्रति खेद प्रकट पनि गरिएको पाइन्छ । यसका साथै बाटो देखाउनेहरूलाई सतर्क हुन चेतावनी प्रस्तुत गरिएको उनको कविताको एक अंश समालोचकद्वयले यसरी प्रस्तुत गरेका छन् :

*ठेक्का पाउने तपाइँ नै हो ?*
*तपाइँ नआतिनुहोस्*
*यो प्रजातन्त्र तपाइँकै हो*
*नमस्कार साहूजी नमस्कार*

*गाउँलेहरू अँध्यारोमा मस्त सुतिरहनुस्*
*बत्ती बल्यो भने निद्रा बिथोलिन्छ*
*तपाइँहरू नचल्मलाउनुहोस् ।*

*ए बाटो चिनाउने मान्छे तिमी*
*खबरदार अलमलिन नखोज (बाटो देखाउने सितबाट)*

समालोचकद्वयले उनका कवितामा यथास्थितिवादीसँग विद्रोह रहेको उल्लेख गरेका छन् । यसका साथै उनका कतिपय कवितामा रीतिरिवाज तथा परम्परालाई मान्नु मात्र त्यसप्रतिको श्रद्धा होइन, परम्परा केवल मनारञ्जनात्मक अभिव्यक्तको मूर्ति गर्नु मात्र होइन यसले त नवीनताको बोध गराउनुपर्छ, अनि जीवन फुलाउनुपर्छ र नयाँ मान्यताको थालनी गर्नुपर्छ भन्ने जस्ता तर्कहरू उल्लेख गरेको पाइन्छ । समालोचकद्वयले उनका कवितामा रहेको सान्दर्भिक पक्षको पनि सहज रूपमा प्रस्तुत गरेका छन् । कवयित्रीले हिलो खेल्ने समयलाई फाँटमा बाला झुलाउनेमा सदुपयोग गर्नुपर्छ भन्नेमा उनको राय उल्लेख गरेको देखिन्छ ।

समालोचकद्वयले कविताप्रतिको कवयित्रीको धारणा पनि अलग रहेको पाएका छन् । कविता प्राकृतिक सौन्दर्यको रहरको सुन्दर फूलको, सुख र सयलको हुन सक्दैन, कविता त दुःख र पीडाको अभाव र बाध्यताको अनि भत्केको सफना रहेको हुन्छ भन्दै तलको अंश प्रस्तुत गरेका छन् ।

*गएर हेर किसानको हातमा कविता ठेला छन्*
*छोएर हेर मजदुरको ओंठमा कविता भेला छन् ।*

*(रहरले मात्र फुर्दैन कविताबाट)*

समालोचकद्वयले उनको अर्को कृति **खोज्दै जाँदा तिमीलाई** अर्को कविसँगको संयुक्त प्रयासमा वि.सं. २०५३मा प्रकाशित भएको उल्लेख गरेका छन् । यसमा पनि कवयित्रीको उही भावना रहेको पाइन्छ भन्दै लेखिकाद्वयले शान्ति र मानवअधिकार स्थिति अत्यन्त दयनीय रहेको छ तापनि गन्तव्यमा पुग्नु हिमशिखरलाई छुने अभियान जारी राख्ने उनको प्रतिबद्धता प्रस्तुत भएको छ भन्ने लेखिकाद्वयले चर्चा गरेको देखिन्छ ।

समालोचकद्वयले उनका दुवै सङ्ग्रहमा प्रकाशित **आफैदेखि विरानो भएको छु** भन्ने कवितामा पनि उनी समानरूपमा देखापरेको उल्लेख गरेका छन् । दुवैमा उनको भाव समान रहेको छ शीर्षकले पनि उही रूपमा प्राथमिकता पाएको भन्दै एकै समयमा रचिएका तर अलग समयमा छापिएका यी दुवै कविताले कवयित्रीको पुनरुक्ति शैलीलाई सङ्केत गरेको चर्चा गरेका छन् ।

समग्रमा दुवै सङ्ग्रहलाई नियाल्दा मानवतावादी दृष्टिकोण, समसामयिक विषयवस्तुप्रति सजगता राष्ट्रिय सचेतता, सुधारवादी चिन्तन, नारी जीवनको याथर्थता, विभिन्न परिवेशबाट उत्पन्न विकृति तथा विसङ्गतिप्रति विद्रोहात्मक भावना र तीव्र व्यङ्ग्य आदिलाई कवयित्री सिलवालका कवितागत वैशिष्ट्य भनी चर्चा गरेको पाइन्छ ।

## पुण्यशिला श्रेष्ठ र उनको कृति

समालोचकद्वयले पुण्यशिला श्रेष्ठलाई मकवानपुरे साहित्यिक फाँटमा सिङ्गो कृतिको प्रकाशन गरी आफ्नो सिर्जनधर्मितालाई प्रतिष्ठापित गर्ने अर्की नारी हस्ताक्षरको रूपमा उल्लेख गरेको देखिन्छ । उनको वास्तविक नाम शर्मिला श्रेष्ठ भए तापनि साहित्यिक क्षेत्रमा पुण्यशिलाको नामले परिचित रहेको पाइन्छ भन्दै उनको जन्म वि.सं.२०४१ सालमा रमेशकुमार श्रेष्ठ तथा निरुकुमारी श्रेष्ठको सन्ततिको रूपमा भएको भन्ने चर्चा लेखिकाहरूले गरेका छन् ।

लेखिकाद्वयले उनलाई **भुमरी** नामक लघुसाहित्यिक त्रैमासिक पत्रिकाको सम्पादनसमेत गरेको चर्चा पाइन्छ । उनको आफ्नो साहित्यिक यात्रालाई सर्वप्रथम साकार रूपमा प्रस्तुत गर्ने कृतिको नाम **उत्सव अनिश्चित वेदनाको** रहेको समेत उल्लेख गरेका छन् । प्रसव वेदना औधी असह्य हुन्छ, तर सो वेदना सन्तानप्राप्तिको सम्भाव्यताले आल्हादकारी पनि हुन्छ । सायद सोही अनुभूतिको प्रतिफल हो, **उत्सव अनिश्चित वेदनाको** भन्दै लेखिकाद्वयले चर्चा गरेका छन् । समालोचकद्वयले कवयित्रीको वेदना अनिश्चित रहेको छ तर साको पनि उत्सव हुँदैछ । उनीभित्र कविता जन्माउनुको वेदना हुन सक्छ तर सोही कविता कृतिको रूपमा प्रकाशित हुँदा उत्सवको रूपमा परिणत हुनसक्छ । सायद यही भावलाई समेटेर उनले कविता सङ्गालोको शीर्षक उत्सव अनिश्चित वेदनाको राखेकी होलिन् भन्दै समालोचकद्वयले चर्चा गरेको पाइन्छ ।

समालोचकद्वयले कवयित्रीभित्र नारी हुनुको यथार्थबोध रहेको उल्लेख गरेका छन् । उनीभित्र स्वाभिमानी हृदय रहेको हुन्छ । त्यसैले नारी आफ्नो अस्मिता गुमाएर, आफ्नो अस्तित्व बेचेर आफूलाई कुण्ठित गरेर बाँच्नु हुन्न । यसका लागि नारीले विद्रोह गर्नुपर्छ, यसका लागि नारीले कालीमाई र चण्डिकाको रूप धारण गरी उठ्नुपर्छ भन्ने उनको भनाइ छ ।

*यो स्वार्थी समाजमा आफ्नो रूप देखाऊ*
*कालीमाई र चण्डिकाको रूपधारण गरी उठ*
*किनकि*
*तिमी खेलौना होइनौ* (नारी ! के तिमी खेलौना हौं ?, पृ.१८ )

समालोचकद्वयले शान्तिक्षेत्र देश, बुद्धको देश नेपाल आज विशृङ्खलित र क्षतविक्षत भएको छ । जतासुकै बारुद र चारैतिर शोकसन्ताप रहेको छ । त्यसैले आज गीतको रूप फेरिएको छ । कथाको स्वरूप बदलिएको छ । यसलाई कवयित्री पनि स्वीकार्छिन् तर यो लेख्ने चाह कवयित्रीलाई छैन भनेर समालोचकद्वयले तर्क गरेको पाइन्छ ।

## फुटकर रूपमा कलम चलाउने नारी हस्ताक्षरहरू

समालोचकद्वयले मकवानपुरे साहित्यिक क्षेत्रमा अन्य नारी हस्ताक्षरहरू फुटकर कविताहरूमा लिएर देखापरेको उल्लेख गरेका छन् । त्यस्ता नारी

प्रतिभाहरूमा मुना लामिछाने, देवकी सापकोटा, सरस्वती अधिकारी, अप्सरा तिम्सिना, सजीवनी 'गजल' बबी थापा आदिको नाम उल्लेख गरेका छन् ।

**साहित्यमा रौतहटका नारी हस्ताक्षर**

समालोचकद्वयले साहित्यिक क्रियाकलापमा नारायणी अञ्चलमै सबैभन्दा पछाडि परेको रौतहटमा नारी हस्ताक्षरको रूपमा कसैलाई खोज्नु शिलो खोज्नुझैँ भएको उल्लेख गरेका छन् । समालोचकद्वयले रेणु गुप्तालाई रौतहटकै एकमात्र सशक्त नारी हस्ताक्षरको रूपमा चर्चा गरेको देखिन्छ ।

समालोचकद्वयले उनको जन्म २०३५ फागुनमा (कलैयामा) भएको र उनी सङ्कीर्ण सामाजिक परिवेशमा हुर्केर पनि केही अङ्ग्रेजी साहित्यकारको प्रेरणाबाट गजल, कविता तथा लघुकथा लेखेर साहित्यिक पथमा पाइला बढाउँदै गरेकी साहित्यकारको रूपमा उल्लेख गरेको पाइन्छ । उनको पुस्तकाकार कृतिका रूपमा **विवाहपूर्व** एक अनूदित लघु पुस्तिका तथा विवाहपश्चात् अर्को **जोगी र चोरी** नामक बाललोककथासङ्ग्रह प्रकाशित भएको उल्लेख गरेका छन् ।

लेखिकाद्वयले उनका २ कृति **धर्मके बारे मैं कुछेक बात** तथा **जात-जातके बात** रहेका छन् । यो कृति प्रतिष्ठित साहित्यकार श्यामप्रसाद शर्माका **धर्मका बारेमा केही कुरा** तथा **जातजातिका कुरा** निबन्धसङ्ग्रहका अनुदित रूप भएको उल्लेख गरेका छन् । पूर्वीय भोजपुरी भाषिकाको प्रभाव परेको यी २ पुस्तिकाले नेपालका नै अनूदित साहित्यको अभावलाई समेत केही हदसम्म मेटाउने प्रयास भएको समालोचकद्वयले उल्लेख गरेको देखिन्छ ।

समालोचकद्वयले उनको अर्को कृति नेपाली भाषामा नै संरचित **जोगी र चोरी** नामक बाललोकथासङ्ग्रह हो भन्ने चर्चा गरेका छन् । स्वयम् रेणु गुप्ताद्वारा सम्पादित यस सङ्ग्रहका सम्पूर्ण कथाहरू रौतहट जिल्लाको मध्यपूर्वीय क्षेत्रतिर प्रचलित लोककथाहरू रहेको भन्ने चर्चा गरिएको पाइन्छ । तिनै क्षेत्रका सम्पूर्ण बालवयका हस्ताक्षरलाई यस सङ्कलनमा समेटिनु तथा सबै सर्जकहरूमा जातिगत, लिङ्गगत तथा क्षमतागत समन्वय हुनु यस सङ्ग्रहको उदाहरणीय प्रयास रहेको उल्लेख गरेका छन् ।

यस्तैगरी, रौतहटमा माइती भई वैवाहिक बन्धनपछि काठमाडौँमा स्थायी बसोबास गर्दै आएकी रमा पोखरेलले पनि २ वटा पुस्तकहरू लेखे तापनि ती अप्राप्त भएकाले यहाँ उल्लेख गरिएको छैन भन्दै लेखिकाद्वयले अन्य नारी हस्ताक्षरहरूमा शान्ति सुवेदी, लक्ष्मी पहाडी, मन्दिरा त्रिपाठी, विमिता अधिकारी, स्नेहा झा नेपाली आदि रहेको उल्लेख गरेका छन् ।

**निष्कर्ष**

समालोचकद्वयले यस ग्रन्थभित्र नेपाली साहित्यको प्रारम्भिक, माध्यमिक र शारदाकालीन वर्तमान युगसम्मका नारी स्रष्टाहरूको परिचय दिने प्रयास गरेको

देखिन्छ । यसको मूलभूत उद्देश्य नारायणी अञ्चलभित्रका नारीस्रष्टाहरूलाई समेट्ने भए पनि नारायणी अञ्चलभित्रका अन्य विशिष्ट साहित्य र समालोचनाका महारथीहरूलाई छोड्न उचित नभएकाले ऐतिहासिक दृष्टिले समेटिएको उल्लेख गरेका छन् । प्राथमिक कालदेखि आजसम्म आइपुग्दाखेरि नारायणी अञ्चलभित्र पनि धेरै नारीस्रष्टाहरू जन्मिसकेको कुरा उल्लेख गर्दै समालोचकद्वयले यी प्रतिभाहरूलाई समेटदा कृति वा फुटकर रचनाका रूपमा प्रकाशित कृतिलाई मात्र आधार मानिएको भनेका छन् ।

यस कृतिमा नारी साहित्यकारको सक्रियताको स्थितिलाई हेर्दा र कृतिको सङ्ख्या एवम् नारी सात्यिकारहरूको सङ्ख्याका दृष्टिले पनि चितवनका नारी साहित्यकारहरू बढी सक्रिय रहेको भन्दै समालेचकद्वयले चितवनपछि क्रमिक रूपमा पर्सा, बारा, मकवानपुर र रौतहटका नारी साहित्यकारहरूको विशिष्टता देखाएको पाइन्छ ।

## ५.२ साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरमा प्रयुक्त भाषाशैली

गायत्री श्रेष्ठको साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू शीर्षकको कृति सहलेखनमा प्रकाशित भएको हो । उक्त कृतिमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरूको तथ्य सङ्कलन गर्दै र उनीहरूका प्रायः गद्यात्मक र पद्यात्मक कृतिहरूलाई आलोचनात्मक व्याख्या विश्लेषण गरिएको पाइन्छ । यस समालोचना कृतिमा समालोचकद्वयले प्रायः पद्यांशहरूको समालोचना गरेको देखिन्छ । यो समालोचना कृतिमा प्रयुक्त वाक्यगठन सरल किसिमको रहे पनि शब्दहरूको चयनमा सशक्तता आएको पाइन्छ । लेखिकाद्वयले शीर्षकहरूका पद्याशं र गद्यांशलाई नै प्रस्तुत गरी तिनीहरूको विश्लेषण गरेको देखिन्छ । कृतिगत विविधताले प्राथमिकता पाएको यस समालोचना कृतिमा भाषाशैलीको प्रयोग पनि फरक नै देखिएको छ । यसका साथै यो समालोचनामा नारायणी अञ्चलका नारीहरूको चर्चा गरिएकाले कहीँकहीँ आञ्चलिक प्रभाव भाषामा समेत देखापरेको छ । त्यहाँ आञ्चलिक रूपमा प्रयोग गरिने केही शब्दहरूले बढी प्राथमिकता पाएको देखिन्छ । वाक्यगठनमा शब्दले कुनै जटिलता पारेको पाइँदैन तैपनि त्यसमा प्रयोग भएका शब्द वजनदार रहेको देखिन्छ । विभिन्न क्षेत्रका नारी स्रष्टालाई समेटने प्रयास गरेकोले यस कृतिमा आञ्चलिक भाषाले साहित्यिक क्षेत्र फराकिलो बनाएको छ । प्रायः तत्सम शब्दको बाहुल्यता रहे तापनि आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । साहित्यको गद्य र पद्य दुवै विधालाई समावेश गरी यो कृति तयार गरिएकाले यसमा निपात र अनुकरणात्मक शब्दको पनि प्रयोग भएको छ । कहीँ केही हिन्दी भाषाका वाक्य प्रयोग गरिएकाले वाक्य गठनमा समेत आबद्ध पारेको समेत पाइन्छ । यस समालोचना कृतिमा केही गद्य र पद्यका अंशहरूलाई अभिधाले मात्र नभएर व्यञ्जना शक्तिले पनि बुझ्न सकिने देखिन्छ । यति हुँदाहुँदै पनि यस समालोचना कृतिको भाषाशैली सरल, सहज र सम्वेद्य रहेको पाइन्छ ।

# छैटौं परिच्छेद

## केही कृति : आफ्नै दृष्टिको विश्लेषण

गायत्री श्रेष्ठको **केही कृतिः आफ्नै दृष्टि** चौथो कृति हो । यो समालोचनासङ्ग्रह २०६५ साल साउनमा प्रकाशित भएको पाइन्छ । गायत्रीले उक्त कृतिमा १७ वटा फुटकर समालोचना लेखहरू समावेश गरेकी छन् । गायत्रीले प्रायः आफ्ना लेखहरू **गरिमा वागीश्वरी, गोरखापत्र** आदिमा प्रकाशित भएकालाई पनि उल्लेख गरेकी छन् । उनका तिनै समालोचनात्मक लेखहरूलाई शीर्षकका आधारमा निम्न बुँदाहरूमा विश्लेषण गर्ने प्रयास गरिएको छ :

### ६.१ केही कृति : आफ्नै दृष्टिको विश्लेषणमा प्रयुक्त विषयवस्तु

#### प्रकृतिप्रेमी देवकोटा र 'म्हेन्दु' खण्डकाव्य

प्रस्तुत शीर्षकअन्तर्गत समालोचक गायत्री श्रेष्ठले नेपाली साहित्यजगत्मा देवकोटा रोमान्टिक युगका केन्द्रीय प्रतिभाको चर्चासहित **म्हेन्दु** खण्डकाव्यमा नारीलाई प्रकृतिसँगको तुलनाबारे चर्चा गरेकी छन् । देवकोटाको नजरमा नारी प्रकृतिको अर्को रूप भएको भन्दै प्रेमी र प्रेमिका आफ्नो चोखो प्रेमको अमरत्वको लागि तादी नदीमा हाम्फाल्नु विवश भएका हुन् भन्ने कुरा उनले प्रस्तुत गरेकी छन् । म्हेन्दु भनेको तामाङ्ग भाषामा फूल भनिएको देखिए तापनि जसरी म्न्हेन्दु फूल प्रकृतिमा बढी रमाएकी हुन्छे । त्यसरी नै नायिका म्हेन्दु पनि हेलम्बुमा रमाएकी हुन्छिन् भन्ने उल्लेख गायत्रीले गरेको पाइन्छ ।

खासगरी हेलम्बु जस्तो प्राकृतिक सौन्दर्यले सिँगारिएको ठाउँ म्हेन्दुको जन्मथलो रहेको देखिन्छ । यस्तो रमणीय वातावरणमा म्हेन्दु तादी नदीका तीरमा बसी आफ्नै धुनमा गीत गाउँदै, खेल्दै बसेको पाइन्छ । यसै समयमा सहरिया ठिटो 'गुम्बु' एक पटक घुम्दैघुम्दै हेलम्बुमा पुगेको गायत्रीले उल्लेख गरेकी छन् । पहिलो देखाइबाट नै यी दुवैमा प्रेम हुन थालेको तर म्हेन्दुको बुबा गम्बोजीले 'गुम्बु'लाई सहरिया गुण्डो भन्दै गुण्डोसँग जानुभन्दा राङ्जासँग विवाह गरे जन्मस्थान पनि छोड्नु पर्दैन भन्ने तर्क प्रस्तुत गरेको देखिन्छ । यी सब कुराले म्हेन्दुका हृदयमा ठूलो भूकम्प पैदा भएझैँ पाइन्छ तापनि आमाबाबुको निर्णयको विरोध गर्ने नसकेको गायत्रीले प्रस्ततु गरेकी छन् । म्हेन्दुले न त राङ्जालाई पतिको रूपमा स्वीकारेको देखिन्छ न त गुम्बुलाई नै छोडेको देखिन्छ । म्हेन्दुले गुम्बुलाई भेटेर मनका सारा व्यथाहरू बिसाउन चाहेको प्रसङ्गसमेत उल्लेख पाइन्छ ।

दोस्रो पटकको भेटमा म्हेन्दु र गुम्बुले दुवै आँखाबाट आँसु बहाउँदै प्रेमालाप गरेको प्रसङ्ग उल्लेख भएको छ । यसै प्रसङ्गमा म्हेन्दुले गुम्बुलाई हेलम्बुमै बस्न राजी तुल्याउन खोजेको देखिन्छ । आफ्नी प्रेयसीको खुसीको निम्ति म्हेन्दुको प्रस्तावलाई गुम्बुले स्वीकारेको र यही समयमा म्हेन्दु गुम्बुको परिवारका सदस्यहरूको बारेमा जान्न चाहेको कुरा गायत्रीले चर्चा गरेकी छन् । यसै समयमा

विश्वबन्धुत्वको आदर्शप्रेम व्यक्त गर्दै तथा २० औं शताब्दीको मान्छेका प्रवृत्तिमाथि प्रहार गर्दै देवकोटाले जीवनवादी दर्शन र सेवाको भाव निम्न तरिकाले तल दिइएको अंशबाट प्रस्ट पारेको कुरा गायत्रीले उल्लेख गरेको देखिन्छ :

*सारा घर मेरो*
*आश देश भाषा*
*तारामण्डल छ*
*छानो एक खासा*

त्यस्तो विशाल भावले ढाकिएको गुम्बुको विशाल छातीभित्र म्हेन्दु चुर्लुम्म डुबेको गायत्रीले पाए पनि उसमा भने जातीयताले केही हीनताबोध भएको प्रसङ्ग उल्लेख गरेकी छन् । म्हेन्दुले आफूलाई सहरियाले थाक्से, भोटीनी जस्ता घृणास्पद शब्द प्रयोग गर्छन् भन्ने कुरामा तर्क राखेर डराएको प्रसङ्ग उल्लेख गरिएको पाइन्छ । यसै सन्दर्भमा गुम्बुले म्हेन्दुलाई विश्वास दिलाएको तर्कसमेत चर्चामा रहेको पाइन्छ । कविले यहाँ ग्रामीण जीवन र सहरिया जीवनको बीच समन्वय ल्याउन खोजेको तर्क गायत्रीले राखेकी छन् ।

समालोचक गायत्रीले एक प्रेमी र प्रेमिका बीचको वार्तालापबाट देशभक्तिको भाव व्यक्त गरेकी छन् । गायत्री यी दुवै प्रेमी र प्रेमिकाको प्रेम पराकाष्ठामा पुगेको र दुवै एकअर्काबिना बाँच्न नसक्ने स्थितिमा रहेको भन्ने तर्क दिन्छिन् । म्हेन्दुको घरबाट गुम्बुलाई स्वीकार नगरे पनि म्हेन्दु गुम्बुलाई र गुम्बु म्हेन्दुलाई हृदयदेखि नै स्वीकारेको प्रसङ्गको चर्चा यहाँ रहेको छ । गायत्रीले राजालाई खलनायक र सामन्तीको उपस्थित भएको तर्क राखेकी छन् । साथै सामन्ती वर्गका पृष्ठपोषकको रूपमा गम्बोजी धनी लडाकू रहेको छ । उसले महाजनको रूपमा सबैलाई थर्काएर बसेको उल्लेख गरिएको छ । त्यसले गम्बोजी राङ्जाको सक्दो प्रशंसा गरेको उल्लेख पाइन्छ । राङ्जा पनि ती कोमल कलकलाउँदी म्हेन्दुलाई देखी छाती खोलेर कबुलेको देखिन्छ । “मेरी म्हेन्दु को बोल्छ । खुकुरीको धारले त्यसको गर्धन म मोल्छ” ।

समालोचक गायत्रीले जुङ्गे लामालाई बलेको आगोमा घ्यू थप्ने चरित्रका रूपमा उल्लेख गरेकी छन् । उसले म्हेन्दुलाई गुम्बुले माग्न आएको भन्ने तर्कले राङजा गुम्बुसमेत जङ्गी म्हेन्दुको प्रेमालाप भइरहेको ठाउँतिर गएको समेत चर्चा गरेको पाइन्छ ।

समालोचकले राङ्जा गुम्बुको अगाडि घृणास्पद सामन्ती प्रवृत्तिको प्रर्दशन गरेको चर्चा गरेकी छन् । यस्ता अवस्थामा पनि बौद्धिक आदर्शले परिपक्क गुम्बु चुप लागेको पाइन्छ भन्दै बरु म्हेन्दु आफैँ आफ्नो प्रेमीलाई उसले केही गर्ला कि भनी डराइ आफैले अघि सरेर भनेको कुरा तल दिइएको छ :

*मेरो निम्ति नलड*
*प्रीति दुइटै दिल पढ*

*यिनलाई मारे राङ्जाजी*
*मुखै हेर्दिन गन्धा यो ।*

गायत्रीले बज्रस्वाँठ सामन्ती राङजालाई म्हेन्दुले सम्झाएको चर्चा गर्दै तैपनि राङ्जाले आफ्नो नीच प्रकृतिलाई त्याग्न नमानेको प्रसङ्ग चर्चा गरेकी छन् । उसको मूर्ख बुद्धिदेखि म्हेन्दु ज्यादै रिसाएको र उसले आफ्ने गर्धन काट् भनी तेर्स्याइदिएको पाइन्छ । यति हुँदाहुँदै पनि राङ्जाले गुम्बुलाई छप्काउन खोजेको देखिन्छ । यो देखी म्हेन्दु आफ्नो पवित्र प्रेममा कलङ्क लगाउनुभन्दा बरु मर्नु नै वेश ठान्छिन् । गायत्रीले म्हेन्दुको पवित्र प्रेमलाई चिह्न नसक्ने इर्ष्यालु समाजमा बाँच्न नचाएको उल्लेख गरेकी छन् । उनले आफ्नो पवित्र प्रेमको अमरत्वमा कलङ्क लगाउन नचाहेको प्रसङ्ग उल्लेख भएको पाइन्छ ।

अन्त्यमा, आफ्नो पवित्र प्रेमलाई अमर राख्न तादी नदीमा हाम फालेको प्रसङ्ग चर्चा गरेको पाइन्छ । कलिलो यौवन र नारीत्वलाई मात्र प्रेम गर्ने बज्रस्वाँठ सामन्ती राङ्जा म्हेन्दुको पछि लाग्न नसकेको तर्क गायत्रीले प्रस्तत् गरेकी छन् । लेखिकाले आखिर बज्रस्वाँठ सामन्तीको मुर्खताले दुई आदर्श व्यक्तित्वको हत्या भएको उल्लेख भएको छ । यसरी गायत्रीले आफ्नो म्हेन्दुको कथालाई वियोगमा टुङ्ग्याएको पाइन्छ यसका साथै म्हेन्दु र गुम्बुको पवित्र प्रेमको प्रशंसा अनन्त कालसम्म रहिरहने प्रसङ्गसमेत गायत्रीले चर्चा गरेकी छन् ।

गायत्रीले कविलाई प्राकृतिक सौन्दर्यको वर्णन गर्नमा पोख्त रहेको भनी चर्चा गरेको पाइन्छ । गायत्रीले खण्डकाव्यमा करुण रसलाई अँगाल्दै प्रेमको महत्त्व र त्यसको अमरत्वलाई छर्लङ्ग्याएको पाएकी छन् । उनको म्हेन्दु र गुम्बुको प्रेमलाई तादी नदीले पनि प्रशंसा गरेको भन्दै गायत्रीले बगिरहेको तादी नदीको बारेमा पनि चर्चा गरेको पाइन्छ ।

## कथाकार देवकुमारी थापाका प्रसिद्ध दुई कथामा परिक्रमा गर्दा

प्रस्तुत लेखमा गायत्रीले कथाकार देवकुमारी थापाका प्रसिद्ध दुई कथा **भविष्य निर्माण** र **सूत्र 'वाई'** मा रहेको घटना विषयमा चर्चा गरेको पाइन्छ । समालोचकले कथाकार देवकुमारी थापालाई नेपाली कथा साहित्य जगत्की एक अमूल्य नदीको रूपमा उल्लेख गरेकी छन् । गायत्रीले उनलाई सहज भाषामा सन्तुलित एवम् मनोवैज्ञानिक कथा सिर्जना गर्ने कथाकारको रूपमा समेत चर्चा गरेको पाइन्छ । गायत्रीले उनका लेखमा तीव्रता नभए पनि अनवरतता भने गहन एवम् प्रभावकारी रहेका हुन्छन् भन्ने चर्चा गरेकी छन् । हाम्रा सामाजिक जीवनमा घट्ने मर्मस्पर्शी घटनालाई टपक्क टिपेर सबैको हृदयलाई चस्स छुने गरी लेख्न सक्नु र सङ्क्षिप्तता समेत रहनु कथाकारको वैशिष्ट्य भन्दै गायत्रीले उनलाई बालकथाकारितामा सिद्धहस्त रहेको भन्ने चर्चा पनि गरेको देखिन्छ । गायत्रीले उनका बालकथामा खासगरी मातृहृदयको वास्तविक अभिव्यक्त रहेको छ भनेकी छन् । उनले देवकुमारीको भविष्य निमार्ण कथामा उनीभित्रको मातृवात्सल्य र बालमनोविज्ञानको विजको दर्शन पाइन्छ भनेर उल्लेख गरेकी छन् ।

गायत्रीले असल निर्देशन नपाएका बालबालिका अलपत्र पर्ने हुँदा तीनिहरूमा अस्तित्वबोध पनि हुँदेन तथा उनीहरूको गन्तव्यस्थान र भविष्य अनिश्चित रहेको हुन्छ भन्दै गायत्रीले कथाकार देवकुमारी थापाको **भविष्य निर्माण** कथाको चर्चा गरेकी छन् ।

समालोचक गायत्री श्रेष्ठले कथाकार देवकुमारी थापाको कथालाई अत्यन्त चर्चित बालमनोविज्ञानमा आधारित उत्कृष्ट कथाको रूपमा चर्चा गरेको पाइन्छ । प्रस्तत् कथामा कथाकार एउटी नारीभित्र अहिंसा सधैं बीजरूपले रहेको हुन्छ र नारी आफ्नो सन्ततिलाई के बनाउन चाहन्छिन् र त्यसका लागि उनी केके गरेकी हुन्छिन्, बालकको मनोविज्ञान कस्तो रहेको हुन्छ आदि यथार्थको उद्घाटन पनि उनका कथामा पाउन सकिन्छ भनेर चर्चा गरेको पाइन्छ । समालोचक गायत्रीले आमाको काखलाई बालकको प्रथम पाठशाला भएको कुरा उल्लेख गरेको पाइन्छ । यो कामलाई गायत्रीले संस्कारगत रूपमा आमाले नै बसाल्नुपर्छ भनेको पाइन्छ । यसै सन्दर्भमा समालोचक गायत्रीले विश्वविजेता नेपोलियन बोनापार्टले भनेका कुरालाई उल्लेख गरेकी छन् । नेपोलियन बोनापार्टले भनेका थिए 'मलाई एउटी असल आमा देऊ, म तिमीलाई एउटा असल साम्राज्य दिन्छु,' । यसै सन्दर्भमा हेर्दा गायत्रीले यो कथालाई प्रतीकात्मक मानेकी छन् । उनको विचारमा वर्तमान परिप्रेक्षयमा भविष्य निर्मार्ण केवल छोराको मात्र निर्मार्ण गर्नुछैन, यहाँ त देशकै भविष्य निर्माण गर्न भनेकी छन् । जसरी एउटी आमा आफ्ना सन्ततिको भविष्य निर्मार्णमा चिन्तित रहन्छिन् । यसैगरी सम्पूर्ण नागरिकहरू आफ्नो देशको भविष्य निर्माणको विषयमा चिन्तित हुनुपर्दछ । समालोचक गायत्रीले कथाकार थापाको कथाको माध्यमबाट युद्धको विरोध र शान्तिको कामना गरेको पाइन्छ । यसको साथै गायत्रीले कथाकारलाई आफ्नो जीवन शान्तिपूर्ण वातावरणमा व्यतीत गर्न चाहेकी र अरूलाई पनि त्यसरी नै व्यतीत गर्ने सन्देशसमेत दिएको कुराको कुराको उल्लेख गरेकी छन् ।

प्रस्तुत कथामा दार्जलिङको तुडसुङ बस्तीमा एउटा सानो परिवार जसका पति दोस्रो विश्वयुद्धबाट बाँचेर आएका थिए, पत्नी पार्वती सारै नै गुणवती भएकी हुनाले कप्तान कृष्णबहादुर सुखी र खुसी रहेका थिए । सन्तानका नाम पाँच वर्षको नरेश नामको एकमात्र छोरो रहेको थियो । त्यो छोरालाई पार्वतीले युद्धवीर होइन शान्तिवीर बनाउन चाहेको कुरा उल्लेख गायत्रीले गरेकी छन् । त्यसैको कारणले गर्दा पार्वतीले आफ्ना घरमा बुद्ध र गान्धीका शान्तिका वाणीहरू नेपालीमा राखेर उनले बाल मनोस्थितिलाई राम्ररी बुझेको समेत गायत्रीले चर्चा गरेकी छन् ।

प्रस्तुत कथाकै प्रसङ्गमा एकपटक पिता कृष्णबहादुरसँगै नरेश खेलिरहेको बेला अचालनक आफ्ना पिताका पाखुरामा ठूलो दाग देखेको उल्लेख पनि गरिएको छ । उक्त दागको बारेमा बालकले जान्न चाहेको भन्दै कृष्णबहादुरले अवचेतन मनको कुनै प्रवाह नगरी लडाइँमा गोली लागेको भनेको समेत गायत्रीले उल्लेख गरेकी छन् । यो प्रश्न पछि नरेशमा जर्मनप्रति प्रतिशोध भावना जागेको बताउँदै गायत्रीले छोरो नरेशले पनि तिनलाई मार्ने अठोटपूर्ण विचार व्यक्त गरेको समेत उल्लेख गरेको देखिन्छ । गायत्रीले छोराको यस्तो विचारले गर्दा आमा मर्माहित

भएको र उसको ध्यान मोड्न पुतलीतिर नै ध्यानाकर्षण गरेको समेत चर्चा गरेको पाइन्छ ।

पार्वतीले मनोवैज्ञानिक ढङ्गले नरेशको जवाफ दिएर उसका मनबाट प्रतिहिंसाको भाव हटाउने प्रयास देखिन्छ भन्दै गायत्रीले उनको प्रयासले छोरा नरेश अब बन्दुक उठाउनुको साटो जर्मनीहरूलाई साथी बनाउने, रोगीहरूलाई सेवा गर्ने, असहायलाई सहायता दिने जस्ता विचारहरूसमेत उल्लेख भएको पाएकी छन् ।

समालोचक गायत्री श्रेष्ठले मानवीय संवेदना र सामाजिक सञ्चेतनाकी शिल्पी कथाकार देवकुमारी थापा मानिसको अन्तर विद्यमान अव्यक्त मानवीय सत्यतालाई मूर्त रूप दिन त्यतिकै सिद्धहस्त रहेकी चर्चा पनि गरिएको पाइन्छ । उनले समाजमा विद्यमान रुढिग्रस्त धारणा, आर्थिक एवम् सामाजिक असन्तुलन र असन्तुष्ट आफ्नो कथाको माध्यमबाट नै व्यक्त गरेको प्रसङ्गसमेत उल्लेख गरेको देखिन्छ ।

समालोचक गायत्रीले उनको सूत्र 'वाई' कथा एक वैज्ञानिक विषयवस्तुमा आधारित हो भन्ने कुराको उल्लेख गरेकी छन् । कथाकारलाई मानवसृष्टिमा कसरी वा किन छोरा वा छोरी सृष्टिभएको हुन्छ भन्ने तथ्य पत्ता लगाउन त्यसको सूत्र 'वाई' को निर्माण गरेकी उल्लेख गरेकी छन् ।

प्रस्तुत सूत्र 'वाई' कथामा एक छोरा, ६ जना दिदीबहिनीको परिवार रहेको छ । गायत्रीले उक्त परिवारमा आमा, बाबु, दिदीबहिनीको अति मायापाएर पनि नबिग्रिएका एउटा छोरो जयश्रेष्ठ जो डाक्टर भइसकेको उल्लेख गरेकी छन् । समालोचक गायत्री श्रेष्ठले सबै दिदीहरूको विहे भइसकेको अवस्थामा जय र जयन्ती बीच साथी जस्तै व्यवहार भएको पाइन्छ । गायत्रीले जयन्तीलाई अन्य साधारण नारीहरू जस्ती नभएको उल्लेख गरेकी छन् । गायत्रीले विवाह भएपछि जयन्तीको गर्भबाट पनि ३ वटा छोरीहरू भएको चर्चा गरेकी छन् । जयन्तीलाई छोरी मात्र जन्माउने खलक रहेछ भन्ने वचनले वाक्य भएर जयन्तीले आत्महत्या गरेको कुराको प्रसङ्ग पनि गायत्रीले उल्लेख गरेको देखिन्छ ।

गायत्रीले डाक्टर जयलाई गहिरो प्रभाव परेको उल्लेख गरेकी छन् । डा. जयले आज समाजसँग प्रतिशोध लिन सफल भएको गायत्रीले उल्लेख गरेको देखिन्छ । गायत्रीले डा.को मनमा सधैँ एउटै कुराले मात्र ज्वरो गाड्यो कि **कसरी छोरो मात्र जन्मन्छ** भन्दै उल्लेख गरेकी छन् । नारीविहीन समाज कति विरसिलो रहेको हुनेछ । उनले अब समाजमा पुरुषैपुरुष मात्र जन्मनेछन् भन्ने कुराहरू पनि उल्लेख गरेको पाइन्छ । गायत्रीले दाइजोप्रथा र छोरीको आमा बन्नुपर्दा नारीले आत्महत्यासम्म गर्नुपर्ने नियतिको प्रसङ्गसमेत चर्चा गरेको देखिन्छ । गायत्रीले डाक्टर जय श्रेष्ठको फर्मुला सफल भएको र बालिकाको जन्मदर ५०% घटेको र बालकको जन्मदर ५०% बढेर ७०% पुगेको चर्चा गरेकी छन् । गायत्रीले समयसँगै ती प्रश्नका उत्तरहरू खोजिँदै गए पनि समाज त एकपाखे बन्दै गएको प्रति सबैको

चासो बढेको समेत उल्लेख गरेकी छन् । समालोचक गायत्रीले नारीको यस्तो महत्त्व बुझ्ने समाज आज किन त्यही नारीलाई तिरस्कार गर्छ भन्दै तर्क राखेकी छन् । कथाकारले हाम्रो समाजमा भएको रूढिगत धारागतको अन्त्य गर्न चाहेको कुरासमेत व्यक्त गरेको पाइन्छ । साथै गायत्रीले कथाकारलाई नारीप्रतिको समाजको व्यवहारमा सुधार, सन्तुलन सह-अस्तित्व र मानवीय संवेदना व्यक्त गर्न चाहेको प्रसङ्ग उल्लेख गरेकी छन् । गायत्रीले सामाजिक सञ्चेतनाकी शिल्पी कथाकार देवकुमारी थापाद्वारा अन्त्यमा आफ्नो विचारबाट दुवै पक्षको भलाइ रहेको छैन भन्ने धारणा व्यक्त गरेको उल्लेख गरेकी छन् । गायत्रीले यो कथालाई वास्तवमा हाम्रो समाजमा धेरै नै अगाडि लेखिइसक्नुपर्ने हो किनभने अनभिज्ञताको कारणले छोरीकी आमा भएकी नारीलाई मात्र प्रताडना गर्ने परम्परा हिजो थियो र आज पनि रहेकै छ । यस्ता तथ्य प्रकाशनमा आएमा भोलि केही होला भन्ने आशा गर्न सकिन्छ भन्ने जस्ता तर्कहरू पनि उल्लेख गरेको देखिन्छ ।

**कथाकार देवकुमारी थापाको 'प्रलय-प्रतीक्षा' कथासङ्ग्रहको परिक्रमा**

समालोचक गायत्री श्रेष्ठले मानवजीवनको उत्थान र पतनले उब्जाएको तीव्रानुभूतिलाई कथाशिल्पीहरू सुन्दर र कलात्मक ढङ्गले आफ्ना कथामा समेट्ने गरेको प्रसङ्गको उल्लेख पाइन्छ । तिनलाई कवि र कलाकारद्वारा आफ्नै ढङ्गले अभिव्यक्ति दिएको चर्चा गरेकी छन् ।

गायत्रीले नेपाली साहित्यमा आधुनिक कथाकारिताको प्रवेशको पनि ६ दशक नाघिसकेको उल्लेख गरेकी छन् । उनले समसामयिकता राष्ट्रिय र अन्तराष्ट्रिय प्रभावलाई ग्रहण गर्दै अगाडि बढेको नेपाली कथाकारहरूमा गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, पुष्करशमशेर ज.ब.रा. र बालकृष्ण समलाई उल्लेख गरेको पाइन्छ । समालोचक गायत्रीले आधुनिक नेपाली कथाविधाका यी चार खुड्किला आफैँमा अत्यन्त महत्त्वपूर्ण रहेको प्रसङ्ग समेत उल्लेख गरेकी छन् । त्यसपछि नेपाली कथामा अनेकौँ पक्षले प्रवेश पाएको उल्लेख गरेको पाइन्छ ।

वि.सं. १९९० को दशकमा नव-दिशालाई कथाकारितामा प्रयोग गर्ने कथाकारहरू नेपाल अधिराज्यभित्र देखा पर्न नपाउँदै २००६ सालमा दार्जलिङ्गबाट नारी हस्ताक्षर देखापरेको चर्चासमेत गायत्रीले गरेकी छन् । समालोचक गायत्रीले २००६ देखि आसम्म देवकुमारीको कथायात्रा रहेको भन्दै उनले देवकुमारी यो लामो यात्रामा **टपरी, भोकतृप्ति, सेतो बिरालो,** र **प्रलय-प्रतीक्षा** गरी जम्मा चार सङ्ग्रह प्रकाशित रहेका उल्लेख गरेकी छन् । समालोचक गायत्रीले देवकुमारीको २००७ सालको **पतन** कथाको चर्चा गर्दै उनले देवकुमारीको नेपाली कथा साहित्यमा आफ्नै महिमा, आदर्श, मूल्य, मान्यता, शिल्प शैली, दर्शन आदि रहेको चर्चासमेत गरेको पाइन्छ । गायत्रीले उनलाई आफ्नो मान्यताको स्थापना गर्न सफल रहेको बताएकी छन् ।

समालोचक गायत्री श्रेष्ठले देवकुमारी थापालाई सम्पादक, बालसाहित्यकी सर्जक एवम् समाजसेवी पनि भएको उल्लेख गरेकी छन् । गायत्रीले उनलाई

प्रारम्भक कालमा **हिमाल किशोर** पत्रिकाको सम्पादन गरेकी थिइन् भन्दै देवकुमारी थापालाई सामाजिक उत्तरदायित्व पनि पूरा गरेको भनी चर्चा गरेको पाइन्छ ।

समालोचक गायत्री श्रेष्ठले देवकुमारी थापाको कथायात्राका तीन आयाम प्रस्तुत गर्दै उनले **प्रलय-प्रतीक्षा** तेस्रो मोडमा उभिएर सरल, पारदर्शी, सूत्रात्मक, छरितो, कुतूहलपूर्ण तथा व्यङ्ग्यात्मक हुने गरेको उल्लेख गरेकी छन् । गायत्रीले उनका कथामा समाजमा देखापर्ने अन्याय, शोषण, अमानवीय व्यवहार जालझेल, झुट-प्रपञ्च आदि कुराहरू एकातिर देखाइएको पाइन्छ भने अर्कोतिर नारी मनोविज्ञानिक, मानिसका आदिम वृत्तिजस्ता कुरातिर सङ्केत गरेको कुराको उल्लेख गर्दछिन् । गायत्रीले उनको प्रस्तुत **प्रलय-प्रतीक्षा** कथासङ्ग्रहमा १३ वटा सामाजिक कथाहरू सङ्कलित भएको चर्चा गरेकी छन् । गायत्रीले उनका ती कथाहरूमा प्राचीन मध्ययुगीन वा आधुनिक जुनसुकै समय र विषयका प्रसङ्लाई अत्यन्त रोचक ढङ्गबाट कथाको रूपमा दिइएको कुरा गरेको पाइन्छ ।

गायत्रीले उनको सङ्ग्रहको प्रथम कथा **फिँज** मा मानवीय यौनेच्छा कतिसम्म तीव्र रहेको पाइन्छ र त्यसलाई वशमा राख्नु कतिसम्म असम्भव रहेको हुन्छ भन्ने कुरालाई प्रस्ट्याउनको लागि विश्व विजेता नेपोलियन बोनापार्टको उदाहरण दिएको देखिन्छ । यसका साथै गायत्रीले उनका कथाबाट नारीभित्र कामेच्छाभन्दा पनि बलियो रूपमा ईर्ष्यालु भावना पाइन्छ भन्ने पनि सङ्केत गरेको बताएकी छन् ।

समालोचक गायत्रीले प्रस्तुत कथाको नायक श्यामले आफ्नी पत्नी रूपालाई आफ्ना काबुमा राख्न नसकेको प्रसङ्ग व्यक्त गरेकी छन् जसको कारणले ऊ कहिले डाहको आगोमा सल्कने गरेको पाइन्छ त कहिले एकआपसमा सन्तुलन ल्याउन पाए हुन्थ्यो भनेर सोचेको देखिन्छ । गायत्रीले ईर्ष्यालुपन नारीको दोस्रो प्रकृति भएको भन्ने कुराको पुष्टि गरेको पाइन्छ । आफू जतिसुकै शिक्षित भए पनि आफूभित्र बुद्धि र चिन्तनको निकास हुन नसकेको नारी मनोदशालाई देवकुमारीले उल्लेख गरेको गायत्रीले बताएकी छन् । आखिर जस्तोसुकै सिद्धान्त भए पनि त्यो समुद्रको फिँज जस्तै रहेको जो छिनमा उठेको र छिनमा नै हराएको भन्ने कुरालाई कथाको माध्यमबाट सशक्त रूपमा देखाइएको गायत्रीले उल्लेख गरेकी छन् ।

गायत्रीले यस **प्रलय-प्रतीक्षा**भित्रको दोस्रो कथा **देखेको कुरा** रहेको प्रसङ्ग प्रस्तुत गरेकी छन् । प्रस्तुत कथामा सुनेको, भागेको र देखेको कुरामध्ये देखेको कुरालाई कथाको रूपमा उल्लेख गरी चर्चा गरिएको पाइन्छ । गायत्रीले यस कथाको सबै मनोवैज्ञानिक अध्ययन गर्ने मानिसहरू प्रकृतिको सौन्दर्यप्रति लालायित र नैसर्गिक आनन्द प्राप्त गर्न चाहेको कुराको प्रसङ्ग प्रस्ततु गरिएको बताएकी छन् ।

गायत्रीले **मुक्ति** शीर्षकको कथालाई दाम्पत्य जीवनको गहन प्रणय सूत्रको परिचायक रहेको प्रसङ्ग व्यक्त गरेकी छन् । सुखको लागि एउटी कुबल पत्नी अनेक तरहले प्रयास गरेको चर्चा पाइन्छ । दाम्पत्य जीवनमा आउने दुःखसुखमा सुखमा दुवैको दुःखसुख मिसिएको रहने कुराको प्रसङ्ग गायत्रीले गरेको पाइन्छ । गायत्रीले

यस कथाकी नायिका कान्ता उसको कर्णलाई भोलि हुने कष्टबाट बचाउन अनेक अनुनय- विनय, घुर्की गरेकी तर ऊ असफल भएको प्रसङ्गसमेत व्यक्त गरेको पाइन्छ । अन्त्यमा दु:खबाट मुक्ति पाउन पतिले विषको माग गर्दा कान्ताले विष दिनु कताकता अस्वाभिक लागेको चर्चा समेत गरेको देखिन्छ । गायत्रीले विष खाने र दिनेसम्मको स्थितिमा पुग्नुपर्ने मनिस्थति बनेको तथ्य पनि यस **मुक्ति** कथाले उल्लेख गरेको चर्चा गरेकी छन् ।

प्रस्तुत **मूल्याङ्कन** कथामा जीवनको मूल्याङ्कन गर्नुपर्ने रहेको तर परम्पराको आडमा मात्र नभएर समयसापेक्ष परिवर्तनको परिप्रेक्ष्यमा हुनुपर्ने भन्ने आशय व्यक्त भएको चर्चा गायत्रीले गरेकी छन् । गायत्रीले रुढिग्रस्त परम्परा र धारणा मात्र अँगालेर जीवनको मूल्याङ्कन गर्नु चाहिँ सही र पूर्ण मूल्याङ्कन होइन भन्दै उनले यस कथाका पात्रहरू **शीला र मेघा**को बारेमा चर्चा गरेको देखिन्छ । गायत्रीले उनीहरूको जीवनजगत् र समाजप्रति आफ्नै खालका धारणा र मूल्याङ्कन रहेको बताएकी छन् । समालोचक गायत्रीले जीवनलाई भूत कालको मापदण्डले होइन वर्तमानको मापदण्डले हाँक्नु नै सही पद्धति हो भन्ने आशय व्यक्त भएको उल्लेख गरेकी छन् ।

गायत्रीले यसै सङ्ग्रहको अर्को कथा **मखमली**मा ग्रामीण नारीहरूको स्थिति उल्लेख गरेको चर्चा गरेकी छन् । देवकुमारीले आजकलका ग्रामीण नारीहरूको यथार्थ अवस्थाको चित्रण देखाउने प्रयत्न गरेको देखिन्छ भन्दै गायत्रीले विवाह गरेर ल्याइएकी आफ्नी पत्नीलाई वेश्यालयमा लगेर बेच्ने पुरुषहरूप्रति व्यङ्ग्य गरेको पाइन्छ भन्ने तर्क राखेको देखिन्छ ।

**शरणार्थी** यस सङ्ग्रहको भित्र छैटौँ कथामा भने बास-गाँसको लागि शरणार्थी बनेर (शिविरमा) बस्ने मानिसहरूका अकथनीय पीडा र भुक्तमानहरू केकति रहेका हुन्छन भन्ने कुराको उल्लेख गरेको पाइन्छ ।

गायत्रीले देवकुमारीका कथामा प्रकृतिको सुन्दर चित्रण गरेको र आफू प्रकृतिप्रति अत्यन्त आकर्षित भएको कुरा पनि उल्लेख गरेको पाएकी छिन् । यो कुरा उनको **सलिल जीवन फेरि पलाउन सक्छ** भन्ने कथाबाट अझ राम्ररी गायत्रीले प्राप्त गरेको चर्चा गरेकी छन् ।

एउटा सुखी र सफल दाम्पत्य जीवन बिताइरहेको परिवारसँगको घनिष्ट र निकटतम सम्बन्ध राख्ने एउटा उराठलाग्दो जीवनयापन गरिरहेको विधवाको जीवनमा पनि खुसी आउन सक्दोरहेछ, उत्साह, उमङ्ग र जीवनप्रतिको मोह पलाउँदोरहेछ भन्ने कुराको चर्चा गरिएको पाइन्छ ।

उनको अर्को कथा **मान्छेको झुन्ड**मा भने मान्छे भइकन मान्छेको सुख समृद्धिमा चाहिँ र्‍याल चुहाउने तर दु:ख कष्ट, आपत्‌विपत्‌को समयमा भने मुख फर्काउने मानिसको स्वार्थी स्वभावको नाङ्गो चित्रण गरिएको उल्लेख गरेकी छन् ।

त्यस्तै, उनको **मन मान्दै मान्दैन** शीर्षकको कथामा कथाकारले एउटा महत्त्वाकाङ्क्षी, सम्पत्तिप्रति मरिमेट्ने मानिसले जे पनि त्याग्न सक्छ र जे पनि गर्न सक्छ भन्ने कुरा खुलस्त पारिएको कुरा गायत्रीले बताउँदछिन् । यस्तै **धराप** कथामा वैज्ञानिक उत्कर्षको चरम सीमामा पुगेको वर्तमान युगप्रति व्यङ्ग गरेकी छन् । यसमा कथाकारले आफ्ना सीपको परिचय दिएको पाइन्छ । देवकुमारीले आफ्नो कथा **दरा पाइला**मा एउटी आमाको ममता, त्याग र तपस्या कस्तो रहेको हुन्छ भन्ने कुरा गायत्रीले गरेकी छन । साथै यसमा नयाँ र पुराना पुस्ताको अन्तर, परम्परावादी धारणाले नयाँ पुस्ताको विकासमा ल्याएको अवरोध आदिलाई उल्लेख गरेको पाइन्छ । साथै उनको **गति-अगति** शीर्षकको कथामा हाम्रा धार्मिक क्रियाकलाप त्यसमा बनाइने विभिन्न किसिमका नैवेद्य आदिको एकातिर चर्चा रहेको छ भने त्यो कसैलाई पाच्य भएको हुन्छ भने कसैलाई अपाच्य पनि रहेको हुन्छ भन्ने कुराहरू थापाले देखाएको कुराको चर्चा गायत्रीले गरेकी छन् । गायत्रीले देवकुमारी थापाको अन्तिम कथा **प्रलय-प्रतीक्षा** कथामा समय समयमा समाजमा हल्ला पिटाउने ढोंगी महात्माहरूको चरित्रलाई प्रस्तुत गरिएको उल्लेख गरेकी छन् ।

## कवि खुमनारायण पौडेलका 'अन्तिमेत्थम्' कवितासङ्ग्रहको परिक्रम गर्दा

समालोचक गायत्री श्रेष्ठले युवाकवि खुमनारायण पौडेलको प्रथम कवितासङ्ग्रह **अन्तिमेत्थम** एउटा सशक्त युवाकविको अभिव्यक्ति लिएर जनसमक्ष आएको चर्चा गरेको पाइन्छ । गायत्रीले शीर्षकको बारेमा समेत केही चर्चा गरेकी छन् । उनले कविताको शीर्षकलाई हालसम्म चलनचल्तीमा नआएको शब्द **अन्तिमेत्थम्** रोजी क्लिष्टताका बाहेक बनाएर पाठकलाई चकित तुल्याउन खोजेको तर्कसमेत दिएकी छन् । गायत्रीले उनका कवितामा मोहन कोइरालाको छाप परेको अनुभूतिसमेत व्यक्त गरेको पाइन्छ । गायत्रीले उनलई नेपाली कविताधारामा समसामयिक युगको प्रवाहभित्र प्रवाहित भएको भनी उल्लेख गरेको देखिन्छ । गायत्रीले आजका कवि समाजका विसङ्गति, मानवीय कमजोरी, प्राकृतिक विप्लवप्रति भूल र कमजोरीप्रति बढी सजग रहेको कुराको चर्चा गरेको देखिन्छ ।

गायत्रीले उनका कृतिहरू बौद्धिकता, भावुकता र यथार्थको त्रिवेणी बगाउने कोटिका रहेको चर्चा गरेकी छन् । गायत्रीले उनका कविता समसामयिक समाजको विसङ्गति, विकृति, उत्थान, पतन, प्रेम, घृणा नै कविको चासोको विषय भएको पाएकी छन् । गायत्रीले युवाकवि खुमनारायणको युवा जोस र जाँगरले सिँगारिएको उनका कवितामा युगका चेतना, मानवीय संवेदनाका वास्तविकता उल्लेख भएको पाएकी छन् । उनले प्रथम खण्डमा **सहिद** प्रकरण राखेका छन् भन्दै गायत्रीले यसैको चर्चा गरेको पाइन्छ ।

गायत्रीले उनको यस **सहिद प्रकरण**मा आन्दोलनका समयमा भएका अन्तिम घटना, हृदयविदारक दृश्यबाट कविको हृदयमा कोलाहल मच्चिएको प्रसङ्गको चर्चा गरेको पाइन्छ । सहिदको महानताप्रति यी प्रयोगधर्मी कविले अत्यन्त विनम्रतापूर्वक भनेका छन् भन्दै गायत्रीले लेख्छिन् :

*म भ्रम तिमी यथार्थ*
*म मिथ्या तिमी सत्य*

गायत्रीले सहिद युगौँयुगको इतिहासपछि मात्र बनेका हुन्छन् । उसले अन्याय, असमानता र अव्यवस्थाबाट रोइरहेका, छटपटाइरहेका करोडौं जनताका लागि आत्मोत्सर्ग गरेको पाइन्छ तर समयको छालसँगसँगै एक दिन उसको रातो रगतको रङ्ग सबैको आँखा र मानसपटलबाट धमिलिँदै गएको हुन्छ । समयले सबैलाई दिशाविहीन बनाएको हुन्छ भनेर गायत्रीले उल्लेख गरेको देखिन्छ ।

गायत्रीले यस सङ्ग्रहको दोस्रो भागमा स्मृतिखण्ड रहेको प्रसङ्ग व्यक्त गर्दै कवि यस खण्डमा करुणाका बाहक बनेको चर्चा गरेकी छन् । यस खण्डमा पनि कविले आफ्नो बेग्लै किसिमको बिम्ब प्रयोगलाई छाडेका छैनन् भनेर उनले सान्दर्भिक पङ्क्तिहरूलाई पनि चर्चा गरेको देखिन्छ ।

*आफ्ना स्पन्दनहरू तिमीसँग नसाटेको भए पनि हुन्थ्यो, तिम्रा ओँठहरूमा ओँठहरू नराखेको भए पनि हुन्थ्यो* । उनले यी पङ्क्तिहरू प्रेयसीको स्मृतिमा भनेका हुन् भन्दै गायत्रीले चर्चा गरेकी छन् । यसका साथै उनले अर्को स्मृतिमा योभन्दा पूरै भिन्न रहेको देखिन्छ भन्दै गायत्रीले ती निम्न पङ्क्तिहरू उल्लेख गरेकी छन् :

*मेरा श्रद्धाका फूलहरू चढाउँदा तिमीलाई*
*म अत्तासिन्छु म कहालिन्छु प्रतिक्षण*
*मेरो स्मृतिको क्यानासमा पोतिन नपाएको*
*तिम्रो अनुहारलाई*
*सम्भावित असम्भावित आकारसँगै*
*-जोड्छु*
*-घटाउँछु*

समालोचक गायत्रीले उपर्युक्त पङ्क्तिहरूबाट आफ्नी जन्मदात्री माताप्रति व्यक्त गरिएका भावहरूको स्मृतिको पेटारो रहेको देखिन्छ भनी चर्चा गरेकी छन् । त्यस्तै यसै कवितासङ्ग्रहको तेस्रो वा अन्तिम खण्ड रहेको छ समय । यसमा गायत्रीले समय वा कालले यो संसारै आबद्ध रहेको पाएकी छन् । उनले समयलाई गतिशील र हृदमयमा पारेका घात प्रतिघातहरू समेटेर राखेको हुने कुराको चर्चा गरेकी छन् । गायत्रीले यस समय खण्डभित्र सङ्गृहीत कविताहरूलाई हेर्दा कवि आफूलाई विगतमा भोगेका आक्रमणहरूलाई सशक्त विम्बहरूबाट व्यक्त गरिएको पाएकी छन् । गायत्रीले यस खण्डभित्रका धेरै कविताहरू अमूर्त र क्लिष्ट पनि रहेको पाएकी छन् । गायत्रीले कविको समय हाम्रा पूर्वीय दर्शनहरूको पृष्ठभूमिमा समेट्दै र पात्रलाई विम्बका रूपमा प्रयोग गरेको पाएकी छन् ।

**कथाकार भवानी भिक्षुको 'गुनकेसरी'लाई सरसरती हेर्दा**

समालोचक गायत्री श्रेष्ठले कथाकार भवानी भिक्षुलाई आधुनिक नेपाली कथासाहित्यका मूर्धन्य व्यक्तित्वको रूपमा चर्चा गरेको पाइन्छ । गायत्रीले उनलाई

आधुनिक नेपाली कथाको प्रथम चरणमा नै प्रवेश गरेका हुन् भनी चर्चा गरेकी छन् । गायत्रीले भिक्षुलाई कवि, उपन्यासकार र समालोचक पनि भनेकी छन् । गायत्रीले उनको प्रथम कथा **मानव** हो भन्दै उनले मानवजीवनका भावमय पक्षको यथार्थता र मनोभावलाई केलाउनु रुचि र स्वभाविक विषय बन्न पुगेको जस्ता प्रसङ्ग पनि व्यक्त गरेको देखिन्छ । गायत्रीले भिक्षु नारीको सहयात्राबाट वञ्चित भएकाले उनका लागि नारी र प्रेम सधैँ आकर्षणका विषय बनेका तर्क दिन्छिन् ।

गायत्रीले जीवनको यथार्थ र आदर्श बेग्लाबेग्लै दुईवटा भएकाले यी एक अर्कोबाट सधैँ आक्रान्त रहेका हुन्छन् भन्ने कुरा उल्लेख गरेकी छन् । गायत्रीले यिनै सन्दर्भहरू भिक्षुका कथाहरूमा पाइने कुराको प्रसङ्गसमेत चर्चा गरेकी छन् । नारीभित्रको महानता र लघुता, कोमलता र कठोरता, वर्गीय स्वभिमान र उदारता भिक्षुले देखेका र रुचाएका विषय रहेका हुन्छन् भन्दै गायत्रीले उनका नारी पात्रको उदाहरण दिएकी छन् । प्रस्तुत कथामा गायत्रीले उनका नारीभित्रका इच्छा, आकाङ्क्षा, नारीका स्वभाविक भावना, मनोवृत्ति र नारी प्रकृतिलाई उन्नत आयामबाट नापिएको प्रसङ्ग व्यक्त गरेकी छन् । गायत्रीले यस कथामा एउटी उच्च आदर्शयुक्त नारीको बाहिरी र भित्री रूप, गुण, स्वभाव एवम् प्रकृतिको विश्लेषण मनोवैज्ञानिक धरातलमा भएको भन्ने तर्क दिन्छिन् । गायत्रीले गुनकेशरी कथालाई कथाकार भिक्षुभित्रको नारीको रूपमा मानेकी छन् भने गुनकेशरीकी बहिनी सुभद्रा र अन्य पात्रहरू गौण भनेकी छन् ।

प्रस्तुत कथाको प्रसङ्गमा बहिनीको अघिबाटै विवाह भइसक्नु २२-२४ वर्षको उमेर पुगिसक्दा पनि आफ्नो विवाह नहुनु र विजयसँग गहिरो प्रेम भएर पनि विविध सामाजिक संस्कारका कारणले यथार्थमा परिणत गर्न नसक्नुले गुनकेशरी पिल्सिएकी र छटपटाउकी देखिन्छन् भन्दै गायत्रीले भिक्षुका नारीहरू माया गर्नमा पछि नहटेको प्रसङ्ग प्रस्तुत गरेको सन्दर्भसमेत व्यक्त गरेकी छन् ।

समालोचक गायत्रीले गुनकेशरीलाई नारीको पूर्ण व्यक्तित्व मानेकी छन् । गायत्रीले विजयी र जुनकेशरीको स्तर केही फरक रहेको चर्चा गर्दै बौद्धिक नारी गुनकेशरी मनबाट मात्र होइन बुद्धिबाट पनि सञ्चालित भएको कुरासमेत उल्लेख गरेकी छन् । गुनकेशरीले विजयको प्रेमको बदला प्रेम त गरेकी थिइन् भने आफ्ना मातापिताप्रति आज्ञाकारी र उत्तरदायी पनि रहेको उल्लेख गरेको देखिन्छ । उनले विजयको प्रेमलाई मनले स्वीकारी र बुद्धिले पन्छाइदिएको तर्कसमेत गायत्रीले व्यक्त गरेकी छन् । प्रस्तुत कथाकै प्रसङ्गमा ३३-३४ वर्षको विधुरसँग गुनकेशरीको विवाह हुने खपर पाएर विजयले उसलाई पत्र लेखेको प्रसङ्ग पनि चर्चा गरेको पाइन्छ । अन्त्यमा विजयको पत्रले गुनकेशरीको नारी हृदयभित्र द्वन्द्व प्रतिद्वन्द्व चलेको भन्दै कथाकै प्रसङ्गमा मन र बुद्धिको सङ्घर्षपश्चात् मन परास्त भएरै उनको विवाह भएको तर्कसमेत गायत्रीले देखाउन खोजेकी छन् । गायत्रीले गुनकेशरीलाई एउटी आदर्श हिन्दू नारीले गर्नुपर्ने आचरणमा त्रुटि आउन नदिएको प्रसङ्ग व्यक्त गरेकी देखिन्छन् भने उता गायत्रीले विजय जस्तो पात्रलाई सत्य भनी उल्लेख गरेको पनि

पाइन्छ तर समयसँग विवाह भएर पनि गुनकेशरीले सन्तान प्राप्त गर्न नसक्दा र प्रेमी गुमाउँदाको परिस्थितिको समेत चर्चा गायत्रीले गरेकी छन् । उनकी बहिनी सुभद्राले एकैपल्ट २ पुत्रको जन्म दिएको प्रसङ्ग व्यक्त गर्दै गायत्रीले गुनकेशरीको मनोवैज्ञानिक युद्धको चर्चा गरेको पाइन्छ ।

अन्त्यमा गुनकेशरीले व्याकुल भएर विजयलाई पत्र लेखेको सन्दर्भ प्रस्तुत गर्दै गायत्रीले मान्छेको जीवनमा रतिराग प्रेमवियोगले ल्याउने मनोवैज्ञानिक घात प्रतिघात र त्यसबाट वास्तविक जीवनमा पर्न जाने प्रभावको समेत गायत्रीले उल्लेख गरेकी छन् ।

**विजयबहादुर मल्लको 'सत्ताको खोजमा' एकाङ्कीमा नारीअस्मिताको प्रश्न**

समालोचक गायत्रीले विजयबहादुर मल्ललाई आधुनिक नेपाली साहित्यको आँगनमा बहुमुखी प्रतिभाशाली व्यक्तिको रूपमा चर्चा गरेको पाइन्छ । गायत्रीले उनका विधागत विविधताको बारेमा उल्लेख गर्दै उनलाई नाट्ययात्राको पहिलो चरणको करिब दुई दशक जति सामाजिक ययार्थवादी, समस्यामूलक, बौद्धिक, प्रतीकवादी, मनोविश्लेषणात्मक पूर्णाङ्की र एकाङ्की नाटकहरू लेखेको चर्चा गरेकी छन् । बालमनोविश्लेषणात्मक, यौनयुक्त मनोविश्लेषणात्मक समस्याले भरिएको पूर्णाङ्की एवम् एकाङ्की नाटकहरू लेखिन थालेको भन्ने गरेको पाइन्छ । यसका साथै गायत्रीले मल्ललाई वि.सं. २०१८ सालदेखि विश्वसाहित्यमा रुचि राख्न उन्मुख भएको भनेकी छन् । वि.सं. २०२२ सालपछिको समयलाई उनको दोस्रो चरण मानेको पाइन्छ । उनले यस चरणका एकाङ्कीहरू अचेतन मनका अत्यन्त गहिराइमा प्रवेश गरेको पाएकी छन् । गायत्रीले यिनका एकाङ्कीहरूमा यौनपक्ष गौण रही युगीन जटिलता बोकेर बाँचेका मान्छेको आन्तरिक तरङ्ग र अन्यौललाई विशेष रूपमा औँल्याइएको देखेकी छन् । यसका साथै उनले मानसिक ग्रन्थिले रुग्ण भएका पात्रहरूको अन्तर्मनलाई चिरेर उनमा विद्यमान असन्तुष्टि कुण्ठा एवम् उत्पीडनलाई नाटकीय रूपमा सिद्धहस्त रहेको कुरा गायत्रीले बताउँदछिन् ।

उनको प्रस्तुत **सत्ताको-खोजमा** एकाङ्कीको मूल पात्र 'मिना' आफू अविवाहित भएर पनि पुरुषप्रति उसको धारणा नकारात्मक रहेको उल्लेख गायत्रीले गरेको देखिन्छ । यसका साथै उसकी साथी 'शीला' नारीसुलभ स्वभावद्वारा प्रभावित भएको पाइन्छ । गायत्रीले प्रस्तुत कथामा 'मिना' पात्रलाई सबल र 'शीला' पात्रलाई दुर्बल भनी चर्चा गरेकी छन् । यसै सन्दर्भमा गायत्रीले नारीलाई मीठो खानु, राम्रो लाउनु शारीरिक माया पाउनु मात्र नारीको लागि सब थोक नभएको चर्चा गर्दै उनीहरूलाई पनि आफ्नै किसिमको स्वतन्त्र अस्तित्वको खाँचो परेको पाइन्छ भन्ने कुराको प्रसङ्ग व्यक्त गरेकी छन् । गायत्रीले नारी केवल भोग्या मात्रै नभई मानवीय दृष्टिले पनि नारीले आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी यसबाट पाइने नैसर्गिक आनन्दानुभूति गर्न पाउनुपर्ने चर्चा पनि गरेकी छन् ।

गायत्रीले प्रस्तुत **सत्ताको खोजमा** एकाङ्कीको तिलकमानलाई प्रमुख पुरुष पात्रको रूपमा चर्चा गरेको देखिन्छ । गायत्रीले उसलाई परम्परावादी पुरुष पात्र रहेको भन्दै उसले नारीलाई आफ्ना पूर्वजले जस्तो व्यवहार गरेको प्रसङ्ग पनि व्यक्त गरेकी छन् । गायत्रीले प्रमिलालाई आत्मसम्मान नपाएर आत्महत्या गरेकी नारी भनेर उल्लेख गरेको देखिन्छ, गायत्रीले तिलकमानलाई प्रमिलाले किन आत्महत्या गरी भन्ने प्रश्नले छटपटी र कष्ट भएको बताउँदै आफ्नो अपराध स्वीकारेको समेत चर्चा गरेको पाइन्छ । समालोचक गायत्री श्रेष्ठले **सत्ताको खोजमा** एकाङ्कीलाई नारी समस्याप्रधान भनेको पाइन्छ । यसै सन्दर्भमा गायत्रीले गोठालेको **युगको सिकार** की प्रभा र **सत्ताको खोजमा** की प्रमिला दुवै नारी सत्ताको खोजमा रहेको उल्लेख गर्दै अनि दुवै युगको सिकार बनेको प्रसङ्गमा समेत जोड दिएको पाइन्छ । गायत्रीले यी दुवै नारीपात्रमा आधुनिक विचारधाराका भएकाले नारी अस्मितावादी विचारधारा पोखिएको तर्क दिन्छिन् । गायत्रीले तिलकमानलाई आधुनिक विचारधाराका पात्र भए पनि आन्तरिक रूपमा भने रुढिग्रस्त धारणाद्वारा ग्रसित रहेको बताएकी छन् ।

समालोचक गायत्रीले हाम्रो समाजमा जतिसुकै नारीशिक्षाको प्रचारप्रसार भए पनि नारी अधिकारको चर्चा चले पनि एवम् नारीहरू जगृत भए पनि सबै निरर्थक भएको तर्क दिएको पाइन्छ । गायत्रीले नारीहरूलाई हेर्ने समाजको चस्मामा कुनै परिवर्तन आएको छैन भन्दै उनले नारीको कुनै कुरामा पनि आफ्नो स्वतन्त्र मौलिक हक अस्तित्व, सत्ता, स्वतन्त्र रहेको छैन भन्ने तर्कसमेत प्रस्तुत गरेको देखिन्छ । गायत्रीले नारीको मौलिक हक भएको वस्तु मृत्युलाई ठानेको तर्कसमेत उल्लेख गरेकी छन् । त्यसैको कारण प्रमिलाले आत्महत्या गरेको र मीनाले सत्ताको खोजको लागि आफूलाई सामर्पित गरेको जस्ता असम्भावी कुराको चर्चा गरेको पाइन्छ ।

गायत्रीले विजयबहादुर नारी अस्तित्वको निम्ति जुझारु रहेको पाएकी छन् । उनको दृष्टिमा नारी र पुरुष वास्तवमा एक रथका दुई पाङ्ग्रा रहेकाले समाजमा पुरुषको जति उत्तरदायित्व नारीको पनि रहेको छ भन्ने कुरामा जोड दिएकी छन् । गायत्रीले नारी र पुरुषमा भेद राख्नु भनेको समाजलाई अपाङ्ग बनाउन खोजेको प्रसङ्ग उल्लेख गरेकी छन् । गायत्रीले मल्ललाई नारीमा विशेष साथै दिन सक्षम मानेको पाएकी छन् । गायत्रीले मल्ललाई आजका मानिसको खासगरी नारीहरूको मानसिक स्थिति युगजनित असामान्य परिस्थिति उल्लेख गरेकी छन् । मल्लले आजको समाजमा देखापरेका जटिलताालाई राम्ररी औंल्याउन सफल भएको तर्क गायत्रीले दिन्छिन् । परिणाम, प्रयोग र चिन्तनका दृष्टिले पनि मल्लको नाट्यशैली एवम् एकाङ्कीकारिता परिष्कृत र परिमार्जित रहेको समेत गायत्रीले चर्चा गरेको पाइन्छ ।

## 'रातभरि हुरी चल्यो' कथाभित्रको जीवनदृष्टि

समालोचक गायत्री श्रेष्ठले नेपाली गद्यसाहित्यमा कथाकार इन्द्रबहादुर राईलाई एक महत्त्वपूर्ण अध्यायको रूपमा मानेकी छन् । उनले राईलाई तेस्रो

आयामका प्रवर्तक त्रिमूर्ति मध्येका एक मूर्धन्य स्तम्भ भनी उल्लेख गरेको पाइन्छ । उनका कथामा विशेष गरी नेपाली समाजमा पाइने यथार्थ, स्थानीय परिवेश, प्राकृतिक सौन्दर्य, आर्दश परम्परा, धर्म-संस्कृति एवम् जातीयता र भाषाको महिमामाथि पनि प्रकाश पारेको उल्लेख पाइन्छ ।

समालोचक गायत्रीले इन्द्रबहादुर राईको **विपना कतिपय** (ई. १९६१) मा सङ्कलित रातभरि हुरी चल्यो (२०१६) उनको प्रसिद्ध कथामध्येको एक भएको चर्चा गरेकी छन् । राईको यस कथाले निम्नवर्गीय नेपाली समाज, मान्छेको मनको स्वभाव, गरिब मानिसको आवश्यकता र लाचारी एवम् इच्छालाई सरलतापूर्वक प्रस्तुत गरेकी छन् ।

प्रस्तुत कथाकै पात्र तीन जनामध्ये कालेकी आमा मुख्य पात्र रहेकी छन् । गायत्रीले कालेकी आमालाई निम्नवर्गीय पात्र, नारी जातिकै प्रतिनिधिपात्रको रूपमा उल्लेख गरेको देखिन्छ । यस्तै गायत्रीले कालेको आमाबाबु निम्नवर्गको उल्लेख गर्दै उनीहरूको पारिवारिक समस्याको चर्चा गरेकी छन् ।

प्रस्तुत कथाकै प्रसङ्गमा एक दिन हुरीको समयमा उनीहरूको रात कटाइ असाध्यै दयनीय रहेको पाइन्छ । यसका साथै घरको छानोसमेत हुरीले उडाएपछि तिनीहरूको जीवन कष्टदायी रहेको पाइन्छ । यस्ता कष्टहरू निम्नवर्गका लागि सामान्य घटनासरह सहज रूपमा सहेका हुन्छन् । उनीहरूको जीवनको एउटा पक्ष उदासीनता पनि भएको तर्क गायत्रीले राखेको पाइन्छ । कालेकी आमाले गाईगोठका गाईहरू बारीमा भएका भ्याङहरू, काँक्राको लहराहरू आदि हुरीले कति पो बिगार्न पाएको छ र ? भन्ने निम्न कथनबाट जीवनदृष्टि प्रस्ट रूपमा अभिव्यक्त भएको गायत्रीले उल्लेख गरेकी छन् । गायत्रीले जीवनको बृहत यथार्थको वृतभित्र अँध्यारो पाएको आधिक्य भए पनि उज्यालो अंश बिल्कुल शून्य छैन । (दयाराम श्रेष्ठ २०५०) भन्ने तर्क अघि सारेको पाइन्छ ।

गायत्रीले प्रतीकात्मक रूपमा प्रस्तुत भएका ती वाक्यहरूले आशावादी स्वरलाई पुष्टि गरेको पाइन्छ भनेकी छन् । गाउँमा हावाहुरीको सन्त्रासबाहेक त्यो सारासृष्टि सहरमा सम्भव नभएको उल्लेख गरेको देखिन्छ । गाउँमा भएका ती सबै कुराले उज्यालो भविष्यको सङ्केत गरेको तर्क गायत्री दिन्छिन् ।

त्यस्तै, समालोचक गायत्रीले आपदविपद् भन्ने जहाँ पनि हुने गरेको र सबैका ठाउँमा आफ्नै समस्या परिस्थिति रहेको चर्चा गर्दै तीसँग सम्झौता गरी बाँच्नुपर्ने कुराको सन्देश दिएकी छन् । उनले यो संसारमा सुख मात्र र दुःख मात्र भएको ठाउँ वा समाज नहुने हुँदा परबाट राम्रो देखिने वस्तु पनि यथार्थमा गुणदोष युक्त हुनेसमेत चर्चा गरेको देखिन्छ । अन्त्यमा लेखकले "नेपाल गए कपालसँगै बर्मा गए कर्मसँगै" भन्ने उक्तिलाई पनि चरितार्थ तुल्याउन खोजेको कुराको तर्क गायत्रीले राखेको   पाइन्छ ।

**कवि भीम विराग र उनको 'अज्ञात प्रारम्भ' एक सङ्क्षिप्त समीक्षण**

प्रस्तुत उप-खण्डअन्तर्गत समालोचक श्रेष्ठले कवि भीम विरागलाई साहित्यको खुला आँगनमा साहित्यिक रत्नका रूपमा चिन्न सकिने भन्दै चर्चा गरेकी छन् । उनले नारायणी अञ्चलको वीरगञ्जको माइस्थानमा सम्वत् १९९१ माघ १५ गते जन्मेको भीम विराग कवि गीतकार स्व.कथाकार भएको उल्लेख गरेको देखिन्छ । यसका साथै उनलाई गायत्रीले गीतकार, सङ्गीतकार अनि गायत्रकलाका त्रिवेणी मानेकी छन् । उनका कृतिहरूलाई निम्नप्रकारले प्रस्तुत गरेको देखिन्छ ।

१. दुःखको इन्द्रेणी (गीतसङ्ग्रह, २०२३)

२. अतृप्त स्पर्श (गीतसङ्ग्रह, २०४३)

३. तातो सुस्केरा (कवितासङ्ग्रह, २०३२)

४. भीम विरागका कविता (कवितासङ्ग्रह २०५४)

५. अठटुक्रे बादल (कथासङ्ग्रह २०२९)

६. अज्ञात प्रारम्भ (खण्डकाव्य, २०५६)

७. भीम विरागका गीत गजल (गीत र गजल, २०५७)

८. स्वरसम्राटको सम्झना (संस्मरण, २०५७)

९. मोहभङ्ग (गीता महाकाव्य, महाकाव्य २०५९)

समालोचक गायत्रीले साहित्यको उच्च मूल्याङ्कन भएर नै कवि भीम विरागलाई विभिन्न पुरस्कारहरूद्वारा पुरस्कृत र सम्मानित साथै अभिनन्दन गरेको प्रसङ्गसमेत उल्लेख गर्दै पुरस्कार र सम्मान भएका प्रतिष्ठान तथा सङ्घसंस्थाहरूको नामावलीसमेत चर्चा गरेको पाइन्छ ।

यसका साथै समालोचक कवि भीम विरागलाई ह्रान्सोन्मुख र विकासोन्मुख दुवै परिस्थितिमा आफ्नो रचना बिम्बित गर्न एवम् युगलाई गति दिन सिद्धहस्त रहेको चर्चा गायत्रीले गरेकी छन् ।

**कृति विश्लेषण**

समालोचक गायत्रीले कवि भीम विरागको **अज्ञात-प्रारम्भ**मा आरम्भदेखि उपसंहारसम्म २३ वटा कविताहरू सङ्कलित रहेको चर्चा गरेकी छन् । उनले यस सङ्ग्रहलाई गद्य कवितात्मक खण्डकाव्य भन्न सकिने चर्चा गरेको पाइन्छ । उनले यस सङ्ग्रहको सबैभन्दा लामो कविता आठ पृष्ठसम्मको आरम्भ र आश्रय रहेको र सबैभन्दा छोटो कविता **उपसंहार** भएको प्रसङ्ग पनि उल्लेख गरेकी छन् ।

समालोचक गायत्रीले उनका अन्य कविताहरू प्रायः मझौला खालका भएको भन्दै उनको **अज्ञात- प्रारम्भ** शीर्षकको खण्डकाव्यको बाह्य संरचनाको चर्चा गरेको पाइन्छ ।

समालोचक गायत्रीले कवि भीम विरागलाई आफ्ना खण्डकाव्यमा गद्य कवितात्मक शैलीमा मानवीय भोगाइका कटु सत्यलाई प्रस्तुत गर्न सिद्धहस्त रहेको पाएकी छन् । जसअनुसार विरागले **आरम्भ** शीर्षक कवितामा उनी मानिसले आफ्नो जीवनलाई मातको घुट्कोजस्तै मानेको अभिव्यक्ति व्यक्त गरेको पाइन्छ । प्रस्तुत कवितामा एकपटक नशालुपदार्थको सेवन गरेपछि त्यसैलाई निरन्तरता दिन चाहेको व्यक्त गर्दै ऊ त्यसबाट बञ्चित हुन नसकेको प्रसङ्ग पनि उल्लेख गरेको देखिन्छ ।

## प्रजातन्त्रका लागि जनताले गरेका सङ्सर्घ

गायत्रीले कवि भीमविरागका सुरुका चार र पाँच शीर्षक कविताहरूमा नेपालीहरूको प्रवृत्ति र नियतिलाई व्यक्त गरिएको उल्लेख गरेकी छन् । उनले उनका सङ्कलित कविताहरूमा २०४६ को जनआन्दोलनको क्रममा प्रजातन्त्र प्राप्तिका लागि जनताद्वारा गरिएका त्याग, बलिदान एवम् सङ्घर्षहरूलाई परोक्ष रूपमा प्रस्तुत गरिएको चर्चा गरेकी छन् । यसका साथै प्रकृतिलाई स्वहन्ता संस्कारको प्रतीक बनाएको भन्दै गायत्रीले कवि विरागको कविताका केही पङ्क्ति उल्लेख गरेकी छन् :

*आफूले रोपेर आफैले नष्ट गर्न सक्ने*
*जन्माएर आफैले भक्षण गर्न सक्ने*
*स्वहन्ता संस्कारको प्रतीक हो - प्रकृति*

त्यस्तै, गायत्रीले विषयवस्तुका दृष्टिले **अज्ञात प्रारम्भ** खण्डकाव्यलाई हेर्दा अघिल्ला १५ वटा कवितालाई पूर्वार्द्ध र बाँकी ८ वटा कवितालाई उत्तरार्द्ध मान्न सकिने कुराको चर्चा पनि गरेको देखिन्छ । उनका पूर्वार्द्धका कविताहरूमा प्रजातन्त्र प्राप्तिका लागि जनताले केकस्ता कार्यहरू र सङ्घर्ष गरेका थिए । तिनीहरूको उल्लेख कविले सहज रूपले गरेका छन् भन्दै गायत्रीले केही पङ्क्ति उल्लेख गरेको पाइन्छ :

*मेरा यात्रा स्वतः सञ्चालन भैरहन्छ*
*पाइला चाल्दै नचाली पनि*

यसरी यात्रा गन्तव्य नहुँदानहुँदै पनि मानिसरूको सङ्घर्ष स्वचालित यन्त्रझैँ चलिरहेको भन्ने कविको प्रसङ्गलाई गायत्रीले उल्लेख गरेको देखिन्छ ।

## प्रजातन्त्र प्राप्तपछि जनतामा आएको असन्तुष्टि

कवि भीम विरागले आफ्ना कवितामा प्रजातन्त्र प्राप्तिपछि जनतामा आएको सन्तुष्टिको स्वर पनि व्यक्त गरेको प्रसङ्ग गायत्रीले गरेकी छन् । कवि भमि विरागले

सुरुमा केही आशाका स्वर यसरी दिएका थिए भन्दै गायत्रीले ती आशाका पङ्क्तिहरू केही उल्लेख गरेको देखिन्छ :

*समुद्रमा हामफालिसकेर मृत्युसँग किन डराउने*
*प्रयास गर्नुपर्छ किनारालाई समात्ने*
*रोएर केही पाइँदैन हेक्का राख्नु*
*पाइन्छ भने सङ्घर्षले पाइन्छ केही*

जीवन हाँक भएकोले कुनै पनि वस्तु प्राप्त गर्नेका लागि सङ्घर्ष गर्नु नै परेको हुन्छ भन्दै गायत्रीले गीताको प्रसङ्ग जोडेको पाइन्छ । कवि विराग प्रजातन्त्रका लागि जनताले गरेको सङ्घर्षको पछि कुनै मूल्याङ्कन नहुँदा चित्त दुखाएको गायत्रीले पाएकी छन् ।

टाठाबाठा र धूर्तहरू शक्ति सञ्चालन गर्न पुगे पनि देशमा प्रजातन्त्रका लागि लड्नेहरूको केही मूल्याङ्कन भएको छैन भन्ने जस्ता भावहरू उनका कविताले दिएको  उल्लेख गायत्रीले गरेकी छन् । सहिदको बलिदानले प्रजातन्त्र प्राप्त भएपछि आफ्ना दिन फेरिएका हुन्छन् भन्नेहरूका लागि सपना मात्र भएर आएको प्रसङ्गसमेत उनका कवितामा उल्लेख भएको बताएकी छन् ।

कवि भीम विरागले काव्यको पूर्वार्द्धमा एउटा बेवारिसे बालकको जीवनका भुक्तमान र भोगाइहरू देखाएर त्यसै क्रममा उसमा मानवीय चेतना सल्बलाउन थालेको र उत्तरार्द्धमा गएर ऊ नेपालको राजनीति क्रान्तिको प्रतीक बनेको प्रसङ्गसमेत चर्चा गरेको उल्लेख गरेकी छन् । उनलेको यसलाई २०४६ सालमा आएको क्रान्तिको पृष्ठभूमि बताएको पाइन्छ । परिणामपछिको अनुभवमा क्रान्तिमा होमिएको नायकले सर्वाङ्ग क्षतविक्षत भएर अस्पतालमा बसेर गरेको अनुभवको समेत चित्रण रहेको उल्लेख गायत्रीले गरेकी छन् । उनले प्रणयपछि विछोडिएकी बुनुसँगको पुनः भेट प्राप्तिमा क्रान्तिपछिको प्रजातन्त्र भएको बताइएको पाइन्छ । प्राप्तपछि देशमा नयाँ विचार, व्यवहार, उद्देश्यको प्रस्फुटन भएको देखिन्छ । यसका साथै गायत्रीले उनका कवितामा प्रजातन्त्रका लागि आत्मोत्सर्ग गर्नेहरूका लागि दिइएको आर्थिक अनुदानप्रतिको व्यङ्ग्य पनि रहेको उल्लेख गरेकी छन् ।

**निष्कर्ष**

प्रस्तुत यस काव्यको निष्कर्ष उप-खण्डमा समग्र उपखण्डहरूको यथार्थ खोजी गर्ने काम भएको पाइन्छ । प्रस्तुत निष्कर्षकै सन्दर्भ हेर्दा काव्यको मध्यान्ह र उत्तरार्द्धमा काम भएको उल्लेख गर्ने खोजिएको देखिन्छ । यसमा समालोचकले नायकको बुनुसँगको अतीतको प्रणय-घाउ पुनः बल्भिएको र उत्तरार्धले नायकलाई पलायनतिर लगेको प्रसङ्गसमेतको चर्चा भएको पाइन्छ ।

## गाउँछ गीत नेपाली कवितामा राष्ट्रिय चिन्तन

समालोचक गायत्री श्रेष्ठले प्रस्तुत शीर्षकअन्तर्गतको समालोचना लेखमा विभिन्न उपखण्डहरू विभाजन गरेकी छन् । पुस्तकमा रहेका उपखण्डअनुसार नै उक्त समालोचना लेखको तल विश्लेषण गरिन्छ :

## परिचय पृष्ठभूमि

समालोचक गायत्री श्रेष्ठले राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई नेपाली काव्यसाहित्यको फाँटमा अत्यन्त परिचित नाम रहेको छ भन्ने प्रसङ्ग उल्लेख गरेकी छन् । गायत्रीले उनलाई सरल, सरस भाषाका धनी, शब्दलाई कैद गर्ने सिद्धहस्त लेकबेसीको नसा छाम्न सिद्धहस्त, उकाली-ओराली, देउराली-भज्याङ अनि चौतारीसँग प्रीति गाँस्न सिद्धहस्त कवि भन्दै उनको कविताको एक अंश प्रस्तुत गरेकी छन् ।

*लाउँ कानैभरि भनी टिपिन् गुर्सिनीले गुराँस*
*नेवार्नीले मधुसुमनले जेल्दिइन् केश पाश*
*भोटेनीले मगमग बुकी फूल बाँधिन तुनामा*
*क्वैली बोल्यो वनवन नयाँ प्रीतिको सम्झनामा*

गायत्रीले कवि घिमिरेको परिचय दिने सिलसिलामा कवि घिमिरे पहाड, उपत्यका, हिमाल, तराई सबैतिर कविताका माध्यमद्वारा विचरण गर्न सिद्धहस्त रहेको उल्लेख गरेकी छन् ।

साहित्यकै माध्यमद्वारा कवि सम्पूर्ण जातजातिमा प्रस्तुत भएका भन्दै गायत्रीले उनको हरेक अभिव्यक्तलाई प्रकृतिको माध्यमबाट व्यक्त भएको भन्ने तर्क पनि गरेको देखिन्छ । उमेरले हाम्रा राष्ट्रकविलाई कुनै कुरामा छेकेको छैन भन्दै गायत्रीले उमेरको हकमा त अझै पनि '... महिलाले सोधे अस्सी भन्छु, भनेको र तपाइँहरूले सोधे एकासी नै भन्छु भनेको तर्कसमेत प्रस्तुत गरेको पाइन्छ ।

## कवि घिमिरेको राष्ट्रवादी चिन्तन र गाउँछ गीत नेपाली कविताको पृष्ठभूमि

समालोचक गायत्री श्रेष्ठले राष्ट्रकवि माधवप्रसाद घिमिरेको भावनालाई कसैले जित्न नसक्ने कुराको तर्क गरेको पाइन्छ । गायत्रीले उनका ऐतिहासिक खण्डकाव्य **राष्ट्रनिर्माता, राजेश्वरी** आदिमा पनि उत्तिकै राष्ट्रिय भाव छचल्किएको चर्चा पनि गरेकी छन् । गायत्रीले उनका सृजनामा राष्ट्रिय भावनामात्र नभई नेपालको प्राकृतिक सौन्दर्य, आध्यात्मिक महत्त्व, अग्रजहरूका किंवदन्तीहरू पनि त्यत्तिकै सशक्तरूपमा प्रकट भएको पाएको प्रसङ्ग व्यक्त गरेकी छन् । गायत्रीले उनका फुटकर कवितामध्येको एउटा फुटकर कविताको नाम **गाउँछ गीत नेपाली** भएको भन्ने कुराको उल्लेख गरेकी छन् । गायत्रीले उनको यो कवितालाई उत्कृष्ट कविताको रूपमा चर्चा गर्दै यसमा प्रयोग भएको राष्ट्रवादी स्वर देशभक्ति भावको प्रसङ्ग समेत व्यक्त भएको उल्लेख गरेको देखिन्छ । गायत्रीले नेपाललाई सुन्दर,

शान्त, विशाल केवल घिमिरेले मात्र नभनेको भन्दै उनले स्व. विबन्धकार लक्ष्मीप्रसाद देवकोटाको **के नेपाल सानो छ ?** शीर्षकको निबन्धको पनि केही चर्चा गरेको पाइन्छ । उनले कवि घिमिरेको जस्तो राष्ट्रिय भावना सबैमा सञ्चारित हुने भए देश विकाशको गति अन्दाजै गर्नसक्ने कुराको समेत तर्क देखाएको पाइन्छ ।

## गाउँछ गीत नेपाली कविताको राष्ट्रिय भाव र सांस्कृतिक चिन्तन

समालोचक गायत्री श्रेष्ठले **गाउँछ गीत नेपाली** कविता राष्ट्रिय र सांस्कृतिक चिन्तनका दृष्टिले पनि महत्त्वपूर्ण रहेको उल्लेख गरेकी छन् । गायत्रीले यस कवितामा नेपालको भौगोलिक सांस्कृतिक एवम् प्राकृतिक चित्रण ज्यादै नै सशक्त रहेको भन्दै उनले नेपालका प्रसिद्ध नदीको समेत चर्चा गरेको पाइन्छ भनेर उल्लेख गरेकी छन् । गायत्रीले सूर्यको पहिलो किरणले पनि सगरमाथालाई नै चुमेको प्रसङ्ग उल्लेख गर्दै कवि घिमिरेका बुद्धको देश, शान्तिको देश, सीता र भृकुटी माइती नेपाल साँच्चै नै सुन्दर रहेको भन्दै उल्लेख गरेकी छन् । सीतामा विद्यमान अन्तर्राष्ट्रिय सम्बन्धबोध ज्यादै महत्त्वपूर्ण रहेजस्तै भृकुटीद्वारा तिब्बत र चीनसँग जातीय एवम् सांस्कृतिक सम्बन्ध पनि त्यक्तिकै महत्त्वपूर्ण रहेको कुरा पनि यस कवितामा उल्लेखित भएको चर्चा पाइन्छ । बुद्धको देश नेपाल, पशुपतिको देश नेपाल भनी साँच्चिकै विश्वमा चिनिएका हामी नेपाली अनेकमा एक भएको प्रसङ्गसमेत उनको यस कविताबाट प्राप्त भएको व्यक्त गरेकी छन् ।

हिन्दूराष्ट्र नेपालको बारेमा समेत चर्चा भएको भन्दै गायत्रीले यस्तो पवित्र स्थल जसको महिमा गाएर कहिल्यै नकिने र संस्कृति र सभ्यतालाई अद्धितीय मानिने प्रसङ्गसमेत व्यक्त भएको उल्लेख गरेको देखिन्छ ।

## ऐतिहासिक सन्दर्भ

गायत्रीले **ने** मुनिले पालन गरेको भनेर चिनिएको नेपालको ऐतिहासिक सन्दर्भ पनि उल्लेखनीय भएको चर्चा गरेकी छन् । उनले ऐतिहासिक एवम् सांस्कृतिक दृष्टिले कविताको केन्द्रीय भाव पनि ऐतिहासिक सन्दर्भसँग महत्त्वपूर्ण रहेको चर्चा गरेको पाइन्छ । गायत्रीले नेपालको आफ्नै छुट्टै ऐतिहासिक पृष्ठभूमि रहेको छ भन्नै नेपालको सीमानाको चर्चा गरेकी छन् । आफ्नो वीरताको परिचय दिन हाम्रा पुर्खाहरू कहिल्यै पछि नपरेको सन्दर्भ देखाउँदै गायत्रीले वर्तमानसम्म अग्रजका वीरताको प्रोत्साहनबाट बाँचिरहेको प्रसङ्गसमेत व्यक्त गरेको पाइन्छ । बरु कहिले काहीँ पूर्खाको वीरतालाई कायम राख्न नसकेकोमा लज्जित हुन बाध्य भएका हामी नेपाली आफ्नो स्वाभिमान जोगाइराख्न सफल भएको कुरा कवि घिमिरेको निम्न पङ्क्तिद्वारा देख्न सकिने कुरा व्यक्त गरेकी छन् :

*पश्चिम किल्ला काँगडा पूर्वमा टिष्टा पुगथ्यौं*
*कुन शक्तिको सामुमा कहिले हामी झुकथ्यौं*
*हामीले हिमाल उठायौं एसियाको माझमा*
*सभ्यता बास बसेथ्यौं आएर यहीँ साँझमा ।*

राष्ट्रकवि घिमिरेले नेपालको हरेक पक्षलाई आफ्ना शब्दहरूद्वारा मर्मस्पर्शी एवम् ओजस्वी शैलमिा आफ्नो भाव व्यक्त गरेको उल्लेख गर्दै गायत्रीले उनको गीतिकविताको पङ्क्ति समेतको प्रस्तुत गरेको देखिन्छ ।

## मूल अभिप्राय र निष्कर्ष

राष्ट्रकवि माधव घिमिरे यस राष्ट्रिय गानको अन्तिममा पुग्दा उनलाई संवेदनशीलता र हार्दिकताको गहिराइमा चुर्लुम्म डुवाएको उल्लेख गायत्रीले गरेकी छन् । नेपाली माटोप्रति कविको प्रेम भनुँ वा लगाव अत्यन्त गहिरो रहेको गायत्रीले देखेकी छन् । यहाँ कविले भावात्मक संवेदनशीलताको वर्षा गरेको अनुभूति देख्न सकिने चर्चा गायत्रीले गरेकी छन् । कविले आफ्ना जीवनमा आउने हिउँद वर्षा, जोस, जाँगर सबै राष्ट्रको निम्ति नै त्याग गर्न चाहेको प्रसङ्ग गायत्रीले प्राप्त गरेको पाइन्छ ।

*यै नेपाली धुलामा दिलको फूल रोपेर*
*यै पहाडी शिलामा प्रीतिको गीत खोपेर*

कवि घिमिरे नेपाली माटो, नेपाली हावा, नेपाली पानीमा सम्पूर्ण प्रेम खन्याउन चाहेको र जतासुकै प्रेम बीजारोपण गर्ने खोजेको कुरा व्यक्त भएको गायत्रीले पाएकी छन् । त्यसैले गायत्रीले प्रेम शब्दको व्यापक अर्थ दिँदै उनले कवि घिमिरेको **राष्ट्रनिर्माता** खण्डकाव्यको पङ्क्ति प्रस्तुत गरेको देखिन्छ ।

*आएर कैल्यै ऋतु सिद्धिदैन*
*लाएर माया मुटु रित्तिदैन ।*

कवि हृदयले प्रकृतिलाई हेर्ने दृष्टि अत्यन्त गहिरो रहेको भन्दै गायत्रीले नेपाली नेपाली बीचको हार्दिक प्रेम प्रकटीकरणमा पनि व्यापक दृष्टिकोण रहेको उल्लेख गर्दछिन् ।

## 'थोमसको टाउको' कथाको यथार्थपरक विश्लेषण

समालोचक गायत्री श्रेष्ठले बहुमुखी प्रतिभाकी धनी कथाकार देवकुमारी थापालाई साँच्चै नै मानवमनका मर्मज्ञ भएको प्रसङ्ग उलेख गरेको देखिन्छ । व्यक्तिगत रूपमा उनी स्निग्ध अनि सौम्य चर्चा गर्दै गायत्रीले उनको कथाहरूको विषयवस्तु अत्यन्त सानो र मर्मस्पर्शी रहेको सन्दर्भ समेत प्रस्तुत गरेकी छन् । उनका कथाहरूले मानव मन पढ्न अत्यन्त सफल रहेका छन् भन्दै गायत्रीले उनको थोमसको टाउको शीर्षकको कथाको चर्चा गरेकी छन् ।

मानिस आवेगमा आएपछि जे पनि भन्ने गरेको र जे पनि गर्ने गरेको यथार्थको उद्घाटन कथाकारले आफ्नो कथामा गरेको प्रसङ्गको चर्चा गायत्रीले गरेकी छन् । प्रस्तुत कथाकै प्रसङ्गमा भारतका नागाहरूको चर्चा गर्दै गायत्रीले उनीहरू आवेशमा आएपछि केही पनि बुझ्न धैर्य नगरेको कुरा व्यक्त गरेकी छन् तर त्यो क्षेत्रमा बसेको अफिसरले भने त्यस्ता घटनालाई राम्ररी सम्पादन गर्न

सक्ने क्षमता रहेको प्रसङ्गसमेत चर्चा गरेकी छन् । गायत्रीले ओहदामा पुगेर मात्र हुँदैन, पद र शक्तिको सन्तुलन र धैर्यता पनि स्पष्ट हुनुपर्ने तर्क उल्लेख गरेको पाइन्छ । कथाकै प्रसङ्गमा त्यो नागा युवककी पत्नीलाई फौजी क्याम्पको भान्सेले हातपात गरेको घटना थाहा पाउनसाथ युवककी भान्से थोमसको टाउको लिन सिले जुर्मुराउँदै गएको पाइन्छ । यस्तो रिसले चुर भएर आएको त्यो युवक सहितको नागाहरूको जत्थालाई फौजी हाकिमले बढो नम्रताका साथ छानबिन गरेको प्रसङ्गसमेतको चर्चा कथामा भएको उल्लेख गरेकी छन् । फौजी हाकिमले नागालाई सम्झाउँने धैर्यता नभएको भए घटनाले अर्को मोड लिने तर्कसमेत समालोचकले व्यक्त गरेकी छन् । यसरी गायत्रीले राजनीति पल्टनमा होमिने मानिसहरूको नारीप्रतिको कामुक दृष्टि कस्तो रहेको हुन्छ ? भन्ने कुरा थोमसले देखाइदिएको तर्क गायत्रीले राख्दछिन । सिधासाधा अशिक्षित समाजका मानिसहरू आफ्ना हरेक कुरामा कट्टर रहेका हुन्छन भन्दै गायत्रीले त्यस्ता कुरालाई सुधारको र धैर्यताको खाँचो परेको तर्क प्रस्तुत गरेको देखिन्छ ।

## तीजका गीतमा नारी संवेदनाको अभिव्यक्ति

समालोचक गायत्रीले नेपाललाई बहुजाति र बहुसंस्कृतिको देश भन्दै उनले तीजलाई राष्ट्रिय चाडका रूपमा उल्लेख गरेको देखिन्छ । उनले यो चाड विशेषगरी क्षेत्री ब्राह्मण जातिमा अत्यन्त महत्त्वपूर्ण मानी धुमधामसँग मनाइने प्रसङ्गको चर्चा गरेकी छन् । हरेक साल भाद्र शुक्ल तृतीयाको दिन महिलाहरूले ब्रतोत्सव मनाउने तीज पर्वलाई महिला समुदायको पर्व एवम् राष्ट्रिय पर्व मानिएको बताउँदछिन् ।

गायत्रीले तीजलाई सत्ययुगमा हिमालपुत्री पार्वतीले महादेव पति पाउँ भनी राखेको कठिन व्रत भनेकी छन् । उनले दिनभरि निराहार बस्नु मात्र यस व्रतको नियम नभएको भन्दै गायत्रीले पानी पनि पिउन नहुने धारणाले दिनभरि निराहार बसी नारीहरू विभिन्न नाचगान गरी महादेव पार्वतीको पूजासमेत गर्ने गरेको प्रसङ्गको उल्लेख पनि गरेकी छन् ।

विवाहित महिलाहरूले आफ्नो पतिको दीर्घायुका लागि यो ब्रत गरेको भन्दै गायत्रीले अविवाहित महिलाहरू महादेवजस्तै अथवा भनूँ असल पति पाउँ भनी यो व्रत बस्ने गरेको चर्चा पनि गरेको देखिन्छ । दिनभर निराहार बस्दा पनि माइतीमा जम्मा भएका सम्पूर्ण चेलीबेटीहरू एकै ठाउँमा जम्मा भई रमाइलो गर्ने र शक्ति सञ्चयको लागि तीजको अघिल्लो दिन मध्यरातमा उठी दरिलो दर खाने प्रसङ्गसमेत उल्लेख गरेको पाइन्छ । गायत्रीले दरलाई आड भनेकी छन् । यी मीठामीठा पकवान गरी खाएको हुँदा जो धेरै समयसम्म आडिलो हुने भएको उल्लेख गरेकी छन् । तीजका गीतहरू महिलाहरूकै आफ्नो यथार्थ भोगाइहरूलाई गीतात्मक रूपमा प्रस्तुति गरिएको पाइन्छ भन्दै गायत्रीले ती गीतहरूमा सहज भाषाशैलीको प्रयोग गरिएको पाइने उल्लेख गरेकी छन् ।

*माइतीबाट लिन आए वर्षदिनको तीजमा*
*बाटो हेरी बसिन् आमा झम्के साँझमा*

तीजमा भाषिक सरलताका साथै लय र भावलाई पनि विशेष प्रधानता दिइएको प्रसङ्गको समेत चर्चा गायत्रीले गर्दछिन् । तीजका गीतमा बुहारीहरूले घरमा भोगेका प्रसङ्गको पनि गायत्रीले चर्चा गर्दै उनले छोरी र बुहारी बीचको अवधारणाको पनि विकास हुनुपर्ने कुरामा जोडदिएको पाइन्छ । गायत्रीले तीज पर्वहरूमा गाइने गीतहरू क्षेत्री र ब्राह्मण समाजमा बढी प्रचलित रहेको भन्दै उनले उनीहरूको भाकामा पाउन सकिने कुराको तर्क राख्दछिन् ।

गायत्रीले तीजसँगै गाँसिएको ऋषिपञ्चमीको पनि चर्चा गरेको देखिन्छ । उनले तीजको व्रत नबस्नेहरूले पनि यो व्रत बस्ने गरेको प्रसङ्ग व्यक्त गरेकी छन् । उनले यो व्रत शिवको उपासना भएको हुँदा धार्मिक र सांस्कृतिक कुराका अतिरिक्त नारीअस्मिताको र मानवअधिकारको दृष्टिले सान्दर्भिकता रहेको कुरा गरेको पाइन्छ । यसका साथै उनले आजको समाजमा हाम्रो धर्म र संस्कृतिमा पनि ठूलो विकृति आएको देखिन्छ । धर्मकर्ममा निकै विश्वास भएका कुरामा जोड दिन्छिन् । उनले तीजको व्रतमा पानी पिउनु, थुक निल्नु भनेको आफ्नो पतिको रगत पिउनु भन्ने जनमानसको विश्वासले महिलामा ठूलो कष्ट परेको समेत चर्चा गरेकी छन् । यसका साथै समालोचक गायत्रीले महिलामा एकातिर घरको बुहार्तनको पीडा अर्कातिर देश दुखेकोपीडा सहन सारै कठिन हुने प्रसङ्ग उल्लेख गर्दै उनले नारीलाई सगरझैँ खुल्ला, सागरझैं गहिरो र धर्तीझैँ चौडा र सहनशील हुनुपर्ने तर्क प्रस्तुत गरेको पाइन्छ । उनले नारीको धैर्यको प्रसङ्ग चर्चा गर्दै यदी नारीको धैर्य टुटेमा विश्व नै टुट्न कत्तिबेर पनि नलाग्ने प्रसङ्ग व्यक्त गरेकी छन् । त्यस्तै उनले पहाडी महिलाले तीज मानेझैँ तराईको महिलाहरूले छठ पर्व, करवा चौध, जितिया पावनी जस्ता कडा व्रत मान्ने गरेको प्रसङ्ग पनि चर्चा गरेको देखिन्छ ।

**'माछाको मोल' कथालाई सर्लक्क हेर्दा**

समालोचक गायत्री श्रेष्ठले सरल भाषा, सत्य भनाइका विशेषता बोकेका स्व. शिवकुमार राईको नाम नेपाली कथा प्राङ्गणमा उच्चस्तरीय मानेको उल्लेख गरेकी छन् । कथाकार राई प्रवासमा बसेर पनि आफ्नै मातृभाषा साहित्यको सेवामा निरन्तर लागिरहेको प्रसङ्ग गायत्रीले गरेको पाइन्छ । गायत्रीले उनलाई बहुप्रतिभाका धनी भन्दै उनको कथाको विषयवस्तु माथि चर्चा गरेको देखिन्छ । उनका कथालेखनको अन्त्य दुःखान्त हुने हुनाले पाठकको हृदयमा गहिरो छाप पारेको चर्चासमेत गायत्रीले गरेको पाइन्छ । उनले कथामा निम्न वर्गलाई समावेश गर्ने हुनाले उनका पात्रहरू सीधासादा देखिएको चर्चा गायत्रीले उल्लेख गरेकी छन् । उनका कथा प्रायः सामाजिक यथार्थावादी हुने हुनाले समाजमा भोगिरहेका भोगाई उनीहरूको चाहना आदिको समेत उल्लेख पाइएको गायत्रीले चर्चा गरेकी छन् । कथाशिल्पी राईका कथामा घटना र पात्रको विस्तार पाउन सकिदैन भन्दै गायत्री उनको **माछाको मोल** कथामा निम्नवर्गीय पात्रलाई समावेश गरिएर लेखेको चर्चा गरेकी छन् ।

गायत्रीले यो कथालाई दसनङ्ग्रा खियाएर सङ्घर्ष गरेर जीवनयापन गर्ने नेपालीको प्रतिनिधित्व गरेको चर्चा पाइन्छ । गायत्रीले संसारमा मानिसहरू आशा

लिएर बाँचेका अनि आशा सँगसँगै जीवनलाई अन्त्य गरेका कुराको समेत उल्लेख गरेकी छन् । यसै सन्दर्भमा गायत्रीले **मुनामदन** खण्डकाव्यको प्रसङ्ग जोडेको पाइन्छ । देवकोटाले भनेका छन् -'चखेवा फेरि उडेर आउँछ बिहान कुनै दिन' । कथाको पात्र रने पनि एक न एक दिन गृहस्थी जीवनमा प्रवेश गरी सुखमय भविष्यको कल्पनामा बाँचेको प्रसङ्गसमेत गायत्रीले उल्लेख गरेकी छन् ।

ऋतु परिवर्तन भए जस्तै मानिसको जीवनमा पनि केही न केही, कुनै न कुनै समयमा अवश्य परिवर्तन आउने कुरा गायत्रीले उल्लेख गरेकी छन् । बाबुबाजेदेखिको माछा मार्ने र बेच्ने काम रनेको लागि जीविकोपार्जन भएको उल्लेख गायत्रीले गर्दै आफ्नी मन परेकी जीवनसँगिनीसँग घरजम गरी जीवन व्यतीत गर्ने एउटा जालो बुनिरहेको कुरा गायत्रीले प्रसङ्गमा चर्चा गरेकी पाइन्छ । उसको बाबुले सधैं त्यही गोब्रेदहको माछो मारेर बेच्ने गरेकोले उसलाई माछाको वास्तविक मोल थाहा नभएको प्रसङ्ग व्यक्त भएको छ । अन्त्यमा रने माछाको बिक्रीको लागि होटलवाल्नीसँग जाँदा उसले दुई आना गोटा भन्दा जिल्ल परेको चर्चा समेत प्रस्तुत गरेकी छन् ।

कथाको प्रसङ्गसँगसँगै त्यस महिलालाई रनेले राम्ररी हेरेको गायत्रीले उल्लेख गरेको देखिन्छ । उसले पारिवारीक सोधपुछ गरेको र महिलाको जीवन पनि त्यस्तै रहेको गायत्रीले चर्चा गरेकी छन् । उनको लोग्ने मरेको र सासूसँग मेल नभएर होटल खोलेर बसेको प्रसङ्ग प्राप्त गरेपछि रने भित्रभित्र रमाएको चर्चा गायत्रीले गरेको पाइन्छ । मानिस चाहे धनी होस् वा गरिव सबैको इच्छा आकाङ्क्षा हुने भएकाले रनेले पनि घरजमको इच्छा बोकेको प्रसङ्ग गायत्रीले गरेकी छन् । सायद त्यसैले होला राति बाहिर हिड्न सबै डराएको भन्ने प्रसङ्ग पनि व्यक्त गरिएको छ । कथाकै प्रसङ्गमा रनेले पुल्ठो बालेर गोब्रेदहतिर माछा मार्न गएको प्रसङ्गसमेत व्यक्त गरेको पाइन्छ तर सोझो रने बगरको माछा बटुल्न थालेको अवस्थामा भेल आएर बगाएको प्रसङ्ग पनि गायत्रीले प्रस्तुत गरेको देखिन्छ । उसलाई आफूले दुःख गरेर बटुलेको सबै माछा भेलले सोहोरेर लगेकोमा औधी दुःख व्यक्त गरेको तर उसले आफूलाई भेलले बगाएर सँगसँगै लगेको पत्तै नभएको प्रसङ्गसमेत समालोचकले उल्लेख गरेको देखिन्छ । रनेले आफ्नो कल्पनाको अगाडि माछाको मूल्य थाहा पाएको तर जीवनको मूल्य थाहा नपाएको तार्किक प्रसङ्गसमेत गायत्रीले उल्लेख गरेकी छन् । यसका साथै उनले गीतामा कृष्णले अर्जुनलाई भनेका प्रसङ्गका कुराहरू पनि सान्दर्भिक रहने चर्चा गायत्रीले यस कथामा पनि गरेको देखिन्छ ।

### कथाकार विश्वेश्वरप्रसाद कोइरालाको सङ्क्षिप्त व्यक्तित्व

समालोचक गायत्री श्रेष्ठले प्रस्तुत शीर्षकअन्तर्गतको समालोचना लेखमा विभिन्न उपखण्डहरू विभाजन गरिएको पाइन्छ पुस्तकमा रहेका उपखण्डहरूअनुसार नै उक्त समालोचना लेखको तलविश्लेषण गरिन्छ ।

## पृष्ठभूमि

समालोचक गायत्री श्रेष्ठले यस उपखण्डमा विश्वेश्वरप्रसाद कोइरालाको पृष्ठभूमिको बारेमा चर्चा गरेको देखिन्छ । समालोचक गायत्रीले कोइरालालाई नेपाली कथा साहित्यका आधुनिक युगका कथाकारको रूपमा चर्चा गरेकी छन् । गायत्रीले वि.सं. १९८६ मा नै आधुनिक नेपाली कथाका जनक गुरूप्रसाद मैनालीबाट नेपाली समाजलाई आफ्ना कथामा उतारिसकेका भन्दै उनले विश्वेश्वरप्रसाद कोइरालाको गद्यविधाको चर्चा गरेको पाइन्छ । गायत्रीले विश्वेश्वरप्रसाद कोइरालाको सम्पूर्ण शिक्षा-दीक्षा भारतमै भएको भन्दै उनले साहित्यिक यात्रा कविताविधाबाट गरेको र अन्त्य कथाविधामा टुङ्गिएको चर्चासमेत उल्लेख गरेको देखिन्छ ।

## कथाकार कोइरालाको कथाकारिता

समालोचक गायत्री श्रेष्ठले यस उपखण्डको लेखमा विश्वश्वेरप्रसाद कोइरालाको कथाकारिताको बारेमा चर्चा गरेको पाइन्छ । गायत्रीले कोइरालाका विविध विधाको प्रसङ्गसँगै उनको कथालेखनको विषयवस्तुमाथि चर्चा गरेकी छन् । गायत्रीले उनलाई फ्रायडवादी मनोविज्ञानद्वारा प्रभावित भएका कथाकार भनी तर्क दिएको पाइन्छ ।

गायत्रीले विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक वातावरण सिर्जना गरिदिनमा हिन्दी साहित्यका स्वच्छन्दतावादी कवि तथा समालोचक शान्तिप्रिय द्विवेदीको मुख्य भूमिका रहेको प्रसङ्ग पनि व्यक्त गरेको पाइन्छ । कोइरालालाई प्रेरणा दिनमा शन्तिप्रिय द्विवेदीको ठूलो हात रहेको चर्चा गर्दै उनको रुचि पूर्वीय र पाश्चात्य एवम् आधुनिक सामाजिक यथार्थवादी मनोवैज्ञानिक साहित्यमा रहेको समेत प्रसङ्ग उल्लेख गरेकी छन् ।

राय कृष्णदासको **अन्तपुरका आरम्भ** कथाद्वरा भई हिन्दीमा **वहाँ** नामको कथा **त्यहाँ** (१९८७मा) लेखेको भन्दै गायत्रीले यो नै उनको पहिलो साहित्यिक रचना भएको उल्लेख गरेको देखिन्छ । गायत्रीले कथाकार कोइरालाको कथाको दृष्टिकोण प्रस्तुत गर्दै उनले पाश्चात्य मनोवैज्ञानिक साहित्यको पनि गहिरो अध्ययन गरेको प्रसङ्गको पनि चर्चा गरेकी छन् ।

गायत्रीले उनको अध्ययन र लेखनलाई हेर्दा सर्वप्रथम उनी गान्धी, मार्क्स र अन्तमा फ्रायडेली विचारधाराबाट पूर्ण प्रभावित भएको उल्लेख गरेको पाइन्छ । उनले यसको प्रयोग राजनीतिक र सामाजिक क्षेत्रमा गान्धी र मार्क्सलाई अनि साहित्यिक फाँटमा फ्रायडका सिद्धान्तलाई प्रयोग गरेका तर्क गायत्रीले जनाएकी छन् ।

विश्वेश्वरप्रसाद कोइराला पश्चिमी कथा एवम् उपन्यासकार टल्सटाय, तुर्गेनेभ, लरेन्स, चेखव आदिको गहिरो अध्ययन गरेको तथा उनी फ्रायडेली

मनोवैज्ञानबाट प्रभावित भएको प्रसङ्गसमेत गायत्रीले उल्लेख गरेको देखिन्छ । सर्वप्रथम वि.सं. १९८७ बाट कथालेखनमा क्षेत्रमा प्रवेश गरेका कोइरालाको लेखन वि.सं. २०३९ सालम्म रहेको उल्लेख गरेकी छन् । उनका कथालेखनको मूल प्रकृति मनोवैज्ञानिक एवम् यौनमनोवैज्ञानिक यथार्थ रहेको र राजनीतिक परिवेशले यिनको लेखनमा केही समयको क्रमिकता टुटेको उल्लेख गरेको पाइन्छ । १९८७ देखि कथा सिर्जनामा लागेका कथाकारको फ्रायडवादी सिद्धान्तद्वारा प्रभावित पहिलो कथा **चन्द्रबदन** (१९९२) रहेको उल्लेखसमेत गायत्रीले गरेको देखिन्छ । यसभन्दा पूर्वका कथामा स्वच्छन्दतावादी सामाजिक यथार्थता बढी पाइएको र १९९१ पछिका कथामा भने पूरै फ्रायडवादी प्रभाव रहेको उल्लेख गरेकी छन् ।

गायत्रीले विश्वेश्वरप्रसाद कोइरालाको पछिल्लो चरणभन्दा अघिल्लो चरणका कथाहरूको प्रवृत्ति केही फरक रहेको भन्दै यसरी उल्लेख गरेकी छन् :

अ.उनका प्रथम चरणका कथाहरू

(क) चन्द्रवदन -वि.सं. १९९२

(ख) विहा -वि.सं. १९९५

(ग) शत्रु -वि.सं. १९९५

(घ) सिपाही -वि.सं. १९९५

आ. उनका दोस्रो चरणका कथाहरू

(ङ) प्रेम -वि.सं १९९६

(च) दुलही -वि.सं. १९९६

(छ) द्वन्द्व प्रेम -वि.सं. १९९७

(ज) मधेशतिर -वि.सं. १९९८

(झ) होड -वि.सं. २००३

(ञ) दोषी चस्मा -वि.सं. २००५

(ट) हरिदत्त -वि.सं. २००५

(ठ) महाराजको सवारी -वि.सं. २००५

(ड) प्रेम (दोस्रो) -वि.सं. २००६

(ढ) कर्णेलको घोडा -वि.सं. २००६

(ण) पवित्रा -वि.सं २००६

(त) कथा -वि.सं. २००६

(थ) पुस्तक -वि.सं. २००६

(द) स्कुल मास्टर -वि.सं. २००६

(ध) सखी -वि.सं. २००६

(न) स्वेटर -वि.सं. २००६

(प) बौलाहा -वि.सं. २००६

(फ) रिक्सा तान्ने -वि.सं. २००६

इ. उनका तेस्रो चरणका कथाहरू

(ब) श्वेतभैरवी -वि.सं. २०२८

(भ) सान्नानी -वि.सं. २०३९

(म) राइटरबाजे -वि.सं. २०३९

(य) एकरात -वि.सं. २०३९

**कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथामा पाइने नारीसमाज**

समालोचक गायत्री श्रेष्ठले यस उपखण्डमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथामा पाइने नारीसमाजको चित्रण गरिएको देखिन्छ । उनले कथाकारलाई मानवमनका कथाकार भनी उल्लेख गरेकी छन् । गायत्रीले उनका कथामा केवल यौनमनोवैज्ञानिकता मात्र नभई र त्यसमा सामाजिक रूढिग्रस्त धारणाप्रतिको व्यङ्ग्य पनि पाइएको उल्लेख गरेको देखिन्छ । गायत्रीले उनका कथामा नारीहरूको सामान्य आफ्ना चाहनाहरू पनि रहेका हुन्छन् । विवाह केवल शारीरिक सम्बन्धका लागि मात्र नभई विवाह त जीवनको महत्त्वपूर्ण पक्ष भएको समेत उल्लेख गरेको देखिन्छ । विवाह केवल शारीरिक सम्बन्धका लागि मात्र नभएको यो त मानसिक सम्बन्धको लागि भएको भन्दै गायत्रीले उनका कथाहरूमा नारीहरूको मनोविज्ञानको अध्ययनमा कतै न कतै नारीहरूको यौनचाहनाहरू अतृप्त रहेको पाइन्छ भनेर पनि उल्लेख पाएकी छन् ।

**नेपाली नारीसमाजको पृष्ठभूमि र नेपाली कथा**

समालोचक गायत्री श्रेष्ठले विश्वेश्वरप्रसाद कोइरालाको नेपाली नारीसमाजको पृष्ठभूमि र नेपाली कथा भन्ने उपखण्डमा कोइरालाको कथालेखन समयको चर्चा गरिएको पाइन्छ । शिक्षाको अभावमा नारीले भोग्नुपरेको सामाजिक

पीडा र व्याथाको वर्णन, निम्नमध्यम वर्गको समस्या, पारिवारिक तनाव, ग्रामीण विषमता, सांस्कृतिक मूल्य र मान्यताको प्रश्न एवम् सामाजिक स्थिति आदिको अध्ययन गर्दा समालोचक गायत्रीले तत्कालीन समाज साँच्चिकै त्रासपूर्ण रहेको उल्लेख गरेकी छन् । समालोचक गायत्रीले यी सबै हुनाको कारण अशिक्षा र अज्ञानता नै रहेको तर्क पनि प्रस्ततु गरेको देखिन्छ ।

तत्कालीन समयको समाजमा नारीहरूको स्थानलाई नियाल्दा गायत्रीले अत्यन्त त्रासदीपूर्ण पाएको चर्चा गरेकी छन् । नारीजातिलाई शिक्षार्जन गर्ने अधिकारको कुरा त नहुँदानहुँदै पनि नारीले समाजमा खुलेर बोल्नु र हाँस्नुसम्म पनि नभएको भन्ने प्रसङ्ग गायत्रीले चर्चा गरेकी छन् । तत्कालीन समाजबाट नारीले कहिल्यै न्याय पाउन नसकेको प्रसङ्ग उल्लेख गर्दै उनले वि.सं. १९९२ पछिका साहित्यकारले मानवीय आन्तरिक चाहना बुझी कथाहरू लेखेको प्रसङ्गलाई पनि उल्लेख गरेकी छन् ।

### कोइरालाकालीन समाजमा नारीको स्थिति

समालोचक गायत्री श्रेष्ठले वि.सं. १९९२ साललाई नेपाली साहित्यको इतिहासमा एउटा महत्त्वपूर्ण समय मानेकी छन् । कथाकार गुरूप्रसाद मैनालीले तत्कालीन समयको सामाजिक परिवेशलाई अध्ययन गरेर **नासो** कथा लेखेको गायत्रीले कोइरालाका कथामा पनि तत्कालीन समयका नारीहरूले भोग्नुपरेको पीडाको मानसिक अध्ययन गरी उनीहरूको अवस्थालाई मनोवैज्ञानिक रूपमा प्रस्ततु गरिएको उल्लेख गरेकी छन् ।

गायत्रीले **चन्द्रवदन** कथाको चन्द्रवदन विवाह कथाकी चौध वर्षकी बालिका, सिपाही कथाकी नारी आदि सबै कोइरालाकै समाजका नारी पात्र हुन् भन्दै चर्चा गरेकी छन् । समालोचक गायत्रीले सबै कथामा नारी एउटी कठपुतली भएका छन् । समाजले उसलाई जसरी नचाउन चाहेको छ, त्यसरी नै नाचिदिनु परेको छ भन्ने जस्ता प्रसङ्ग पनि उनले चर्चा गरेको देखिन्छ ।

### विश्वेश्वरप्रसाद कोइरालाका कथामा नारीसमाजको चित्रण

समालोचक गायत्री श्रेष्ठले वि.सं. १९९२ तिरको नेपालको राजनीतिक एवम् सामाजिक अवस्था पूर्णतया अस्वस्थ रहेको उल्लेख गरेकी छन् । गायत्रीले कथाकारका नारीपात्रहरू धेरैजसो सहरिया, उच्चवर्गका रहेका छन् भने केही मात्र ग्रामीण रहेको उल्लेख गरेको देखिन्छ । गायत्रीले उनका नारीहरू अतिकुण्ठित भएका पाएकी छन् । गायत्रीले विशेषगरी यौनकुण्ठा र सामाजिक कुण्ठाहरू बोकेका नारीपात्रको चयन गरेको देखेकी छन् । फ्रायडवादी सिद्धान्तद्वारा प्रभावित कथाकार आफ्नो कथामा चयन गरिएका पात्रहरूका माध्यमद्वारा यौनेच्छालाई जबर्जस्ती कुण्ठित पारेका नारी होस् या पुरुष अन्त्यमा ऊ विक्षिप्त भएका हुन्छन् भन्ने कुरालाई प्रस्तुत गरेको चर्चा गायत्रीले गर्दछिन् । यसै सन्दर्भमा समालोचक गायत्रीले भनेकी छन् यौनचाहना मानवनिर्मित चाहना भएको होइन । यो प्रकृतिप्रद्दत चाहना रहेको छ । त्यसैले यो चाहना समय आएपछि स्वस्फूर्तरूपमा

प्रस्फुटित भएको हुन्छ । यो जहाँ प्रेम रहेको हुन्छ त्यहाँ सम्भव भएको हुन्छ, जहाँ प्रेम रहेको हुन्न, त्यहाँ व्यापार भएको हुन्छ । गायत्रीले कोइरालाका नारीसमाज नारीहरूको मर्म बुझ्नपट्टि नलागी आफ्नो आवश्यकता पूर्ति गर्नपट्टि लागेको चर्चा गरेको पाइन्छ ।

## नेपाली नारीसमाजको पृष्ठभूमि र नेपाली कथा

समालोचक गायत्री श्रेष्ठले वि.सं १९९२ अथवा शारदाकालीन समयभन्दा अगाडिको र नेपाली समाजको नारीहरूको स्थितिबारे चर्चा गर्नुपर्दा सरदार रुद्रराज पाण्डेको उपन्यासभित्रको नारीसमाज, मैनालीको **नासो**भित्रको नारीसमाजलाई दृष्टान्तको रूपमा राख्न सकिने चर्चा गरेको देखिन्छ ।

**शारदा**पूर्वका नारी लेखिकाहरूको कुरा गर्नुपर्दा धेरै कम नारीहरूले गद्यविधातर्फ हात चलाएको उल्लेख गायत्रीले गरेको छन् । गायत्रीले प्रकाशनकै दृटिले वि.सं १८८० पूर्व श्री ५ रणबहादुर शाहकी कान्छी पत्नी ललितत्रिपुरासुन्दरी देखापरेकी उल्लेख गर्दै उनले महाभारतको शान्तिपर्वलाई नेपालीमा अनुवाद गरी **राजधर्म** नाम राखेको चर्चा गरेकी छन् । साथै गायत्रीले उनको **रानीवचन**लाई दोस्रो गद्य रचना मानेको पाइन्छ । त्यसैगरी गायत्रीले विद्यावती नाहान, श्रीमती अम्बालिकादेवी आदिको नाम उल्लेख गरेको देखिन्छ ।

त्यसैगरी अन्य नारी लेखिकाहरूको कलम गद्यमा भन्दा पद्यमा चलेको उल्लेख गायत्रीले गरेकी छन् । उनले वि.सं. १९९५ मा हीरा गाइनेलीले माथवरसिंह थापाको स्तुती गरी कविता लेखेको चर्चा गर्दै गायत्रीले वि.सं १९५४ मा प्रकाशित श्रीमती दुर्गादेवी आचार्यानी दीक्षितानी, सुनकेशीदेवी, भगवतकुमारी पाण्डे, विधादेवी नेपाली आदिको पनि चर्चा गरेको देखिन्छ ।

## चन्द्रवदन कथाको नारीसमाज

समालोचक गायत्री श्रेष्ठले कथाकार विश्वेश्वरप्रसाद कोइरालाको पहिलो नेपाली कथा **चन्द्रवदन** रहेको उल्लेख गरेकी छन् । उनले यो वि.सं. १९९२ शारदा पत्रिकामा प्रकाशित भएको भन्दै यसको महत्त्वबारे चर्चा गरेको देखिन्छ । प्रस्तुत कथामा चन्द्रवदनको पति जेलमा पर्दा आफ्नी तीन वर्षकी छोरीलाई साथमा लिई एक्लै बस्नु परेको चर्चा गर्दै गायत्रीले एक दिन अचानक घर अगाडिकै अर्को बार्दलीमा एउटा जुल्फीवाल पुरुषमाथि उसको नजर परेको र त्यसपछि चन्द्रवदनको मानसिक स्थितिको चित्रण कथामा घतलाग्दो तरिकाले उल्लेख भएको प्रसङ्ग व्यक्त गरेकी छन् । यिनी प्रसङ्गको चर्चा गर्दै गायत्रीले तत्कालीन समाजको न्यायको औचित्यमाथि तर्क राखेकी छन् ।

यस्तैगरी गायत्रीले विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन कथाको नारीपात्रको चित्रण जस्तै अन्य उपखण्डमा भएका कथाहरूको नारीसमाजको पनि चित्रण गरेको देखिन्छ । ती उप-खण्डअनुसार कर्णेलको घोडा, विहा, प्रेम(पहिलो),

दुलही, सिपाही, दोषी चस्मा, स्वेटर, बौलाहा, सान्नानी र राइटर बाजे जस्ता कथाहरूको पनि गायत्रीले चित्रण गरेकी छन् ।

## नारीसमाजले मनोवैज्ञानिक रूपमा सङ्केत गरिएका कथाहरू

समालोचक गायत्री श्रेष्ठले यस उपखण्डमा नारीसमाजले मनोवैज्ञानिक रूपमा सङ्केत गरिएका कथाहरूको चर्चा गरिएको पाइन्छ ।

गायत्रीले **प्रेम** (दोस्रो) मा पतिपत्नी बीचको प्रेमलाई उल्लेख गरिएको पाएकी छिन् । खासगरी यसमा पत्नीको भन्दा पनि पतिको पत्नीप्रतिको प्रेमलाई उजागरण गरेको पाएकी छन् । कथाकै प्रसङ्गमा गायत्रीले पत्नीको अनुपस्थितिमा रामनाथका लागि अत्यन्त खट्किएको पाएकी छिन् । पत्नी रमा फर्किएपछिको उनीप्रतिको प्रेम छताछुल्ल पोखिएको पाइन्छ भन्दै गायत्रीले बर्षात्को कारण रमा चिप्लिएर लड्दा उनको होसियारी र भन्दाभन्दै आफू पनि चिप्लिएर लड्दा पत्नी (रमा) हाँसे पनि **चोट त लागेन** ? भन्ने भनाइबाट पतिप्रतिको प्रेमलाई विश्वेश्वरको कोइरालाले उजागर गरेका छन् भन्ने तर्क गायत्रीले प्रस्तुत गरेको देखिन्छ । यसैगरी गायत्रीले **पवित्र** कथाकी केशवदेवको घरमा काम गर्ने बज्जैको स्वभाव **सखी** कथामा नारी मनस्थितिको कोमलता, **श्वेतभैरवी** कथामा फगुनीको **श्वेतभैरवी** रूप, **कथा** शीर्षकमा तपस्वी बन्न गएका ऋषिको स्वभाव, त्यस्तै द्वन्द्वप्रेममा अरुणको श्यामाप्रतिको प्रेम, **होड** कथामा दम्पत्तिबीचको सङ्घर्ष आदि सबैलाई उल्लेख गर्दै विश्वेश्वरप्रसाद कोइरालाले नारीसमाजले मनोवैज्ञानिक रूपमा चर्चा गरेको पाएकी छन् ।

## मनोविज्ञानलाई सामान्य रूपमा चित्रण गरिएका कथाहरू

नारीसमाजको चित्रण, नारी मनोविज्ञान र यौनमनोविज्ञानका सन्दर्भमा नारीसमाजको सामान्य चित्रणका साथै सामान्य मनोविज्ञानसँग मात्र सम्बन्धित कथाहरू पनि कोइरालाले लेखेको प्रसङ्ग गायत्रीले गरेको देखिन्छ । गायत्रीले उनका **महाराजको सवारी, शत्रु, पुस्तक, स्कुल मास्टर** र **एकरात** जस्ता कथाहरूलाई सामान्य मनोविज्ञानअन्तर्गत राखेर अध्ययन गरेको पाइन्छ ।

कथाकार कोइरालाले आफ्नो **शत्रु** कथामा मानिस अज्ञात शत्रु कदापि हुन सक्दैन भन्ने तथ्यलाई उजागर गर्दै कथाको पात्र कृष्णरायले आफूलाई अज्ञात शत्रु ठानेको प्रसङ्ग गायत्रीले प्रस्तुत गरेको पाइन्छ । त्यस्तै **महाराजको सवारी** शीर्षकमा सामन्ती प्रवृत्ति प्रस्तुत भएको उल्लेख समालोचकले गरेको देखिन्छ । गरिब, निमुखा, निरीह मानिसका लागि राजाको प्रसङ्गमा कौतुहलता लाग्नु स्वभाविकै भएको भन्दै गायत्रीले सामन्ती प्रवृत्तिद्वारा पीडित वर्गको चित्रण गरिएको उल्लेख पाइन्छ । **स्कलुमास्टर** कथामा कथाकारले शिक्षासम्बन्धी विषयवस्तुलाई उल्लेख गरेको गायत्रीले चर्चा गर्दछिन् । विद्यालयको शिक्षापद्धति, विद्यार्थीमा पढ्ने मानसिकता नभएको हेडमास्टर बढी चिन्तित भएको विषयवस्तुलाई समेटेको गायत्रीले पाएकी छन् । त्यस्तै **एकरात** कथामा अन्य कथाभन्दा फरक प्रकृति रहेको भन्दै समालोचकले यसको विषयवस्तु राजनीति रहेको उल्लेख गरेकी छन् । अन्याय

र अत्याचार सहन बाह्य हुनुपर्ने अवस्थालाई कथाको माध्यमले कथाकारले व्यक्त गरेको भन्दै गायत्रीले चर्चा गरेको पाइन्छ ।

### उपसंहार

समालोचक गायत्री श्रेष्ठले यस उपसंहार उपखण्डमा समग्र माथि उल्लेख भएका उपखण्डहरूको निष्कर्ष दिने काम गरेको देखिन्छ । उनले आधुनिक नेपाली कथाका क्षेत्रमा विश्वेश्वरप्रसाद कोइराला मनोवैज्ञानिक कथाकारका रूपमा चिनिएका कुराको प्रसङ्ग व्यक्त गरेकी छन् । सिग्मन्ड फ्रायडको यौनमनोदशालाई बढी चित्रित गरिएको चर्चा पाइन्छ भन्दै गायत्रीले उनका २६ कथाहरूलाई चर्चा गरेकी छन् । उनका ती २६ कथाका आधारमा उनको कथाकारिताको समग्र मूल्याङ्कन गर्न सकिने जनाउँदै वि.सं. १९९२ मा प्रकाशित **चन्द्रवदन** कथाको बारेमा तर्क गरेको देखिन्छ । साथै उनले कथायात्राको प्रथम चरणका कथाहरू र दोस्रो चरणका कथाहरू भन्दै ती कथाहरूको शीर्षकलाई पनि उल्लेख गरेको देखिन्छ । गायत्रीले विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो चरण २०२८ देखि सुरु भएको भन्ने पनि उल्लेख गरेकी छन् ।

समालोचक गायत्री श्रेष्ठले कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूको समग्र प्रवृत्ति उल्लेख गर्दै उनले नारीसमाजको बढी चित्रण गरिएका कथाहरू, नारी यौनमनोविज्ञानका सन्दर्भमा सामान्य चित्रण गरिएका कथाहरू र सामान्य मनोविज्ञानका सर्न्दभमा नारीसमाजको सङ्केत मात्र गरिएका कथाहरू भनेर पनि चर्चा गरेको पाइन्छ ।

### 'समकालीन नेपाली द्वन्द्वकथा'का नारीकथाकार र तिनका द्वन्द्वकथाको विश्लेषण

समालोचक गायत्री श्रेष्ठले प्रस्तुत शीर्षकको लेखलाई विभिन्न उप-खण्डहरू विभाजन गरेकी छन् । पुस्तकमा उल्लेख भए अनुसार नै उक्त लेखको तल विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### पृष्ठभूमि

समालोचक गायत्री श्रेष्ठले यस उप-खण्डमा समकालीन नेपाली द्वन्द्वकथाका पृष्ठभूमिको बारेमा चर्चा गरेको पाइन्छ । समालोचक गायत्री श्रेष्ठले वि.सं २०५२/५३ देखि यताको समयमा नेपालको राजनीति, सामाजिक, आर्थिक एवम् शैक्षिक स्थिति तहसनहस हुन पुगेको चर्चा गरेकी छन् । उनले **समकालीन नेपाली द्वन्द्वकथा** २०५२। ५३ देखि यताको समयमा लेखिएका ३० वटा कथाहरू सङ्कलन गरिएको चर्चा  पाइन्छ । वरिष्ठ समालोचक डा. लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादन गरिएको प्रसङ्ग देखाउँदै गायत्रीले यस भित्र परेका चारजना नारी स्रष्टाहरूका द्वन्द्वकथाको मात्र विश्लेषण गरिएको उल्लेख गरेकी छन् ।

## नारीकथाकारहरूका कथाहरू

समकालीन नेपाली द्वन्द्वकथामा २०५२/५३ देखि यताको १० वर्ष सम्मको पीडाले थङ्थिलो भएर बाँचेको नेपाली जनमानसको यथार्थ चित्रणलाई प्रस्तुत गरिएको चर्चा समालोचकले गरेको देखिन्छ ।

समालोचकले पद्मावती सिंहलाई नेपाली कथाविधाको क्षेत्रमा एक स्थापित कथाकारको रूपमा परिचित गराएको पाइन्छ भन्दै गायत्रीले उनको **समकालीन नेपाली द्वन्द्वकथा**मा समावेश भएको **हिंसाको मौनता** कथाको बारेमा चर्चा गरेकी छन् । उनको यो कथाले द्वन्द्वको समयमा दुवै पक्षका उच्च पदस्थ व्यक्तिहरूको अति घृणित दुराचारी प्रवृतिहरूलाई नारीहरूले भोग्नु परेको पीडाको उदाहरण भएको तर्क राखेको देखिन्छ । **समकालीन नेपाली द्वन्द्वकथा**भित्र समावेश गरिएको सुकन्या उर्फ निलीमा पनि एक उत्कृष्ट कथा भएको चर्चा गायत्रीले गरेको देखिन्छ । **सुकन्या उर्फ निलीमा** कथामा मानिसको विवशता, सन्त्रास, संवेदना विद्रोहका स्वरहरू पात्रका माध्यमबाट व्यक्त गरिएको भन्दै गायत्रीले एकातिर मानिसको बाँच्ने जिजीविषा रहेको र अर्कोतिर मृत्यु केही होइन भन्ने देखिएको प्रसङ्ग व्यक्त गरेकी छन् ।

**विक्षिप्तता** अर्को एउटा जीवन्त कथा भएको चर्चा गायत्रीले गरेकी छन् । कथाकार सरस्वती शर्मा 'जिज्ञासु' ले आफ्नो कथामा सशस्त्र द्वन्द्वको परिवेशमा उत्पन्न हुने त्रासदी यथार्थको सफल चित्रण गरेको चर्चा गायत्रीले गरेको पाइन्छ ।

**०६२ को राजमार्ग** कथाकार नीलम कार्की 'निहारिका'को नवीन शैलीको कथा रहेको चर्चा गायत्रीले गरेकी छन् । प्रस्तुत कथाले द्वन्द्वजन्य समयमा मानिसले भोग्नुपरेको विविध भोगाइलाई अभिव्यक्त गराएको गायत्रीले उल्लेख गरेको देखिन्छ ।

## नारीकथाकारहरूका कथाको विश्लेषण र तुलना

चार नारीकथाकारहरूद्वारा लेखिएका द्वन्द्वजन्य परिवेशका चार कथाहरूले आ-आफ्नै विशेषता बोकेका चर्चा गरेकी छन् । उनले पुरुषहरूलाई सामाजिक राजनीतिक एवम् आर्थिक पीडा भोग्नुपरेको उल्लेख गरेकी छन् भने नारीहरूले यी तीन चिजको पीडाका साथै यौनपीडासमेत भोग्नुपरेको तर्क प्रस्तुत गरेको देखिन्छ । प्रस्तुत कथा **हिंसाको मौनता**मा बुहारीको बलात्कार हुँदा ससुरा बोल्न नसक्ने बाध्यता रहेको **विक्षिप्तता** कथाकी पात्र अश्रुले भाइको लास अघिल्तिर दाजुबहिनी रोइरहँदा पनि दाजुलाई अपहरण र आफू आफ्नै घरभित्र सामूहिक बलात्कृत हुनुपरेको अवस्थालाई गायत्रीले व्यक्त गरेकी छन् । यसै गरी **सुकन्या उर्फ निलीमा** कथाको पात्र सुकन्याले आफू बाध्यताले माओवादी बन्न पुगेको भन्ने तर्क गायत्रीले उल्लेख गरेकी छन् ।

समालोचक गायत्रीले तुलनात्मक रूपमा विवेच्य चार कथाहरूलाई हेर्दा **विक्षिप्तता**कथाले द्वन्द्वजन्य परिवेशमा नारीको अवस्थालाई राम्ररी प्रस्तुत गरेको

भएतापनि गायत्री गायत्रीले स्तरीयताको दृष्टिकोणले गौण मानेको पाइन्छ । त्यस्तै उनले २०६२ को राजमार्गले भने नारीपीडालाई मात्र नसमेटेर द्वन्द्वजन्य समयमा मानिसको सोच, मानिसको मनमा उब्जिएको दिक्दारीलाई प्रस्तुत गरिएको गायत्रीले पाएको देखिन्छ । विवेच्य चार कथाहरूलाई हेर्दा **सुकन्या उर्फ निलिमा** कथाले त साँच्चिकै नारीको मनको शल्यक्रिया गरेको उल्लेख गायत्रीले गरेको देखिन्छ । पुरुष प्रधान देशमा बाबु नए नागरिकता पनि पाउन नसकेको पीडालाई कथाकारले ज्यादै प्रभावकारी ढङ्गले प्रस्तुत गरेको गायत्रीले उल्लेख गरेकी छन् ।

### निष्कर्ष

प्रस्तुत निष्कर्षमा समालोचक गायत्रीले यस कथासङ्ग्रहका कथाकारहरू अत्यन्त संवेदनशील रहेको प्रसङ्ग, व्यक्त गरेकी छन् । सम्पादकले रमेश विकल, परशु प्रधान, मनुब्राजाकी, प्रदीप नेपाल आदिदेखि लिएर नारीहरूका मार्मिक कथाहरूलाई पनि चुन्न सफल भएका प्रसङ्ग पनि व्यक्त गरेकी छन् । डा. गौतम वर्तमान लोकतन्त्र आउनुभन्दा एक दशक अघिको नेपाल र नेपालीहरूको अवस्थाको वास्तविक चित्र प्रस्तुत गर्न सफल भएको समेत गायत्रीले उल्लेख गरेको देखिन्छ ।

### नीलम कार्की 'निहारिका' कविताको भावभूमि

समालोचक गायत्री श्रेष्ठ नीलम कार्की 'निहारिका'लाई शब्दशब्द, परिवेश, परिवेशसँग डुबुल्की मार्न सिद्धहस्त एक सशक्त नारीस्रस्टा भएको उल्लेख गरेकी छन् । गायत्रीले उनको कवितालेखन शैलीलाई नियाल्दा उनी एक परिपक्क, सिद्धहस्त कवयित्रीका रूपमा रहेको कुरामा जोड दिएको पाइन्छ । नीलम कार्की निहारिकाले साहित्यिक प्रेरणाको स्रोत आफ्नो दाजुलाई भन्ने कवयित्री यदाकदा कविता सुनाउँदा, टी.भी.मा बोल्दा, पुस्तक प्रकाशन गर्दा अधुरो अनुभव गरेको कुरा गायत्रीले व्यक्त गरेको पाइन्छ । उनको परिवारको सपना परिवार जीवित रहँदा देखाउन नपाएको प्रसङ्ग गायत्रीले व्यक्त गर्दै उनीहरूको जीवनकालपछि मात्र साकार भएको चर्चा गरेको देखिन्छ ।

जीवनका विविध आरोह अवरोहसँग जुध्दै अघि बढ्ने निहारिकाको साहस अद्वितीय रहेको चर्चा गायत्रीले गर्दै यो सबैका लागि पाठ भएको समेत तर्क राखेको पाइन्छ । एउटा लथालिङ्ग भइसकेको जीवनलाई सम्हालेर सुपथमा लाग्न लगाउन सक्नु नै एउटा सफल जीवन भएको चर्चा गदै गायत्रीले उनको जीवनको सार्थकता पनि उल्लेख गरेको देखिन्छ ।

उनका कवितामा सामाजिक विसङ्गतिप्रतिको आक्रोस व्यक्त भएकोले ती सङ्गतिपूर्ण रहेका हुँदैनन् । त्यसैले कवयित्रीले चाहेजस्तो सङ्गतिपूर्ण समाज नभएकोले उनका कविता सोही भावका हुने तर्क गायत्रीले उल्लेख गरेको देखिन्छ :

*एक मन भन्छ*
*पिङदिउँ मात्ने गरी भट्टीपसलमा*

*अनि लडाइदिऊँ पर्खाल*
*गल्र्याम्गुर्लुम्*
*टुक्राटुक्रा झिकेर पर्खालका ढुङ्गा*
*हुत्याइदिऊँ फुटबलझैं*

वास्तवमा समाजमा के त्यस्तो तत्त्व रहेको छ र यसरी एकले अर्काको जीवनलाई दाउमा राख्दै तँछाडमछाड गरिरहेको । स्रष्टाको सुन्दरतम सृष्टि मानिएको मानव जातिमा आएको यो विसङ्गतिपूर्ण सोचसँग कवयित्री आक्रोशित रहेको देखिन्छन् । **आगन्तुक** शीर्षक कवितामा कवयित्रीको मूल्याङ्कनको चर्चा गर्दै गायत्रीले जुन जोगी आएको भए पनि कानै चिरेको पाएकी छन् । देशमा व्यवस्था परिवर्तन र नेतृत्वसमेत परिवर्तन भएको छ तर परिणाम जस्ताको तस्तै भन्दै गायत्रीले उनका कवितामा यिनै सर्वसाधारणको आँखामा छारो हाल्नुबाहेक केही नभएको प्रसङ्गको चर्चा पाएको उल्लेख गरेकी छन् :

*हरेक वसन्तमा*
*तिमी कोसेली भित्र्याउँछौं*
*र अर्को वसन्त पर्यन्त बाँडदै रहन्छौं*
*झिकेर आफन्तमा*
*हो तिम्रो कोसेलीको*
*विविध फरक छ, रङ्ग फरक छ*
*स्वाद भने उस्तै छ दुरुस्तै ।*

जतिपल्ट परिवर्तन ल्याएको भए पनि ढाँचा मात्र फरक भएर के गर्नु स्वभावै परिवर्तन भएको हुँदैन र यो त ढोंग रचिएको मात्र सावित भएको हुन्छ भन्ने जस्ता तर्कहरू गायत्रीले उल्लेख गरेको पाइन्छ । कवयित्रीले सतर्कता अपनाउन जनतालाई भनेको समेत उल्लेख गायत्रीले गरेको देखिन्छ । यसका साथै जनताले नटेर्नाको परिणाम भोग्नुपरेको चर्चा उनल गरेको तर्क पनि गायत्रीले गरेकी छन् :

*भनेकै नै हुँ नि,*
*चुपचाप सहनुको अर्थमा*
*यो होइन, तिमी मनलाग्दी गर्दै जाऊ*

समय र परिस्थितिलाई नेतृत्वले बुझ्न नसक्दा आफूले दुःख पाएको तर जनतालाई पनि दुःख दिएको जस्ता प्रसङ्गहरू उनका कवितामा पाइएको प्रसङ्ग उल्लेख गरेको देखिन्छ । साथै उनका कवितामा राजसंस्थाप्रतिको व्यङ्ग्य पनि रहेको गायत्रीले बनाउँछिन् ।

*भक्त सोधेर आऊ*
*तिम्रो देवतासँग आत्मा छ कि छैन,*
*भक्त छामेर आऊ*
*तिम्रो देवताको छातीमा मुटु छ कि छैन ।*

हरेक मानिसले विकास, उन्नति चाहेको हुन्छ । मानिसले पाउने उज्यालोको नैसर्गिक अधिकार खोसेको कसैले मन पराएको चाहँदैनन् । आफ्नो अधिकार प्राप्तिको निम्ति जिउज्यान दिएर लडेको समेत कुरा उनका कवितामा उल्लेख भएको गायत्रीले गर्दछिन् । कहिले राणाकालीन शोषण र दमनको सिकार, कहिले शाहवंशीय शासनको दमनको सिकार हुँदाहुँदै निरीह नेपाली आत्माहरू सदियौं रोएर बसिरहेको जस्ता भावयुक्त प्रसङ्गहरू पनि व्यक्त गरेको कुरा गायत्रीले गर्दछिन् । साथै उनका कविताबाट गायत्रीले आशावादी बन्न नछोडी शोषण र दमनबाट मुक्त हुने चाहना व्यक्त भएको पाएकी छन् ।

नेपालीहरूले राणा शासनविरुद्ध एक सय चार वर्षसम्म धैर्य लिएका थिए । पञ्चायती व्यवस्थाविरुद्ध ३० वर्ष धैर्य लिएका जतनाको बाँध एक्कासि फुटेको थियो । यस्ता सन्दर्भहरू पनि उनका कवितामा पाइएका छन् भन्दै गायत्रीले लेखेकी छन् :

*हामीले सँगै वाचामा दह्रो मुठी कसेका थियौं*
*ल, त्यो दिन आउनै लाग्यो*
*अव पट्यार नमान*
*तिम्रो पर्खाइका दिन सकिएका छन् ।*
*हामी सङ्घारमा पुग्यौं*
*खोल, ढाका खोल*
*थाहा छ, तिमीले स्वागतका टीका मुछ्दैछौं*
*स्वागतको माला गाँस्दैछौं .... म आँए ।*

अब सम्पूर्ण नेपालीहरू एकजुट भएर अन्तिम लक्ष्यमा पुग्नै लागेको जस्ता भावहरूसमेत उनका कवितामा पाइने तर्क गायत्रीले राखेकी छन् । यसका साथै अब भागबण्डा सुरु भएको छ । सबैले एउटाएउटा भाग लिएका छन् । आपसमा फेरि एउटा विषम परिस्थिति आएको छ भन्दै कवयित्रीले सबैलाई सचेत गराएको उल्लेख निम्न कविताबाट भएको प्रसङ्ग गायत्रीले गरेको देखिन्छ :

*यस्तो नभइदेओस्*
*एक रूपमा अर्को सिकर्मी*
*एक रूपमा अर्को डकर्मी नआइदेओस्*
*भेलि भोलि भन्दाभन्दै*
*त्यो बूढी घर झन बलियो नभइदेओस्*
*झनै ठूलो पर्खाल नलागिदेओस् वरिपरि*

कवयित्री निहारिका केवल राजनीतिक चेतना मात्र लिएर कविता लेखेको पाइँदैन भन्दै गायत्रीले उनका कवितामा आफ्ना बाल्यावस्था नारीको पीडा, हाम्रो पुरुषप्रधान समाजमा नारीहरूले भोग्नुपरेको पीडा आदिमा पनि व्यक्त भएको भन्दै गायत्रीले उनको सङ्गीत, चित्रकला र विम्बकलाको पनि उल्लेख गरेकी छन् ।

## 'के नेपाल सानो छ ?' निबन्धमा राष्ट्रियता

समालोचक गायत्री श्रेष्ठको बहुमुखी प्रतिभाकी धनी स्व. लक्ष्मीप्रसाद देवकोटालाई नेपाली निबन्धविधाका अमूल्य निधिको रूपमा उल्लेख गरेको देखिन्छ । निबन्धविधामा राष्ट्रियता, भाषिक मोह, जातीय स्वाभिमान एवम् प्रकृतिप्रेम यत्रतत्र रहेको चर्चा गर्दै गायत्रीले उनका निबन्धमा रहेका सामाजिक विसङ्गति र विकृतिप्रतिको तीखो व्यङ्ग्यको समेत चर्चा गरेकी छन् ।

प्रस्तुत लेखको प्रसङ्गमा गायत्रीले हाम्रो नाङ्गो आँखाले विश्वको मानचित्रमा नेपाल अत्यन्त सानो देखिएको तथ्यप्रति उल्लेख गरेकी छन् तर देवकोटाको दृष्टिमा नेपाल केवल आकारमा सानो रहेको छ तर वास्तवमा नेपाल सुन्दर, शान्त र विशाल रहेका पाएको चर्चा गरेकी छन् । गायत्रीले देवकोटाको दृष्टिमा के रहेको छ होइन के रहेको छैन भन्ने जस्ता प्रसङ्ग पनि पाएको उल्लेख देखिन्छ ।

विश्वको कतिपय देशले नेपालको नामसमेत सुनेका छैनन् भन्दै गायत्रीले नेपाल आफ्नो रूप अरूलाई प्रदर्शन गर्नुभन्दा लुकाएर राख्नु नै श्रेयस्कर ठानेको जस्ता तर्क पनि व्यक्त गरेको पाइन्छ । साथै भौतिक दृष्टिकोणले नेपाल सानो भए पनि आध्यात्मिक एवम् भावानात्मक दृष्टिले हेर्दा नेपाल विशाल रहेको समेत उल्लेख गरेकी छन् ।

गायत्रीले यो निबन्धमा यत्रतत्र राष्ट्रप्रेम छचल्किएको रहेको भन्दै निबन्धकारले आफ्नो संस्कृति, जातीयता, राष्ट्रियता र नेपालीको स्वाभिमानलाई निबन्धका माध्यद्वारा प्रस्तुत गरेको पाएकी छन् । देवकोटाको दृष्टिकोणमा सर्जकले नेपाललाई प्राकृतिक सौन्दर्यले भरिपूर्णरूपमा सिँगारिदिएको पाएकी भन्दै गायत्रीले हाम्रो धर्म र संस्कृतिको बारेमा पनि चर्चा, गरेको देखिन्छ । साथै निबन्धकारमा भाषिक मोह पनि उत्तिकै रहेको गायत्रीले पाएको उल्लेख गरेकी छन् । समालोचक गायत्रीले देवकोटाका केही निबन्धहरू उल्लेख गर्दै हामी नेपालीमा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' भन्ने भावना हुनुपर्ने पनि सङ्केत गरेको देखिन्छ ।

अन्त्यमा समालोचक गायत्रीले देवकोटाको यस निबन्धमा जीवनको मर्म र महिमा स्थूलतामा भन्दा सूक्ष्मतामा धेरै रहेको पाएकी छन् । गायत्रीले प्रसङ्गमा भनेको देखिन्छ जति सूक्ष्म रहेको हुन्छ । अति महान् रहेको हुन्छ । गायत्रीले स्थूलको अस्तित्व सूक्ष्ममा नै अडिएको हुन्छ भन्ने प्रसङ्ग पनि व्यक्त गरेकी छन् ।

## 'मेरो कवितामा इलाम' : अनुभूतिपरक विवेचना

प्रस्तुत लेखमा गायत्रीले श्यामकृष्ण श्रेष्ठको **मेरो कवितामा इलाम**मा रहेको घटना विषयको चर्चा गरेको पाइन्छ ।

उनले कवि श्यामकृष्ण श्रेष्ठलाई यो कविताम अत्यन्त भावुक बनी इलामेमा मात्र लिप्त भएको पाएकी छन् । उनका कविता पढ्दा गायत्री मात्र इलाममा लिप्त भएकी होइनन् सबै पाठकलाई नै इलाममा लिप्त गराएको उल्लेख

गरेको पाइन्छ । कविका दृष्टिमा इलाम यस्तो ठाउँ रहेको छ भन्दै गायत्रीले इलामको बारेमा कविले उल्लेख गरेका प्रसङ्ग पनि व्यक्त गरेको देखिन्छ । साथै गायत्रीले इलामको काख भनेर आश्रम माग्न आउनेलाई पनि कहिल्यै तिरस्कार नगर्ने कुराको पनि उल्लेख गरेकी छन् । आफ्नो स्वत्व बचाउन उसले जुनसुकै अप्ठ्याराहरूलाई पनि सहने गरेको देखिन्छ भन्दै गायत्रीले कविका पङ्क्ति पनि उल्लेख गरेकी छन् :

*हेर्दा अत्तरुचक्षुले झिलिमिली देखिन्छ चारैतिर*
*आफ्नो स्वत इलाम राख्छ अरूको पर्दैन कहिल्यै भर ।*

कविको दृष्टिमा, गायत्रीले इलाम सानो पाएकी छन् तर चिटिक्क परेकी छ । उसले 'अतिथि देवो भवः'लाई मानेकी छ । गायत्रीले कविहृदयमा आफ्नो जन्मस्थलप्रति अगाध प्रेम रहेको गायत्रीले देखेकी छन् । आफू जन्मेको हुर्केको ठाउँको साथी सङ्गतिको प्रेम अत्यन्त प्रगाढ रहेको हुन्छ । यस्तो आत्मिक र पवित्र ठाउँलाई छोडेर अन्यत्र बस्न जानु कविको रहर रहेको होइन कर रहेको हो किनकि मानिस समय परिस्थितिको दास भएको हुन्छ भन्दै गायत्रीले कविको जन्मथलो छोड्नुको बाध्यताको पनि उल्लेख गरेको देखिन्छ । त्यस्तै कविले सबैलाई सुमार्गमा हिँड्न, विद्यार्जन गर्न पनि सन्देश दिएको प्रसङ्ग गायत्रीले चर्चा गरेको पाइन्छ । कविले शिष्ट भाषामा देशमा विद्यमान शोषण, दमन, अन्याय र अत्याचारप्रति पनि विज्ञ रहेको प्रसङ्ग गायत्रीले उल्लेख गरेकी छन् :

*वस्तैछन् अझ पेलिएर जनता दासत्वकै कालमा*
*चारेतर्फ छ स्वार्थ शोषण तथा अन्याय नै देशमा*
*यस्तो बेथितिको निराकरणमा तिम्रो ठूलो हात छ*
*अत्याचार अमानवीय कुप्रथाको अन्त नै गर्नु छ ।*

यो अन्याय, अत्याचार शोषण र दमनको अन्त्य गर्दा जस्तोसुकै बाधा व्यवधान आइपरे पनि तिमीले यो काम गरेको हुनुपर्छ भन्दै युवापिँढी को काँधमा दायित्व बोध गराउने काम पनि कविले गरेका छन् भन्दै गायत्रीले लेखको प्रसङ्गमा भनेको पाइन्छ । आफ्नो सक्कली रूप इलामै भएर नक्कली रूप मात्र अहिले बसेको ठाउँमा रहेको कुरासमेत व्यक्त गरेको चर्चा गायत्रीले गरेकी छन् । उनका दृष्टिमा इलाम जत्तिको राम्रो ठाउँ कतै पनि पाउन नसकिने भन्दै आफ्नो पीडा लिपिमा कसरी भन्न सकिन्छ भन्ने कुरा कवितामा व्यक्त भएको गायत्रीले उल्लेख गरेको देखिन्छ ।

## ६.२ केही कृति : आफ्नै दृष्टिमा प्रयुक्त भाषाशैली

समालोचक गायत्री श्रेष्ठको **केही कृति : आफ्नै दृष्टि** भन्ने पुस्तकमा १७ वटा फुटकर समालोचनात्मक लेखहरू सङ्कलित रहेका छन् । प्रस्तुत पुस्तकमा रहेका सबै लेखहरू आस्वादनका ढङ्गमा संरचित भएका पाइन्छन् । समालोचकले यसमा सरल, सहज, स्पष्ट खालका वाक्यहरू प्रयोग गरी फुटकर समालोचना लेखेकी छन् । उनका यी फुटकर लेखहरूमा प्रयोग भएका शब्दले वाक्यमा कुनै

जटिलता उत्पन्न गराएको देखिँदैन । प्रायः पद्यांश भएका शीर्षकहरूको समालोचना गरिएको हुँदा भावगत असम्बद्धता भने पैदा भएको पाइन्छ । यस फुटकर समालोचना कृतिमा राष्ट्रिय स्तरका साहित्यकारदेखि स्थानीय स्तरका स्रष्टाहरूका लेखहरू पनि समावेश भएकाले पनि समालोचकले त्यसलाई सरल तरिकाले प्रस्तुत गरेको देखिन्छ । उनका कुनै समालोचना लेखमा मर्मस्पर्शी घटनाहरूको समेत समावेश भएकाले अझै भाषाशैली सशक्त हुन पुगेको छैन । उनले कुनैकुनै समालोचना लेखमा तत्सम शब्दको प्रयोग भन्दा आगन्तुक शब्दको बढी प्रयोग गरेकी छन् । उनका केही लेखहरूका शीर्षक जटिलता देखिए तापनि आन्तरिक रूपले भाषाशैली सरल, सहज पाइन्छ । साथै समालोचकले यस कृतिको कतिपय स्थानमा मनोवैज्ञानिक किसिमले बुझ्ने र बुझाउने खालका शब्दको प्रयोग गरेको देखिन्छ ।

# सातौँ परिच्छेद

## पत्रपत्रिकामा प्रकाशित लेखहरू

### ७.१ *नयाँ-सडकको गीतसङ्ग्रहको भावभूमिमा विकलका नारीपात्र*को विवेचना

गायत्री श्रेष्ठले आफ्ना लेखहरूलाई विभिन्न पत्रपत्रिकाहरूमा पनि प्रकाशित गरेको देखिन्छ । उनको यो **नयाँ सडकको गीतसङ्ग्रहको भावभूमिमा विकलका नारीपात्र** भन्ने शीर्षकको लेख वि.सं. २०४१ सालको **विवेक** पत्रिकामा प्रकाशित भएको पाइन्छ ।

गायत्री श्रेष्ठले प्रस्तुत लेखमा रमेश विकललाई आधुनिक नेपाली कथाको इतिहासमा दोस्रो पुस्ताका प्रगतिशील कथाकारको रूपमा उल्लेख गरेकी छन् । विकललाई ग्रामीण जनजीवनको चित्रणमा झण्डै मैनालीका उत्तराधिकारी र मनोवैज्ञानिक फाँटमा भिक्षुका छिमेकी बन्न पुगेको समेत चर्चा गरेको पाइन्छ । गायत्री श्रेष्ठले रमेश विकलका चार कथासङ्ग्रहहरूको सामान्य सन्दर्भ देखाउँदै उनले नयाँ सडकको गीत कथासङ्ग्रहको बारेमा सशक्त रूपमा विश्लेषण गर्न खोजेको देखिन्छ ।

गायत्रीले प्रस्तुत कथा सङ्ग्रहभित्रका नारी पात्रलाई केलाउन खोज्दा मूल रूपले भञ्ज्याङ्को चौतारो, प्रतिहिंसा, दुई रुपियाँको नोट, नयाँ सडकको गीत, बिहानी पखको बत्ती र वीरेकी आमा कथाले नारीसँग बढी सम्बन्ध राखेको उल्लेख गरेको देखिन्छ । यसका साथै उनले यीबाहेक अन्य कथामा नारी पात्रको पर्याप्त भूमिका रहेको छैन भन्नेसमेत उल्लेख गरेकी छन् ।

उनले उल्लेख गरेका कथाका सबै नारीहरू निम्नवर्ग र ग्रामीण स्तरका भन्दै उनको **विहानी पखको वस्तीकी शारदा**बाहेक सबैको समान स्तर रहेको पनि उल्लेख गरेकी छन् । त्यस्तै गायत्रीले उनलाई नारीहरूको बाह्य र आन्तरिक यथास्थितिको चित्रण गरेकाले नारीमाथि भएका अन्याय, शोषण आदिको छुट्टै आवाज नउठेको पाएको प्रसङ्ग व्यक्त गरेको देखिन्छ । गायत्रीले निम्नवर्गका ग्रामीण समाजमा भञ्याङ्को चौतारोकी पातली र प्रतिहिंसाकी पुतली पाइल गएझैँ जानु अथवा पुन फर्केर आउनु कुनै खास असामान्य घटना नभएको तर्क राखेको पाइन्छ । लेखककै भनाइअनुसार निम्नवर्ग र उच्चवर्गमा खास गरी यौन स्वतन्त्रता रहेको भन्ने तर्क पनि गायत्रीले प्रसङ्गमा राखेकी छन् । साथै उनले मध्यम वर्गमा भने त्यस्ता कुरा वर्जित भएको उल्लेख पनि गरेको देखिन्छ ।

गायत्रीले माथि उल्लेख गरिएका ६ वटा नारीपात्रको भावभूमिमालाई कथाकै प्रसङ्गमा पनि चर्चा गरेकी छन् । उनले **भज्याङ्को चौतारो** कथाकी नायिका पातलीको माध्यमबाट ग्रामीण नारीको सामान्य चित्रणका साथै यौनमनोविज्ञानको पनि प्रयोग भएको उल्लेख गरेको देखिन्छ ।

कथाकै प्रसङ्गमा गायत्रीले यस कथाकी नायिका पातली र नामक बलेको बारेमा चर्चा गरेकी छन् । उनले हाम्रो परम्परागत धारणाबाट पातलीलाई दोषी मानेको पाइन्छ । गायत्रीले पातलीकै सुखका लागि बले विदेशिएको भन्दै उनले बले विदेशबाट नफर्किउन्जेलसम्म फर्खिरहनु पर्ने मान्यताप्रति तर्क राखेको देखिन्छ । तर यो पातलीको स्वेच्छाको माग नभई उसको अवचेतन मनको भौतिक एवम् स्वभाविक माग भन्दै गायत्रीले चर्चा गरेको पाइन्छ । गायत्रीले पातीलको उमेरके प्रसङ्गसमेत देखाउँदै उसमा रहेको आफ्ना सम्पूर्ण चाहनालाई कुण्ठित र दमित राख्न नसकेर पोइल गएको तर्क राखेको देखिन्छ । गायत्रीले उनका सुख र दुःखका बारेमा खासै चर्चा गरेको देखिँदैन तैपनि गायत्रीले शारीरिक रूपमा मात्र मरेकी छन् । गायत्रीले तर मानसिक रूपबाट पर नहटेकी भनी उल्लेख गरेको पाइन्छ ।

यसैगरी गायत्रीले विकलको **प्रतिहिंसा** कथामा कुकुरलाई घ्यू नपचेको भनेझैं गरी पुतली पनि पोइल गएको उल्लेख गरेकी छन् । गायत्रीले यस कथामा हर्केको अत्यधिक मायाले गर्दा उसका निम्ति अपचसिद्ध भएको भनेकी छन् । हर्केलाई उसका दुई बालकका अभिव्यक्तले प्रतिहिंसाको भावनालाई ज्यादै नै उद्दीपन गराएको उल्लेख पनि गरेकी छन् ।

प्रस्तुत कथामा पुतलीले बढी सुखको खोजीमा चाउरेसँग पोइल गएको पाइन्छ । उसले पुरुषको चालवाजी थाहा नपाएकी भन्दै गायत्रीले पुतलीका गरगहना आफ्नो कब्जामा पारेको र पुतली पश्चाताप गर्दै पहिलेकै घरमा आउँदा ती अनभिज्ञ शिशुहरूले आफूसँग आमा अब हामीलाई एक्लै छलेर मामा घर नजानुस है ? जस्ता प्रसङ्गका कुराहरूलाई गायत्रीले उल्लेख गरेकी छन् । यसका साथै गायत्रीले हर्केले पुतली पात्रसँग कुनै प्रतिहिंसा लिन नसकेको समेत उल्लेख गरेको देखिन्छ ।

गायत्रीले दुवै कथाका नारीपात्र पातली र पुतली भन्दा कथा दुई रुपियाँको नोट की पार्वतीले बेग्लै विशेषता बहन गरेकी बताएको पाइन्छ । प्रस्तुत कथामा लोग्ने वीरेको पेसा पहलदारी र पार्वती अत्यन्तै राम्री भएको उल्लेख पाइन्छ । गायत्रीले एकातिर वीरे पुरुष पात्र गरिवीको कारणले प्रभावित भएको उल्लेख गरेकी छन् । उनले पैसा नै महत्वपूर्ण वस्तु मानेर आफ्नी पतिव्रता श्रीमतीलाई भन्सारको अपरिचित पुरुषसँग सम्बन्ध बढाउन आग्रह गरेको गायत्रीले उल्लेख गरेको देखिन्छ । उसले आफ्नो चरित्र गुमाएर अन्त्यमा प्राप्त गरेको दुई रुपियाँको नोटले उसको चरित्रको वयान गरेको समेत निष्कर्ष गायत्रीले यस कथामा देखाएकी छन् । यसका साथै गायत्रीले यस कथाकी नारीपात्र सुशील कर्तव्यपरायण एवम् पतिव्रता नारीको रूपमा प्रस्तुत गरेकी छन् ।

**नयाँ सडकको गीत** कथाकी सानी सम्झदा पार्वतीलाईझैं कठैबरा भन्न मन लागेको भनी गायत्रीले उल्लेख गरेको पाइन्छ । गायत्रीले सानीलाई आफ्नो प्रारब्धको फलअनुसार नै अन्धो पोइसँग जीवनयापन गर्नुपरेको देखाएकी छन् । प्रस्तुत कथाकै भावमा हेर्दा यस कथाकी नारीपात्र जस्तो सुकै विवशतामा परेर बाँचेकी नारी भए तापनि सकेसम्म पुरुषहरू त्यस नारीको कमजोरी पहिल्याउनु र

त्यसबाट फाइदा उठाउन पछि परेका हुँदैछन् भन्ने जस्ता कुराहरू गायत्रीले स्पष्टयाउन खोजेको पाइन्छ । कथाकार विकलको **लाहुरी भैँसी** कथामा नारीपात्रको प्रयोग ठीक विपरीत तरिकाले व्यक्त गरेको पाइन्छ । प्रस्तुत कथाकी **घैँटीमा** नारीसुलभ स्वभाव ज्यादै कमी पाइएको तर्क राखेकी छन् ।

गायत्रीले **सिंगारी बाखो**को कथामा कथाकारका निम्ति मानिसको स्वार्थी प्रवृत्ति र शोषण नीतिको असह्य रहेको उल्लेख गरेको देखिन्छ । यसका साथै कथाकारले आफ्नो कथासङ्ग्रहमा नारी यौनमनोविश्लेषणात्मकतालाई **बिहानी पखको बत्ती** कथाको माध्यमबाट स्पष्ट पारेको तर्क गायत्रीले राखेकी छन् ।

गायत्रीले कथाकार रमेश विकललाई कथामा ग्रामीण जनजीवन एवम् नारी मनस्थितिका ज्ञाता भनेको देखिन्छ । साथै उनले विकललाई समाजसापेक्ष युगानुकूल विषयवस्तु लिएर कथा लेख्न पोख्त रहेका कथाकार भनी चर्चा गरेकी छन् ।

## ७.२ *हाम्रो संस्कृति एक विचरण*को विवेचना

प्रस्तुत लेखमा गायत्रीले आफ्नो राष्ट्रको अस्तित्व आफ्नै संस्कृतिमा अडेको सन्दर्भका विषयमा चर्चा गरेको पाइन्छ । गायत्रीको प्रस्तुत लेख **चितवन महोत्सव स्मारिका** (२०५३) मा प्रकाशित भएको देखिन्छ ।

प्रस्तुत लेखकै सन्दर्भमा स्व. लक्ष्मीप्रसाद देवकोटाले आफ्नो निबन्धमा भनेका कुरालाई गायत्रीले पनि यसमा चर्चा गरेको पाइन्छ । गायत्रीले धर्म राष्ट्रको शरीर, भाषा त्यसको मुख, साहित्य त्यसको मस्तिष्क भएको भन्दै उनले संस्कृतिलाई आत्माको रूपमा विष्लेष्ण गरेकी छन् । यस लेखमा पाश्चात्य साहित्यका केही साहित्यकारहरूको सन्दर्भलाई देखाउँदै नेपाली साहित्यकारहरूले आफ्नो संस्कृतिको बारेमा गरेका चर्चा पनि गरेकी छन् । नारीहरूले आफ्ना घरमा भोगेका नन्द अमाज्यूको टोकेसो, सासूको टोकेसो आदिलाई भाका मिलाएर तीज पर्वमा मनका वह पोखे जस्तै अरू नारीलाई पनि सशक्त बनाएका हुन्छन् भन्दै गायत्रीले तीजका केही गीत प्रस्तुत गरेको देखिन्छ ।

*हामी चेली बेचिएर किनिएको गैरी खेत*
*आइज पानी दरर, लैजा सलल ।*
*कति पऱ्यो मेरी आमा तीनै आँठे डोरीलाई*
*जन्म नदेउ भावीले अठा छोरीलाई*

*घर पुग्दा बुढी सासु आउँछिन कुप्री परेर*
*केको पाहुर टकयाम् मैले दर्शन गरेर ?*
*केही दोष छैन बरा अनुहारे तोरीलाई*
*बाह्रबीसे भरिया दाइको छोरीलाई ।*

गायत्रीले आफ्ना गीतमा कयौँ नेपाली चलनचल्तीका उखानहरूको पनि प्रयोग गरेको पाइन्छ । उनले सामाजवादी संस्कृतिको विकास हुन सामाजिक, आर्थिक, शैक्षिक आदिको विकास हुनुपर्ने उल्लेख गरेकी छन् । गायत्रीले हाम्रो समाजमा उच्चवर्गको संस्कृतिलाई नै विशेष मान्यता दिने गरेको भन्दै उनले निम्न वर्गको संस्कृति नभएको जस्तो भान भएको सन्दर्भ पनि जोडेकी छन् ।

प्राचीन युगमा कम जनसङ्ख्या भएको भन्ने सन्दर्भलाई चर्चा गर्दै उनले त्यस समयमा उत्पादन बढी हुने गरेको प्रसङ्ग पनि उल्लेख गरेको देखिन्छ । त्यस समयमा भोग विलासका प्रयाप्त साधन उपलब्ध नहुनाको कारणले कृषकहरूले पनि आफ्नै संस्कृतिको विकास गर्ने थालेको तर्क राखेको पाइन्छ । पछि समय वित्दै जाँदा भोग विलास, धन सञ्चय आदि गर्ने प्रकृति बढ्न थालको र संस्कृतिको पनि व्यापक विकास हुन लागेको प्रसङ्ग पनि उल्लेख गरेको देखिन्छ ।

समयको हुरीसँगै मानिसको बौद्धिकतामा पनि परिवर्तन र परिमार्जन हुन थालको भन्दै गायत्रीले हाम्रो देश नेपालमा त्यसपछि मात्र जनसंस्कृतिको विकास हुन लागेको उल्लेख गरेकी छन् । उनले हाम्रो लोकसंस्कृति विश्वकै नमुना भएको भन्दै तलको उदाहरण दिएकी छन् :

*झुम्के फुली नाकैमा बुलाकी*
*यसपाली त घरबाट होला कि ?*

गायत्रीले लोकसंस्कृति भनेको राष्ट्रको गहना भएको भन्दै उनले नेवार जातिको संस्कृतिकाबारेमा समेत चर्चा गरेको देखिन्छ । गायत्रीले नेवारको संस्कृतिका बारेमा उल्लेख गर्दै उनले थारूको जितिया, पावनी, क्षेत्री ब्राह्मणको तीज, तराईको छट, गुरुङ्गको ल्होसार आदिका आफ्नै संस्कृतिहरू रहेका कुराको समेत चर्चा गरेको पाइन्छ । यसका साथै उनले गुरुङ्गहरूको आफ्नो लोप हुन लागेको **माडी दिना में त्हलें ल्हिंपा** दिना जस्ता चाडको पनि चर्चा गरेकी छन् ।

संस्कृति देशको सम्पति भएकोले र त्यसको जगेर्ना गर्नु प्रत्येक नागरिकको कर्तव्य रहेको भन्दै गायत्रीले संस्कृतिका विषयमा बृहत शोधकार्यदेखि लिएर विभिन्न जतजातिका सांस्कृतिक विशेषतामाथि प्रभाव पार्ने कार्यहरूको पनि भएको कुराको समेत चर्चा गरेको देखिन्छ ।

## ७.३ *विवेक*को विवेचना

गायत्री श्रेष्ठले प्रस्तुत माथिको शीर्षकमा पनि कलम चलाएकी छन् । उक्त शीर्षकमा दोहोरो अर्थ पाइएको छ । प्रथम अर्थको रूपमा यो **विवेक** गायत्रीको आफ्नै लेखको शीर्षकलाई जनाएको पाइन्छ जुन कवितासँग सम्बन्धीत रहेको देखिन्छ । त्यस्तै अर्को **विवेक**को अर्थ वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरको पत्रिकाको (मुखपत्र) नाम रहेको पाइन्छ ।

प्रस्तुत कविता वि.सं. २०६३ को विवेकमा छापिएको छ । उक्त कवितामा गायत्रीले विवेक शब्दको प्रयोग गर्दै विवेक पत्रिकाको गौरवताप्रति पनि सङ्केत गरेको देखिन्छ । गायत्रीले प्रस्तुत कवितामा चार पङ्क्तिलाई एक अनुच्छेद मानेर तीन अनुच्छेदमा आफ्ना भाव टुङ्ग्याएकी छन् । उनले हरेक पङ्क्तिमा विवेक शब्दको प्रयोग गर्दै कहीँ ज्ञानको रूपमा त कहीँ विकासका मूल फुटाउने सन्दर्भमा विवेकको प्रयोग गरेकी छन् । साथै उनले पत्रिकाको रूपमा विवेकलाई **शुभकामना तिम्लाई सुवासित होऊ सदा** भन्ने सन्दर्भ पनि उल्लेख गरेको देखिन्छ ।

## ७.४ *मेरो मानसपटलमा महाकाली एक संस्मरण*को विवेचना

गायत्रीको प्रस्तुत शीर्षकको लेख **वागीश्वरी** (२०५८) को संस्मरण विशेषाङ्कमा प्रकाशित भएको पाइन्छ । उक्त शीर्षकको लेखलाई संस्मरण नियात्रासमेत भनेको तथ्य पनि फेला परेको छ ।

गायत्रीले प्रस्तुत संस्मरणमा आफ्नो सुदूरपश्चिम यात्राको यथार्थ चित्रण गरेकी छन् । गायत्रीले आफू उच्चशिक्षा परियोजनाको वार्षिक परीक्षा सञ्चालन गराउने सिलसिलामा त्यहाँ गएको सन्दर्भ देखाउँदै उनले त्यहाँको भाषा भेषभूषाका साथै आधारभूत आवश्यकताका कठिनाइहरूको बारेमा पनि चर्चा गरेको पाइन्छ । आफूले भोगेका कठिनाइको कुनै खासै प्रवाह नगरे पनि उनको परिवारले त्यसलाई जटिलतााको रूपमा लिएका प्रसङ्ग पनि आएको देखिन्छ । यसका साथै समयसँगै त्यहाँको वरिष्ट व्यक्तिहरूको सहयोगमा आफ्नो कार्यक्रम सफल गर्दै उनले पश्चिम नेपालको भ्रमण गरेको प्रसङ्ग जोडेकी छन् । पश्चिम नेपालको भूभाग हेर्दा आफूलाई स्व. नारायण गोपालले गाएको **मुटुमाथि ढुङ्गा राखी हास्नु पर्‍याछ** भन्ने गीतको सम्झना भएको प्रसङ्ग पनि उल्लेख गरेकी छन् । उनीहरूको शुक्लाफाँटको घुमाइले अझसम्म संस्मरण गराइरहेको भन्दै प्रस्ततु लेखमा गायत्रीले केही धार्मिक स्थलहरूको बारेमा पनि चर्चा गरेकी छन् ।

अन्त्यमा उनलाई महेन्द्र नगरको बसाई धेरै उत्तम लागको भन्दै गायत्रीले हाम्रो देश यति सुन्दर प्राकृतिक सम्पदाले भरिएको छ । यहाँका मानिसहरू सरल रहेका छन् तर देशको अवस्था यस्तो रहेको छ भन्दै शान्ति सुरक्षा अमन चयनतर्फ पनि सङ्केत गरेको पाइन्छ । साथै उनले विदेशको भ्रमण गरेपछि मात्र नेपालका विभिन्न ठाउँहरूको भ्रमण गरेकी हुनाले विदेशका नागरिक र स्वदशेका आफ्ना नागरिकहरूको पनि तुलना गरेको पाइन्छ ।

## ७.५ *चित्रकलामा महिला संलग्नता*को विवेचना

गायत्रीको प्रस्ततु समालोचना लेख वि.सं. २०५७ सालको **गरिमा** (वर्ष १८, अङ्क९, पूर्णाङ्क २१३ भाद्र) मा प्रकाशित भएको पाइन्छ । उक्त लेखमा गायत्रीले नेपाली साहित्य तथा सङ्गीतमा नेपाली महिलाहरूले आफूलाई निकै अगाडि बढाएको उल्लेख गरेको देखिन्छ । अन्य विधामा जस्तै सहज रूपमा नेपाली महिलाहरू कला क्षेत्रमा लागको पाइँदैन भन्दै उनले मनुजबाबु मिश्रको लेखको

बारेमा चर्चा गरेकी छन् । प्रस्तुत उनको लेखमा आफूल पढेको सन्दर्भलाई पनि उल्लेख गरेको देखिन्छ । उनले लेखेको लेखमा रोएँ, हाँसे, नाचैं, चिच्चाए, कराए भने पनि कला, केरकार गरे पनि कला नै रहेको हुन्छ । ल्यापलुप पारें पनि कला नै रहेको हुन्छ । केही जानेर गरेको भए पनि कला नजानेर गरेको भए पनि कला नै रहेको हुन्छ भन्दै गायत्रीले लेखको प्रसङ्गमै चर्चा गरेको पाइन्छ । कलाको यस्तो सन्दर्भ सजिलो र सार्वजनिक प्रजातान्त्रिक भन्दै नियम अनुशासनको कठोर बन्धनबाट मुक्त अज्ञानतालाई छोप्ने पनि कला भनी उल्लेख छन् ।

गायत्रीले यिनै सन्दर्भलाई प्रस्ट पार्न कलाक्षेत्रका नारीको चर्चा गर्न उत्सकुता भएको उल्लेख गरेको देखिन्छ । उनले २००७ सालपूर्व महिला कलाकारहरूको नाम त्यति नदेखिएको चर्चा गर्दै महिलालाई त्यो समयमा 'चना' र 'गम्छा'सँग तुलना गरिएको प्रसङ्गको पनि उल्लेख गरेको पाइन्छ । साथै गायत्रीले राजा जनकको पालामा नारीलाई आफ्नो **वर** आफै चुन्ने अधिकरको प्रसङ्ग पनि गरेकी छन् । समयसँगै महिलाहरूले आफूलाई स्वतन्त्र रूपमा व्यक्त गर्न सकिरहेका छैनन भन्दै गायत्रीले समसामयिक नेपाली चित्रकलाको इतिहास र २०५१ श्रावणको **अस्मिता**ले केही गर्ने जमर्को गरेकोमा ज्यादै नै खुसी लागेको व्यक्त पनि गरेको देखिन्छ ।

समालोचक गायत्रीले वि.सं. १९९९ सालमा पाटनमा जन्मेको शिलुप्यारी श्रेष्ठको नाम कला क्षेत्रमा अग्रपङ्क्तिमा राखेको पाइन्छ । गायत्रीले उनको अध्ययन भारतमा नै भएको समेत चर्चा गरेकी छन् । वनस्थली विद्यापीठबाट चित्रकलामा ५ वर्षको डिप्लोमा कोर्स गरेकी भन्दै गायत्रीले उनको प्रायः प्रचलित धेरै शैलीका रूपमा परिचित गराएको पाइन्छ । गायत्रीले उनको मनपर्ने शिल्पविधि 'वाश' भएको भन्दै 'वाश शिल्पविधि भित्र पर्ने लोकनृत्य, लोकगीत, लोककथालाई तेलरङको माध्यमबाट चित्र कोर्ने प्रसङ्गको पनि चर्चा गरेकी छन् ।

समालोचक गायत्रीले शिलुप्यासीलाई वि.सं. २०२२ र २०२३ सालमा नेपाल ललितकला संस्थाको कार्यकारिणी सदस्य र २०२३ देखि २०२५ सम्म सचिव पदमा रहेको भन्दै उनको कलाक्षेत्रका बारेमा चर्चा गरेकी छन् ।

यसै गरी गायत्रीले महिला कलाकार सुधारत्न खतिवडाको बारेका चर्चा गरेको पाइन्छ । गायत्रीले उनलाई जनकपुरमा जन्मेर २०५५ सालमा बनारस हिन्दू विश्वविद्यालयको फ्याकल्टी अफ आर्टस्बाट चित्रकलाको डिग्री प्रथम श्रेणीमा उत्तीर्ण गरेकी प्रसङ्ग उल्लेख गरेको देखिन्छ । गायत्रीले उनको शिल्पविधा 'वाश' रहेको चर्चा गरेकी छन् ।

वि.सं. २००५ सालमा काठमाडौंमा जन्मेकी सुधा मानन्धरले २०३० सालमा बम्बइको सर जे.जे स्कुल अफ आर्टसबाट चित्रकलामा डिप्लोमा गरेको कुराको समेत उल्लेख गरेको देखिन्छ । सामूहिक चित्रप्रदर्शनीमा प्रदर्शित हुने उनको चित्रहरू चित्रकलामा आधुनिक प्रवृत्तिहरू रहेको प्रसङ्ग गायत्रीले चर्चा गरेकी छन् ।

त्यस्तै, गायत्रीले कलाकार बेटीदेवी बज्राचार्य अत्यन्त क्रियाशील कलाकारका रूपमा परिचित गराएको देखिन्छ । गायत्रीले उनको चित्रकलामा आधुनिक दृष्टिकोणको प्रभाव र अमूर्तता रहेको उल्लेख गरेको पाइन्छ । गायत्रीले उनलाई एक कुशल नर्तकी र कवयित्रीको रूपमा चर्चा गर्दै सम्पादिकाका रूपमा पनि उल्लेख गरेकी छन् ।

अर्का कलाकार शशिकला तिवारीको चर्चा पनि गायत्रीले गरेको देखिन्छ । बडोदाको एम्.एस्. विश्वविद्यालयको फ्याकल्टी अफ आर्टस्‌बाट चित्रकलामा डिग्री गरेकी भन्दै गायत्रीले २०३० सालमा उनले आफ्नो चित्रकला प्रदर्शनीको आयोजनामा भाग लिएको समेत चर्चा गरेको पाइन्छ । यसका साथै सप्तरीको वस्तीपुर भन्ने ठाउँमा वि.सं. २००३ सालमा जन्मेकी प्रमिला गिरीको बारेमा पनि गायत्रीले चर्चा गरेको देखिन्छ । नेपाली कला क्षेत्रमा प्रसिद्धि कमाई सकेकी भन्दै गायत्रीले उनलाई चित्रकलासम्बन्धी डिप्लोमा पास गरेको भन्ने प्रसङ्गको पनि चर्चा गरेको पाइन्छ ।

वि.सं. २०२३ सालमा शान्ति निकेतनबाट फर्केपछि उनले काठमाडौँमा आफ्नो चित्रकलाको प्रदर्शनी भएको भन्ने उल्लेख पाइन्छ । त्यसपछि २०२४ सालमा स्व. म.वि.वि.शाहका **उसैका लागि** कवितामा आधारित चित्रहरू जलरङ्मा उतारिएको तथ्य पनि प्रस्तुत गरेको भेटिन्छ । गायत्रीले उनलाई चित्रकला र मूर्तिकलामा सशक्त रहेको भन्दै उनको स्वदेश र विदेश कलाको अध्ययन गरेको प्रसङ्गलाई पनि चर्चा गरिसकेकी छन् ।

यसै गरी उर्मिला उपाध्याय, भुवनेश्वरी तिवारी, अस्मिता रञ्जित, शोभा अधिकारी, सुनीला बज्राचार्य, एरिना ताम्राकार, अस्मिता रञ्जित, प्रतिमा बज्राचार्य र शिला राजभण्डारी आदिको नाम पनि उल्लेख गरेको देखिन्छ ।

कलाक्षेत्रमा केही आत्मदीक्षिता महिला कलाकारहरू पनि रहेको चर्चा गायत्रीले गरेकी छन् । गायत्रीले तीमध्ये स्व. कलाकार बालकृष्ण समकी सुपुत्री ज्वाला शाहको नाम उल्लखेनीय रहेको बताएकी छन् । त्यस्तै गायत्रीले हेमन्तकुमारी राणा, नारायण लक्ष्मी श्रेष्ठ, भद्रा घले, कृष्ण राणा, विजया राणा ज्ञानश्री प्रधान, नीलिमा मानन्धर, भुवन ढुङ्गाना, रोशनी श्रेष्ठ, मनबाबा मानन्धर आदिको विविध क्षेत्रमा भएका योगदानको बारेमा पनि गायत्रीले चर्चा गरेको पाइन्छ । यसका साथै गायत्रीले महिला कलाकार राजधानीमा मात्रै केन्द्रित रहेको प्रसङ्ग व्यक्त गर्दै उनले महिला कलाकारको लागि राजधानीदेखि बाहिरको वातावरण पनि उपर्युक्त हुनुपर्ने पनि चर्चा गरेको देखिन्छ । उनले कलाको विकासका सरकारले प्राथमिकता दिनुपर्ने भन्दै अञ्चल अनुसारका विद्यालय खोली प्राथमिकता दिनुपर्ने पनि चर्चा गरेकी छन् । त्यस्तै उनले नेपाली कलाकाले शैलीको अनुकरण नगरी आफ्ने शैलीलाई प्रस्तुत गर्न सके नेपालीको गरिमा बढ्ने कुराको प्रसङ्ग पनि व्यक्त गरेको पाइन्छ ।

## ७.६ *वनसम्पदाको विकासमा ग्रामीण महिलाको भूमिकाको* **विवेचना**

गायत्रीको प्रस्तुत लेख वि.वि. २०५७ सालको चितवन महोत्सव स्मारिकामा छापिएको पाइन्छ । उक्त लेखलाई गायत्रीले समालोचना लेख नै भनेकी छन् । गायत्रीले लेखमा **हरियो वन नेपालको धन** भन्ने हाम्रा अग्रजहरूको कथन साँच्चै नै यथार्थ रहेको थियो भन्दै उनले नभए त्यो सार्थक बनाएको हुनुपर्छ भन्ने तर्क राखेको पाइन्छ । हरेक राष्ट्रले एउटा बलियो स्थायी सम्पत्ति हरियो वनलाई मानेका छन् । त्यसैले यसको संरक्षण र सम्बर्द्धन गर्ने प्रत्येक नेपालीको कर्तव्य हुन आएको प्रसङ्ग व्यक्त गरेको देखिन्छ । उनले सानो तर सुन्दर नेपाललाई प्रकृतिले के दिएको छ होइन के दिएको छैन भनी चर्चा गरेकी छन् । गायत्रीले खासगरी चितवन प्राकृतिक वनसम्पदा जन जातीयताको सन्दर्भमा ज्यादै नै धनी जिल्ला मानिएको भन्दै उनले चितवनको वनको बारेमा विश्लेषण गरेको देखिन्छ । राणाकालीन समयमा उनीहरूका विदेशी पाहुनाहरूलाई सिकार खेलेर मनोरञ्जन गराउने ठाउँको रूपमा चितवन रहेको भन्दै गायत्रीले चितवन जिल्लामा पाइने वन्यजन्तुको चर्चा गरेको देखिन्छ । यसका साथै उनले चितवन जिल्लाका आदिबासीहरू जस्तै : थारु, चेपाङ, माझी आदिको बारेमा पनि चर्चा गरेको पाइन्छ । गायत्रीले चितवनलाई छेहत्तर जिल्ला भन्ने गरिएको प्रसङ्ग व्यक्त गर्दै उनले चितवन जिल्लाका मानिसहरू राजनैतिक, सामाजिक, शैक्षिक एवम् धार्मिक दृष्टिकोणले ज्यादै कुशाग्र पनि रहेको उल्लेख गरेको देखिन्छ ।

त्यसैगरी वर्तमान समयमा नेपालका ग्रामीण विकासका लागि विभिन्न एन्.जि.ओ, आई.एन्.जि.ओहरू खुलेका भन्दै गायत्रीले ग्रामीण जनताले जीवनस्तर उकास्नका लागि विभिन्न कार्यक्रमहरू लागू गरेका प्रसङ्ग पनि व्यक्त गरेको देखिन्छ । पहाडको जीवनयापनको मूल आधार कृषि र पशुपालन रहेको भन्दै गायत्रीले पहाडका सबै खेतीपाती प्राकृतिक मौसममा निर्भर गरेका प्रसङ्ग पनि उल्लेख गरेको देखिन्छ । पहाडमा यातायातको असुविधा, शिक्षा, स्वास्थ्य आदि सबैको असुविधाले सताइएका भाव पनि व्यक्त गरेकी छन् । पहाडमा परिष्कार र परिमार्जन हुन नसकेकोले पुरानै ढाँचामा हरेक क्रियाकलाप भइरहेको प्रसङ्ग पनि व्यक्त गरेको पाइन्छ । गायत्रीले वेरोजगारी समस्या समाधानका लागि मौजुदा वनपाखाहरू जोती त्यसमा जस्तोसुकै वस्तुको पनि उत्पादन हुन सम्भव रहेको बताएकी छन् । पशुपालनका निम्ति वनजङ्गलबाट आवश्यक पर्ने घाँसपात, सोत्तर प्राप्त भइरहेको भन्ने प्रसङ्ग पनि व्यक्त गरेको पाइन्छ । त्यसैले यस्तो परिस्थितिलाई रोक्नको लागि हैसियत बिग्रिएको वनलाई गरिब जनताले विशेष गरी आयस्रोतको माध्यम बनाउन सफल भएको पनि गायत्रीले प्रस्तुत गरेकी छन् । वन पैदावरमूलक व्यवसायमा ग्रामीण जनतालाई सक्रिय रूपमा संलग्न गराई उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउन र वातावरणीय सुधार ल्याउन पहाडी कबुलियती तथा चरन विकास आयोजना सञ्चालन गरिएको प्रसङ्ग पनि व्यक्त गरेको देखिन्छ । यसमा पुरुषहरू मात्र सहभागी नभई महिलाहरू पनि सहभागी रहेको भन्दै गायत्रीले उनीहरूको समूह सहयोगीको रूपमा आफूलाई प्रस्तुत गर्न

सक्षम रहेको कुरा पनि व्यक्त गरेको पाइन्छ । उनले पहाडी कबुलियती वन तथा चरन विकास आयोजनामा धेरै नै महिला सहभागिता रहेको पाएकी छन् ।

महिला र पुरुषको मिश्रित समूह गठन गरिए पनि नेतृत्वको लागि महिलालाई नै बढी प्राथमिकता दिएको उल्लेख गरेको पाइन्छ । चितवनको सन्दर्भमा वनसम्पदाको विकासमा महिलाहरूको ठूलो योगदान रहेको चर्चा गर्दै उनले त्यसको ज्वलन्त उदाहरणमा पहाडी कबुलियती वन तथा चरन विकास आयोजना लागू भएको ठाउँलाई पनि उल्लेख गरेकी छन् । उनीहरूले यस आयोजनामा आफूलाई संलग्न गराउने मौका पाएपछि हैसियत बिग्रिएको वनबाट आत्मनिर्भरताको भावना विकास भएको अनुभूति गरेका छन् भन्ने प्रसङ्ग पनि गायत्रीले उल्लेख गरेको देखिन्छ । साथै उनीहरूले आफ्नो घरपरिवारलाई समेत सुखी र खुसी गराई पतिको आर्थिक बोझमा थप सहयोग पुऱ्याएको पनि उल्लेख गरेकी छन् । चितवनमा कोराक, शक्तिखोर, दाहाखानी, दारेचोक, चण्डीभञ्ज्याङ्ग, कविलास आदिमा कबुलियती वन तथा न्यून विकास आयोजनाको कार्यक्रम लागू गरिएको प्रसङ्ग पनि व्यक्त गरिएको पाइन्छ ।

## ७.७ *नारी र समाज लेख*को विवेचना

गायत्रीको प्रस्तुत लेख वि.सं. २०५५ सालको चितवन महोत्सव स्मारिकामा प्रकाशित भएको पाइन्छ । गायत्रीले उक्त लेखमा नारी र समाजविना देशको विकास असम्भव देखिएको प्रसङ्ग व्यक्त गरेको देखिन्छ । उनले हाल आएर हाम्रो जस्तो मुलुकमा सर्वप्रथमत नारी जातिकै मनोवृत्तिमा ठूलो परिवर्तनको खाँचो रहेको तर्क राखेकी छन् । यस्तो परिवर्तन ल्याउन गहन चिन्तन एवम् वैचारिक मन्थनको आवश्यकता रहेको भन्दै उनले सत्यसाइबाबाको समेत प्रसङ्ग उल्लेख गरेको देखिन्छ । गायत्रीले नारी समाजको व्यक्तत्वि विकास गर्ने क्रममा नारीको भौतिक र बौद्धिक दुवै पक्षको समानुपातिक विकासलाई सम्झनु पर्न तर्क राखेकी छन् । उनले स्वास्थ्य शरीरमा स्वास्थ्य मन रहेको भन्दै सम्पूर्ण स्वास्थ्यताको लागि सहयोग पुग्ने कुरामा जोड दिएको पाइन्छ । उनले यसको सन्दर्भमा लेखेकी छन् । हाम्रो समाजमा छोरो बिरामी भए ठूलो डाक्टरकोमा उपचार गराउने, छोरो पढ्ने भएको भए राम्रो ठाउँमा राम्रो विद्यालयमा अध्ययन गराउने तर छोरीलाई भने वेवास्था गर्ने प्रवृत्तिले छोरी स्वयम्मा विकलाङ्ग बनेका छन् । विकलाङ्गपनको बोझ व्यक्तिका लागि र समाजका लागि मात्र नभएर पृथ्वीकै लागि बोझ बनेको समेत प्रस्तुत गरेकी छन् । घरमा धेरैभन्दा धेरै कामको आशा छोरीबाट नै गरिएको भन्दै गायत्रीले नारी व्यक्तित्वको विकासमा नारी नै अवरोधको रूपमा रहेको अवधारणा पनि उल्लेख गरेको देखिन्छ ।

नारीमा शिक्षाको प्रचुरता, समानताको अवसर, आर्थिक रूपमा आत्मनिर्भरता जस्ता कुरामा ध्यान दिन सके नारीको व्यक्तित्व विकास पनि सहज रूपमा हुने कुराको उल्लेख गरेकी छन् । अज्ञानताको कारणले केवल नारीको व्यक्तित्वविकास मात्र नभएको होइन सामाजिक जीवनपद्धति नै कुण्ठित भएको छ

भन्दै गायत्रीले अशिक्षित नारीहरू गलत क्रियाकलापका सिकार बन्न पुगेको प्रसङ्गलाई पनि उल्लेख गरेकी छन् ।

निर्भिक स्वावलम्बी, परिश्रमी, पूर्णशिक्षित नागरिक बनाउनुपर्ने उत्तरदायित्व पनि नारीमा नै रहेको भन्दै उनले एउटी नारी शिक्षित भए परिवार शिक्षित हुने र एउटा पुरुष शिक्षित भए एउटा व्यक्ति मात्र शिक्षित हुने कुरा पनि गायत्रीले बताउँछिन् । उनले विश्वको न्यून साक्षरता भएका देशहरूमध्ये नेपाल पनि रहेको भन्दै गायत्रीले राणाकालीन समयको शिक्षाको बारेमा पनि केही चर्चा गरेको पाइन्छ ।

अहिलेको सञ्चारको युगमा महिलाहरू ज्यादै कम लाभान्वित भएका भन्दै गायत्रीले महिलाको यस्तो स्थितिमा केही सुधार ल्याउने उद्देश्यले सन् १९८५ मा नै रोवीमा भएको सम्मेलनका केही सुझावहरु पनि उल्लेख गरेको देखिन्छ । गीतहरूमा पनि नारीहरूलाई अत्यन्त हल्का रूपमा प्रयोग गरिएको भन्दै गायत्रीले केही कविहरूका गीतहरू पनि उल्लेख गरेकी छन् । नारी विकासका लागि विभिन्न सङ्घसंस्थाहरू सामाजिक तथा राजनैतिक उद्देश्यले स्थापना भए पनि खासै योगदान नदिएका प्रसङ्ग पनि उल्लेख गरिएको छ । वातावरण संरक्षण सन्दर्भमा महिलाको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको हुन्छ भन्दै गायत्रीले महिला र वातावारणलाई यथार्थवादीको रूपमा उल्लेख गरेकी छन् । गायत्रीले पूर्वीय परम्परामा प्रकृति र नारीको अवधारणा एकै रहेको भन्दै उनले प्रकृतिको संरक्षणमा नारी र पुरुष दुवैको ठूलो योगदान रहेको चर्चा गरेकी छन् ।

## *७.८ कलामन्दिर, म र मेरो अनुभूति*को विवचेना

प्रस्तुत लेखमा गायत्रीले आफू चितवनमा २०३० साल माघ ३ गतेको वैवाहिक सम्बन्धपश्चात् प्रवेश गरेको भन्दै उनले चितवनको रीति, थिति, बोलीचाली आनीबानी अत्यन्त पृथक अनुभव गरेको पनि चर्चा गरेको पाइन्छ । समयसँगै एक दिन गायत्रीलाई कला मन्दिरमा बोलाएको प्रसङ्ग व्यक्त गर्दै उनले हालको लुम्बिनी बैंक अगाडिको पुरानो भवनमा नारायणी कला मन्दिर रहेको चर्चा पनि गरेकी छन् । त्यति बेलाका जल्दाबल्दा व्यक्तिहरू जस्तै प्रेमविनोद नन्दन, श्रीप्रसाद श्रेष्ठ, लक्ष्मी नारायण राजकर्णिकार आदिको उपस्थितिमा आफू त्यहाँ जाँदा स्कुले जीवनको स्मरण भएको समेत चर्चा गरेको पाइन्छ । यस दिन आफूले अप्ठ्यारो मान्दै गीत गाएको चर्चा गर्दै गायत्रीले प्रस्तुत लेखमा त्यसपछिका दिन आफ्नो संलग्नता त्यहाँ बारम्बार भइरहेको चर्चा गरेकी छन् ।

गायत्रीले २०४७ सालदेखि कला मन्दिरसँग आफ्नो राम्रोसँग सम्बन्ध स्थापित भएको उल्लेख गरेको पाइन्छ । करिव ९ वर्षसम्मको चिर निद्राबाट २०४७ सालमा फेरि कला मन्दिरलाई व्युँत्याएको भन्दै गायत्रीले श्रीप्रसाद श्रेष्ठलाई त्यस पछिको अध्यक्ष रहेको प्रसङ्गमा पनि चर्चा गरेकी छन् । त्यसपछि २ वर्षको लागि अध्यक्ष स्व. भगवानदास श्रेष्ठ भएको भन्दै उनको स्वभाव र विभिन्न कार्यक्रमको प्रसङ्ग पनि देखाएकी छन् । गायत्रीले त्यस पछिको समयमा आफू

अध्यक्ष (२०५१-०५२) भएको र आफूले पनि पदीय दायित्वलाई इमान्दारीपूर्वक निर्वाह गरेको प्रसङ्ग उल्लेख गरेकी छन् । सोही समयमा काठमाडौँबाट विभिन्न प्रशिक्षक झिकाएर प्रशिक्षण गरेको भन्दै गायत्रीले त्यसकार्यले हालसम्म स्थानीय कलाकारलाई टेवा पुगेको तर्क राखेको पाइन्छ । गायत्रीले यस नारायणी कला मन्दिरमा राष्ट्रिय, जिल्लास्तरीय, स्थानीय सबै कार्यक्रमहरू हुने गरेको भन्दै उनले प्रधानमन्त्रीदेखि विभिन्न तहका नेताहरूको नजरमा नारायणी कला मन्दिरको चासो नभएको तर्क राखेको पाइन्छ । गायत्रीले आफ्नो कार्यकालमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई यसको विकासको लागि योजना सहित निवेदन पेस गरेको भन्दै उनले प्रज्ञाप्रतिष्ठानका पूर्व उपकूलपति मदनमणि दीक्षितलाई पनि आग्रह गरेको कुरा व्यक्त गरेको पाइन्छ ।

हाल यो भवन आफैँमा सानो भइसकेको भन्दै गायत्रीले नगरपालिका र जि.वि.स. आदिलाई पनि सचेत गराएको पाइन्छ । नारायणगढको बजारको मुटुमा अवस्थित यो नारायणी कला मन्दिर चितवन जिल्लाको शान भएको भन्दै गायत्रीले यहाँबाट उत्पादित कलाकारहरू आज राष्ट्रिय स्तरमा प्रसिद्धि कमाएका छन् भन्दै वरिष्ठ कलाकार श्री ऋद्धिचरण श्रेष्ठ, शिव रेग्मी, गणेश उप्रेती आदीको नाम उल्लेख गरेको देखिन्छ । साहित्य, सङ्गीत र कलाको संरक्षण र संवर्द्धनको ठूलो उत्तरदायित्व बहन गर्न जन्मिएको यो कला मन्दिर आफ्नो उत्तरदायित्व पूरा गर्न नसकेकोमा चिन्तित रहेको पनि व्यक्त गरेकी छन् । यसको संरक्षण र संवर्द्धन गर्ने दायित्व चितवनवासीको काँधमा आएको भन्दै एउटा गुरुयोजनाका साथ फेरि एकपल्ट चितवनवासीले सहकार्य गरे मात्र यसको उन्नति हुने विश्वास गर्न सकिने कुरामा समेत गायत्रीले उत्साह राखेको देखिन्छ ।

## ७.९ *गीतहरू मैले आत्मसन्तुष्टिका लागि लेखेकी हुँ*को विवेचना

गायत्रीको प्रस्तुत अन्तर्वार्ता लेख **संवादमा स्रष्टाहरू** (२०६४) भन्ने पुस्तकमा छापिएको देखिन्छ । उक्त अन्तर्वार्ता लेखमा सम्पादकद्वारा विभिन्न सन्दर्भका जिज्ञासाहरू सोधिएको र त्यसको जवाफमा गायत्रीले माथीको भनाईलाई प्रस्तुत गरेकी छन् । **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** भन्ने समालोचनाको कृति प्रकाशन गर्नुको पछाडि मुख्य कारण के रहेको होला ? भन्ने सम्पादकको प्रश्नमा गायत्रीले आफू कथाकार देवकुमारी थापाको 'भविष्य निर्माण' कथाबाट प्रभावित भएको प्रसङ्ग व्यक्त गर्दै उनले वि.सं. २०४४ सालमा आफू कालिम्पोङ्मा गएको र त्यहाँ स्व. पारसमणि प्रधानलाई भेट्दा प्रधानको वाक्यले आफू प्रभावित भई प्रतिभाको उचित मूल्याङ्कन दिन उक्त समालोचना कृति लेखेको भनेकी छन् ।

सम्पादकको अर्को प्रश्नमा गायत्री आफू छोराको दीक्षान्त समारोहमा युरोप गएको र त्यहाँबाट फर्केपछि त्यहाँको सम्झनामा नियात्रा लेखेको भन्ने उत्तर दिँदै नियात्राका शीर्षक पनि उल्लेख गरेको पाइन्छ । यसका साथै गायत्रीले गीतहरू मैले आफ्नो सन्तुष्टिका लागि लेखेकी हुँ भन्दै उनले अग्रजहरूको प्रेरणाले प्रकाशित गरेको प्रसङ्ग पनि व्यक्त गरेको देखिन्छ । यसैगरी साहित्यमा यौनको प्रयोग कसरी

गरिएको हुनुपर्छ ? भन्ने सम्पादकको जिज्ञासामा गायत्रीले साहित्यमा यौन प्रयोग शिष्ट भाषामा गरिनुपर्ने बताएकी छन् । उनले साहित्यमा यौनको प्रयोग गर्नु परेको छ भन्ने तर्क राखेकी छन् तर यौनका लागि यौन भएको हुनुहुँदैन भन्ने उत्तर दिएकी छन् । प्रेमको प्रश्नमा गायत्रीले आफ्नो अनुभव सम्पादकलाई दिँदै आफू अत्यन्त कडा प्रशासन भएको घरमा जन्मेकाले बैंसमा प्रेमको स्वाद चाख्न पाएकी थिन भन्दा पनि बैंस नै आएको थिएन भनेर उनले उत्तर दिएकी छन् । विवाहपश्चात् नै वैंस आएको भन्दै अहिलेसम्म प्रेम गरेर नै बैंसालु भएको भन्ने अनुभूति प्रस्तुत गरेको देखिन्छ ।

**साहित्यिमा नारायणी अञ्चलका नारीहस्ताक्षर** भन्ने कृतिमा केही नारी हस्ताक्षरहरूले पक्षपातपूर्ण तरिकाले समालोचना गरिएको भन्ने गुनासो आएका छन् नि? भन्ने प्रश्नमा गायत्रीले केही नारीहस्ताक्षरहरूले भनेकोमा कुनै गुनासो रहेको छैन किनकि हामीले सकेसम्म खोजी गरेका हौँ भन्ने उत्तर दिँदै उनले अर्को संस्करणमा समावेश गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको प्रसङ्ग पनि उल्लेख गरेको देखिन्छ । साथै सम्पादकको अर्को प्रश्नमा उत्तर आधुनिकतालाई साहित्यमा कसरी बुझ्नु भएको छ नि ? भन्ने जिज्ञासामा गायत्रीले अव्यवस्थित, बेनियम, बेअर्थ भन्दै उनले साहित्यमा पछिल्लो समयमा आएको एउटा अराजक प्रवृत्ति भएको भनेकी छन् । उनले सम्पादकको प्रश्नमा महिलाको वर्तमानको स्थिति सुधारिँदै गएको भन्दै नारी लेखनमा अगाडि बढ्नु परेको तर्क राखेको देखिन्छ ।

गायत्रीका माथिका लेखहरू पत्रपत्रिकामा प्रकाशन भएझैँ **साहित्यमा चितवनको नारी हस्ताक्षर** (मुद्रण स्मारिका) र **हाम्रो लोक साहित्यको विश्लेषण** (मारुनी) पनि प्रकाशन भएको जानकारी पाइन्छ तर माथिका लेखहरूको लिखित प्रमाण फेला नपरेकाले विवेचना गरिएको छैन ।

# आठौँ परिच्छेद

## उपसंहार

वि.सं. २००७ साल मेची अञ्चलको इलाम जिल्लामा उच्चमध्ययम वर्गीय परिवारमा जन्मिएकी गायत्री श्रेष्ठले प्राथमिक र माध्यमिक शिक्षा इलाममै प्राप्त गरेकी हुन् । यसै गरी आई. ए. सम्मको उच्च शिक्षा पनि उनले इलाममै प्राप्त गरेको देखिन्छ । आई ए.को अध्ययनपछि गायत्रीले पद्मकन्या कलेज, काठमाडौँबाट बी.ए. र त्रि.वि. कीर्तिपुरबाट एम्.ए.का साथै बी.एड्. पनि गरेको पाइन्छ । यसरी विद्यार्थी जीवनको औपचारिक शिक्षा आर्जनको क्रमलाई टुङ्ग्याउन पुगेकी श्रेष्ठले आफ्नो २५ वर्षको उमेरबाट अध्यापन पेसाको जागिर खान सुरु गरेको देखिन्छ । वि.सं. २०३० माघ ३ गतेका दिन उनको विवाह चितवनका केशवकुमार श्रेष्ठसित भएको पाइन्छ । श्रेष्ठ आज २ सन्तानका माता भएकी छन् । उच्चमध्यमवर्गीय परिवारमा जन्मिएकी श्रेष्ठको बाल्यकाल सुखद नै देखिन्छ ।

आफ्नो र श्रीमान् केशवकुमारको जागिरले गर्दा श्रेष्ठको आर्थिक अवस्थामा अझ सुधार आएको पाइन्छ । कवयित्री, समालोचक, सम्पादक, नियात्रा आदि विविध व्यक्तित्वकी धनी श्रेष्ठको सबैभन्दा महत्त्वपूर्ण व्यक्तित्व चाहिँ समालोचक व्यक्तित्व नै हो । साहित्येत्तर व्यक्तित्वअन्तर्गत सामाजिक-सांस्कृतिक, प्राध्यापक र समालोचक व्यक्तित्व नै देखा पर्छ ।

**दोष कसको** ? कविताबाट आफ्नो साहित्ययात्रा थालेकी श्रेष्ठका रचनाको औपचारिक प्रकाशन भने खासै भएको देखिँदैन । वि.सं. २०३३ बाट फुटकर कविता लेखनमा समेत कलम रोकिएपछि उनले गीतिकवितातिर झुकाव रोखेको पाइन्छ । वि.स.२०६२ मा **बादलको घुम्टोभित्र** गीतिकवितासङ्ग्रह प्रकाशित भएको देखिन्छ भने वि.सं. २०२८ सालबाट समालोचनामा प्रवेश गरेको जानकारी पाइन्छ ।

त्यसपछि उनले क्रमशः नियात्रा, समीक्षा जस्ता विविध विधामा कलम चलाउँदै आफ्नो लेखनकार्यलाई निरन्तरता दिएको पाइन्छ । उनको वि.सं.२०३३ देखि हालसम्मको ३ दशक जति लामो साहित्य यात्रामा १ वटा गीतिसङ्ग्रह, २ वटा समालोचनाका पुस्तक (एउटा सह-लेखन रहेको) १ वटा फुटकर समालोचनासङ्ग्रह गरी जम्मा चारवटा कृतिहरू प्रकाशित भएका छन् । यसका अतिरिक्त विभिन्न पत्रिपत्रिकाहरूमा फुटकर कविता, समीक्षा, नियात्रा, अनुसन्धानमूलक तथा खोजमूलक लेखहरू आदि पनि प्रशस्तै प्रकाशित भएका छन् भन्ने जानकारी पाइन्छ ।

गायत्री श्रेष्ठले मूलतः गीतिकविताहरू रचना गरेकी छन् । उनका यी गीतिकविताहरूमा प्रणयप्रेम, राष्ट्रिय भाव, निराशावादी भाव, जन्मभूमिप्रतिको आस्था, विसङ्गतिका भाव, नीतिशिक्षामूलक भावका साथै युगीन शान्तिको चाहनाका भावहरू पनि अभिव्यक्त छन् । साधारण विषयवस्तुलाई अँगाले तापनि अभिव्यक्तिको मार्मिकता र भाषाशैलीको रोचक प्रस्तुतिले गर्दा श्रेष्ठका

गीतिकविताहरू सरल, सहज र सम्वेद्य रहेका छन् । विशेषतः गायत्रीका भाषामा पाइने तत्सम, निपात, अनुकरणात्मक, आगन्तुक शब्दको आधिक्यले उनको अभिव्यक्तिलाई ठाउँठाउँमा भाव गम्भीर पनि तुल्याएको पाइन्छ । उनका गीतिकविताहरूमा प्रायः १४ र १६ अक्षरको लयगत संरचना तथा शीर्षक र मूलभावका बीचमा कायम भएको अन्तरसङ्गीतले यिनीहरूलाई बलियो बनाएको देखिन्छ । गीतिकविताहरूमा प्रयोग गरिएको बिम्ब, प्रतीक, अलङ्कार र अनुप्रास योजनाले कविताहरूलाई लयात्मकताका साथै सङ्गीत व्यवस्थामा पनि सहयोग गरेको देखिन्छ भने कतै अक्षरहरूको क्रमभङ्गताले लयात्मकतामा खट्किएको पाइन्छ ।

यसैगरी श्रेष्ठको अर्को महत्त्वपूर्ण विधा समालोचना रहेको देखिन्छ । उनका प्रायः समालोचनाले वस्तु विश्लेषणको आधार लिन खोजेको पाइन्छ । उनका समालोचनामा सूक्ष्म र सामान्य कुराहरूलाई तटस्थ र सन्तुलन रूपले प्रस्ट पार्न खोजिएको देखिन्छ । उनले देवकुमारी थापाको समालोचना कृतिमा भने बालमनोवैज्ञानिक, मनोवैज्ञानिक नारीसमस्यामूलक, प्रणय प्रधान, सामाजिक र राष्ट्रिय संचेतनायुक्त विशेषताको सङ्क्षिप्त रूप खोज्ने प्रयास गरेको पाइन्छ भने उनको एकमात्र सह-लेखन समालोचना पुस्तकमा तथ्यहरूको सङ्कलन गरी तिनको आलोचनात्मक व्याख्या-विश्लेषण गर्ने प्रयास गरेको देखिन्छ । यी दुवैमा भाषिक दृष्टिले हेर्दा प्रथम एकल समालोचनाभन्दा यो सहलेखन समालोचना पुस्तकमा भाषिक अप्ठ्याराहरू रहेका छन् । यी दुवै पुस्तकहरूको अन्त्यमा निष्कर्ष वा उपसंहार राखिएको छ । साथै उनको फुटकर समालोचना सङ्ग्रहमा सङ्कलित सबै समालोचनाहरू बुझ्ने बुझाउने ढङ्गमा लेखिएका देखिन्छन् । उनका यस कृतिबाहेकका फुटकर समालोचनाहरू प्रायः सबै विधासँग सम्बन्धित रहेका पाइन्छन् तर ती सरल, सहज रूपले विषयवस्तुमै केन्द्रित रहेका छन् ।

यस्तै, गद्य विधाका क्षेत्रमा कलम चलाएकी श्रेष्ठका केही समीक्षा लेख २ वटा नियात्रा, केही अनुसन्धानमूलक तथा खोजमूलक लेखहरूका साथै आधा दर्जन जति पत्रपत्रिकाको सम्पादनसमेत गरेको देखिन्छ । यसका साथै उनको सह-लेखनको एउटा लघु-अनुसन्धानात्मक शोध अप्रकाशित रहेको छ । भाषिक प्रयोगका दृष्टिले उनका नियात्राहरूमा अत्यधिक आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । साथै उनले नियात्रामा सोझै अङ्ग्रेजी वाक्यहरूको प्रयोग गरेको पाइन्छ । उनका केही समीक्षा लेखहरूले भने निबन्धको स्वरूप पनि ग्रहण गरेका छन् । यसरी फुटकर अप्राप्य कविताबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेकी गायत्री श्रेष्ठको पद्यमा गीतिकविता र गद्यमा समालोचनातर्फ आफूलाई सक्रिय बनाएको देखिन्छ । उनलाई समालोचक, कवयित्री, सम्पादक, नियात्राकार आदि व्यक्तित्वका रूपमा पाउन सकिन्छ ।

यसरी आफ्नो जीवनकालको ३ दशक साहित्य क्षेत्रमा सक्रिय देखिने गायत्री श्रेष्ठ चितवनकी सशक्त र क्रियाशील नारी हस्ताक्षर हुन् भने समग्र नेपाली साहित्यमा बहुमुखी प्रतिभा श्रेष्ठले नेपाली युगीन सामाजिक, सांस्कृतिक, राजनीतिक यथार्थलाई आकर्षक ढङ्गले अभिव्यक्त गरेकी छन् ।

## सन्दर्भसामग्रीसूची


कोइराला, सीताराम. **संवादका स्रष्टाहरू.** काठमाडौँ : नारी साहित्य प्रतिष्ठान, २०६४ ।

गौतम, लक्ष्मण. 'कलेवर' **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू.** चितवन : नारायणी कला मन्दिर, २०६४ ।

त्रिपाठी, वासुदेव र अन्य. **नेपाली बृहत् शब्दकोश.** काठमाडौँ : ने.रा.प्र.प्र., २०४४ ।

त्रिपाठी, वासुदेव. **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग १), (सम्पा). ललितपुर : साझा प्रकाशन, २०५८ ।

त्रिपाठी, सुधा. **समालोचक र महिला समालोचना.** काठमाडौँ : साझा प्रकाशन, २०६२ ।

बराल, कृष्णहरि. **एक फूल : अनेक पत्र.** अप्रकाशित सृजनात्मक लेखन, स्नातकोत्तर तह नेपाली केन्द्रीय विभाग, २०४४ ।

**-------. गीत : सिद्धान्त र इतिहास**. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

बस्नेत, श्रीरामसिहं र सुभाषचन्द पौड्याल. **त्रिवेणीका लहरहरू.** काठमाडौँ : ने.रा.प्र.प्र., २०४४ ।

लामिछाने, यादवप्रसाद. **छिन्नलता गीतिसाधना**. काठमाडौँ : छिन्नलता गीत पुरस्कार गुठी, २०४९ ।

लुइटेल, खगेन्द्रप्रसाद. **आधुनिक नेपाली समालोचना.** काठमाडौँ : ने.रा.प्र.प्र., २०५७ ।

**-------. कविता सिद्धान्त र नेपाली कविताको इतिहास.**काठमाडौं : ने.रा.प्र.प्र., २०६० ।

**-------.**'पुराना पिंढीका नयाँ कवि हरिभक्त बुढाथोकी सिर्जनाधर्मिता, हरिभक्त बुढाथोकी', **हाम्रो देश हाम्रै भविष्य.** काठमाडौँ : विराज बुढाथोकी, २०६२ ।

विनोदी, गोविन्द. 'गीतिकविता सङ्ग्रहमाथि एक दृष्टि' **बादलको घुम्टोभित्र.** २०६२ ।

श्रेष्ठ, गायत्री. **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण**. चितवन : केशवकुमार श्रेष्ठ, २०४६ ।

श्रेष्ठ, गायत्री र सरस्वती रिजाल. **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू** चितवन : नारायणी कला मन्दिर नारायणगढ, २०६२ ।

**-------. बादलको घुम्टोभित्र**. चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

**-------.** 'आत्मकथन' **बादलको घुम्टोभित्र.** चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

-------. **केही कृति : आफ्नै दृष्टि**. काठमाडौं : नेपाल लेखक सङ्घ, २०६५ ।

सुब्बा, निलिमा. **गीतकार रत्नशमशेर थापा र उनको गीतियात्रा**. काठमाडौं : शिवकुमार लिम्बु, २०४९ ।

**(ख) पत्रिकासूची**

घिमिरे, हिमाल 'बादलको घुम्टोभित्र चियाउँदा', **चितवन पोष्ट,** (वर्ष ४, अङ्क १४०, असोज २०६२), पृ. २-३ ।

शर्मा, मुक्तिनाथ 'बादलको घुम्टोभित्रका कुरा', **छलफल**, (वर्ष २५, अङ्क ३२, जेठ २०६४), पृ. ६ ।

श्रेष्ठ, गायत्री 'प्रकृतिप्रेमी देवकोटा र म्हेन्दु खण्डकाव्य', (समालोचना) **गोरखापत्र,** (वर्ष ८२, अङ्क ९३, २०३९) ।

------- 'नयाँ सडकको गीतसङ्ग्रहको भावभूमिमा विकलका नारीपात्र', **विवेक,** (वर्ष १, अङ्क १, २०४१), पृ. ६०-७० ।

------- 'हाम्रो लोकसाहित्य', **मारुनी**, पाचौं फन्को, २०४९ ।

------- 'कथाकार देवकुमारी थापाको प्रलय-प्रतीक्षा कथासङ्ग्रहको परिक्रमा', **समकालीन साहित्य,** (वर्ष ५, अंक १, पूर्णाङ्क १७, माघ, फागुन, चैत्र  २०५१), पृ. ११६-१२१ ।

------- 'कथाकार देवकुमारी थापाका प्रसिद्ध दुई कथामा परिक्रमा गर्दा', **गरिमा,** (वर्ष १९, अंक ४, पूर्णाङ्क २२०, चैत २०५१), पृ.१००-१०३ ।

------- 'कवि खुमनारायण पौड्यालका अन्तिमेत्थम् भित्र', **रत्नश्री,** (वर्ष ३३, अंक १, पूर्णाङ्क १६८, भाद्र २०५२), पृ.२१७-२२२ ।

------- 'कथाकार भवानी भिक्षुको गुनकेशरीलाई सरसर्ती हेर्दा', **दीपशिखा,** (वर्ष ११, अङ्क १, २०५३), पृ. ८३-८४ ।

------- 'हाम्रो संस्कृति एक विचरण', **चितवन महोत्सव स्मारिका**, २०५३ ।

------- 'विजय बहादुर मल्लको सत्ताको खोज एकाङ्कीमा नारीअस्मिताको प्रश्न', **दीपशिखा**, (अङ्क २, २०५५), पृ.५९ ।

------- 'साहित्यमा चितवनको नारी हस्ताक्षर', **मुद्रण स्मारिका**, २०५५ ।

------- 'नारी र समाज', **चितवन महोत्सव स्मारिका,** २०५५, पृ. ४३ ।

**-------** 'रातभरि हुरी चल्यो', कथाभित्रको जीवनदृष्टि', **विवेक**, (वर्ष ११, अङ्क ४, २०५५/५६), पृ. ३३-३४ ।

**-------** 'विजय मल्लका नाटकमा नारीपात्र', लघु-अनुसन्धान (सहलेखन),(२०५५/५६ (अ.प्र.) ।

**-------** 'वनसम्पदाको विकासमा ग्रामीण महिलाको भूमिका', **चितवन महोत्सव स्मारिका**, (२०५७), पृ.११३ ।

**-------** 'चित्रकलामा महिला संलग्नता', **गरिमा,** (वर्ष १८, अङ्क १९, पूर्णाङ्क २१३, भाद्र २०५७), पृ.८२-८५ ।

**-------** 'मेरो मानसपटलमा महाकाली एक संस्मरण', **वागीश्वरी**, (वर्ष १३, अङ्क ९, २०५८), पृ.१०० ।

**-------** 'तीजका गीतमा नारी संवेदनाको अभिव्यक्ति', **चितवन महोत्सव स्मारिका**, (२०५९), पृ.६७-६८ ।

**-------** 'गाउँछ गीत नेपाली कवितामा राष्ट्रिय चिन्तन', **वागीश्वरी**, (वर्ष १६, अङ्क १२, २०६१), पृ. ८१-८६ ।

**-------** 'कवि भीम विराग उनको अज्ञात-प्रारम्भ एक समीक्षण', **अक्षर**, (वर्ष १, अंक १, २०६१), पृ. ८२-८७।

**-------** 'विवेक', **विवेक,** (वर्ष १८ अङ्क ७, २०६३), पृ.२ ।

**-------** 'कलामन्दिर, म र मेरो अनुभूति', **मारुनी,** (वर्ष ४१, अङ्क ११, २०६४), पृ. १९-२० ।

## परिशिष्ट भाग

### गायत्री श्रेष्ठका गीतिकविताहरूको संरचना

| क्र.सं. | शीर्षक | पृष्ठ | पङ्क्ति संङ्ख्या | अनुच्छेद सङ्ख्या |
|---|---|---|---|---|
| १. | चौतारी भेटिएको | १ | १६ | ४ |
| २. | जति सुन्यो उति सुनूँ | ३ | ८ | २ |
| ३. | यति ठूलो भीडभित्र | ४-५ | १२ | ३ |
| ४. | थाहा छैन तिमीसँग | ६-७ | १२ | ३ |
| ५. | नारायणीको निनाद जस्तै | ८-९ | १२ | ३ |
| ६. | चौध वर्ष वय मेरो | १०-११ | १६ | ४ |
| ७. | जीवनको  यात्रा एक्लै | १२-१३ | १२ | ३ |
| ८. | धेरै कुरा भन्न भनी | १४-१५ | १२ | ३ |
| ९. | आज पनि तिमी देख्छु | १६-१७ | १२ | ३ |
| १०. | जिन्दगीमा तीतो मीठो | १८ | ८ | २ |
| ११. | जति जति समयले | १९-२० | १२ | ३ |
| १२. | आजभोली मेरो जीवन | २१-२२ | १२ | ३ |
| १३. | मझेरीमा  एक झुल्को | २३-२४ | १६ | ४ |
| १४. | मुटुभरि सधैँ सधैँ | २५-२६ | १६ | ४ |
| १५. | जुन देवस्थलमा पुग्छु | २७-२८ | १६ | ४ |
| १६. | मानिसको मनभित्र | २९-३० | १२ | ३ |
| १७. | जसलाई आफ्नो ठान्छ मनले | ३१ | ८ | २ |
| १८. | हेन सकेसम्म मलाई | ३२ | ८ | २ |
| १९. | तिम्रो स्वभावले | ३३ | ८ | २ |
| २०. | जहाँ म बस्छु | ३४-३५ | १२ | ३ |
| २१. | रातभरि नभए नि | ३६-३७ | २० | ५ |
| २२. | भविष्यमा सायद मैले | ३८ | ८ | २ |
| २३. | बादलुको पछ्यौरीमा | ३९-४० | १२ | ३ |
| २४. | स्वच्छ शान्त अविरल | ४१-४२ | १६ | ४ |
| २५. | मानिस सबै मानिसजस्तै | ४३-४४ | १२ | ३ |
| २६. | बादलुको घुम्टोभित्र | ४५-४६ | १६ | ४ |
| २७. | नचिन्दैमा नदेख्दैमा | ४७-४८ | २० | ५ |

| | | | | |
|---|---|---|---|---|
| २८. | थुम्काथुम्की माइपोखरी | ४९ | ८ | २ |
| २९. | तन दुख्यो मन दुख्यो | ५०-५१ | १२ | ३ |
| ३०. | बुझेर होला नबुझी होला | ५२-५३ | २४ | ६ |
| ३१. | मेराजस्तै तिम्रो पनि | ५४-५५ | १२ | ३ |
| ३२. | तिम्रो प्रतीक्षामा | ५६-५७ | १२ | ३ |
| ३३. | आज किन मेरो मन | ५८-५९ | १२ | ३ |
| ३४. | तनभरि तिमी बस्छौ | ६०-६१ | १२ | ३ |
| ३५. | तिमीलाई सँगै पाए | ६२-६३ | २४ | ६ |
| ३६. | हिउँसँगै खेलें आज | ६४ | ८ | २ |
| ३७. | प्रकृतिको छोरो तिमी | ६५-६६ | १४ | ४ |
| ३८. | मोहनी साँची राखेकी कि | ६७-६८ | १६ | ४ |
| ३९. | जिन्दगी यो अति सुन्दर | ६९-७० | १६ | ४ |
| ४०. | छुन छोड्यो आजभोलि | ७१-७२ | १२ | ३ |
| ४१. | कल्पना नै नगरको | ७३-७४ | १२ | ३ |
| ४२. | गान्धीजस्ता मेरा पिता | ७५-७७ | ३० | ८ |
| ४३. | आजभोलि कुन्नि किन | ७८-७९ | १२ | ३ |
| ४४. | मखमली हरियो सारी | ८०-८१ | २४ | ६ |
| ४५. | कहाँ थियौ तिमी पैले | ८२ | ८ | २ |
| ४६. | डडेलधुरा तिमी मेरी | ८३-८५ | ३२ | ८ |
| ४७. | देश हेर्‍यो देश रुन्छ | ८६-८७ | १२ | ३ |
| ४८. | नेपाल रहे नेपाली हौं | ८८-८९ | १६ | ४ |
| ४९. | हिमाल पनि शिर नुहाउँछ | ९०-९१ | १२ | ३ |
| ५०. | जाडो याम गइसक्यो | ९२-९३ | १२ | ३ |
| ५१. | पटुकी जस्तो त्यो चौडा बाटो | ९४-९५ | १६ | ४ |
| ५२. | तिम्रो सिँदुर मेरा सिउँदो | ९६-९७ | २८ | ७ |
| ५३. | छातीमाथि हात राखी | ९८-९९ | १२ | ३ |
| ५४. | सम्झी ल्याउँदा मन मेरो | १००-१०१ | १२ | ३ |
| ५५. | मोहनी लाग्ने त्यो रूप | १०२-१०३ | २० | ५ |
| ५६. | नेपालको नयनबाट | १०४ | ८ | २ |